# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषयको परिचय

लोककथा मानव सभ्यताको सुरुवात सँगै स्थान जन्माउँदै आएको लोकसाहित्यकै एउटा विधा हो । यो लोकसाहित्यको आख्यानयुक्त गद्यविधा भित्र पर्दछ । लोककथाले लोकजीवनमा रहेको यथार्थतालाई चित्रण गरेको हुन्छ । लोककथालाई लोकजीवनमा दन्त्यकथा पनि भन्ने गरिन्छ । लोककथा भित्र मानिसका काल्पनिकता, तिलस्मी प्रवृत्ति, सरलभाषा शैली, रोमाञ्चकता आदिले भरिभराउ गरिएको हुन्छ । लोककथाहरूमा मानव, मानवेतर प्राणी, देवी-देवता तथा विभिन्न निर्जीव वस्तुहरू पनि पात्रका रूपमा प्रयोग गरिएका हुन्छन् । लोककथा एक सिङ्गो सङ्रचना भएकाले विभिन्न घटनाहरूको योगबाट बनेको हुन्छ । यस्ता घटकहरूमा कथानक, पात्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली आदि रहेका हुन्छन् । लोककथाहरूको मूल उद्देश्य घरपरिवार तथा समाजका सदस्यहरूलाई मनोरञ्जन प्रदान गर्दै उनीहरूलाई उपदेशात्मक तरिकाबाट नैतिक तथा व्यवहारिक ज्ञान दिलाउनु हो ।

तेह्रथुम जिल्ला नेपालको पूर्वी पहाडी क्षेत्रमा पर्ने भौगोलिक, सामाजिक, सांस्कृतिक, जातिगत, भाषागत विविधता भएको जिल्ला हो । यस जिल्लाको फेदाप क्षेत्र बहुजाति, बहुभाषी, बहुसांस्कृतिक विशेषताले भरिएको छ । यो क्षेत्रमा विभिन्न जातिको वसोवास भएपनि मुख्य गरेर लिम्बूजातिको बाहुल्यता छ तथापि ब्रह्मण, क्षेत्री, नेवार, तामाङ, गुरूङ, शेर्पा तथा दलित जातजातिहरूको समन्वयात्मक बसाइबाट एकअर्कोमा सद्भावपूर्ण सहिष्णुता रहेको छ । सबै जातजातिहरूले आ-आफ्नै चालचलन, रीतिरिवाज, परम्परा अनुरूप चाडपर्व मनाउने, धर्मकर्म गर्ने संस्कार छ । यस क्षेत्रका विशेष गरी ब्राह्मण, क्षेत्री परिवारमा बेलुका खाना खाई सकेपछि अगेनाको वरिपरि बसेर घरको मूलीबाट अथवा गाउँघर छरछिमेकमा पूजाआजा जाग्रम बस्ता सबै भेला भएर आफूभन्दा ठूला पण्डित पुरोहितहरूबाट मनोरञ्जन दिँदै धार्मिक, नैतिक तथा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले लोककथाहरू सुन्ने सुनाउने परम्परा पहिले पहिले निकै चल्तीमा रहेको तर हाल आएर वैदेशिक रोजगारीले गर्दा घरपरिवारका सदस्य घरमा नबस्ने, घरपरिवारमा रहने युवायुवतीहरू पनि आधुनिक लोकनृत्य, चलचित्र र पाश्चात्य मनोरञ्जनमा भुलिन थालेको

कारणले लोककथाहरू लोपोन्मुख अवस्थामा पुगेका छन । लोककथाहरू राज्यका अमूल्य सम्पति भएकोले यिनीहरूको संकलन, अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी संरक्षण र सम्बर्द्धन गर्नका लागि प्रस्तुत शोधपत्र तयार पारिएको हो ।

## १.२ समस्याकथन

नेपाली लोककथाहरूमा नेपाली समाजका विभिन्न पक्षहरूको झलक पाइने हुनाले र लोकजीवनको सुरूवात, विकास र सभ्यताको सङ्केत पनि यिनीहरूबाट थाहा पाउन सकिने भएको हुँदा यसको अध्ययन विश्लेषण आवश्यक रहेको छ । आधुनिक कथाको आधारस्तम्भ पनि लोककथानै हो । लोककथाहरू भन्ने, सुन्ने, सुनाउने प्रचलन विशेषगरी शहरको तुलनामा गाउँमा अझै बढी रहेको पाइन्छ । तथापि यस्को क्षेत्रगत आधारमा सङ्कलन,वर्गीकरण र विश्लेषण गर्नु यसको मूल समस्या हो । यसै मूलसमस्यासँग सम्बन्धित अन्य समस्याहरू यस प्रकार छन् :

१. फेदाप क्षेत्रमा के-कस्ता लोककथाहरू प्रचलित छन् ?

२. ती लोककथाहरू तत्वका आधारमा के कस्ता छन ?

यिनै समस्यामा आधारित भएर प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.३ शोधपत्रको उद्देश्य

फेदाप क्षेत्रका प्रचलित लोककथाहरूको माध्यमबाट यस क्षेत्रको पहिचान गराउँदै लोपोन्मुख हुन लागेका लोककथाहरूलाई केन्द्रीय स्तरसम्म पुऱ्याउनु यसको मुख्य उद्देश्य रहेको छ साथै मूल उद्देश्सँग सम्बन्धित अन्य उद्देश्यहरू यस प्रकार रहेका छन :

१. फेदाप क्षेत्रका लोककथाहरू सङ्कलन गर्नु ।

२. सङ्कलित लोककथाहरूलाई वर्गीकरण गरी विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

धेरै विद्वानहरूले लोक साहित्यका विविध विधाहरू अध्ययन गरेको पाइन्छ । यसो भएतापनि तेह्रथुम फेदाप क्षेत्रका लोककथाहरूको छुट्टै सङ्कलन, अध्ययन र विश्लेषण भएको पाइँदैन । नेपाली लोककथाको क्षेत्रमा भएका लिखित कार्यहरू केही यहाँ उल्लेखित छन् ।

क) इमानसिंह चेम्जोङले **किराँती दन्त्य कथा - २०२१** सङ्ग्रहमा पूर्वी पहाडी जिल्लाका किराँत समुदायमा प्रचलित लोककथाहरू सङ्कलन गरेकोपाइन्छ तर यिनीहरूलाई स्थानगत आधारमा चिनाइएको छैन ।

ख) काजीमान कन्दङ्वाले **नेपाली जनसाहित्य २०२०** मा विशेष गरी लोकगीतको चर्चा परिचर्चा गरेको तर फेदाप क्षेत्रका लोककथाको क्षेत्रमा त्यस्तो केही उल्लेख्य विश्लेषण पाइँदैन ।

ग) डा.मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **लोकवार्ताविज्ञान र लोकसाहित्य २०६३** मा लोककथाका वारेमा विभिन्न दृष्टिकाणहरूका साथ चर्चा परिचर्चा गर्दै केही लोककथाहरू को वारेमा वर्गीकरण र विश्लेषण गरेको पाइन्छ तथापि फेदाप क्षेत्रका लोककथाहरूको वारेमा केही उल्लेख गरिएको पाइँदैन ।

घ) चूडामणि बन्धुले **नेपाली लोक साहित्य २०५८** मा लोक साहित्यको चर्चा गर्दै लोककथाहरूको उत्पति, विशेषता,वर्गीकरण गर्दै केही लोककथाहरू बारे पनि उल्लेख गरेको पाइन्छ तर स्थानगत रूपमा विस्तृत चर्चा छैन ।

ङ) धर्मराज थापा हंसपुरे सुवेदीले **नेपाली लोकसाहित्यको विवेचना २०४१** मा लोककथाहरूको चर्चा गरिए पनि तेह्रथुम फेदाप क्षेत्रका लोककथाहरूको अध्ययन विश्लेषण गरिएको छैन ।

च) तुलसी दिवसले **नेपाली लोककथा २०३२** मा लोककथाको सैद्धान्तिक परिचय दिई नेपालभरका लोककथा सङ्कलन गरी पूर्वी नेपालका थुप्रै जिल्ला समेटेपनि तेह्रथुम फेदाप क्षेत्रलाई छुवाइएको पाइँदैन ।

तेह्रथुम जिल्लाको फेदाप क्षेत्रका प्रचलित लोककथाहरूको सङ्लन, वर्गीकरण र विश्लेषण गर्ने कार्यमा यसअघिका पूर्वकायहरूले समेट्न नसकेको हुँदा यो सोघकार्यबाट त्यसलाई समेटने प्रयत्न गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

तेह्रथुम जिल्लाको फेदाप क्षेत्रमा छरिएर रहेका लोक जीवनका जीवित लोककथाहरूलाई सङ्कलन र वर्गीकरणगरी तिनीहरूको तत्व(कथानक, पात्र, परिवेश र उद्देश्य)का आधारमा विश्लेषण गर्नु यस शोध पत्रको औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधपत्रमा उल्लेखित लोककथाहरूको सङ्कलन, अध्ययन विश्लेषणलाई सहज र सरल रूप प्रदान गर्नका लागि तेह्रथुम जिल्ला सदरमुकाम म्याङ्लुङ बजारको पूर्व उत्तरको सम्दु गा.वि.स.देखि दक्षिण पश्चिमको क्षेत्रका इसिबु,सिम्ले, जलजले, ओयाक्जुङ, पश्चिम क्षेत्रका पौठाक, श्रीजुङ, मोराहाङ, सोल्मा, सुङ्नाम गा.वि.स.हरूसम्म र म्याङ्लुङ नगरपालिका भित्रबाट सङ्कलित प्रचलित २४ (चौबीस) लोककथाहरूमा केन्द्रित भएर अध्ययन,वर्गीकरण, विश्लेषण र निष्कर्ष दिइएको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

यो शोधपत्र तयार गर्नका लागि आवश्यक सामग्री सङ्कलनको क्रममा क्षेत्रीय अध्ययन पद्धति अनुसार तेह्रथुम फेदाप क्षेत्रका १० गा.वि.स.हरू र एक नगरपालिकामा प्रत्यक्ष घुमेर त्यहाँका बूढापाका, युवायुवती, जान्नेबुझ्ने प्रतिष्ठित व्यक्ति आदिलाई भेटी उनीहरूबाट कथा भन्न लगाई लेख्ने,रेकर्ड गर्ने तथा सुन्ने कार्य गरिएको छ । लोककथाको सैद्धान्तिक आधारमा विश्लेषण गर्न स्थानीय शिक्षक, बुद्धिजीवीहरूसँग अन्तर्वार्ता लिइनुका साथै पुस्तकालयहरू अध्ययन पद्धतिको पनि उपयोग गरिएको छ ।

## १.८ शोधपत्रकोरूपरेखा

यस शोधपत्रलाई निम्नलिखित मूल शीर्षक र आवश्यक भएमा उपशीर्षकहरू समेत राखी अध्ययन ,वर्गीकरण र विश्लेषण गरिएको छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : फेदाप क्षेत्रको भौगोलिक ,सामाजिक तथा साहित्यिक परिचय

परिच्छेद तीन : लोककथाको सैद्धान्तिक परिचय

परिच्छेद चार : फेदाप क्षेत्रमा प्रचलितलोककथाहरूको सङ्कलन

परिच्छेद पाँच : फेदाप क्षेत्रमासङ्कलित लोककथाहरूको वर्गीकरण रविश्लेषण

परिच्छेद छ : सारांश र निष्कर्ष

# परिच्छेद दुई

# फेदाप क्षेत्रको भौगोलिक, सामाजिक तथा साहित्यिक परिचय

## २.१. फेदापको सङ्क्षिप्त परिचय

पूर्वी नेपालको कोशी अञ्चलको पहाडी जिल्ला तेह्रथुमको मध्य भागमा अवस्थित फेदाप क्षेत्रका पुराना सोह्र गा.वि.स.हरूलाई २०६८ साल भदौ १ गते पछि १० गा.वि.स. र एक नगरपालिका बनाइएको छ । यही क्षेत्रभित्रका सुङनाम, सोल्मा, मोराहाङ, श्रीजुङ, पौंठाक, ओयाक्जुङ, जलजले, सिम्ले, इसिवु, सम्दु गा.वि.स.हरू र म्याङ्लुङ् नगरपालिका भित्रको भूभाग नै फेदाप क्षेत्र हो । यो क्षेत्र उत्तर पट्िट तेह्रथुम, ताप्लेजुङ र संखुवासभाको त्रिकोणात्मक सिमानामा फैलिएको, तीनजुरे, मङ्लबारे, श्रीमाने, गुफा, मेन्छ्यायेम,लसुने हुँदै लोबेक देउराली सम्मको एउटै डाँडा छ ।यसको बीचमा अग्लो मेन्छ्यायेम चुचुरो दक्षिण फर्किएर रहेको छ जसको काखमा नागबेली आकृतिले दक्षिणतिरको तम्मोरसम्म हरिया पहाडहरूका काखमा अवस्थित रहेको क्षेत्र नै फेदाप हो । नेपालकै सबैभन्दा अग्लो ह्यात्रुङ झर्ना यसै क्षेत्रको सम्दु र इसिबु गा.वि.स.को बीचमा अवस्थित रहेकोले यो क्षेत्र पर्यटकीय दृष्टिले पनि आकर्षणको स्थल मानिएको छ । त्यस्तै मोराहाङ र पौंठाक बीचमा रहेको खोरूङ्गा खोलाको किनारमा अवस्थित गौखुरी धाम, जिरिखिम्तीको सिमिनाक्षी मन्दिर,म्याङ्लुङ्को सिंहवाहिनी मन्दिर जस्ता धार्मिक स्थानहरू पनि तेह्रथुम बासीहरूका लागि अपरिचित रहेका छैनन् । खोला खोल्सा,वन जङ्गल,लेक र बेंसी जस्ता प्राकृतिक धरातलमा अवस्थित क्षेत्रनै नै फेदाप क्षेत्रको रूपमा परिचित छ ।

### २.१.१नामकरण

फेदाप क्षेत्र तेह्रथुम जिल्लाको प्रचलित नाम हो । फेदाप शब्दको अध्ययन गर्दापूर्वी नेपालका अधिकांश पहाडी जिल्लाका ठाउँहरूको नाम किराँती भाषाबाट राखिएझैं फेदाप शब्द पनि किराँती भाषाबाटै आएको हो भन्ने किम्बदन्ती रहेको छ । किराँती भाषाको फेया र दाप शब्दहरू मिली फेदाप बनेको भन्ने भनाइ छ । यसमा फेयाको अर्थ हतियार र दापको अर्थ राख्ने सुरक्षित ठाउँ हुन्छ । यी दुवै शब्दको समष्टिगत अर्थ हातहतियार राख्ने सुरक्षित गोदाम भन्ने हुन्छ । किराँती शासनव्यवस्थाको इतिहास अनुसार प्राचीन कालमा फेदाप क्षेत्रको पक्लाबाङमा बसेर फेदाहाङ भन्ने राजाले वरिपरिका राजाहरूलाई जितेर राज्य

गरेको थाहा हुन आएको छ । यसैले फेदाप क्षेत्रलाई किराँती (लिम्बूवान) हरूको विजयी स्थानका रूपमा लिइएकोले यसलाई फेदाप भनिएको हो भन्ने भनाइ रहेको छ (श्रेष्ठ २०४२:३४) । त्यस्तै किराँती भाषामा नै फेवातप्पा भनेको अरूठाउँ भन्दा समथर परेको ठाउँ हो । वर्तमान तेह्रथुम जिल्लाको सदरमुकाम म्याङ्लुङको क्षेत्रलाई नै पहिले पहिले फेवातप्पा भनिन्थ्यो । समयको परिवर्तन सँगै यो श्ब्द अपभ्रम्श भएर फेदाप भएको हो भनेर म्याङ्लुङ नगरपालिकामा अवस्थित श्री सिंहवाहिनी उ.मा.वि का पूर्व प्रधानाध्यापक श्री लिला वहादुर तुम्बाहाम्फेबाट जानकारी प्राप्त भएको छ।

## २.१.२.भौगोलिक स्थिति

तेह्रथुम जिल्ला क्षेत्रफलको हिसाबले सानो जिल्ला हो । यस जिल्लाको जम्मा क्षेत्रफल ६७९ वर्ग कि. मी.मध्ये ३३३ वर्ग कि. मी.को क्षेत्र फेदापले ओगटेको छ । यसको पूर्वमा कोयाखोला उत्तरमा ताप्लेजुङ र संखुवासभा, पश्चिममा लुम्वुखोला र दक्षिणमा तमोर नदी पर्दछन् । यस क्षेत्रका हरेक फाँटको शिरमा जङ्गल र बीच तथा पुछारमा बेँसी र फाँटहरू छन् । लेकाली वनजङ्गलहरूमा चैत्र वैशाखतिर नेपालको राष्ट्रिय फूल लाली गुराँस ढकमक्क फूलेर यस क्षेत्रलाई विशेष शोभा दिइरहेको हुन्छ । यहाँकाजङ्गल, खोलानाला, ताल तलैया, भीरपाखा, पहाड पहरा आदिले फेदाप क्षेत्रको शान्त स्वरूपको परिचय दिन्छ । फेदाप क्षेत्रका दश गा. वि.स र एक नगर पालिकाको क्षेत्रफल वर्ग किलो मिटरमा तल तालिकामा उल्लेख गरिएको छ ।

### तालिका नं. १

### फेदाप क्षेत्रको क्षेत्रफल विवरण

| गा.वि.स/ न.पा. | म्याङलुङ नगरपालिका | सम्दु | इसिबु | सिम्ले | जलजले | ओयाकजुङ | पौठाक | श्रीजुङ | मोराहाङ | सोल्मा | सुङनाम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रफल (वर्ग कि.मी.) | १०१.३६ | १८.३३ | १८.८१ | ३४.८३ | १९.९९ | २२.०५ | २१.६० | २९.२३ | २०.०५ | २२.९५ | २५.९२ | ३३२.९४ |

(स्रोतःनापीशाखा तेह्रथुम)

फेदाप क्षेत्र समुन्द्रिक सतहबाट ३४५ मीटर देखि ३९९२ मीटर उचाइको बीचमा रहेको छ । तेह्रथुम जिल्लाको सदरमुकाम म्याङ्लुङ् बजार पनि फेदाप क्षेत्रमै पर्दछ यसको उचाइ १४६७ मीटर रहेको छ ।यहाँ हालसम्म वर्षायाममा १२५१ मिलिमिटर सम्म पानी परेको रेकर्ड छ भने यस क्षेत्रको तापक्रम १५ डिग्री सेन्ट्रीग्रेडदेखि ३० डिग्री सेन्टीग्रेट सम्म रहेको पाइन्छ ।स्रोतः किशोर चन्द्र दुलाल, तीनजुरे, तेह्रथुम काठमाडौं मञ्चको वार्षिक मुखपत्र,पृ.५ ,२०६८/१/३

## २.१.३.चाडपर्व

फेदाप क्षेत्र विशेष गरी किराँत (लिम्बूवान) क्षेत्र भएकाले यहाँ लिम्बू जातिहरूको वसोवास बढी रहेको छ । तापनि यस क्षेत्रमा बाहुन, क्षेत्री, तामाङ, गुरूङ,शेर्पाका साथै विविध खालका दलित जातिहरूको समन्वयात्मक बसाइले एक अर्को जातिका रीतिरिवाज चालचलन, धर्म संस्कार, परम्परा,चाडपर्व आदिको सहिष्णुता भएको पाइन्छ ।

यस क्षेत्रका सबै जातजातिहरू आ-आफ्ना धर्म संस्कृति अनुसार चाडपर्व मनाउँछन् । लिम्बू जातिहरूले साउने सक्रान्ति र माघे सक्रान्तिलाई विशेष चाडको रूपमा मान्छन भने क्षेत्री बाहुन  र दलित जातिहरूले दशैँ, तिहार, तीज जस्ता चाडहरूमनाउने गर्दछन् । दशैंलाई पहिले पहिले सबैजातिहरूले टीका लगाएर मनाउँथे तर आजभोलि मंगोलियनहरूले टीका कम लगाउने तर खानपान र रमाइलो भने सद्भावपूर्ण तरिकाबाटै गर्ने गरेका छन् । तिहारमा दाजुभाइलाई दिदीबहिनीले टीका लगाइ देउसी, भैलो, पीङ खेली रमाइलो गर्ने चलन रहेको छ । तीज पर्वलाई विशेष गरी क्षेत्री बाहुन परिवारका  महिला जातिहरूले बढी मनाउँदछन् । यसमा महिलाहरू आफ्ना पतिको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै व्रत लिने गर्दछन् भने अविवाहित युवतीहरूले भविष्यमा राम्रो पति पाउने आशामा व्रत लिने प्रचलन रहेको पाइन्छ । सबै जातजातिको मिश्रित बसोबास रहेको यो क्षेत्रमा आ–आफ्ना मृत्यु तथा विवाह संस्कारहरू रहेका छन् । मर्दापर्दा, धर्म कर्म गर्दा एक जातिले अर्को जातिलाई सम्मान सत्कार साथ बोलाउने र जाने आउने चलन रहेको छ ।

## २.१.४.पेसा

फेदाप क्षेत्रका वासिन्दाहरूको प्रमुख पेसा कृषि रहेको छ । यहाँका धेरैजसो मानिसहरू धान, मकै, गहुँ, कोदो,आलु, तोरी आदिको खेती गर्दछन । फलफूलहरूमा सुन्तला, जुनार ,नासपाती, आँप, कागती आदि उत्पादन गर्दछन । आजभोलि पानी भएको

ओसिलो ठाउँ, खोलाखोल्साको किनार तथा चिस्यान क्षेत्रमा नगदेबाली अलैंची, सुख्खा पाखोमा अम्लिसो र चिया, र मलिलो बारीमा अदुवा खेती गरेर किसानहरूले प्रसस्त आम्दानीको स्रोत बनाएका छन् ।

उद्योगको क्षेत्रमा तेह्रथुमे ढाकाकपडा र खुकुरी नेपालमै प्रचलित रहेका छन जुन फेदाप क्षेत्रमै पर्दछन । त्यस्तै राडीपाखी बुन्ने, बेतबाँसका सामान बनाउने,चिया तथा अल्लो प्रशोधन गर्ने कार्यपनि फेदापमा प्रचलित रहेको छ । यस क्षेत्रको थोरै मात्र जनशक्ति शिक्षक कर्मचारी तथा अन्य पेशामा सङ्लग्न छन भने बहुसंख्यक युवायुवतीह वैदेशिक रोजगारीमा होमिएका छन् ।

## २.१ ५. भाषागत स्थिति

फेदाप क्षेत्रको भाषागत स्थितिको अध्ययन गर्दा यहाँका बहुसङ्ख्यक मानिसहरूद्वारा सामुहिक रूपमा नेपाली भाषा बोलिन्छ । जातिगत आधारमा अध्ययन गर्दा यो क्षेत्र परापूर्व कालदेखि नै लिम्बूहरुको बसोबास बढी हुँदै आएको हुँदा लिम्बूभाषा बढी बोलिन्छ । यहाँका अधिकांश ठाउँहरू पनि लिम्बू भाषाबाटै राखिएको छ । जग्गा जमिनको उपभोगलाई अध्ययन गर्दा पनि हालमा क्षेत्री बाहुन तथा अन्य जातिहरूले भोगचलन गरेका अधिकांशजग्गाहरू लिम्बूहरूबाटै प्राप्त गरेको अभिलेख भेटिएको छ । बीचबीचका विभिन्न ठाउँहरूमा तामाङ् ,गुरुङ् नेवार,मगर जस्ता भाषाहरू पनि बोलिन्छन् ।आफ्ना आफ्ना जातिले आफ्ना समुदायभित्र जातिय भाषा बोलेपनि सामुहिक भेलाबैठक आदिमा भने नेपाली भाषा नै बोल्ने गरिन्छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार फेदाप क्षेत्रका गा.वि.स. र नगरपालिकामा बोलिने भाषालाई तथ्यगत आधारमा यहाँ प्रस्तुत गरिएको छ ।

## तालिका नं. २

## फेदापमा बोलिने भाषाको विवरण

| गा.वि.स/ न.पा. भाषा | म्याङलुङ नगरपालिका | सम्दु | इसिबु | सिम्ले | जलजले | ओयाकजुङ | पौठाक | श्रीजुङ | मोराहाङ | सोल्मा | सुङनाम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ९९४७ | ७९७ | १३२६ | १८२५ | १७५१ | ३४३३ | ६२६ | ७०३ | २०४६ | २०९२ | १३२२ | २५८६८ |
| लिम्बू | ६०९१ | १००९ | १२०९ | १८४७ | १४८२ | १२७८ | १३०५ | १०९६ | ११०० | ११८२ | १६४४ | १९२४३ |
| तामाङ्ग | १२९९ | – | ३०४ | ३४० | २०६ | – | २०५ | २७१ | १४० | – | १७५ | २९४० |
| गुरूङ्ग | ४८८ | ३९९ | – | – | – | – | १८ | ८४ | २५ | १६१ | २० | ११९५ |
| मगर | ९४ | – | – | – | – | – | – | – | – | ३६९ | ६४५ | ११०८ |
| नेवार | ७९९ | – | – | – | ७७ | – | – | – | १२ | १५३ | | १०४१ |
| शेर्पा | ३१० | – | – | – | – | – | ७ | १६४ | ३० | १७ | १८ | ५४६ |
| राई | १५६ | – | – | – | – | – | – | – | १९४ | – | ४ | ३५४ |
| अन्य | ४७५ | ४३ | ७ | ३०१ | ४७ | १६ | – | २२ | ३० | ८० | २६ | १०४७ |
| जम्मा | १९६५९ | २२४८ | २८४६ | ४३१३ | ३५६३ | ४७२७ | २१६१ | २३४० | ३५७७ | ४०५४ | ३८५४ | ५३३४२ |

स्रोतःनगरपालिकातथागा.वि.स.का कार्यालयहरूबाट(रा.ज.२०६८अनुसार)

### २.१.६. शैक्षिक स्थिति

फेदाप क्षेत्रको शैक्षिक इतिहासलाई अध्ययन गर्दा वि.सं.१९९० भन्दा अगाडि यहाँका बाह्मण परिवारका केही पुरुषहरू हिँउदको समय फुर्सदको महिनामा गुरू पुरोहितहरूबाट वैदिक शिक्षा लिनका लागि भोजपुरको दिङ्ला भन्ने ठाउँसम्म जाने गरेको बृद्धहरुबाट थाहा हुनआएको छ । वि.स. १९९१ मा तेह्रथुम जिल्लाको आठराई क्षेत्रको मूलपानी भन्ने ठाउँमा त्यहाँका सिटौलाहरूले राणाहरूसँग राम्ररी साँठगाँठ गरी संस्कृत र नेपाली भाषा पढाउनका

लागि  मूलपानी स्थायी सरकारी पाठशाला खोल्ने अनुमति ल्याएपछि भने केही फेदापे ब्राह्मण जातिका पुरुषहरू त्यहाँ गएर शिक्षा लिनेगरेको थाहा हुनआएको छ । नेपालमा राणा शासनको अन्त्यतिर  वि.सं. २००४ सालमा फेदापे जनताहरूद्वारा यस क्षेत्रको केन्द्र बनाएर अहिलेको म्याङ्लुङ बजार भएको ठाउँमा सिंहवाहिनी  पाठशाला  खोलियो । यो नै फेदाप क्षेत्रको पहिलो शिक्षाको वत्ती थियो । यस पाठशालाको सञ्चालनको लागि स्थानीय नारायणमान श्रेष्ठ पहिलो प्रधानाध्यापक रहेको हाल श्री सिंहवाहिनी उ.मा.वि.को शैक्षिक इतिहास अध्ययन गर्दा थाहा भएको छ । प्रजातन्त्रको स्थापना पछि यस क्षेत्रका विभिन्न ठाउँहरूमा स्कूलहरू खोलिन गए ।हाल आएर शिक्षाको क्षेत्रमा फेदाप क्षेत्र तेह्रथुम जिल्लाको मात्र होइन पूवान्चलकै शिक्षित क्षेत्रकोरूपमा गन्तिमा आएको छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार फेदाप क्षेत्रको साक्षरता दर ७५ प्रतिशत रहेको छ । तेह्रथुम जिल्लाको कूल ६७९ वर्ग कि.मि.क्षेत्रफल मध्ये ३३३ वर्ग किलोमिटरको क्षेत्र भित्र शैक्षिक उन्नतिको लागि छ ओटा स्रोतकेन्द्रहरू रहेका छन । जसभित्र निम्नानुसारका स्रोतकेन्द्र र विद्यालयहरू रहेका छन ।

## तालिका नं. ३

## फेदाप क्षेत्रका विद्यालयहररूको  विवरण

| क्र.सं. | स्रोत केन्द्र | प्रा.वि. | नि.मा.वि | मा.वि | उ.मा.वि. | निजी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | इसिबु | १२ | २ | – | २ | – | १६ |
| २. | जलजले | २० | ३ | २ | ४ | ३ | ३२ |
| ३. | मोराहाङ | ११ | ७ | १ | ३ | २ | २४ |
| ४. | जिरिखिम्ती | ९ | ५ | १ | १ | ३ | १९ |
| ५. | म्याङलुङ् | १० | २ | २ | २ | ४ | २० |
| ६. | सोल्मा | ९ | २ | १ | ३ | १ | १६ |
| | जम्मा | ७१ | २१ | ७ | १५ | १३ | १२७ |

(स्रोतःजि.शि.का.तेह्रथुम)

## २.१.७ जनसंख्या स्थिति

तेह्रथुम जिल्ला जनसङ्ख्याको हिसावले हेर्दा सानो जिल्ला हो । वि.सं.२०६८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसङ्ख्या १,०१,५०९ मध्ये फेदाप क्षेत्रको मात्र जनसङ्ख्यालाई तल तालिकामा प्रस्तुत गरिएको छ । तालिकाबाट यो पनि प्रस्ट भएको छ कि समग्र देशकै जनसङ्ख्यामा पुरुषको सङ्ख्या भन्दा महिलाको सङ्ख्या बढी भएजस्तै फेदाप क्षेत्रमा पनि महिलाको सङ्ख्या बढी रहेको छ । यो हुनुमा एउटा कारण महिलाको तुलनामा पुरुषहरू बढी वैदेशिक रोजगारीमा जानु हो भने अर्को कारण हाम्रो देश पितृसतात्मक भएकोले हरेक दम्पतिले पहिले छोरो जन्मियो भने एक वा दुई हुनेसाथ परिवारनियोजन गर्नु र पहिले छोरी जन्मिए छोरा नजन्मिए सम्म बच्चा जन्माइ रहनु हो । महिला पुरुषको जनसंख्या स्थिति २०६८ अनुसार तालिकामा देखाइएको छ ।

### तालिका नं. ४

### फेदापक्षेत्रको महिला पुरुषको जनसङ्ख्या विवरण

| गा.वि.स/न.पा. | म्याङलुङ नगरपालिका | सम्दु | इसिबु | सिम्ले | जलजले | ओयाकजुङ | पौठाक | श्रीजुङ | मोराहाङ | सोल्मा | सङनाम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | ९,१०९ | १,०४७ | १,३०५ | १,९८३ | १,६३३ | २,१५० | ९८५ | १,०७७ | १,६२१ | १,८४४ | १,७५५ | २४,५०९ |
| महिला | १०,५५० | १,२०१ | १,५४१ | २,३३० | १,९३० | २,५७७ | १,१७६ | १,२६३ | १,९५६ | २,२१० | २,०९९ | २८,८३३ |
| जम्मा | १९६५९ | २,२४८ | २,८४६ | ४,३१३ | ३,५६३ | ४,७२७ | २,१६१ | २,३४० | ३,५७७ | ४,०५४ | ३,८५४ | ५३,३४२ |

(स्रोतः जिल्ला  बचत तथा ऋण सहकारी संघको कार्यालय तेह्रथुम ।)

फेदाप क्षेत्रलाई जातीय हिसावले अध्ययन गर्दा धेरै जातजातिको संगम स्थलको रूपमा बसोवास भएको पाइन्छ । प्राचीन कालदेखि नै लिम्बूहरूको बसोवासको बाहुल्यता रहेको यस क्षेत्रमा वर्तमान अवस्थामा पनि करिब ४० प्रतिशत लिम्बू जातिकै वसोवास रहेको छ ।यस क्षेत्र भित्रका एक नगरपालिका  र दश गा.वि. स. हरूमा भएका जातिहरूको

बसोबासको आधारलाई राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार यस प्रकार अवलोकन गर्न सकिन्छ ।

## तालिका नं.५

## फेदाप क्षेत्रको जातिगत जनसङ्ख्या विवरण

| क्र.सं. | गा.वि.स./न.पा. जाति | म्याङलुङ नगरपालिका | सम्दु | इसिबु | सिम्ले | जलजले | ओयाकजुङ | पौठाक | श्रीजुङ | मोराहाङ | सोल्मा | सङ्नाम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | क्षेत्री | ३८३१ | ४१३ | ५६६ | ११५८ | ७०० | ४३८ | ९० | २९८ | ५२७ | ६६३ | ११२६ | ९८१० |
| २. | बाहुन | २६९९ | ९२ | ५२० | २५९ | ७६९ | ११०५ | ३२९ | २०२ | ८९४ | ७७३ | | ७६४२ |
| ३. | लिम्बू | ६३३५ | १०९६ | १२१६ | १८६५ | १४९५ | १४७२ | १३५९ | ११०२ | ११५९ | ११९० | १६०७ | २१३६८ |
| ४. | तामाङ | १६४१ | २५ | ३०४ | ३४१ | २०६ | - | २२० | २८१ | २०६ | ४३ | १३८ | ३४२८ |
| ५. | गुरूङ | ५५८ | | | | | | २६ | | | २८७ | ३५ | ९०६ |
| ६. | मगर | २०४ | १२ | | | | | | ८४ | ३७ | ३८१ | ६५५ | १३१३ |
| ७. | राई | २९८ | ४६९ | | २७४ | ७६ | | | | १९४ | ३५ | २८ | १७७४ |
| ८. | दमाइ | ६३३ | | ७२ | ७४ | | २७६ | ७३ | १२४ | ५१ | १०० | १८ | १४२१ |
| ९. | कामी | १३५२ | ४३ | १३२ | १८८ | ११८ | १३४ | ३५ | ४८ | ६८ | ११९ | ६२ | २२९९ |
| १०. | नेवार | १२६४ | २३ | | २४ | ८७ | १०७ | | | | १६६ | ५३ | १७२४ |
| ११. | सार्की | ३९२ | २२ | २७ | १६ | ५४ | ५४ | | | | ४७ | | ६१२ |
| १२. | माझी | ३६ | | | ९१ | | | | | | | | १२७ |
| १३. | सन्यासी | २४ | | | | | ८७० | | | २० | | ५८ | ९७२ |
| १४. | शेर्पा | ३३७ | २० | | | | | १४ | १६४ | ३८ | १८ | | ५९१ |
| १५. | भुजेल | ७४ | १६ | | १६ | ३९ | २१६ | | | ८१ | ४२ | | ४८४ |
| १६. | अन्य | | १५ | ६ | १० | | ५५ | १७ | ३७ | | १९० | २५ | ३७२ |
| १७. | | १९६५९ | २२४८ | २८४६ | ४३१३ | ३५६३ | ४७२७ | २१६१ | २३४० | ३५७७ | ४०५४ | ३८५४ | ५३३४२ |

(स्रोत:प्रत्येकगा.वि.स.काकार्यालयहरूबाट)

## २.२ फेदाप क्षेत्रको साहित्यिक परिचय

फेदाप क्षेत्रको साहित्यिक विकास तेह्रथुम जिल्लाको पूर्वी क्षेत्र आठराईबाट विकास भएर आएको पाइन्छ । वि.सं. २०१० सालमा काजिमान कन्दङ्वाको **आठ कथा कथाको सङ्ग्रह** र पदम प्रसाद उप्रेतीको **नेपालको दीपक** कविता भारती श्रेष्ठ,२०१०

रचनाहरूप्रकाशित भएपछि तेह्रथुम जिल्लाको साहित्यिक गतिविधि विकास भएको पाइन्छ।साहित्यलाई अगाडि बढाउनका लागि पत्र पत्रिकाहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यही क्रममा सर्वप्रथम २०१७ सालमा कमलादेवी शर्माको सम्पादनमा **प्रयास** पत्रिका वीरेन्द्र इन्टर कलेज तेह्रथुमकै चुहानडाँडाबाट प्रकाशित भएपछि यस जिल्लाको साहित्यिक गतिविधि सुरूभएको छ । त्यसपछि आठराई क्षेत्रकाबाट नै हाल तेह्रथुम जिल्लाको सदरमुकाम म्याङ्लुङ्मा साहित्यिक कार्यक्रमहरू सुरुवात भएको पाइन्छ । वि.सं.२०२८/०२९ सालपछि **मगज, तीनजुरे,नवकिरण** आदि पत्रिकाहरू मार्फत साहित्यिक अनुरागीहरूले आफ्ना साहित्यिक भावनाहरू अभिव्यक्त गर्दै फेदाप क्षेत्रमा साहित्यको सुरूवात भएको पाइन्छ । हालसम्म आइपुग्दा **फेदाप क्षेत्रमाकुम्भकर्ण, मुन्धुम,आँधिबेहरी,पुष्पाञ्जली,खोजतलास,साप्ताहिक, नौलो सन्दर्भ, नवविहानी** पत्रपत्रिकाहरूले साहित्यिक अनुरागीहरूको केही खाँचो परिपूर्ति गर्ने काममा सहयोग पुऱ्याएका छन् । फेदाप क्षेत्रका विभिन्न विधाहरूमा कलमचलाउने साहित्यकारहरूको सङ्क्षिप्त परिचय तल प्रस्तुत गर्ने क्रममा गङ्गादेवी कार्कीको**तेह्रथुम जिल्लाका उपन्यासकारहरूका उपन्यासहरूको अध्ययन२०६९** शीर्षक स्नातकोत्तर शोधपत्रलाई मुख्य आधार श्रोत बनाइएको छ ।

## २.२.१ फेदाप क्षेत्रका कविहरू

तेह्रथुमे साहित्यिक पर्दालाई अग्रणी रूपमा दौडाउन फेदाप क्षेत्रका कविहरूको योगदान उल्लेखनीय रहेको छ । विशेष गरी प्राकृतिक मनोरमता र सामाजिक कुसंस्कारलाई कविताको माध्यमबाट लोकमानसको दैलो ढकढक्याउन यी कविहरू उद्धत देखिएका छन् । केही प्रमुख कविहरूको सङ्क्षिप्त चर्चा तल गरिएको छ ।

### क) पुण्य प्र. सुवेदी

वि.सं. १९९० सालमा तेह्रथुमको साब्ला (हालको म्याङलुङ नगरपालिका-११) माजन्मिएका कवि सुवेदीको **दलमुखी** कविता **मगज** पत्रिकामा २०१५ सालमा प्रकाशित भएको थियो । **पुण्य प्र. सुवेदीका कविता कवितासङ्ग्रह-२०६१** उनको एकमात्र प्रकाशित कविताहरूको संगालो हो । कवि सुवेदीले समसामयिक र जटिलताको भावभूमिलाई अनुभूतिले रङ्ग्याएर कल्पनामा दौडाएर सम्प्रेषणीय रूपमा कविताको प्रस्तुतिबाट नौलो आयाम दिनसक्नु उनको काव्य बैशिष्ट्यता रहेको छ(लम्जेल,२०५०:२३) ।

कवि सुवेदीका कविताहरूमा मातृभूमिका साथसाथै आफू जन्मेको ठाउँको चित्रण गरिएको पाइन्छ । समाजमा विद्यमान विकृति र विसङ्गतिलाई कविताको माध्यमबाट तिखो व्यङ्ग्य गर्नु उनको कवितात्मक विशेषता हो । सामाजिक परिदृष्यको घुम ओढेर विकृतिलाई थला पार्नु साहित्यिक चारित्रिकताको एक अनुपम नमुना हो । कवि सुवेदी पूर्वीय दर्शनमा अपरिवर्तनीय मानिएको परम्परागत शैलीलाई तिखो वाण हान्न शब्दको कौटिल्य चालसंग परिचित देखिएका छन्, जुन प्रशंसनीय छ । कवितात्मक शैली समाजिक तत्वहरूलाई सही निर्देशन गर्ने कार्यमा माहिर साहित्यिक साधन हो । मनोरम ढङ्गले लोक मानसलाई चेतनाको ढोलक बजाउने कार्यमा कवि सुवेदीका कविताहरू सफल मानिएका छन् ।

## ख) अभि सुवेदी

वि.सं. २००२ सालमा तेह्रथुमको साब्ला (हालको म्याङलुङ नगरपालिका- ११ )मा जन्मिएका कवि सुवेदीको **नानी रोय** कविता **नौलो पाइलापत्रिकामा २०१३** सालमा प्रकाशित भएको थियो ।उनका अन्य प्रकाशित कविताहरूमा **छत्तीस वर्षका नेपाली कविता र सम्पादन–२०३९,**chasing drinks–**२०५३** हुन् भने **शब्द र चोट–२०५४** उनको प्रकाशित कवितासङ्ग्रह हो । (कार्की,२०६९:१२)

कवि सुवेदीका कविताहरूमा भौतिक वस्तु प्रयोग गरी मानवले मानवता गुमाएको प्रसङ्गलाई बढो सान्दर्भिक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । वर्तमान परिस्थितिमा हिंसाले डोऱ्याएका पीडासंग परिचित भएर रचना गरिएका उनका कविताहरूले देशको समसामयिक वर्णनलाई उजागर गरेका छन् । हिंस्रित समुदायमा प्रस्फुटित भएका स्वप्निल संसारका अनेकन विचारभावहरूलाई दुरूस्तै कविताको ढाँचामा बदल्न सक्ने खुबी उनमा पाइन्छ । कवितात्मक सन्देशलाई हेर्दा सकरात्मकतामा जोड दिई विषयवस्तुको पहिचानका निम्ती उनको कलम स्वस्फूर्त रूपमा दौडिरहेको छ र दौडिरहने छ । समाजमा विभिन्न वर्गका मानिसहरू हुन्छन् । तीमध्ये उच्च वर्ग र निम्न वर्ग नेपाली साहित्यका अचल विषयवस्तुनै बनिसकेका छन् । कवि सुवेदीका कविताहरूले पनि वर्गीय शोषण, थिचोमिचो, अन्याय, अत्याचारजस्ता सामाजिक कुप्रथालाई बुलन्द आवाज दिएका छन् । तसर्थ सामाजिक सद्भावको कुशल परिदृष्यलाई समाजका विभिन्न अङ्गप्रत्यङ्गमा छुवाई परिवर्तनलाई आत्मासात गर्ने वातावरणको सिर्जनामा उनका कविताहरू फेदाप क्षेत्रको साहित्यिक विविधतामा एक अमूल्य परिचय बनेका छन् ।

## ग) तोयानाथ भट्टराई

वि.सं. २००८ सालमा तेह्रथुमको जिरिखिम्ती (हालको म्याङलुङ नगरपालिका–७)मा जन्मिएका कवि भट्टराईका **म्याङलुङ हार–२०४४र सङ्कान्ति–२०५५**कविता प्रकाशित भएका छन् । (उहाँका साथी सोहन घिमिरेबाट पौंठाकबाट प्राप्त जानकारीबाट)

उनी तेह्रथुमे प्रगतिवादी कविको रूपमा चिनिँदै आफ्नो जन्मभूमि प्रति अघात माया ममता व्यक्त गर्दै त्यहाँको सामाजिक विकृति र विसंगतिप्रति आक्रोश व्यक्त गर्दै कविता रचना गर्ने कवि हुन् । ग्रामीण जनजीवनको सरल र सहज भाषा शैलीमा जीवनका कथा र व्यथालाई कवितात्मक स्वरूप प्रदान गर्दै गरिब दुःखी जनताहरू एक जुट भएर सामन्ती संस्कारको अन्त्य हुनुपर्छ भन्ने उनका कविताको भाव रहेको पाइन्छ।

## घ) पुरुषोत्तम सुवेदी

वि.सं. २०११सालमा तेह्रथुमको साब्ला (हालको म्याङलुङ नगरपालिका–११)मा जन्मिएका कवि सुवेदीको **काठमाडौं** कविता **मधुविन्दु** पत्रिकामा २०३२ सालमा प्रकाशित भएको थियो । उनका**आतङ्क गन्ध–२०४८** र **एक्लो विजेता–२०५४** कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनी प्रगतिशील लेखक संघको केन्द्रीय सदस्य तथा नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्य रहेका छन् ।

कवि सुवेदीका कविताहरूले देश र जनताको दयनीय अवस्थाको कल्पना गरेका छन् । राजनीतिको तीव्र असन्तुलनतालाई अंगाल्दै नेपाली लोक मानसले भोग्नुपरेका समस्याहरूलाई कविताको माध्यमबाट फैलाउने कार्यमा कविले आफ्नो कलम अगाडि बढाएको पाइन्छ । आर्थिक र सामाजिक दृष्टिकोणबाट पिछडिएको नेपाली समाजमा परिवर्तनको ढोका ढकढक्याउने कार्यमा उनका कविताहरू विशेषतः अग्रपङ्क्तिमा उभिएका छन् । स्वतन्त्रता र सार्वभौमिकता देशलाई निश्चित आकार प्रदान गर्ने अभिन्न अङ्गहरू हुन् । स्वतन्त्रता प्राप्तिकालागि युद्ध गर्नुपर्ने आवश्यकतालाई उनका कविताहरूले जोड दिएको पाइन्छ । देशमा व्याप्त भ्रष्टाचार,आतङ्क,अशान्तिलाई कविताको प्रयोगबाट विगुल फुकी जनमानसमा सम्प्रेषण गर्नु उनका कविताहरूको प्रमुख विशेषता हो ।

## ङ) विश्वविमोहनश्रेष्ठ

वि.सं. २०१३ सालमा तेह्रथुमको म्याङलुङ नगरपालिका–१ मा जन्मिएका कवि श्रेष्ठ “दुई मुक्तक”**तीनजुरे शीर्षक** रचनाबाट **२०२७** सालमा तेह्रथुमे साहित्यकारका रूपमा उदाएका हुन् । कवि श्रेष्ठका**केही कविताहरू** २०४४, **अंगारका धमिला धर्साहरू** २०६१ र **एउटा गन्तव्यको खोजीमा**२०६२कविता सङग्रहरूप्रकाशित भएका छन् ।

कवि श्रेष्ठले राष्ट्रप्रेम, प्रकृतिप्रेम तथा मानवीय प्रेमलाई झ-झल्को दिने तारतम्यले आफ्नो कलम कविता विधामा अगाडि बढाएका छन् । मानव शक्तिले ल्याएको निरङ्कुशताको प्रस्तुतीकरण उनका कविताहरूमा पाइने विषयवस्तु हो ।

## च) विजय सुब्बा

वि.सं. २०१५ सालमा तेह्रथुमको म्याङलुङ नगरपालिकामा जन्मिएका कवि सुब्बाको **माझी** कविता **यथार्थ** पत्रिकामा २०४०सालमा प्रकाशित भएको थियो । उनका **वस्तीका सङ्गम सुसेलीहरू** २०४१, **विजय सुब्बाका गीत र गजलहरू** २०५७, **अराजक अक्षरहरू** २०५८र**ज्ञानी बालगजल** २०६३ प्रकाशित कवितासङ्ग्रहहरू हुन् ।

कवि सुब्बा एक प्रगतिवादी कविका रूपमा नेपालको पूर्वीय फाँटमा उदाएका हुन् । निश्चल वौद्धिकताको प्रादुर्भाव गर्ने कार्यमा उनका कविताहरू उत्कर्षमा पुगेको भान हुन्छ । समाज परिवर्तनकालागि बेजोड आवाज घन्काएका कवि सुब्बाले नेपाली राजनीतिमा पनि उत्तिकै प्रभावशाली छाप छोड्न भ्याएका छन् । नेपाली जनजीवनको यथार्थतासंग नजिक रहेर आफ्ना कलम चलाएका कविले यथास्थितिको चर्को विरोध गर्ने गरेका छन् । समाजमा परापूर्वककालदेखि चलिआएको चालचलन, रीतिरिवाज, धार्मिक र सांस्कृतिक पक्षहरूलाई खेदो खनेका कविले वर्गीय समाजको आवश्यकतालाई सामाजिक बनोटसँग तुलना गरेका छन् । समाज परिवर्तनको क्रममा क्रान्तिको जरूरतालाई निश्चिन्त गरेका कविका कवितात्मक विषयहरू परिवर्तन र यथास्थितिको खाडल पुर्नमा सदाझैँ अग्रसर भएको पाइन्छ । प्राकृतिक सौन्दर्य र राष्ट्रियतामा अल्झेका कविताहरूमा सर्वव्यापी भाषाशैलीले प्राथमिकता पाएको देखिन्छ । उचित भाषाशैलीको प्रयोगबाट कविले कवितालाई आफैँमा एउटा साहित्यिक सर्वश्रेष्ठताको प्रतिविम्बका रूपमा प्रस्तुत् गरेका छन् । उनकाकविताहरूले राष्ट्रिय प्रकृतिको संरक्षण तथा संवर्द्धनको टड्कारो आवश्यकतालाई राष्ट्रिय रूपमानै उठाएको पाइन्छ ।

### २.२.२ फेदाप क्षेत्रकाकथाकारहरू

मनोरञ्जन प्रदान गर्दै सामाजिक सन्देश प्रवाहलाई मुख्य जोड दिएका तेह्रथुमे कथाकारहरूले फेदाप क्षेत्रको सामाजिक, राजनीतिक र आर्थिक सँगालोलाई प्रस्तुत् गर्न खोजेका छन् ।

### क) पुण्य प्र. सुवेदी

वि.सं. १९९० सालमा तेह्रथुमको साब्ला (हालको म्याङलुङ नगरपालिका – ११ ) मा जन्मिएका कथाकार सुवेदीको **दलमुखी**कथा **मगज**पत्रिकामा २०१५ सालमा प्रकाशित भएको थियो । **धुवाँका चक्काहरू२०२८** कथासङ्ग्रह उनको एकमात्र प्रकाशित कथाहरूको संगालो हो ।

कथाकार सुवेदीले आफ्ना कथाहरूमा नेपाली ग्रामीण जनजीवन र यसका समस्याहरूलाई चित्रित गरेका छन् । पूर्वीय समाजमा लोकमानसले भोगेका र देखेका सामाजिक विकृति र विसङ्गतिलाई टड्कारो रूपमा उठाएका कथाकारले सूक्ष्म ढङ्बाट समाजलाई आफ्ना कथामा प्रस्तुत गरेका छन् । विभिन्न धार्मिक, जातजाति तथा आर्थिक विविधता हुने वर्गीय समाजमा सहिष्णुता र मेलमिलापको चिनारी दिने कथाहरू उनका छन् भन्दा कुनै अत्युक्ति नहोला । कथाकार सुवेदीका कथाहरूमा नारीहरूलाई समाजमा दिइने दर्जा, उनीहरूमाथिको समाजिक बन्देजले ल्याएको नारीको विवशतालाई पनि सान्दर्भिक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । मातृ मनोविज्ञान सुवेदीको बहुचर्चित कथा विषय हो । आफ्ना सन्तानप्रति आमाको दृष्टिकोण, जसले सन्तानप्रतिको अघात माया, ममता, स्नेह प्रदान गर्दछ , कथाकार सुवेदी यस अपरिवर्तनीय मातृभावप्रति सहानुभूति राख्ने प्रयासमा देखिएका छन् । वर्गीय समाजमा उच्च वर्गले निम्न वर्गमाथि गर्ने अन्याय, अत्याचार, शोषण तथा दमनलाई पनि सुवेदीले आफ्ना कथामा उठाएका छन् ।

### ख) विश्वेश्वरमान श्रेष्ठ(विमाश्रे)

वि.सं. २००६ सालमा तेह्रथुमको म्याङलुङमा  जन्मिएका कथाकार श्रेष्ठको **वारेन्ट** कथा **झिसमिसे** पत्रिकामा **२०३९** सालमा प्रकाशित भएको थियो । **सङ्घर्षतिर२०५५** कथासङ्ग्रह उनको एकमात्र प्रकाशित कथाहरूको संगालो हो ।

वर्तमान परिवेशको बहुउपयोगी तत्व विज्ञान जसको उपयोग बिना सामान्य र सरल जीवन पनि कल्पनाकृत हुन सक्दैन, कथाकार विमाश्रेले पनि यस विषयप्रति सही र विश्वसनीय विश्लेषणमा आफ्नो समय खर्चेका छन् । विज्ञान र वैज्ञानिक आविष्कारले समाजमा ल्याएको परिवर्तनलाई कथाकार विमाश्रेले आफ्नो कथावस्तु बनाएको पाइन्छ । समाजमा विज्ञानले सकरात्मकमात्र होइन, नकरात्मकतालाई पनि बेजोड सहयोग पुऱ्याइरहेको हुन्छ भन्ने उक्ति कथाबाट लिन सकिन्छ । तसर्थ वैज्ञानिक आविष्कारका सकरात्मक र नकरात्मक पक्षहरूलाई केलाउँदै आफ्नो कलम अगाडि बढाएका कथाकार विमाश्रे फेदाम क्षेत्रका एक वौद्धिक स्रोतका रूपमा चिनिँदै आएका छन् ।

अन्य कथाकारहरू जस्तै समाजमा उच्च वर्गले निम्न वर्गमाथि गर्ने अन्याय र अत्याचारको भण्डाफोर गर्न उनका कथाका पात्र, कथानक र उद्‌देश्य सक्षम देखिएका छन् । आजको समाजको यथार्थतालाई कलमको माध्यमबाट लोकमानसतर्फ इङ्गित गरेका कथाकारले आफ्नो बहुआयामिक व्यक्तित्व सँग सामुदायिक कुसंस्सकासहरूको निरूपणतालाई सान्दिर्भिक जोड दिएको पाइन्छ । पूर्वीय समाजमा देखापरेको बहुधार्मिक, बहुभाषिक र बहुजातीय सामाजिक बनोटको सबल पक्षहरूलाई समाज विकासको ऐना मानेर बनाइएका उनका कथाहरू पढ्दा, भन्दा र सुन्दा उपदेशात्मकता र मनोरञ्जनात्मकताले ढपक्कै छोपेको देखिन्छ । मनोरञ्जन कुनैपनि कथाको प्रमुख उद्‌देश्यका रूपमा लिइन्छ । विना मनोरञ्जनको कथामा भन्ने र सुन्ने मानिसको उत्सुकता प्रायः निष्क्रिय रहन्छ । तसर्थ विमाश्रेले पनि आफ्ना कथाहरूमा मनोरञ्जनलाई प्रमुख स्थान दिएका छन् ।

## ग) सूर्य सुवेदी

वि.सं.१९९८ सालमा तेह्रथुमको साब्ला (हालको म्याङलुङ नगरपालिका–११) मा जन्मिएका कथाकार सुवेदीको **श्याम फर्केला त?** कथा **अभिव्यक्ति**पत्रिकामा २०३६ सालमा प्रकाशित भएको थियो । **सूर्य सुवेदीका कथाहरू २०६७ कथासङ्ग्रह** उनको एकमात्र प्रकाशित कथाहरूको संगालो हो ।

नेपाली ग्रामीण जीवनको सरलता, सहजता, निश्वार्थी तथा वर्गीय वातावरण कथाकार सुवेदीका कथामा पाइने उत्कृष्ट विषयहरू हुन् । आधा भन्दा बढी भु-भाग गाउँनै गाउँले भरिएको नेपालमा, नेपालीको मानस्पटलमाथि तीखो विश्लेषण प्रस्तुत गरेका

कथाकार सुवेदी निसन्देह ग्रामीण जनजीवनको आर्थिक पक्षमाथि प्रश्न चिह्न ठड्याउन माहिर देखिन्छन् । आर्थिक परिवर्तनविना समाजका सामाजिक तत्वहरूको सबलतालाई देख्न पाईंदैन भन्ने उक्ति उनका कथाबाट लिन सकिन्छ । सबलता र निर्बलता समाज मापनका बहुचर्चित विषयहरू हुन् । समाजको उत्कृष्टतालाई नेपाली वाङ्मयमा समाज मापनको केन्द्रीय तत्व मानेका सुवेदी कथाकारको रूपमा सफल देखिएका छन् ।

ग्रामीण रहनसहन, त्यहाँको वस्तुगत स्थिति, प्रादेशिक चिनारीहरू, राष्ट्रिय स्तरमा त्यसले गरेको सहयोग आदि विषयहरूपनि उनका कथाहरूमा पाइने सोचनीय प्रस्तुतिकरणहरू हुन् । एउटा गाउँले परिवेश र अर्को गाउँको सामाजिक परिवेशसँग राम्ररी परिचित बनेका सुवेदीले आत्मीय मेलमिलापनै लोकहितको मूख्य हतियार हो भन्ने सन्देश आफ्ना कथाबाट प्रस्फूटित गराउन खोजेका छन् । यतिमात्र नभएर प्रकृतिलाई आफ्नो गहन अध्ययन विषय बनाएका कथाकार नेपाली लोकसाहित्यको क्षेत्रमा उच्चतम् विन्दुमा पुग्न सफल छन् । गाउँले परिवेशलाई प्राकृतिक परिवेशको मनोरम परिदृष्यसँग जोड्ने एउटा लामो साँघुको रूपमा उनका कथाहरू यस फेदाप क्षेत्रको मानस्पटलमा रहिआएका छन् ।

### २.२.३. फेदाप क्षेत्रका नाटककारहरू

### क) हरिभक्त बुढाथोकी

वि.सं. १९९७ सालमा तेह्रथुमको सिम्लेमा जन्मिएका कथाकार बुढाथोकीको **वसन्त कोपिला** पूर्णाङ्की २०१७ सालमा प्रकाशित भएको थियो ।

वौद्धिकता समाज निर्माणलाई आवश्यक पर्ने अनन्य सम्पदा हो । समाजमा रहेका बुद्धिजीविहरू यस सम्पदाका मुख्य स्रोतहरू हुन् । नेपाली समाजमा रहेका बुद्धिजीविहरूले आफ्नो जागिरेकालमा भोग्नुपरेका समस्याहरूलाई नाटकको प्रमुख विषय बनाएका बुढाथोकी साहित्यका यस विधामा खरो उत्रेका छन् । आफ्नो आर्थिक पक्षसँग पौंठेजोरी खेल्दै, आफ्नो सामाजिक उच्चतमतालाई व्यक्तिगत पक्षबाट टाढा राख्दै, समाज हितमा बुद्धिजीविहरूले गरेका र दिएका योगदानहरू नाटकका पात्रले बोलेको पाइन्छ । त्यसैपनि विकासोन्मुख मुलुकमा सरकारी जागिरेलाई आफ्नो समस्याकृत अर्थ पुऱ्याउने सम्भावना कम हुन्छ । तसर्थ समाजको विकास, परिवर्तनीय आधार र त्यसपछिका अनुकुलताहरूलाई समस्याको पहाडसँग जुधिरहेको एक बुद्धिजीविले कसरी थेग्न सक्छ भन्ने प्रश्नलाई नाटकको प्रमुख विषय, नाटककार बुढाथोकीले बनाएका छन् । नाटककार बुढाथोकीका नाटकहरूले देशभक्ति,

राष्ट्रभक्तिजस्तो अनन्य राष्ट्रप्रेमलाई चरितार्थ गरेको पाइन्छ । पूर्वीय समाजमा विविध सामाजिक तत्वहरूको फरक-फरक हेराइ र सोचाइ जसले राष्ट्रहितमा विविधता झल्काउँछ। नाटककार यस विविधतालाई सिंगै आफ्ना नाटकको घटनाक्रममा बुन्न सफल देखिएका छन्। तसर्थ देशभक्तिको प्रगाढ माया उनका नाटक पात्रहरूले एउटा परिचित शब्दनै बन्न पुगेको छ । समाजमा धनी र गरिब विचको एउटा गहिरो खाडललाई पुर्न नाटककारका कृतिहरू बलौटे माटो बराबर पूर्वीय समाजमा फिँजिएका छन् जसले बेला बेलामा समाजमा आत्मीयताको झ-झल्को दिएको भान हुन्छ ।

## ख) अभि सुवेदी

वि.सं. २००२ सालमा तेह्रथुमको साब्ला (हालको म्याङलुङ नगरपालिका–११)मा जन्मिएका नाटककार सुवेदी नेपाली नाट्यजगतको सर्वप्रिय नाम हो । उनका**आरूको फूलको सपना** २०५८,**पाँच नाटक** २०६१ , **तीन नाटक**२०६५ ,**चिरिएका साँझहरू** २०६७ , **रूङ्गालोको आकाश** २०६२ प्रकाशित नाटकसङ्ग्रहहरू हुन् ।

नेपाली साहित्यको क्षेत्रमा राष्ट्रियस्तर रूपमै देखापरेका एक तेह्रथुमे नाटककारका रूपमा नाटककार सुवेदीलाई लिन सकिन्छ । उनका नाटकहरूमा नारी पात्रलाई विशेष महत्व दिएको पाइन्छ । नारी, जो समाजको एक आदर्श चित्र हो, जसको संवेदनशीलता, कौटिल्यता, मातृत्वता र बाहुल्यता , वर्गीय समाजका अन्योनाश्रित कल्पनाहरू नाटककार सुवेदीका नाटक पात्रले बोलेका हुन्छन् । आगामी पिँढीलाई सही निर्देशनतर्फ उन्मुख उनका नाटक विषयहरू पूर्वीय पाश्चात्य साहित्यमा एक पुलको काममा अभ्यस्त भएको पाइन्छ । पूर्वीय र पाश्चात्य समुदायका नारीहरूको वेदना, चीत्कार, सुखसयलको अनुभुति, समाजको समाजिक बनोटमा उनीहरूको उच्चतम स्थान आदि सूक्ष्म विषयहरूलाई नाटककार सुवेदीले बढो सान्दर्भिक ढङ्ले उठाएका छन् । यतिमात्र नभएर ग्रामीण नारीका पीडा र दुःखलाई उनका नाटकपात्रले चरितार्थ गरेका हुन्छन् । नारी माथिको शोषित सोच तथा दैनिक प्रयोजनतर्फ उनीहरूलाई दिइएको असोचनीय दर्जा नारीको मनोविज्ञानमा खेलेका अभिन्न विषयवस्तुहरूलाई उनका नारी पात्रले बोलेका हुन्छन् ।

नाटककार सुवेदी उत्तर आधुनिक रङ्गमञ्चका प्रयोक्तका रूपमा नेपाली साहित्यजगतमा चिनिँदै आएका छन् । रङ्गमञ्चीय इतिहासमा उनका नाटकहरू सजिलैसँग नाटकपात्रले आफ्नो अभिनयकौशलबाट प्रस्तुत् गरेका छन् । रङ्गमञ्चमा पूर्वीय र पाश्चात्य

परिदृष्यका समान कल्पनाहरूलाई विषयस्थितिसँग बोध गराउन उनका नाटक पात्रहरू सक्षम देखिएका छन् । मनोरञ्जन पनि रङ्गमञ्चबाट लिन सकिने एक अद्भुत तत्व हो, जसलाई श्रव्यदृष्य तरिकाबाट समस्याहरूको सही मूल्याङ्कनर विश्वसनीय सूचना आदानप्रदानको केन्द्रीय अनुभूतिको साक्षी स्वरूपका रूपमा दृष्टिगत गर्न नाटक पात्रहरू सक्षम र सबल देखिएका छन् । नाटककार सुवेदीले आफ्ना नाटकहरूमा नेपाली राजनीतिमा देखापरेको बेथिति, कुसंस्कार, भ्रष्टाचार, देखासिकी, असन्तुलनता, नेतृत्वहीन क्षमता, हिंसा आदि विषयलाई आफ्ना नाटकहरूको केन्द्रीय परिचयसँग दाँजेका छन् । उनका नाटक पात्रले शान्ति स्थापनामा दिएको जोड रङ्गमञ्चीय पर्दा अथवा पुस्तकीय ऐना दुवैबाट भान हुन्छ । तसर्थ उनी नेपाली राजनीतिका खलपात्रहरूलाई समयसान्दर्भिक आफ्ना चालहरू चाल्ने प्रक्रियाकालागि आफ्ना नाटकहरूलाई प्रयोगवस्तु बनाउन माहिर देखिएका छन् ।

इतिहास साहित्यको अचल विषय हो, जसलाई नाटककार सुवेदीले अपरिचित रूपमा घुसाएका छन् । उनी इतिहास ढालेर इतिहासनै खोज्ने कार्यमा आफ्नो कलमलाई अग्रभागमा कुदाउन सफल छन् । इतिहास त्यस्तो सामाजिक ऐना हो, जसले नाटकको उद्देश्य र मनोरञ्जनात्मकतालाई उपर्युक्त ठाउँ र समयमा प्रस्तुत गर्न एउटा आधार स्तम्भको काम गरेको हुन्छ । यसको खोजतलास, सही विश्लेषण र साहित्यिक परिवर्तनतर्फ नाटककार सुवेदी पूर्णतः सफल देखिएका छन् । इतिहासले बोकेका, रचेका, भोगेका र देखेका समाजका पानाहरू पल्टाउन एउटा वौद्धिक, निर्भीक र कुशल नाटकहरूको रचना गरी त्यसलाई पठित र अपठित समुदायमा प्रस्तुत गर्न र गराउन रङ्गमञ्चीय क्षेत्रमा उदाएका सुवेदीको प्रशंसा जति गरेपनि कमनै हुन्छ । नेपाली संस्कृति र परम्पराको चित्रण उनका नाटकपात्रहरूले गरेका हुन्छन् । जसलाई इतिहासले सही निर्देशन गरेको हुन्छ । तापनि संस्कृति र परम्परालाई समय सान्दर्भिक परिवर्तन गर्नुपर्छ भन्नेतर्फ नाटककार सुवेदी अगाडि बढेको पाइन्छ ।

### ग) डी. एम् कन्दङ्वा

वि.सं. २०१२ सालमा तेह्रथुमको साब्ला (हालको म्याङलुङ नगरपालिका–११) मा जन्मिएका नाटककार कन्दङ्वा नेपाली साहित्यमा **आधुनिक दुलही** २०५३ एकाङ्की नाटकबाट देखापरेका हुन् । उनको **आधुनिक दुलही** २०५३ नाटक सङ्ग्रह प्रकाशित भएको छ ।

समाजमा विद्यमान परम्परागत संस्कारप्रति तिखो छेड हान्दै व्यङ्ग्यात्मक पात्र सिर्जनामा माहिर मानिएका नाटककार कन्दङ्वाले समाज परिवतर्नको मुद्दालाई द्रुत गतिमा अगाडि बढाएका छन् । वैवाहिक परिस्थितिमा जातिवादले खेलेको भूमिकालाई उनका नाटकपात्रले चित्रित गरेको पाइन्छ । एक जातिले आफ्नै जातिको विवाहमा देखाउनुपर्ने, खेल्नुपर्ने र भोग्नुपर्ने संस्कारलाई कुप्रथा होइन, समयसान्दर्भिक परिवर्तनबाट सही प्रथामा लम्क्याउन सकिन्छ भन्ने उक्ति उनका नाटकहरूबाट पाइन्छ । साथै नारीले विवाह गरेर अर्काको घरमा गइसकेपछि त्यहाँको परिवेशसँग मिल्न उनले गर्नुपर्ने अनुकुलताका उपायहरूलाई नाटकपात्रले चरितार्थ गरेका छन् । ती अनुकुल उपायको बाटोमा आएका तगारोहरू पन्छाउन वस्तु परिस्थिति, विषय परिस्थिति र व्यक्ति परिस्थितिसँग नारीले गरेका अब्बल कार्यलाई नाटकपात्रले बोलेको पाइन्छ ।

नाटककार कन्दङ्वाले धन सम्पतिलाई भन्दा सन्तानको माया वैचारिक र व्यवहारिक दुवै दृष्टिमा उच्चतम् छ भन्ने भनाईलाई नाटक पात्रको चरित्र चित्रणमा वर्णन गरेका छन् । विना सन्तानको धन सम्पतिको कुनै अर्थ नहुने र सम्पतिको विनाश स्वयम् सन्तानबाटै हुने प्रभावपूर्ण र ओजिलो तर्क उनका नाटकहरूमा पाइन्छ । समाजमा देखापरेको जातीय विभेदलाई उनले सदैव विरोध गरेको भेटिन्छ । यही विभेदको फलस्वरूप अर्न्तजातीय विवाह गरेकी महिलाले भोग्नुपरेको समस्यालाई उनका नाटकपात्रहरूद्धारा छर्लङ्ग पार्न खोजिएको छ । यति हुँदा हुँदै पनि परिवर्तनको पक्षधर बनेर त्यसमा रहेको जीवित आशालाई उनका नाटकपात्रहरूले वैचारिक, दृष्टिगत तथा व्यवहारिक माध्यमबाट प्रष्ट पार्न खोजका छन् ।

## घ) सावित्रीश्रेष्ठ

वि.सं. २०१५ सालमा तेह्रथुमको म्याङलुङमा जन्मिएकी नाटककार बुढाथोकीको **स्वर्णिम बिहानी अक्षलोकवर्ष** ७ २०४४ नाटक लिएर नेपाली नाट्य संसारमा देखापरेकी हुन् ।

नाटककार श्रेष्ठका नाटकहरू विशेष गरी बालमनोविज्ञानमा केन्द्रित भएको पाइन्छ । बालबालिकाहरूको भविष्य निर्माणमा उनीहरूका अभिभावक आफैँ शिक्षित हुनुपर्ने कुरामा उनका नाटकहरूको विशेष जोड हुन्छ । गुरूहरूको शैक्षिक चेतनाले पनि बालबालिकाहरूको भविष्य निर्माणमा उल्लेखनीय भूमिका खेल्ने कुरालाई उनका नाटकहरूले प्रष्ट्याएका हुन्छन्।

## ङ) रोशन सुवेदी

वि.सं. २०२५ सालमा तेह्रथुमको साब्ला (हालको म्याङलुङ नगरपालिका–११) मा जन्मिएका नाटककार सुवेदी नेपाली साहित्यमा **अस्तित्वको खोजी**(२०५०, **मधुपर्क**)नाटकबाट देखापरेका हुन् । उनको **मेरा छोरा मेरी छोरी** २०६७ नाटक सङ्ग्रह प्रकाशित भएको छ । नाटककार सुवेदीले नेपाली समाजमा देखापरेको हत्या, हिंसा र अत्याचारको बाटोलाई निर्मूल पार्ने कार्यलाई बढावा दिएका छन् । राजनीतिक तिक्तताको फलस्वरूप सामाजिक परिवर्तनको बहानामा समाजमा जोडिएका, गाँसिएका, डुलेका, घुमेका, परेका तथा अपरिवर्तनीय बनेका हिंस्रित र अत्याचारी सोचहरूमा नाटककार सुवेदीले धावा बोलेका छन् । उनका नाटक पात्रहरू यीनै कुराहरूमाथिको चरित्र चित्रणमा व्यस्त भएको पाइन्छ । यो अनुकरणीय कार्यलाई समाज परिवर्तनको एक अभीष्ट प्रतिमूर्तिको रूपमा सदा सम्भिने गरिन्छ । मानव समाजमा देखापरेको बदलिँदो दानवीय व्यवहारले भविष्यमा पुऱ्याउने असोचनीय, अकाल्पनिक र अव्यवहारिक परिदृष्यसँग परिचित त्यसको निरूपणताका लागि आफ्नो कलम नाटकपात्रसँग डुलाइरहेका छन्, जुन उनका नाटकहरूबाट प्रष्ट भएको छ ।

वुद्धिजीविहरू समाजका एक आदर्श चरित्र हुन् । जसले समाजको ऐनामा कालो धब्बा कोरेर देशमा शान्ति ल्याउन नचाहेको भन्ने कटु आलोचनात्मक विशेषता उनका नाटक पात्रहरूले बोलेका छन् । यो प्रसङ्ग निकै तार्किक र वादविवादयुक्त छ, जसको विश्लेषण गर्न स्वय् नाटककार सुवेदी पनि नाटकपात्रको चरित्र चित्रणतर्फ उन्मुख भएको देखिन्छ । देशलाई अन्योलग्रस्त स्थितिमा राख्न नेताहरू कुर्सीको लोभमा परी जनताप्रति उत्तरदायित्वको भावनाबाट टाढा भई, आफ्ना कुकर्मलाई लुकाएर नेपाली राजनीतिको एउटा कालो घुम ओढेको प्रसङ्गलाई उनका नाटकपात्रहरू प्रस्फुटित भएको देखिन्छ । समाजमा घटेका घटनाक्रमहरूलाई देशको केन्द्रीय राजनीतिसँग जोडेर आफ्ना विचारभावहरूलाई जनसमुदायसम्म पुऱ्याउन खप्पिस नाटककार सुवेदी पूर्वीय समाजमा वर्गीय दृष्टि र वर्गीय परिचयका एक अनुपम नमुना हुन् भन्दा कुनै अत्युक्ति हुँदैन ।

## २.२.४ फेदाप क्षेत्रका निबन्धकार

## डा. खगेन्द्र प्र. लुइटेल

वि.सं. २०१८ सालमा तेह्रथुमको सोल्मामा जन्मिएका निबन्धकार लुइटेलको **वीरगञ्जको यात्रा : खुर्सानीको डाह** निबन्ध २०४८ सालमा जनसाहित्य पत्रिकामा प्रकाशित भएको थियो । उनको **चाउरिएको जिन्दगी२०६८, बार वर्षपछि हनिमुन** प्रकाशित निबन्धसङ्ग्रहहरू हुन् ।

नेपाली निबन्धलेखनको क्षेत्रमा **श्यामाव्यङ्ग्यात्मक** विषयको सूत्रपात गर्ने लुइटेल आधुनिक र समसामयिक निबन्धकारको रूपमा एक उच्चतम विन्दुमा पुगेका छन् । साहित्यिक फाँटमा प्रशंसनीय निबन्धको दर्शन दिएर लोक मानसमा विचित्रताको चित्रण गर्न पुगेका लुइटेल, सामाजिक आदर्शताको परिचित अनुहार बनेका छन्, यस क्षेत्रका लागि । भ्रष्टाचारीलाई खेदो खन्ने प्रयासमा आफ्ना अमूर्त शब्दावलीहरूलाई प्रयोग गरेका लुईटेलले अमानवीय, अनियन्त्रित र हिंस्रित समुदायलाई सही निर्देशनको जरूरत राजनीतिमै केन्द्रित हुन्छ भन्ने भनाइलाई चरितार्थ गरेका छन् । भ्रष्टाचार राजनीतिको एक पर्यायवाची शब्द हो जो विना न त राजनीति टिक्छ, न त यसका खेलाडी नै । तर त्यही भ्रष्टाचार हो जसले देशनिर्माण, समाज निर्माण, विकास र पद्धतियुक्त जीवनचलनलाई कोसौँ टाढा धकेलिदिन्छ । निबन्धकार लुइटेलका निबन्धहरूमा पनि यसै भ्रष्टाचारको खेदो खन्ने प्रयास गरिएको छ, जुन अनुकरणीय छ, प्रशंसनीय छ । स्थानीय क्षेत्रमै बोलिने र सुनिने शब्दावलीलाई निबन्धको शैलीमा फूलबुट्टा सहित उतार्ने लुइटेल यस विधाका एक उत्कृष्ट नमुनाको रूपमा देखा परेका छन् ।

समाजमा व्याप्त विकृति र विसङ्गतिहरूलाई चिरफार गर्दै तिनीहरूको पूर्णतः निरूपण गर्न लुइटेलीय शैलीबाट प्रस्तुत भएका निबन्धहरू कोसेढुङ्गा सावित भएका छन् । उनका निबन्धात्मक भावहरूले समाजका जुनसुकै तत्वहरूको सही मार्गनिर्देशन र सही उपयोगितालाई बढावा दिएको हुन्छ । प्रवृत्ति, परिचय र परिकल्पना, लुइटेलले प्रयोग गर्ने अचल शब्दावलीहरू हुन् जसका पछाडि वर्गीय बनोट र वर्गीय सहिष्णुताले आफ्नो पाना भरेको हुन्छ । परिवर्तनीय विकृति र विसङ्गतिको सूक्ष्म अध्ययनका साथै उपयोगी विश्लेषण गर्ने क्षमता लुइटेलका निबन्धहरूमा पाइन्छ । उनका निबन्धहरूले सामाजिक बनोटको बाटोलाई छोट्याई, व्याप्त र अपरिवर्तनीय सामाजिक कुसंस्कारका अनन्य विकृतिहरूलाई थला पारेको अनुभव पाठकहरूले गर्न सक्छन् । सच्चा विवरणात्मक जानकारीको सहयोगबाट वर्गीय चरित्र चित्रणमा खरो गरी उत्रेका लुइटेल, निबन्धकारको परिचयलाई उच्च मार्गमा डोऱ्याउन नेपाली समाजमा रहेका परिवर्तनीय कुप्रथालाई अन्त्य गर्न अन्य

क्षेत्रको आवश्यकतामा जोड दिन्छन् । सामाजिक विभेदले समाजमा खलबल्याएको अनुदार परिवेश, व्यक्ति चाहना र लोप तथा विलापको परिचित परिदृष्य, धार्मिक र सांस्कृतिक रहनसहन, रीतिरिवाज आदिलाई लुइटेलले उनका निबन्धमा प्रवेश गराएका छन्, जुन निबन्धका अनुरागीहरूलाई अनुकरणीय छ ।

लुइटेल नेपाली निबन्धजगतमा विषयवस्तुगत विविधता र व्यापकताको एक धरोहर भएर उभिएका छन् । समाजमा रहेका विभिन्न विषयहरूलाई निबन्धको प्रमुख परिचय बनाएका लुइटेलले सामाजिक घटनाक्रमलाई व्यापक बनाएको देखिन्छ । वर्णनात्मकता, वौद्धिकता, तार्किकता, वैचारिकता र समसामयिकता लुइटेलका निबन्धमा पाइने अमूल्य साहित्यिक विशेषताहरू हुन् । त्यसमाथि वैचारिक परिदृष्यलाई आफ्नो निजी मामला बनाएर तर्क र वौद्धिक क्षमताको हतियारले निबन्धलाई सजिसजावट गर्न माहिर लुइटेल एक उत्कृष्ट निबन्धकार हुन् भन्दा कुनै अत्युक्ति हुँदैन । समसामयिकता उनको अर्को विशिष्ट परिचय हो; जसले व्यावहारिक, आञ्चलिक र परिवर्तनको रथलाई सदैव डोऱ्याइरहेको हुन्छ । तसर्थ निबन्धकार लुइटेल र उनको निबन्धलेखन शैली, निबन्ध विकासको इतिहासमा एक अमूल्य नाम हो, जसको योगदानको चर्चा परिचर्चा जति गरेपनि कम भएको आभाष हुन्छ ।

## २.२.५ फेदाप क्षेत्रका समालोचकहरू

तेह्रथुमे समालोचकहरूले पूर्व आधुनिक र उत्तर आधुनिक साहित्यको विश्लेषण, अध्ययन र अनुसन्धानमा नेपाली साहित्यलाई दिएको योगदान उल्लेखनीय रहेको छ ।

### क) अभि सुवेदी

वि.सं. २००२ सालमा तेह्रथुमको साब्ला (हालको म्याङलुङ नगरपालिका–११)मा जन्मिएका समालेचक सुवेदीले **केही तन्नेरी कविहरू** शीर्षकको समालोचनात्मक लेख २०२१ सालमा**रूपरेखा** पत्रिकामा प्रकाशित गरेर  नेपाली समालोचनात्मक क्षेत्रमा उदाएका हुन् । उनका अन्य प्रकाशित समालोचनात्मक कृतिहरूमा **पाश्चात्यकाव्यसिद्धान्त** २०३०, **सिर्जना र मूल्याङ्कन** २०३४, **रचना र माध्यम** २०५४ र **नेपाली थिएटर एज.आई.सी. इट**२०६४ हुन् ।

वस्तुपरक, विषयपरक र शैलीपरक विश्लेषकका उत्कृष्ट नमुनाका रूपमा नेपाली समालोचनाको क्षेत्रमा विशिष्टताको छवि बनाएका समालोचक सुवेदी तेह्रथुमे वरिष्ठतम् साहित्यकार हुन् । उनी विविध विधाको खोज तथा अनुसन्धान गरी सकरात्मकता र

नकरात्मकतालाई छुट्याउन माहिर मानिन्छन् । समालोचना साहित्यको केन्द्रीय मूल्याङ्कन जसको नजिरले श्रेष्ठ र सर्वप्रीय साहित्यलाई अग्रणी भागमा कुदाइरहेको हुन्छ । यसै उत्कृष्टताको अभिन्न व्यक्तित्वको रूपमा समालोचक सुवेदी नेपाली साहित्यिक फाँटमा फेदापीय शैली अनुकरण गर्न खप्पिस भइसकेका छन् । कटु आलोचना र आत्मीय प्रशंसा उनका समालोचनामा पाइने अनन्य तत्व हुन् जसको प्रयोगबाट सुवेदी साहित्यिक हुण्डरीको दिशाबोधमा एक कुशल चालकको रूपमा प्रस्तुत भएका छन । तार्किक, बौद्धिक, वैचारिक र व्यावहारिक जस्ता सर्वगुण सम्पन्न उनका समालोचनाहरू साहित्यिक फाँटमा पूर्वीय र पाश्चात्य समकालीन साहित्यका एक सैद्धान्तिक आधारको रूपमा देखिएका छन् । प्रयोगवादी अस्तित्वताको कुशल संरक्षण र सम्वर्द्धनमा उनको समालोचकीय पद्धति फेदापलाई चित्रित गर्नका साथै परिचित र विशिष्टताले पूर्ण बनाइदिन अभ्यस्त भएको पाइन्छ । साहित्यका विविध विधाहरू कविता, उपन्यास, नाटक आदिमा उनी तुलनात्मकता र नियन्त्रणात्मकता दिन पूर्णतः सफल देखिएका छन् ।

प्रत्येक समालोचकीय पद्धतिको आफ्नै शैली हुन्छ, जुन समालोचकको अभीष्ट चिनारी हो । समालोचक सुवेदी वस्तुवादी चिन्तन र शैलीमा वैज्ञानिक चेतना भएका एक अनुपम उदाहरण हुन्, जो वस्तु स्थिति, वस्तु इतिहास र वस्तु परिवेशको विश्लेषणमा आफ्ना कलमहरूलाई दौडाइरहेका छन् । वस्तुवाद र शैलीवादलाई समालोचनाको ऐना बनाएका उनका सिर्जित परिकल्पनाहरूलाई समालोचकीय पद्धतिसँग बेजोड गाँसिएका सामाजिक घटनाक्रम, इतिहास, वर्तमानका क्षणिक आवेगहरू अनि भविष्यका यावत् कल्पनाहरू सोझै टक्कर लिन खोजको परिदृष्यसँग अरू समालोचकहरू पनि परिचित हुनुपर्ने देखिन्छ । भाषशैली समालोचनाको एक जीवन्त तत्व हो, जसको सरल र सहज प्रयोग विना समालोचनाको अस्तित्वलाई सामुद्रिक किनारको बालुवामाथिको माछाको छट्पटाइसँग दाँज्नेगरे फरक पर्दैन । तसर्थ स्पष्ट भाषाशैली सुवेदीको एक साहित्यिक हतियार हो, जसलाई उनी पाश्चात्य साहित्यको अध्ययन र विश्लेषणबाट प्राप्त ज्ञान, विज्ञानलाई सामाजिक तत्वसँग परिचित तुल्याउन सफल छन् । पाश्चात्य साहित्यको कुशल दर्शन, प्रदर्शन र रूपान्तरणमा लागिपरेको उनको समालोचकीय विश्लेषणबाट प्रस्फुटित भएको छ ।

भावपरक अभिव्यक्ति, भाषापरक चिन्तनका धनी समालोचक सुवेदी नेपाली साहित्यका विविध पक्षमा सरल सहज र स्पष्ट भाषाशैलीको माध्यमबाट साहित्यको समीक्षा

प्रस्तुत गर्न अत्यन्त सिपालु मानिन्छन् । सन्दर्भसहितको मन्त्रमुग्ध बुलन्द आवाजमा यथार्थपरक शैलीबाट उदाएका उनका समालोचनाहरूले एक प्रतिभाशाली समालोचकको रूपमा सुवेदीलाई उभ्याएका छन्, जसको प्रशंसा जति गरेपनि कमनै हुन्छ । विना प्रमाणको जानकारीलाई तथ्यपरक मान्न सकिँदैन भन्ने उक्तिसँग निकै सहमत देखिएका सुवेदी आफ्ना समालोचनामा व्यक्तिवादलाई खासै महत्व दिँदैनन् । अरू साहित्यिक आविष्कार, अन्वेषण, खोज र अनुसन्धानका लागि उनका समालोचनाले एक आधार स्तम्भको काम गरेका छन् । प्रादेशिक, भौगोलिक, साँस्कृतिक र आर्थिक पक्षहरूलाई अभिन्न विषय बनाएर समालोचकीय पद्धतिमा ढालेका सुवेदी नेपाली साहित्यकाधरोहर र समालोचना क्षेत्रका एक मुर्धन्य फेदापे प्रतिमूर्ति मान्न सकिन्छ ।

**ख) डा. खगेन्द्र प्र. लुइटेल**

वि.सं. २०१८ सालमा तेह्रथुमको सोल्मामा जन्मिएका समालोचक लुइटेल नेपाली समालोचनाको क्षेत्रमा **विद्यार्थी** नामक कविता **रत्नज्योति** पत्रिकामा - २०२९ मा प्रकाशित गरेर साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् । लुइटेल समालोचना विधामा सैद्धान्तिक र खोज मूलक समालोचनालाई आधार मानेर समालोचना गर्ने संरचनावादी समालोचक हुन् । उनका प्रकाशित समालोचना सङ्ग्रहहरूमा **आधुनिक नेपाली समालोचना २०५७, कविता सिद्धान्त र नेपाली कविताको इतिहास २०६०, नेपाली भाषा व्याकरण र नाटक २०६०, पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त २०६०, कविताको संरचनात्मक विश्लेषण २०६२, लोक वार्ता विज्ञान र लोक साहित्य २०६३, नेपाली काव्यसमालोचना २०६७, २०६९ , पूर्व आधुनिक नेपाली साहित्यको इतिहास** (सन् २०१०), **संरचनावादी समालोचना २०६८, पाश्चात्य साहित्य र समालोचना २०६८, लोकवार्ता विज्ञान : सिद्धान्त र विश्लेषण २०६८, नेपाली निबन्ध समालोचना २०६८, लोक साहित्य परिचय २०६८,नेपाली उपन्यासको इतिहास २०६९** हुन् ।

**आशिष** कविताको समालोचना तथा संरचनावादको अध्ययन, विश्लेषण अनि नवीन परिचय दिएका लुइटेल आधुनिक समालोचनाका क्षेत्रका एक मुर्धन्य व्यक्तित्व हुन् । संरचनावाद समालोचनाको प्रार्दुभाव गरेका लुइटेलले विश्लेषणात्मक ढङ्गबाट कविताको इतिहास, यसका विकासीय कालखण्ड अनि कविहरूले प्रयोग गरेको वस्तुवादको तीतो यथार्थलाई झझल्को दिएका छन् । नेपाली समालोचनाको क्षेत्रमा संरचनावादलाई भित्र्याएर एउटा गहिरो छाप छोड्न सफल उनका समालोचनाहरू समाजका हरेक प्रवृत्ति, दृष्टि,

चिनारी र आमोद प्रमोदको उँचो प्रकृतिमय वातावरणमा धुलाम्मे भएर निस्किएका छन् । जुन कुशल निर्भीकताले छोपेका, बोकेका, पल्टाएका, लेखेका अनि देखेका ती स्वर्णिम पानाहरूमा कोरिएका शब्दहरूबाट प्रष्ट भएको छ । हरेक विषयवस्तुको गहिरो र अनुसन्धानात्म्क वैचारिक विश्लेषणबाट समालोचनाको सागरमा चुर्लुम्मै डुबेका लुइटेलले यस क्षेत्रलाई दिएको योगदान अनुकरणीय बन्न पुगेको छ । समाज विकास, राजनैति विकास, वैज्ञानिक विकास अनि आर्थिक विकासलाई टेवा पुग्ने हेतुले सिर्जित ती समालोचनाहरू कटु आलोचनाको खडेरीमा वर्षाको रिमझिम पानी भन्दा पनि उपद्रो, चीत्कार, अचाहिँदो हर्कत देखाउने चैत वैशाखको हुरी समान तीव्र वेगसहित साहित्यिक फाँटमा उदाएका छन् । नकरात्मकतालाई कुचक्रको भण्डारबाट उदाङ्गो पार्न उनका समालोचनाहरू ऐनाको रूपमा यस फाँटमा देखापरेका छन् ।

कृतिमा विना भेदभाव निष्पक्ष रूपमा उनका समालोचनाहरूले कविताको ऐतिहासिक कालखण्डलाई वर्गीकरण गरी त्यसको वास्तविक संरचना प्रस्तुत गर्ने गरेको पाइन्छ । पढ्दा, अनि सुन्दा वौद्धिक वर्ग मात्र नभएर अपठित समुदायलाई पनि बिना सङ्कोच आफ्ना विचारहरू समालोचनाको माध्यमबाट पस्केका लुइटेल पूर्व आधुनिक र उत्तर आधुनिक कालका एक वैशिष्ट्य विचारक हुन् । यथार्थको धरातलमा उभिएर पारदर्शीविश्लेषणका उत्कृष्ट पर्याय बनेका उनका समालोचनाहरू अनि उनको संरचनावाद यस साहित्यिक विधाको एक अनुकूल विश्वसनीय आधारस्तम्भहरू हुन् जसले मार्गनिर्देशकको एक जिम्मेवारीपूर्ण भूमिकालाई चरितार्थ गरेका छन् । विभिन्न ऐतिहासिक कालखण्डमा उत्पन्न नेपाली कविहरूका सोच, लेखन, दृष्टिकोण र परिवर्तनीय आवाजको प्रतिबिम्बित अनि समयसान्दर्भिक लेखनशैली, वाचनशैली र प्रस्तुतीकरण शैलीका सङ्घीय, वैदिक, परिचित र प्रवीणतम् सङ्क्षेपीकरणमा लुइटेलका समालोचनाहरू केन्द्रित भएको पाइन्छ । प्रशंसा गर्नुपर्ने ठाउँमा साथ दिनुपर्ने अनि वैचारिक विकेन्द्रीकरण गर्नुपर्ने ठाउँमा सूक्ष्मीय प्रतिवाद भन्दा पनि सतही नमस्कारलाई जोड दिएका लुइटेल आलोचनाको छडीलाई चारैतिर घुमाउन माहिर मानिन्छन् । उनको यस संरचनावादी परिकल्पनाले ओजपूर्ण, वैयक्तिक, प्रादेशिक, परिवर्तनीय, अन्तराष्ट्रियकरण अनि क्षेत्रीय सिर्जनाहरूलाई बढावा दिएको पाइन्छ । राजनैतिक वृत्तमा सुप्रसिद्ध शब्द परिवर्तनलाई साहित्यको गहिरो गल्छीमा बल्छी हानेका लुइटेलले नेपाली साहित्य र यसको विकासलाई दिएको योगदानको उच्चतम् कदर हुनुपर्ने  पाठको विश्लेषण रहेको छ ।

साहित्यका अन्य विधाहरू जस्तै उपन्यास, निबन्ध र नाटकहरूको पनि समालोचनामा उनका कलमहरू अदृश्य, अपरिचित अनि अकल्पनीय ढङ्गबाट दौडिरहेका छन् । **श्यामाव्यङ्ग्यात्मक** शैली लेखनबाट एक विशिष्ट नमूना बनेको उनको निबन्ध विश्लेषण शैली सकरात्मकतालाई बढावा दिनमा केन्द्रीकरण र विकेन्द्रीकरण दुवै तर्फका सीमा नाघ्नमा अभ्यस्त भएको देखिन्छ । उपन्यासका आवश्यक पूर्व प्रमाणहरू, सामाजिक तत्वहरूको मेलमिलाप, अनि व्याप्त विकृति र विसङ्गतिहरूको निरूपणतामा अग्रणी आवाज बुलन्दित पार्न माहिर लुइटेल समालोचनामा आधुनिकतालाई उच्च प्राथमिकता दिन्छन् । कुनै पनि साहित्यले उपदेशात्मकता अथवा मनोरञ्जनात्मकतालाई केन्द्रीय विषयवस्तु, उद्देश्य अनि परिवेशमा लिएर प्रादेशिक चिनारीतर्फ अगाडि बढ्नुपर्छ भन्ने उनका समालोचना प्रतिभाहरू समाज, देश र राज्य परिवर्तनमा उन्मुख भएर लागिपरेका छन् । साहित्यिक विविधतामा आजको आवश्यकता , प्रकृति, प्रवृत्ति अनि परिष्कृत शब्दावलीहरूले भरेका साहित्यका जड्सूत्रवादीय परिकल्पनाहरूको चरित्र चित्रण स्थानीय परिचित लोकमानसले दिने, पुऱ्याउने र लिने परिवर्तनय समाजका दृष्टिगत भावहरूलाई लुइटेल साहित्यको केन्द्रीय विश्लेषणमा प्रस्तुत गर्नुपर्ने कुरालाई जोड दिन्छन् । विकास, विचार र विशुद्धताले मानसिक, भौतिक र समाजिक वातावरणमा पुऱ्याउने प्रभावलाई उनका समालोचनाहरूले साहित्यलाई झक झकाएको एक गहिरो इतिहास यही कालखण्डमा प्रस्तुत भएको छ । तसर्थ आफ्नो समालोचना सिद्धान्तमा अडिग रहेर साहित्य अनि यसको विकासमा स्तरोन्नतिका किरणहरू ढाक्न चाहनेलुइटेलको चर्चा परिचर्चा अन्य समालोचकलाई पनि मार्गदर्शक बनेको छ ।

### ग) खेम दाहाल

वि. सं. २०१८ सालमा तेह्रथुमको पौंठाकमा जन्मिएका समालोचक दाहाल**शिलान्यास नाटक एक समीक्षा** नामक समालोचना**क्याम्पस जर्नर हात्तीसा**र **२०४४**पत्रिकामा प्रकाशित गरेर नेपाली समालोचनाको क्षेत्रमा उदाएका हुन् । उनको **समालोचना नै समालोचना** एकमात्र प्रकाशित समालोचनाहरूको संगालो हो ।

समालोचक खेम साहित्यका विविध विधाको समालोचना गरेको साहित्यिक फाँटमा देखिएको छ । उनले नेपाली इतिहासमा देखापरेको साहित्यिक कृतिको वर्गीय विश्लेषण र त्यसकै चिनारीलाई आफ्ना पानाहरूमा कोरेका छन् । साहित्यलाई अन्तराष्ट्रियताले छोपेको,

ढाकेको अनि लुकाएको परिप्रेक्ष्यलाई विषय सान्दर्भिक, समय सान्दर्भिक अनि व्यक्ति सान्दर्भिक बनाएका दाहाल एक उच्च तेह्रथुमे समालोचक प्रतिभा हुन् । अन्तराष्ट्रिय प्रभावले ल्याएका विकृति, विसङ्गति अनि गुम्दै गएको नेपालीपन, आत्मीयपन, सच्चा जीवित वर्गीपन हट्दै गएको दाहाल आफ्ना समालोचनाहरूमा प्रस्तुत गर्ने गर्दछन् । समाज, देश र व्यक्ति चरित्रचित्रणमा साहित्यले खेल्नुपर्ने भूमिकालाई उनी बढावा दिने कोशिसमा अभ्यस्त भएको पाइन्छ । सामाजिक, वौद्धिक र पात्रहरू जो साहित्यिक विधाका सञ्चारमाध्यम बनेका हुन्छन्, तिनीहरूको चिनारी, परिचय अनि प्रभावीय विश्लेषण खुबी दाहालीय समालोचनाको एक उत्कृष्ट परिचय हो ।

चरित्रचित्रण, व्यक्तिचित्रण, विषयचित्रण, समाज चित्रण परिवेश चित्रणले आफ्नो समालोचनीय पद्धतिलाई अगाडि बढाएका दाहाल साहित्यिक विधाका एक समालोचकका रूपमा चिनिन्छन् । वर्गीय, क्षेत्रीय, विचारीय अनि व्यवहारिक कुशलताका प्रतिमूर्ति बनेका दाहाल समालोचनामा आत्मीयताको महत्वलाई स्थापना गर्दै त्यसबाट प्रार्दुभाव भएको समरात्मकतामा समाजको विकास केन्द्रित भएको विचार प्रस्फूटित गर्दछन् । फेदापीय शैलीबाट समालोचनामा आफ्नो पाइला अगाडि बढाउँदै गरेका दाहाल समालोचनीय शैलीका एक प्रवर्त्तक, संरक्षक अनि एक संवर्द्धकका हैसियतले यस विधामा राज गरिरहेका छन् । अनुपमता, अनुकरणता र आञ्चलिकता उनका समालोचनामा देखाएका परिकल्पनाहरू हुन् ।

## घ) लीला लुइटेल

वि. सं. २०१९ सालमा काठमाडौंको वानेश्वरमा जन्मिएकी समालोचक लीला लुईटेल **'आकाङ्क्षा'** नामक कविता**लालीगुराँस २०३४** बाट नेपाली साहित्यमा प्रवेश गरेकी हुन् । उनका प्रकाशित अन्य समालोचक कृतिहरू**आख्यानेतर गद्य २०६७,समालोचना ग्रन्थहरू नेपाली महिला कथाकार२०६०, नेपाली महिला उपन्यासकार २०६८, देवकोटा पूर्वका र देवकोटा उत्तरका नेपाली कविता २०६७र मोहन कोइराला उत्तरका नेपाली कविता २०६७**रहेका छन् ।

नेपाली समालोचनाको क्षेत्रमा प्रथम तेह्रथुमे समालोचकको छवि बनाएकी लुइटेल समाजमा व्याप्त कुसंस्कार, कुरीति, विकृति र विसङ्गतिसँग राम्ररी परिचित छिन् । महिलाहरूले भोगेका, पाएका, देखेका , सहेका ती अन्याय, अत्याचार, हिंसा परिष्कृत सोचहरूलाई उनका समालोचनाहरूले आफ्नो केन्द्रीय विषयवस्तु बनाएका छन् । समाजको

ऐतिहासिक विकास पद्धतिमा परापूर्व कालदेखि चलिआएको यस अपरिवर्तनीय सोच एक तगारोको रूपमा उभिएको कुरालाई जोड दिँदै उनका समालोचनाहरू फेदापीय अनुकरण बनेका छन् । व्याप्त विसङ्गति, विकृति जसले महिलाहरूलाई एउटा सानो ठाउँमा घेरेर राखेको हुन्छ, जसलाई न त राजनीति न त सामाजिक तत्वहरूले उघारेर स्वतन्त्रताको छाया छविसँग परिचित तुल्याउन सकेका छन् । तर समालोचक लुइटेल यस कार्यमा साहित्यलाई माध्यमको बाटो अँगालेर आत्मीय मुद्रामा आफ्नो कौटिल्य चाल चाल्नको लागि अभ्यस्त भएको पाइन्छ ।

नेपाली समालोचनाको इतिहासमै पहिलोपल्ट नेपाली महिला कथाकार, उपन्यासकार, निबन्धकार अनि नाटककारको खोज गरेकी लुइटेल फेदाप क्षेत्रकी एक उच्च पदमा पुग्न सफल महिला साहित्यकार हुन् । सामाजिक पात्र चिनारी, कुसंस्कारको कुचक्र भण्डार अनि परिष्कृत समुदायले देखाएको कुप्रथा, कुबाटोसँग परिचित लुइटेल एक मूर्धन्य नेपाली समालोचक हुन् । महिला साहित्यकारको दुःख, पीडा अनि चेतनाको स्तरलाई टपक्कै टिपेर समालोचनामा गाँसेकी लुइटेल विशेषतः आफ्ना समालोचनाहरूले महिलामाथिको विभेद र अन्यायको निरूपणतालाई जोड दिँदै आएकी छन् ।

## ङ) पुरुषोत्तम सुवेदी

वि.सं. २०११ सालमा तेह्रथुमको साब्ला (हालको म्याङलुङ नगरपालिका–११)माजन्मिएकासमालोचक सुवेदीको**सङ्क्रमणको साहित्य र समकालीन नेपाली साहित्य–२०६७**नामक समालोचना प्रकाशित भएको छ ।

वि.सं. २०६७ सालको साझा पुरस्कारबाट सम्मानित सुवेदीले समालोचनाको क्षेत्रमा व्यक्ति, समाज र देश चित्रणलाई सकरात्मकता अनि नकरात्मकता दुवैसँग दाँजेका छन् । समालोचकीय शैलीमा प्रगतिवादलाई घुसाएका सुवेदी नेपाली प्रारम्भिक साहित्यिक कालदेखिका साहित्यिक विधाको खोज र अनुसन्धानमा अभ्यस्त भएको पाइन्छ । साहित्यिक इतिहासलाई परिवर्तनीय थालमा सुटुक्कै पस्केर विकृतिको पर्दाफासमा तल्लीन उनका वैशिष्ट्य कल्पनाहरू फेदापीय शैलीका उत्कृष्ट नमूनाहरू हुन् । प्रगतिवादले समाजमा देखाएको बाटो, चारित्रिक लम्काई तर्फ डोऱ्याइएका अनुपम घुमाई, घुसाई र पूर्वानुमिक सोचनीय विश्लेषण सुवेदीका समालोचनामा पाइने उत्कृष्टतावादका सोझा र सिङ्गा आलेखहरू हुन् । सामाजिक बनोट र सामाजिक परिदृष्यसँग ठाडो जुधेका उनका विचारहरू

अबको मध्यकालीन युगमा युगान्तकारी प्रवृत्तिसँग ठ्याक्कै मेल खाने गरेको यथार्थवादले झल्काएको छ ।

माओवादी द्वन्द र त्यसले समाज, देश अनि व्यक्ति विशेषमा छोडेको छाप, कोरेको धर्का र लिपेका मसीले चरितार्थ तुल्याएका उनका समालोचनामा हिंसालाई एउटा परम् शत्रुको रूपमा लिइएको पाइन्छ । बहिष्कार, बाहुल्यता, बहुलता अनि वौद्धिकतालाई आफ्ना समालोचनाका प्रमुख शब्दावली बनाएका उनका समालोचनाहरूले राजनीतिको घुम ओढेर राजनीतिक खलपात्रहरूको चारित्रिक चित्रणमा अभ्यस्त भएको पाइन्छ । एक निष्ठावान्, निश्वार्थी र देशभक्ति भावनामा आमोद प्रमोदको असङ्ख्य परिकल्पनालाई हिलाम्मे कुदाएका सुवेदी फेदाप क्षेत्रका एक उत्कृष्ट समालोचक हुन् । जो विधापरक शैलीमा नाटक, उपन्यास, कथा, निबन्ध आदि साहित्यजतको खोज तथा अनुसन्धानमा अभ्यस्त छन् ।

## २.३ निष्कर्ष

तेह्रथुम जिल्लाको मध्यभागमा उत्तर दक्षिण भएर फैलिएका हरियाली नागबेली आकारको पहाडी भुभागमा अवस्थित रहेको फेदाप क्षेत्र पूर्वी पहाडको एक रमणीय क्षेत्र हो । देशकै सबैभन्दा लामो ३६५ मिटरको उचाइबाट झर्ने ह्यातुङ झर्ना यस क्षेत्रको मुख्य गहना हो । ७५% भन्दा बढी साक्षर रहेको यस क्षेत्रमा लेखपढ गर्न नजान्ने मानिस कमै मात्रामा भेटिन्छन् । पातलो जनघनत्व रहेको यो क्षेत्रका अधिकांश युवायुवती वैदेशिक रोजगारमा रहेका छन् ।

फेदाम क्षेत्रको साहित्यिक फाँटलाई अध्ययन गर्दा यस क्षेत्रमा साहित्यका कविता, कथा, उपन्यास, नाटक, निबन्ध र समालोचना जस्ता सबै विधामा कलम चलाउने साहित्यकारहरूले समाजका विकृति, विसंगति, कुसंस्कार  कुरीति र अन्धविश्वास जस्ता विषयहरूलाई प्राथमिकता प्रदान गरेको देखिन्छ । साहित्यको क्षेत्रमा राष्ट्रस्तरमा उज्जवलित रहेका साहित्यकारहरू अभि सुवेदी र खगेन्द्र प्रसाद लुइटेल यसै क्षेत्रका उपज हुन् ।

# परिच्छेदतीन

# लोककथाको सैद्धान्तिक परिचय

## ३.१ लोक साहित्यको परिचय र परिभाषा

लोकसाहित्य आदिम कालदेखि मौखिक परम्परामा हुर्किएको सर्व प्राचीन मनोरम अभिव्यक्ति हो । मानवीय भाषको विकास सँगसँगै मानवीय आवेग अनुभव एवम् अनुभूतिलाई अभिव्यक्ति गर्ने क्रममा लोक साहित्यको जन्म भएको हो । लोक जीवनका आस्था विश्वास व्यवहार चिन्तन र अनुभूतिलाई कल्पनाको आवरण दिएर रोमाञ्चक तत्वहरूको मिश्रण गरी कलात्मक रूपमा प्रस्तुत गरिने मौखिक साहित्य लोक साहित्य हो । "लोकजीवनका सुखदुःख ,रीतिरिवाज, आस्था-निष्ठा एवम् परम्परागत तत्वहरूविद्दमान रहेको काल्पनिक एवम् मौखिक कलात्मक अभिव्यक्ति लोकसाहित्य हो । यसमा सामूहिक अवचेतनाका भावहरू विद्दमा हुन्छन् तथा लोक मानसका भावहरू मौखिक साहित्यका माध्यमबाट प्रकट हुन्छन् । लेख्य साहित्यका विविध विधासरह यसमा पनि लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, लोकोक्ति आदि विविध विधाहरू रहेका हुन्छन् । मौखिक अभिव्यक्तिको समष्टि स्वरूप लोकसाहित्य हो (पराजुली र गिरी २०६८:५) ।" यो ग्रामीण असभ्य, अशिष्ट, अलिखित र बोलिचालीको परम्पराबाट पुस्ता हस्तान्तरण हु"दै आएको हुन्छ । लोक भन्नाले परम्परामा आधारित हु"दै सरल र सामान्य जीवन विताउने जनता भन्ने बुझिन्छ । तसर्थ लोक साहित्य भनेको कुनै भुभागमा वस्तै आएका जनसमुदायको परम्पराको निर्वाह गर्ने अपरिष्कृत, अपरिमार्जित, सरल सहज र स्वभाविक मनोरञ्जन दि"दै चेतना विस्तार गर्ने लोकमानसको ललितम् सिर्जना हो भन्ने बुझ्नुपर्दछ । लोक साहित्य लोकको चित्र हो । यसले मानव जीवनको इतिहासमात्र नभइ, आ"सु, हा"सो, घामपानी, सुख दुःख जस्त सबै पक्षको चित्रण गर्दछ ।

लोक साहित्यलाई अंग्रजी भाषामा folklore भनेको पाइन्छ । Folk भन्नाले लोक र lore भन्नाले सिकिएको कुरा भन्ने हुन्छ । यी दुई शब्दको समष्टिगत अर्थ लोकले अनुभुत गरेको वा सिकेको ज्ञान भन्ने हो । वास्तवमा लोकसाहित्यमा सामान्य समाजका अपरिष्कृत भावना, विवेक र संवेदनाको स्वस्फूर्त अभिव्यक्ति हुने हु"दा यसलाई अंग्रेजीमा

folklore भन्नु सान्दर्भिक देखिन्छ । लोक साहित्यलाई परिभाषित गर्ने क्रममा पूर्व तथा पाश्चात्य विद्धानहरूले महत्वपूर्ण योगदान गरेका छन् । पाश्चात्य विद्धान जे.ए. कडनले लोक साहित्यलाई मौखिक परम्परास“ग सम्वद्ध अपठित समूदायको सिर्जना हो;त्यसैले यो अधिकांशतः मौखिक परम्परासँग सम्बद्ध रहन्छ । लोकसाहित्य अन्तर्गत सामान्यतः लोकगीत, लोकगाथा, परीकथा, नाटकर उखान, टुक्का, गाउ“खाने कथा, मन्त्र, दन्त्यकथा आदि समाविष्ट हुन्छन् । खासअर्थमा यिनलाई सङ्कलित गरेर लिपिबद्ध गरेपछि मात्र लोकसाहित्य हुन्छ (शर्मा र लुइटेल २०६३ :१४)।" भनेका छन् । लोकसाहित्यका अर्का नेपाली विद्वान कृष्णदेवउपाध्यायले "सभ्यताको प्रभावबाट टाढा रहेका आफ्ना सहजावस्थाका वर्तमान जुन निरक्षर जनता हुन,उनका आशा-निराशा ,हर्ष-विष्मत, जीवन-मरण,लाभ-हानी ,सुखदुःख आदिको अभिव्यञ्जना जुन साहित्यमा हुन्छ त्यसैलाई लोकसाहित्य भनिन्छ (पराजुली र गिरी २०६३ :४)।" यसै क्रममा लोकसाहित्यका वारेमा तुलसी दिवसले लेखन कलादेखि अनभिज्ञ साधारण लोकका वौद्धिक प्रयत्नबाट प्रस्फुटित भावगत अभिव्यक्तिहरू लोकगीत, लोकनाटक, लोककथा, लोकगाथाको समष्टिरूपलाईनै लोकसाहित्य भनेका छन् ।साहित्यकार ठाकुर प्रसाद पराजुलीले मौखिक र श्रुति परम्पराबाट आउने र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अलिखित साहित्यनै लोकसाहित्य भनेको पाइन्छ । लोकसाहित्यका प्रखर विद्वान डा.द्वय मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले"लोकजीवनका सुखदुःख, रीतिरिवाज आस्था-निष्ठा एवम् परम्परागत तत्वहरूकविद्दमान रहेको काल्पनिक एवम् मौखिक कलात्मक अभिव्यक्ति लोकसाहित्य हो, यसमा सामूहिक अवचेतनाका भावहरू विद्दमान हुन्छन् तथा लोक मानसका भावहरू मौखिक साहित्यका माध्यमबाट प्रकट हुन्छन् । लेख्य साहित्यका विविध विधासरहयसमा पनि लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, लोकोक्ति आदि विविध विधाहरू रहेका हुन्छन् । मौखिक अभिव्यक्तिको समष्टि स्वरूप लोकसाहित्य हो ।"भनेका छन् ।

यसरी उपर्युक्त पूर्वीय तथा पाश्चात्य विद्धानहरूको परिभाषलाई समष्टिगत सन्दर्भमा विवेचना गर्दा लोक साहित्य भनेको लोकमानसको आदिम कालदेखि कथ्य श्रुति परम्पराबाट प्रभावित हुँदै अगाडि बढेको भाषिक कलात्मक अभिव्यक्ति हुने क्रममा कुनै शास्त्रीय विधि विधानको बन्देज नलागेको भावनात्मक स्पन्दन हो भन्न सकिन्छ । प्रकृतिको सहचारी भएर अकृतिम लोकजीवनको मनोसामाजिक साँस्कृतिक जातिय तथा भौगोलिक पहिचान

लोकसाहित्यले दिएको हुन्छ । यो एउटा कथ्य श्रुतिभाषाको माध्यमबाट उतारिने कलापूर्ण अभिव्यक्ति हो ।

### ३.१.१.लोक साहित्यका विशेषताहरू

कुनै वस्तुमा पाइने खासखास गुणलाई विशेषता भनिन्छ ।लोकसाहित्य लोक समूदायद्वारा रचित काल्पनिक एवम् अनुभवद्वारा रङ्गिएको मौखिक साहित्य हो । यसमा अन्तर्निहित विभिन्न विशेषताहरूको छोटो चर्चा तल गरिएको छ ।

### ३.१.१.१. अलिखित साहित्य

मौखिक तथा श्रुति परम्परामा सुरक्षित भई पुस्तौं पुस्तासम्म जीवन्त हुने प्रत्येक पुस्तान्तरणबाट नयाँ सृजनामा प्रतिपादन गरिने अलिखित साहित्यिक विशेषतालाई लोक साहित्यको प्रमुख विशेषता मानिन्छ। लोक जीवनको शिक्षित र अशिक्षित दुबै समुदायमा अलिखित रूपमा जीवित रहने यो साहित्यले  व्यापक क्षेत्रलाई ओगटेको हुन्छ ।लोक साहित्यको प्रादुर्भाव लिखित साहित्यभन्दा पहिला भएको मानिन्छ । लोकले अनुभूत गरेको सत्यतालाई नै विश्वासका आधारमा आकर्षक एवम् रूचिकर ढङ्गबाट मौखिक प्रस्तुत गरिने यो अलिखित साहित्यिक सम्पति हो । लोकबोली कै अभिव्यक्तिमा निर्भर रहने यो साहित्यमा सहज र सरल प्रस्तुतीलाई बढी महत्व दिइन्छ ।

### ३.१.१.२. सामूहिकता

लोक साहित्यमलाई समाज र समुदायले सामूहिक रूपमा हुर्काउने भएकाले व्यक्तिविशेषको नाम अज्ञात रहन्छ । समाजको साझा सम्पत्ति बन्छ, चाहे यो व्यक्तिविशेषले रचेको होस् या समूहले रचेको होस् । हरेक युगमा प्रत्येक सुन्ने या सुनाउने व्यक्तिले यसलाई थपघट गर्दै निरन्तरता दिइरहेका हुन्छन् । सबै लोकवासीको साझा सम्पतिको रूपमा पुस्तौंपुस्तासम्म रहिरहने यो साहित्यलाई सबैले आफ्नै अन्तर्वस्तुको रूपमा अँगालेका हन्छन् । यसमा यस्को त्यस्को सिर्जना भनेर उल्लेख नगरिने हुँदा सामूहिक सहभागिताका साथ विकास भएको हुन्छ ।

### ३.१.१.३. लोकज्ञानको प्रबलता

लोक मानसले अनुभूत गरेका विषयहरूलाई समय, घटना र चरित्र सान्दर्भिक बनाई लोक विधा र लोक ज्ञानको बीज उमार्न तत्पर साहित्यिक नमूनानै लोक साहित्य हो । समाजका सम्पूर्ण वर्ग, तह र तप्काका जनसमुदाय प्रभावित हुने गरी अपार ज्ञान र अनुभवको भण्डारले भरिपूर्ण यो साहित्य जनचेतना जगाउनमा उद्धत हुन्छ । समाजमा व्याप्त रचित, सूचित, प्रारम्भिक वा वर्गीकृत सामाजिक सुसंस्कारलाई युगान्तकारी परिवर्तनको बेजोड आवाज दिने लोक साहित्यमा ज्ञान, विज्ञान र अनुभवको साहित्यिक सङ्गम पाइन्छ । मानव सभ्यताको विकासदेखि लिएर लोककै हितार्थ अनि लोककै अनुभवको प्रस्तुति पाइने लोक साहित्यमा लोक ज्ञानको प्रबलता हुनु साहित्यिक विशेषता नै हो ।

## ३.१.१.४. संरचनागत सरलता

साहित्यमा लोक भाषा र लोक वाणीको प्रयोग भएको हुन्छ । लोक साहित्यका विभिन्न विधाहरू सुन्ने र सुनाउने दुवैलाई सहज र सरल हुनु लोक साहित्यको पहिलो आवश्यकता हो । सम्झनै सम्झनाको भरमा पुस्तौँदेखि पुस्तौँसम्म जीवित हुने यो साहित्यिक नमूना समाजमा पारदर्शिता र प्रमाणिकता झल्काउन उद्धत देखिन्छ । सामाजिक परिदृष्यका कुशल, निर्भीक, वैयक्तिक र सामूहिक क्रियाकलापहरूलाई उदाङ्गो पार्ने शब्दावलीहरूसँग ठाडो परिचित बनेको यो साहित्य समाज विकास, समाज व्यवस्थापन र समाज सीमाङ्कनकालागि एक वैशिष्ट्य कल्पना हो । सबै लोकवासीको मनमस्तिष्कमा आलो भएर रहिरहने अलङ्कार, बिम्ब र प्रतिबिम्बबाट मुक्तरहने यसको कथन सरललोकवाणीमा रहिरहनु यसको संरचनागत सरलता हो ।

## ३.१.१.५. सामाजिक यथार्थता

समाजकै विकास र विरासतको तीतो कल्पनाबाट प्रार्दुभाव भएको लोक साहित्यले समाजको यथार्थतालाई वस्तुतः धरातलीय स्वरूपमा बदलेको पाइन्छ । समाजमा रहेका समाजिक तत्वहरूको सुख, दुःख, हाँसो रोदन, अन्याय, अत्याचार, धर्म कर्म सबैलाई यथास्थितिको बोध हुने अभिप्रायले प्रस्तुत भएको यो साहित्यमा अशिक्षित र अविकसित समाजको प्रस्तुतीकरण उल्लेखनीय हुन्छ । पठित भन्दा पनि अपठित जनसमुदायको विचार, विकास र विकारलाई छर्लङ्गै खहरेरूपी इन्द्रेणी दर्शाइदिएको यो साहित्यले सामाजिक यथार्थताका झिल्काहरूलाई कोषौँ टाढासम्म उछिट्याइदिएको छ । समाजको दर्पण, समाजको रङ्गमञ्च अनि समाजको

पराक्रम, अरू साहित्यले कदापि यथार्थमा ढाल्न नसक्ने सामाजिक रङ्गहरू हुन् । तर यिनै रङ्गहरूलाई समुद्रको छालमा ज्वारभाटाको पदार्पण गर्न तत्पर प्रस्तुत लोक साहित्य जिन्दगीका दुःखाइ, भोगाइ र परिष्कृत परिकल्पनालाई यथार्थताको केन्द्रीय चरित्र चित्रण नजिक रहेको छ ।

## ३.१.१.६. मनोरञ्जनात्मकता

लामो समयको थकाईबाट विक्षिप्त बनेको मनलाई विशेष गरी गाउँघरमा चाडपर्व अथवा सामूहिकतालाई बढावा दिन लोक गीत र नृत्यबाट मनोरञ्जनलिने प्रचलन व्याप्त भएको छ । विभिन्न चाडपर्वहरू जस्तै : दशैं, तिहार, तीज, फागु आदिमा एक अर्काको भेटघाटमा रमाई सुख दुःखको साटासाट गर्ने र एक छिन रमाइलोमा भुल्ने परम्परा छ । लोक साहित्यको अनुपम विधा लोक कथा सुन्ने र सुनाउनेले भावात्मक आनन्दता प्राप्त गर्दछन् । लोक कथामा भएका पात्रका वीर, साहास, धैर्य, पराक्रम, चतुऱ्याईं, सुख दुःख आदिले लोकमानसमा उर्जा दिलाई मनोरञ्जनात्मकता प्रदान गर्ने गर्दछन् । लोक साहित्यले समाजमै घटेका घटना, रीतिरिवाज, धर्म, संस्कृति, चालचलन आदिलाई आफ्नो केन्द्रीय विषयवस्तु बनाउने हुँदा आधुनिक समाजका नरनारीहरू पनि यसको आनन्दताबाट अछुतो छैनन् । लोक साहित्यका विभिन्न विधाहरूले लोक मनोरञ्जन र लोक आनन्द प्रदान गर्नु यस साहित्यिक विधाको एक आकर्षक विशेषता हो ।

## ३.१.१.७. गतिशीलता र लोकप्रियता

समयक्रम र बदलिंदो परिस्थिति अनुसार चलायमान् हुने लोक साहित्य निरन्तर गतिशील हुन्छ । गतिशीलतालाई केन्द्रीयता दिएको यस विधाले परिवर्तनका चोलाहरू पनि निरन्तर फेर्ने गरेको प्रारम्भदेखि वर्तमानसम्मको यसको रूपान्तरित यात्राबाट प्रष्ट हुन्छ । रूपान्तरणले यस विधालाई पुस्तौं पुस्तासम्म पनि लोक प्रिय बनाइरहेको हुन्छ । लोक जीवनकै मुटुका ढुकढुकी, शिक्षा दीक्षा, अर्ति उपदेश, अक्कल, बुद्धि, समस्या र जुक्ति, उखान र टुक्का आदि विषयवस्तु समेटेर बनेको लोक साहित्य सर्वसाधारण देखि उच्च घरानासम्म पनि नवीनताकासाथ माया पाइराख्ने हुँदायसले लोकप्रियता लिएको पाइन्छ ।

## ३.१.१.८. काल्पनिकता

लोकवासीका सामाजिक मूल्य मान्यता, रहनसहन, सुख दु:ख, चालचलन, मार्मिकता, धर्म संस्कृति आदिलाई परिकल्पना गरी लोक साहित्य बनेको पाइन्छ । सामाजिक यथार्थताको तीतो दर्शन दिने लोक साहित्यले कल्पनालाई पनि आफ्नो केन्द्रीय विषयवस्तु बनाएको पाइन्छ । काल्पनिक कुराहरूले लोकसाहित्यको प्रस्तुतिकरणमा सहयोग पुऱ्याउँछ । यति मात्र नभएर कल्पित र रोचक घटनाहरूले श्रोतालाईसंस्मरणीय र बोधगम्य बनाउँदछन् । लोक साहित्यको कल्पना प्राय: असम्भव र अद्भुत हुने हुँदा यो साहित्य अरूसाहित्यभन्दा फरक हुन्छ । लोक साहित्यमा पाइने त्यस्ता असम्भव कुराहरूमा खीरपाक्ने भाँडो ,सुन बड्कुल्याउने बाख्रो, पुष्प विमान, एकै छाकमा १६ मुरी चामल र आठओटा राँगा खान सक्ने मानिस, सिङ्गै मान्छे निल्ने राक्षस इत्यादि हुन । लोक साहित्यमा भएको कल्पनाले कथावस्तुलाई रोचकता प्रदान गरी समाजमा स्थायी रूप दिन सक्षम भएको छ । लोक साहित्यलाई निरन्तरता, प्राथमिकता र जीवितता दिन कल्पनाले प्रचुर भूमिका खेलेको हुन्छ ।

## ३.१.२लोकसाहित्यको वर्गीकरण

लोकसाहित्य साहित्य शास्त्रीय ज्ञान नभएका लोकरचनाकारहरूद्वारा रचना गरिएको साहित्य हो ।लोकसाहित्यको खोज अनुसन्धान नभएको अवस्थासम्मयसलाई लोकले आफ्नै प्रकारले विधागत रूपमा विभाजन गरेको पाइन्छ ।लोकसाहित्यको वर्गीकरण अन्य विधाको जस्तो पुरानो छैन । जबलोकसाहित्यका अध्येताहरूले लोकसामग्रीका तत्वहरूलाई केलाएर वैज्ञानिक ढङ्गले अध्ययन अनुसन्धान सुरुगरे तबमात्र यसलाई विधागत वर्गीकरण गरेको पाइन्छ । अद्येताहरूले लोक साहित्यको वर्गीकरण दुई तरिकाबाट गरेको पाइन्छ । लोकसाहित्यका संवाहकहरूले आफ्नै तरिकाले ठाउँ समय र परिस्थिति अनुसार नामकरण गरी गरेको वर्गीकरणलाई यथार्थ वर्गीकरण भनिएको छ भने लोकसाहित्यका विश्लेषकहरूले लोकसाहित्यको अध्ययन गरी तिनका विभेद तत्वहरू केलाएर गरेको वर्गीकरणलाई आदर्श वर्गीकरण भनिएको छ । यसमा वर्गीकरणका शास्त्रीय आधारहरू केलाइएको हुन्छ । वास्तविक वर्गीकरणको अध्ययन अनुसन्धान कमै भएकाले लिखित साहित्यजस्तै लोक साहित्यको पनि शास्त्रीय ढङ्गले विधागत वर्गीकरण गरेको पाइन्छ ।लोकसाहित्यलाई वर्गीकरण गर्ने क्रममा साहित्यका अद्येता द्वय डा.मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले प्रस्तुति,माध्यम,आकार,प्रकारगत र श्रेणी गरीपाँचआधारमा गरिएको वर्गीकरण मध्ये

माध्यमको आधारमा गरिएको वर्गीकरण वढी विश्वासिलो ठानिएको हुँदा यसलाई तलको आरेखमा देखाइए अनुसार सङ्क्षेपमा  वर्णन गरिएको छ ।

**तालिका नं. ६**

**माध्यमका आधारमा लोकसाहित्यको वर्गीकरण**

गद्य

१. लोककथा

२. लोकनाटक

३. गाउँखाने कथा

४. उखान

५. टुक्का

पद्य

१. लोकगीत

२. लोककविता

३. लोकगाथा

४. (लोकनाटक)

## ३.१.२.१लोकगीत

लोकगीत भनेको लोकजीवनको दुःख सुख, आँसु, हाँसो, आशा, निराशा, चालचलन, आस्था मान्यता आदिको लयात्मक अभिव्यक्ति हो । लोकगीतको प्रभावले व्यक्तिले आफ्ना दुःख कष्ट भोक र रोगलाई बिर्सिएर गीतकै रागात्मकतामा भुलिन्छ । यो लोकजीवनको स्वस्फूर्त धारणा हो । यस भित्र जीवनका विभिन्न संस्कार, परम्परा, चाडपर्व, धर्मकर्म, रीतिथिति जस्ता विषयहरूलाई समेटिएको हुन्छ । यसमा परिवर्तन भइरहन्छ । सरल र सहज भाषामा सबैले बुझ्ने गरी मौखिक परम्पराबाट पुस्तान्तरण हुने यो विधालाई लोकसाहित्यको महत्वपूर्ण र रोचक विधाको रूपमा चिनिन्छ । धर्मराज थापा र हंसपुरे

सुवेदीका अनुसार “लोकगीत जनताको गलागलाबाट अनवरत बगिरहने छहरा हो । यो स्वच्छ हिमशिखरबाट बगेको कञ्चन जल प्रवाहझैँ स्वच्छ र उदार मानव हृदयजस्तै विशाल छ (पराजुली र गिरी २०६८:२५) ।” चूडामणि बन्धुका अनुसार “लोकगीत भनेको लोकजीवनको रागात्मक स्वत:स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दु:ख सुख, आँसु हाँसो, आशा निराशाका साथै लोकको चालचलन विधि व्यवहार, आस्था र मान्यताको चित्रण हुन्छ (बन्धु २०५८ : ११५) ।”

लोकगीतले नेपाली मनमस्तिष्कलाई निकै राम्रोसँग छोएको हुँदा तत्काल परिवेशमा यसको व्यापारीकरण पनि राम्रैसँग फस्टाएको पाइन्छ । लोकगीत सिङ्गो एउटा विधा हो जसमा बालगीत देखि सम्पूर्ण लोक मानसमा प्रचलित गीतहरूको अध्ययन गर्न सकिन्छ । लोक गीत अन्तर्गत झ्याउरे, रसिया, संगिनी, जुहारी, रतेउली, फुटकर गीतहरू पर्दछन् । लोकगीतहरू विभिन्न उद्देश्य उन्मुख भएर रचिएको हुन्छ, तीमध्ये संस्कारमूलक, चाडपर्वमा गाउने, मनोरञ्जन दिने र धार्मिक गीतहरू प्रमूख स्थानमा पर्दछन् ।

### ३.१.२.२ लोककविता

लोक भावना वा विचारको मौखिक अथवा श्रुति परम्पराबाट सर्दै जाने छन्दलयात्मक भाषिक संरचनालाई लोक कविता भनिन्छ । (लुईंटेल, २०६० : १४२) लोकगीतजस्तै सुनिने, भनिने तथा गाइने यो विधा संरचनात्मक रूपमा लोकगीत भन्दा फरक हुन्छ । लोक कवितामा छन्दमयता अनिवार्य तत्व हो । लोक कविले जुनसुकै लयमा लोककविताको रचना गरेको हुन्छ । यसमा बोलचालका सामान्य भाषालाई आलङ्कारिकता प्रदान गर्दै बौद्धिकताको वहाव चलेको हुन्छ । आफ्नो क्षमता अनुसार लोक कविताको रचना गरिनेहुँदा यी विभिन्न स्वरूपमा देखा पर्दछन् । जस्तै: सिलोक, सवाइ, खाँडो, कर्खा इत्यादि ।

### ३.१.२.३ लोकगाथा

लोकगाथा लयका हिसावले लोकगीत जस्तै सुनिने तर लामो कथनलाई बोकेको गेयात्मक रचनानै लोकगाथा हो । यो लोककथा जस्तै लामोहुन्छ तर लयात्मक हुन्छ । यो आख्यानात्क रचना भएको लोकजीवनको सामूहिक सम्पतिका रूपमा संरक्षण गरिदै पुस्तान्तरणको गतिशीलतामा अस्तित्वमा रहिरहने साहित्यिक विधा हो । लोक मानसका कथाहरू रहेको रचनामा राख्न सकिन्छ । वास्तवमा गीतले बाँधिएको कथानै लोक गाथा हो । “ लोक गाथा भनेको परम्परादेखि लोकले मुखैमुख गाउँदै आएको, नृत्य र कथात्मकता समेत विद्यमान

रहेको, राष्ट्रिय गौरव वा वीर चरित्र र महत्वपूर्ण घटनाको बखान गर्ने शृङ्खलाबद्ध विशेष गीत हो ।" (नेपाली बृहद् शब्दकोश : ११८८) वर्णनात्मक शैलीमा प्रस्फूटित भएका घटनाक्रमहरू जसमा गीतितत्वता विद्यमान हुन्छ, त्यसैलाई लोक गाथा भनिन्छ । राष्ट्रिय गौरव र वीर चरित्रको घटनाक्रमहरूलाई वर्णन गर्ने विशेष प्रकारका गीतहरूलाईनै समष्टिगत रूपमा लोक गाथा भन्न सकिन्छ । नेपाली लोकसाहित्यका अध्येता द्वय डा.मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका अनुसार "कुनै प्रसङ्ग वा घटनावलीको मौखिक वा श्रुतिपरम्पराद्वारा एकपुस्ताबाट अर्कोपुस्तामा सर्दैजाने अज्ञात रचनाकारको आख्यानात्मक गीति संरचनालाई लोकगाथा भनिन्छ (शर्मा र लुइटेल २०६३:१५६) ।"

## ३.१.२.४ लोकनाटक

रङ्गमञ्चमा अभिनयपूर्वक देखाइने वा खेलाइने जनसमूहकै सामूहिक रचनानै लोक नाटक हो । नृत्य र अभिनयले लोकनाटकलाई अन्य साहित्यका विधाभन्दा पृथक् राख्दछ । जुनसुकै आफ्ना दुःख, पीडा, व्यथा, वेदनाहरूलाई भुलाउन सिर्जित गरेको अति प्राचीन विधा लोक नाटकनै हो । लोक नाटकको प्रमुख विशेषता भनेको लोकमनोरञ्जननै हो । जसको व्यापकता लोक नाटकमा सूक्ष्मीय ढङ्गले विकसित भएको हुन्छ । श्रव्य र दृष्यको एक घनीभूत समिश्रण जहाँ अन्धालाई संवादका माध्यमले र बहिरालाई अभिनयका माध्यमले मनोरञ्जन प्रदान गर्न सकिन्छ । कुनै पनि लोक नाटकको सफलता वा असफलताको जाँच दर्शकदीर्घाबाटै हुन्छ । लोक नाटकमा रचना र रङ्गकर्मी दर्शक तिनै त्रि-आयामिक तत्वहरूको मेल हुनु अनिवार्य छ । नेपाली समाजमा प्रचलित धामी झाँक्री नाच, हुड्का नाच, गाईजात्रे नाच, लाखेनाच, देवी नाच, धान नाच जस्ता नृत्यहरू अनि दशैं तिहारमा गाइने सोरठी, असारमा गाइने असारे गीत र नृत्यमा नेपाली लोक नाटक फस्टाएको छ । अरू नाटकभन्दा लोक नाटकमा लोकभाव र लोकविचारको प्रचुरता झल्किएको हुन्छ ।

## ३.१.२.५ लोककथा

आख्यानात्मक र गद्यात्मक लोक साहित्यको एक महत्वपूर्ण विधालाई लोक कथाको रूपमा लिन सकिन्छ, जसको अस्तित्व प्राचीन समयदेखिनै व्याप्त छ । संसारका सबै भाषा, जात, जाति, क्षेत्र र स्थानमा यसको प्रचुरता पाइन्छ । लोक कथा सुन्ने र सुनाउने प्रचलन प्राथमिक कालदेखिनै प्रारम्भ भई हालसम्मै कायम छ । सामान्यतयाः लोक कथा मौखिक परम्परामा जीवित हुँदै पुस्तान्तरण हुने एक गतिशील प्रक्रिया हो, जो प्रायः अनुभवी

बूढापाकाबाट सुनाउने र सुन्ने चाहिँ बूढापाका, तन्नेरी वा केटाकेटी जो पनि हुन सक्दछन् । लोक कथाका रचनाकार र रचनाकाल सम्भवतः अज्ञात हुने हुँदा यसको उत्पत्ति स्थान विशेष तोक्न सकिँदैन । तसर्थ लोक कथाको सुरूवात एकादेशमा .............वा कुनै एक गाउँमा .............वा उहिले उहिले .............भनी प्रारम्भ हुन्छ । संरचनात्मक दृष्टिले हेर्दा लोक कथालाई आदि, मध्य र अन्त्य भागमा विभाजित गरिएको हुन्छ ।

मौखिक परम्पराबाट अलिखित रूपमा हुर्किंदैआएका लोक साहित्यको एक महत्वपूर्ण विधा लोक कथामा वौद्धिक ज्ञान, मनोरञ्जन, दया–माया, धैर्य,उत्साह, सान्त्वना, वीरता, उपदेश आदिको समिश्रण पाइन्छ । लोक कथा सुन्ने मानिसले लोक कथालाई बुझ्न र यसबाट आनन्द लिन आफ्नो दिमागपनि खियाउनुपर्ने भएकाले यसका श्रोता सर्वसाधारण देखि लिएर उच्चवर्गसम्म हुन्छन् । लोक कथा इतिहास, समाजशास्त्र र मानवशास्त्रका अन्वेशकहरूकालागि एउटा सङ्ग्राहलयनै हो, जहाँ लोक जीवनका यथार्थ एवं आर्थिक अभिव्यक्तिहरूको साहित्यिक लीलालाई सान्दर्भिक तवरले प्रस्फूटित गराइएको हुन्छ । यसर्थ लोक कथाले नेपाली जाति, संस्कृति र धर्मको ऐतिहासिक सीमाङ्कन, नामाङ्कन र पहिचान गराएका हुन्छन्, जसको सुन्ने र सुनाउने प्रचलनले लोकजीवनमा मनोञ्जन र उपदेश प्राप्त गरेका हुन्छन ।

### ३.१.२.६ उखान

कथा वा कथानकलाई सूत्रात्मक ढङ्गले बाँध्ने, लोक जीवनका अनुभव र ज्ञानको तीव्र व्यञ्जना दिने एक लोकोक्तिलाई उखान भनिन्छ । यो सबै जाति र भाषामा प्राचीक कालदेखिनै विकसित हुँदै आएको छ । लामा लामा कथा वा घटनालाई साङ्केतिक तवरले लोकमानसमा प्रस्तुत गरिएको एक अनुपम साहित्यिक कल्पनानै उखान हो । सांसारिक महत्वका परिकल्पनाहरूलाई लोक जीवनले आफ्ना व्यवहार र अनुभवमा पदार्पण गर्दा निक्लेका गहकिला चुट्किला, नीति, शिक्षा र दृष्टान्तलाईनै उखानको रूपमा लिन सकिन्छ । अनुभवको सन्तानका रूपमा परिचित उखानले अयथार्थता र कल्पनालाई पूर्णरूपमा उपेक्षा गरेको हुन्छ ।

### ३.१.२.७ टुक्का

नेपाली लोकसाहित्यमा पाइने एउटा भाषिक एकाइ जसले टुक्रैटुक्राबाट आफ्नो अस्तित्वतालाई जोगाउँदै आएको लोक साहित्यको एक अभिन्न विधालाई टुक्का भनिन्छ । यो

पदसमूहमा मिलेर बस्ने हुँदा यसमा प्रयोग भएका शब्दहरूको शाब्दिक अर्थ पूर्णरूपमा विलिन भएका हुन्छन् । टुक्कामा लक्ष्यार्थता र लघत्तमताले उच्च भूमिका खेलेका हुन्छन् । सामान्यतयाः टुक्कालाई वाक्यभित्र प्रयोग भएमा अर्थपूर्ण हुने अन्यथा अर्थहीन बन्न सक्दछन् ।

### ३.१.२.८ गाउँखाने कथा

नेपाली लोकमानसमा प्रचलित प्रश्नात्मक उक्तिबाट उत्तरात्मक उक्तिकै अपेक्षाकृत परम्परामा हुर्किएको जहाँ जित्नेले गाउँ लिने र हार्नेले गाउँ दिने जस्ता संस्कार प्रधान कथावस्तुलाई गाउँखाने कथा भनिन्छ । गाउँखाने कथा संसारका विविध भाषामा प्राचीन कालदेखिनै अस्तित्वमा रहेका छन् । यो बूढापाका, केटाकेटी, पठित,अपठित सबैलाई मन पर्ने एक अनुपम लोक साहित्यिक विधा हो । दुई व्यक्तिविशेष वा समूहविशेषमा हुने ज्ञानवर्द्धक प्रश्न-उत्तर वा सवाल-जवाफलाई गाउँखाने कथाका रूपमा लिन सकिन्छ ।

## ३.२. लोक कथाको परिचय र परिभाषा

लोक कथा लोक साहित्यको प्राचीन र लोकप्रिय विधा हो । लोक कथा सुन्ने प्रचलन आदिम काल देखिनै चलेको पाइन्छ । पूर्वीय धर्मशास्त्रको इतिहासमा लोक कथा वेद भन्दापनि पहिले चलनमा रहेको पाइन्छ । संसारका सबै भाषा, धर्म, जातजाति, क्षेत्र र स्थानमा यसको अस्तित्व पाइन्छ । कसैले यसलाई दन्त्यकथा र कसैले यसलाई लोककथा भनेका छन् ।

नेपाली लोककथा सुन्न र भन्न खास कुनै औपचारिक अवसर स्थल आवश्यक पर्दैन तापनि नेपाली लोकजीवनमा लोककथा  बेलुका खानपान गरिसकेपछि अगेनाको वरिपरि बसेर परिवारका सदस्यहरूलाई धार्मिक, नैतिक, ज्ञानको प्रेरणा दिनका साथै मनोरञ्जन प्रदान गर्नका तथा ससाना वालवालिकाहरूलाई शिक्षा लिने प्रेरणमा उत्सुकता जगाउनका लागि परिवारका मूली वा ठूलाबाट सुन्ने सुनाउने गरिन्छ ।  लोक कथाले वौद्धिक ज्ञान, मनोरञ्जन,दया माया, धैर्य उत्साह, शारिरिक फूर्ति समेत दिने गर्दछ । कल्पना र वौद्धिकता दुवै भन्ने र  सुन्नेमा तयार हुनुपर्दछ । लोक कथामा लोक जीवनका प्राचीन अवशेषहरू सुरक्षित हुने हुँदा यसले पछिल्ला सन्ततिहरूलाई अनुभव र अन्वेषण गर्न मार्गदर्शन प्रदान

गर्दछ । लोककथाले सृजनात्मक र कलात्मक भावनालाई अभिवृद्धिगर्दै लोकजीवनको क्षमता विकासमा पूर्ण सहयोग पुऱ्याएको हुन्छ । लोककथालाई अङ्ग्रेजी भाषामा folk tales बाट चिन्न सकिन्छ । वास्तवमा लोककथा जुनसुकै जातजाति र भाषाभाषी भएका समाजमा पनि मानिसका आदिम वृत्तिका रूपमा भन्ने र सुन्ने प्रचलन रहेको पाइन्छ । लोककथाहरूमा लोकजीवनको भोग र बोधको सम्यक आयोजना भरिएको पाइन्छ । लोककथा मनोविलासको साधन हो । यो सबैको लागि बसिबियालोको विषय पनि हो । लोककथालाई चिनाउने क्रममा केही शब्दकोष तथा केही विद्वानहरूको विचारलाई तल उत्तार गरिएको छ ।

लोककथालाई संस्कृत शब्दकोषमा  सर्बप्रिय कहानी हो भनिएको छ । वृहत् नेपाली शब्दकोषमा भने परम्परादेखि लोकजीवनमा चल्दैआएको कथानै लोककथा हो भनिएको छ पाश्चात्य साहित्यकार**स्टिथ थम्प्सन**ले“आदिम जनता र संसारका घटनाक्रमहरूले भरिएका विश्वव्यापी रूपमा मूर्त आकृति लिएको मानवीय साहित्यिक अभिव्यक्ति लोककथा हो । जुनसुकै ठाउँमा बस्ने जुनसुकै संस्कृति भएका मानिसले लोककथा भन्दछन् । ती सबै लोककथामा सामान्य भिन्नता भए पनि मूल विचार र तुलनात्मक अंश समान रहन्छ पराजुली र गिरी २०६८ :१७३ ।” लोककथाकै परिभाषा दिने क्रममा लोकसाहित्यका अध्येता द्वय डा.मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरी यसो भनेको पाइन्छ- “लोककथा लोक र कथा दुई शब्दको संयोगद्वारा बनेको हो । यसको समन्वित अर्थ लोकमा प्रचलित कथा हुन्छ । नेपाली लोकजीवनमा दन्यकथा ,कथाकुथुङ्ग्री, किस्सा, आहान र बात शब्दहरूलाई लोककथाकै अर्थमा प्रयोग गरिन्छ (पराजुली र गिरी २०६८:१७३ ) ।”यसैगरी नेपाली लोकसाहित्यका अध्येता द्वय धर्मराज थापा तथा हंसपुरे सुवेदीली लोककथालाई वर्णनात्मक भनाइद्वारा लोकलाई मजादिने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिएको गतिलो रचना हो भनेका छन् ।नेपाली लोकसाहितयका अन्वेषक मोहनराज शर्मा र खगेन्द्रप्रसाद **लुईंटेल**ले “मौखिक वा श्रुति परम्पराद्धारा सम्प्रेषित अज्ञात रचनाकारको संक्षिप्त सारगर्भित एवम् सार्विक आख्यानात्मक गद्य संरचनालाई लोककथा भनेका छन् (शर्मा र लुइटेल २०६३ : ३७२) ।”

माथिका परिभाषाहरूलाई दृष्टिगत गर्दा लोकजीवनका भोग ,बोध र अनुभूतिका घटनाक्रमहरूलाई आख्यानद्वारा मनोरञ्जन एवम् नैतिक ज्ञान,व्यवहारिक ज्ञान तथा सुरता-वीरताका भावनाहरूलाई श्रोतासामु प्रकट गर्ने सिलसिलामा लोककथा जीवन्त बनेको स्पष्ट हुन्छ । लोककथामा कथाबाचकले आफ्नो प्रभावको सृजना गर्न विभिन्न किसिमका रोचक

टुक्का,थेगो र शैलीबाट फूलबुट्टा गाँस्दै रोचक बनाएको हुन्छ । श्रोता मन्त्रमुग्ध भएर कथाप्रति एकत्रित र मोहित हुन्छन् । पात्रका शूरता, वीरता, चतुर्याई ,बठ्याँई आदिले श्रोतालाई रोमाञ्चित बनाउँदै आत्मबल प्रदान गरेको हुन्छ । यस्ता लोककथाहरू एकादेश वा धेरै पहिलेबाट सुरूभई सुन्नेलाई सुनकोमालामा टुङ्गिएका हुन्छन् । मौखिक श्रुतिपरम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जीवन्त बनेका यस्ता कथाहरूसंक्षिप्त र सारगर्भित हुन्छन् । लोककथाहरूलाई जुनसुकै भूगोल र क्षेत्रका जातजाति तथा भाषा भाषिका मानिसहरूले मनपराएका हुन्छन् । गद्य आख्यानात्मक संरचनामा संरचित लोककथाहरू समय र सन्दर्भ अनुसार भनाइको आवरणमा परिवर्तन आएपनि मूलसार एउटै हुन्छ ।


## ३.२.१ लोककथाको वर्गीकरण

लोकसाहित्य परम्परामा लोककथा महत्वपूर्ण विधा हो । लोककथाको कथायिता व्यक्ति विशेष भएपनि यसमा लोकमानसको प्रबल अभिव्यक्ति हुने हुँदा यो लोकको साझा सम्पतिको रूपमा संरक्षित भएर रहेको हुन्छ । लोककथा सुनाउने क्रममा कथावाचकले आवश्यक कथनहरू थपघट गर्नेहुँदा यो व्यक्तिपिच्छे फरक-फरक हुन्छ । लोककथाको विषय अत्यन्त व्यापक रहेको हुन्छ । यसले लोक परम्परा, मान्यता, संस्कार र लोकवृत्तिको साझा विशेषता बोकेको हुनाले यसमा लोकसमाजको आ-आफ्नै प्रकारको छाप वा प्रभाव स्पष्ट देखिन्छ । जसको कारणले गर्दा लोककथाको बनोटमा एकरूपता पाइदैन । लोककथालाई लोकजीवनमा प्रयोग भएका विविध विषयहरूलाई अध्ययन विश्लेषण गरी नेपाली लोकसाहित्यका साधक पाध्यापक डा.मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरीले उद्देश्यका आधारमा पौराणिक कथा ,मनोरञ्जनात्मक कथा र शैक्षिक प्रयाजनका निम्ति निर्मित लोककथा गरी तीन भागमा र विषयगत आधारमा पौराणिक कथा, अनुश्रुति कथा, सामाजिक कथा र अतिकाल्पनिक लोककथा भनेर चार भागमा वर्गीकरण गरेका छन् ( पराजुली र गिरी २०६८:१८८)"।लोककथाको वर्गीकरणका आधारलाई विभिन्न विद्वानहरूले फरक फरक तरिकाबाट दिएका दृष्टिकोणलाई दृष्टिगत गरी यहाँ डा.मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले लोककथालाई शिल्प विधानका आधारमा घटना प्रधान, चरित्र प्रधान र परिवेश प्रधान गरी तीन प्रकारमा विभाजन गरेका छन् । भावका आधारमा प्रेम, वीर, करूण,भक्ति, हाँस्य, अद्भूत र रोमाञ्चक लोककथा गरी सात, उद्देश्यका आधारमा मनोरञ्जन प्रधान र नीति प्रधान गरी दुई र विषयवस्तुको आधारमा पौराणिक, सामाजिक,

किंबदन्तीमूलक,अतिप्राकृतिक र पशुपन्छी गरी पाँच प्रकारमा लोककथाको वर्गीकरण गरेको पाइन्छ । यी विविध वर्गीकरणहरूमध्ये विषयवस्तुको आधारलाई लिएर गरेको वर्गीकरणलाई मुख्य आधार मानी नेपाली लोककथाको अध्ययन अनुसन्धान गर्नु उचित ठानेर सोही अनुसार गरिएको छ ।

**तालिका नं. ७**

**लोककथाको वर्गीकरण**



## विषयवस्तु

लोककथाको मूल कथनलाई विषयवस्तु भनिन्छ । लोककथाको क्षेत्र ज्यादै व्यापक भएकाले यसको विषयवस्तु पनि फरक फरक हुन्छ । लोककथाहरूमा वर्णन गरिएका विषयलाई आधार मानेर लोककथाको वर्गीकरण यसरी गरिएको छ ।

### ३.२.१.१ पौराणिक लोककथा

पुराना पुराना धार्मिक ग्रन्थहरू जसमा ब्रह्माण्डको सृष्टिदेखि लिएर देवी देवताको उत्पत्ति स्वभाव तथा कार्यहरूको वर्णन गरिएका पुराण, रामायण, महाभारत, हितोपदेश जस्ता पौराणिक विषयवस्तुमा रहेका कथाहरूलाई आधार मानी रचिएका लोककथालाई पौराणिक लोककथा भनिन्छ । नैतिक अर्ती उपदेश दिन सृष्टिको रहस्य बताएर मनोरञ्जन प्रदान गर्दै धार्मिक तथा सांस्कृतिक विश्वास बढाउने कार्यमा पौराणिक लोककथाहरूले महत्वपूर्ण सहयोग पुऱ्याएका हुन्छन् ।

### ३.२.१.२ सामाजिक लोककथा

समाजको चित्रण गरिएको कथा सामाजिक लोककथाभित्र पर्दछ । यस प्रकारका कथाहरूमा लिइएका पात्र, विषयवस्तु , परिवेश पनि समाजको भोगाइ र समस्याहरूमा प्रतिबिम्बित भएका हुन्छन् । सामाजिक कथाहरू यथार्थको धरातल नजिक रहेका हुन्छन् । घर, परिवार र समाजभित्रका चलाखी, धुर्त्याईं, ईर्ष्या, डाहा, गरिबी आदिको चित्रण सामाजिक कथाहरूमा समावेश गरिइएको हुन्छ ।

### ३.२.१.३ किम्बदन्तीमूलक लोककथा

लोकमा प्रचलित असत्य तथा अर्धसत्य पुरा कथालाई किंबदन्ती भनिन्छ । किंबदन्तीहरूलाई दन्त्यकथा, जनश्रुति, अनुश्रुति आदि पनि भनिन्छ । लोकसाहित्यका अध्येताहरूले किंबदन्तीहरूलाई प्राचीनता तथा पारम्परिकताका कारण इतिहाससँग समरूप भएको भनेका छन् । यस्ता लोककथाहरूमा लोकजीवनका वीर, पराक्रमी, राजा, महापुरुष, ऋषि, महात्मा जस्ता विशिष्ट व्यक्तिहरूको वर्णन गरिएको हुन्छ ।

### ३.२.१.४ अतिप्राकृतिक लोककथा

अलौकिक विषयवस्तु भएका कथालाई अतिप्राकृतिक लोककथा भनिन्छ । यस्ता लोककथाहरूमा काल्पनिक परिवेश तथा अलौकिक पात्रको चित्रण गरेर मनोरञ्जन तथा नैतिक सामाजिक सन्देश दिन खोजेको हुन्छ । यी लोककथाहरूमा धामी, झाँक्री, वोक्सी, राक्षस, अप्सरा, देवी देवता, भूतप्रेत, पिसाच जस्ता अलौकिक पात्रको समावेश गरिएको हुन्छ । कथामा अद्भुत र अप्राकृतिक वस्तुहरूको वर्णन हुन्छ । परिवेश अनुसार जादु, टुनामुना, तन्त्रमन्त्र, वोक्सी जस्ता अतिप्राकृतिक वस्तुहरूको प्रयोगले कथालाई सनसनीपूर्ण बनाएको हुन्छ ।

### ३.२.१.५ पशुपन्छीका लोककथा

मानवेतर प्राणीहरूको विषयवस्तुले सिर्जिएका कथालाई पशुपन्छीका लोककथा भनिन्छ । यस्ता लोककथाहरूमा पशुपङ्क्षीलाई मानवीकरण गरिएको हुन्छ । मानवीकरण गरिएका कारण चराचुरूङ्गी, जनावर, सरिसृप, जे-जस्ता पात्रहरू प्रयोग गरिएको हुन्छ, यिनीहरूबाट मानिसकै जस्तो परिवेश निर्धारण गरी कथा भनिएको हुन्छ । विशेष गरी भँगरा, सुँगा, काग, स्याल, खरायौ, बाघ, भालु, मूसो, हात्ती, नाग सर्प जस्ता मानवेत्तर पाणीहरूलाई पात्रको रूपमा छनोट गरिएको हुन्छ ।

### ३.२.२ लोककथाका तत्वहरू

लोककथाको निर्माण गर्ने आवश्यक उपकरणहरूलाई लोककथाका तत्व भनिन्छ । तत्वलाईअवयव, सामग्री,घटक आदि पनि भन्ने गरिन्छ । सामग्री वा उपकरणहरूको आवश्यक संयोजन र व्यवस्थापन गरेपछि मात्र लोककथा बन्नसक्दछ । लोककथामा आवश्यक पर्ने तत्वहरूमा कथानक ,पात्र वा चरित्र ,परिवेश, उद्देश्य र भाषाशैलाी प्रमुख हुन यी मध्ये कुनैएक तत्वको अभाव भएमा लोककथाले पूर्णता प्राप्तगर्न सक्दैन। यी तत्वहरूलाई संक्षेपमा तल चिनाउन प्रयत्न गरिएको छ ।

### ३.२.२.१ कथानक

कथानक भन्नाले कथामा श्रृङ्खलाको रूपमा आएका घटनाहरू जसको उचित व्यवस्थापनले कथालाई रोचक बनाउँदछ । कथानक संयोगान्त वा वियोगान्त जे भएपनि , अधिक मात्रामा संयोगान्त घटनाक्रममा प्रतिविम्बित भएको हुन्छ । कुनै पनि लोककथा

चरित्रप्रधान वा घटनाप्रधान पृष्ठभूमिमा अज्ञात रचनाकारद्धारा रचिएको हुन्छ । कथानक लोक कथाको अनिवार्य तत्व हो जसले कथालाई निश्चित आकार प्रदान गर्दछ ।

### ३.२.२.२ पात्र वा चरित्र

विभिन्न विद्धानहरूले लोक कथाका सहभागीहरूलाई पात्र वा चरित्रका नामले पनि चिनाएका छन् । पात्र लोक कथाको त्यस्तो माध्यम हो जसले कथाका घटनाक्रमहरूलाई अगाडि बढाउँदछ । कथानकमा घुम्ती र मोडहरू सिर्जाइ त्यसलाई उचित तवरले कथाको अन्तिम विन्दुसम्म पुऱ्याउने जिम्मा पात्रको हुन्छ । कथालाई गतिशीलता प्रदान गर्ने यो एक लोककथाको अनिवार्य तत्व हो । लोक कथाको उद्देश्यका आधारमा पात्रहरू विभिन्न प्रकारका हुन्छन् । तीमध्ये मानवीय, दैवी, मानवेतर, गौण, प्रमुख, नारी, पुरूष, अनुकूल–प्रतिकूल, गतिशील–गतिहीनद आदि उल्लेखनीय छन् ।

### ३.२.२.३ परिवेश

परिवेशले पात्रको क्रियाकलापका साथसाथै घटना हुने ठाउँ, समय र वातावरणको स्थितिलाई बोध गराउँछ । लोक कथामा परिवेश अनुसार पात्रको प्रस्तुतीकरण पाइन्छ । तापनि विषयको वस्तुगता, पात्रको वौद्धिक क्षमता, कथाको चारित्रिक विशेषता आदि कुराहरूले पात्रलाई परिवेश निर्माणको बाटोतिर लम्काइरहेका हुन्छन् । सामान्य अर्थमा परिवेशलाई कथानकको बाहिरी स्वरूप जसलाई समाजका पठित वा अपठित सबै मानिसले बुझ्ने र समान काल्पनिकताको विचार उत्पन्न गराई व्यवहारिक प्रयोजन तर्फ उन्मुख गराउने लोक कथाको एउटा अद्भुत कला मानिन्छ । तसर्थ लोकमानसको चालचलन, रीतितिथि प्राकृतिक पृष्ठभूमि, संस्कार, धर्म संस्कृति, ज्ञान, अनुभव, विचार र विश्वास लोक कथाका आनुवंशिक परिवेश हुन् ।

कुनैपनि लोक कथाको समयानुकूल परिवर्तनकालागि एउटा आधार स्तम्भको जरूरत पर्दछ । त्यसको साक्षी स्वरूप हरेक लोक कथाको अत्यावशक तत्व परिवेश हो । परिवेशले पात्र र कथानकको अनुकुलता र प्रतिकुलतालाई हृदयङ्गम गर्दै परिवर्तित दिशातिर मोड्दछ । लोक कथाको रचनाकार र रचना समय अज्ञात हुने हुँदा त्यसको समयागत उपयोगिताको

खाँचोलाई पूर्ति गर्न **परिवर्तन** अहम् विषय हो । लोक कथाको परिवर्तनको क्रममा समाज र समाजिक तत्वहरूले त्यसको उपदेशात्मक छविलाई धमिल्याउने पक्का छ । यसै कुरालाई मध्यनजर गर्दै लोक कथाको सत्यता र विश्वसनीयता बढाउने अनिवार्य तत्वका रूपमा परिवेशलाई लिन सकिन्छ ।

### ३.२.२.४ उद्‌देश्य

अन्य कथा जस्तै लोकहीतको परम्परालाई अगाडि बढाउने कार्यमा लोक कथा पनि अछुतो छैन । सकरात्मक सन्देशको प्रवाहबाट लोकबासीलाई सही मार्ग तर्फ उन्मुख गराउनु यसको औपचारिक ध्येय भएतापनि कथा भन्ने र सुनाउनेलाई **मनोरञ्जन** प्रदान गर्नु अर्को प्रमुख उद्‌देश्य हो । लोक कथाको उद्‌देश्य स्थलगतरूपमा बाह्य भएतापनि यससँग सूक्ष्मीय मार्गदर्शनबाट सजिलै परिचित हुन सकिन्छ । लुकेको उद्‌देश्यलाई भावपूर्ण प्रस्तुति दिन कथावाचक समय सान्दर्भिक भएर चल्नु अत्यावशक छ । परिकल्पनासँग व्यस्त भइरहँदा, मात्र खोक्रो मनोरञ्जनको परिदृष्य तर्फमात्र ध्यान दिँदा लोक कथाको उपदेशात्मक प्रवाह खालि–खालि शब्दमा मात्र सिमित भएको भान हुन्छ । आधुनिकताको चटारोले ढपक्कै ढाक्न आँटेको यस पूर्वीय समाजमा लोककथा वस्तुहीनता, उद्‌देश्यहीनता र उपदेशहीनता भएर जिउँदो लाश बन्ने प्रक्रियालाई तगारो हाल्नु यसको संरक्षणको तीतो यथार्थ हो ।  यति हुँदा हुँदैपनि बालवृद्ध देखि युवायुवती, पठित अपठित सबैलाई मनोरञ्जन प्रदान गर्नु यसको मुख्य उद्‌देश्य हो ।


### ३.२.२.५. भाषा शैली

भाषा शैली भन्नाले लोक कथाको सरल , प्रभावकारी र रोमाञ्चक प्रस्तुति ढाँचा हो । लोक कथाका घटनाक्रमहरूलाई सरल, सहज, बोधगम्य र प्रवाहपूर्ण बनाउन उचित भाषाशैलीको जरूरत पर्दछ । घटनाक्रमहरूको क्रमिक सुधारका साथसाथै विभिन्न भाषिक परिवेशबाट आएका लोकमानसलाई लोक कथाका सम्पूर्ण तत्वहरूको आवश्यक वोध गराउने हेतुले कथावाचकले उपर्युक्त भाषाशैली प्रयोग गर्नु उचित हुन्छ । भाषा शैली परिवर्तनीय छ । कथावाचकले आ–आफ्नो शैली अनुसार कथालाई प्रस्तुत गर्न सक्छन् । सामान्यतया लोक कथाको सुरूवात एकै ढाँचाको पाइन्छ । जस्तैः**एकादेशमा** ....**परापूर्व काल** ...........**कुनै समयमा** ........**धेरै पहिले कुनै एक गाउँमा** ...........**आदि ।**

लोक कथाको अन्त्य गर्दा कथावाचकले प्राय एउटै वाक्य दोहोऱ्याइएको पाइन्छ । जस्तैः**सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरून्तै मुखमा आउला ।**

**तालिका नं. ८**

**लोककथाको स्वरूप**



नीतिगत शिक्षा

सामूहिक व्यवहारिक शिक्षा

व्यक्तिगत धार्मिक शिक्षा

## ३.२.३ लोककथाका विशेषताहरू

लोककथा लोकसाहित्यकै एक लोकप्रिय विधा हो । लोक साहित्यकै विशेषता भएझैं लोक कथामा पनि समय र रचनाकार अज्ञात हुन्छन् । मौखिक तथा श्रुति परम्पराको आधारमा पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरित हुँदै आउने सामूहिक सम्पत्तिको रूपमा लोक कथालाई लिन सकिन्छ । स्थानीय भाषा भाषिकाको प्रयोग भएर पहिचान दिँदै आएर लोक मानसमा मनोरञ्जनका साथै प्रेरणा र साहस प्रदान गर्ने अभिप्रायले लोककथा भन्ने सुन्ने गरिन्छ । लोक कथामा आख्यानको प्रधानता, कल्पनाको आधिक्यता, वर्णनात्मक शैली, गद्यको प्रधानता, भाषिक सरलता जस्ता विशेषताहरू लोक कथाले बोकेको हुन्छ । लोक कथा लोक साहित्यको आधार स्तम्भ हो । यसले स्थानीय लोकवासीहरूलाई फुर्सदको समय सदुपयोग गर्दै मनोरञ्जन प्रदान गर्ने, लामोबाटो हिंड्दा बाटो कटाउने साधन, बालबालिकाहरूलाई भुलाउने वस्तु, मानिसहरूको ध्यानाकर्षण गरी अन्य भनाइहरूलाई टेवा पुर्‍याउने उद्देश्यका साथा प्रयाग गरिएको हुन्छ । अझैपनि गाउँघरतिर अगेनाको छेउमा बसेर आगो ताप्दाताप्दै घर परिवारका सदस्यहरूमध्ये सबैभन्दा पाको हजुरबा, हजुरआमा, बुबा आमा फुपू आदिबाट सुन्ने सुनाउने कार्य हुन्छ । लोक कथावाचकले समय, परिस्थति, प्रसङ्ग, आवश्यकता अनुसार समाजको धार्मिक, राजनैतिक एवं आर्थिक बनोट अनुसार विषयवस्तुलाई प्रसङ्ग मिलाएर भन्ने गरिन्छ । प्राथमिक कालका लोक कथाहरूले संस्कृत एवं वैदिक परम्पराबाट बढी प्रभावित भएको पाइन्छ भने माध्यमिक कालका लोककथाहरू अन्य देशका भाषाहरूमा पनि सम्पर्कित हुँदै गएको पाइन्छ । लोककथाले मानिसको वौद्धिक काल्पनिक तथा तार्किक क्षमताको अभिवृद्धि गर्दछ । लोक कथाका विशेषताहरूलाई छुट्टाछुट्टै रूपमा निम्नानुसार छोटो वर्णन यहाँ गरिन्छ ।

### ३.२.३.१सामाजिकता

लोकमानसको सम्पूर्ण अभिव्यक्तिको सन्दर्भलाई सामाजभित्रका घटना,चरित्र,सम्वेग आदिको तादाम्य रूप प्रदान गर्दै लोककथाले सामाजिकता प्रदान गरेको हुन्छ । लोककथाले वैयक्तिक घटना र सन्दर्भलाई लोकमानसको सामाजिक सन्दर्भबाट हेर्ने हुनाले लोककथामा वैयक्ति भन्दा सामाजिकता व्यापक पाइन्छ । यही विशेषताले गर्दा लोककथाको कथायिता अज्ञात रही यो सामाजिक सम्पतिको रूपमा रहन्छ ।

### ३.२.३.२काल्पनिकता

लोक कथामा लोक जीवनको कल्पनाको प्रचुर अभिव्यक्ति पाइन्छ । कथा वाचकले कथा प्रस्तुतिको क्रममा लोक जीवन लाई भत्काउने प्रयत्न नगरी त्यसलाई टेवा दिने ध्येयले प्रस्तुत गरिएको पाइन्छ । ऐतिहासिक तथा पौराणिक पात्रहरूको प्रयोजनबाट कौतुहलता प्रदान गर्दै कल्पनालाई बढी महत्व प्रदान गरिएको हुन्छ । नेपाली लोक कथाहरूमा यथार्थ जीवनको भोगाइ भएर पनि अभिव्यक्तिमा कल्पनाको बाहुल्यता रहेको पाइन्छ ।

### ३.२.३.३ उपदेशात्मकता

लोककथाले लोकजीवनका भावी पिढीलाई उपदेश दिनेकाम गरेका हुन्छन् ।लोकजीवनका यथार्थ घटनाहरूलाई आधारमानि समाजको भोगाइ र गराइको परिवेशसँग मेलखाने स्थितिबाट समाजका बूढापाका तथा माथिल्लो उमेरका व्यक्तित्वहरूबाट कथानकलाई बाँधेर भावी पुस्ताहरुलाई सजग र सचेत तुल्याउन कथा बाचन गरिएको हुन्छ । आफ्ना सन्ततिलाई बौद्धिक ज्ञान र नैतिक पाठ सिकाउने माध्यमको रूपमा लोककथालाई लिइएको छ । नेपाली लोककथामा विभिन्न किसिमका देवीदेवता,राजामहाराजा,राजकुमार राजकुमारी तथा वीर पुरूषहरूका चरित्र,पराक्रम, साहस, धैर्य,आपतविपत् तथा स्वभावका कुराहरू समावेश भएको पाइन्छ । यस्ता पकृतिका लोककथाहरू घरपरिवार तथा समाजका सदस्यहरूलाई सुनाएर उनीहरु पनि ज्ञानी,साहसी,धैर्यवान,विवेकशील, दूरदर्शी जस्ता गुणहरूले भरिभराउ बनुन् भन्ने अभिप्राय बूढापाकाको रहेको हुन्छ । त्यसैले यसको विशेषता उपदेशात्मक हुन्छ भन्ने प्रष्ट हुन्छ ।

### ३.२.३.४मनोरञ्जनात्मकता

लोककथाको मुख्य उद्देश्य नै लोकमानिसलाई आनन्द दिलाउनु हो । लोकजीवनको थकाइ मेटाउन तथा खाली समयको उपभोग गर्दै लोककथाको रोमाञ्चक प्रस्तुतिबाट लोकवासीलाई मनोरञ्जन प्रदान गर्नु यसको प्रमुख विशेषता हो । लोककथामा मनोरञ्जनलाई जीवन्त र उच्चतम प्राप्ति दिनका लागि मानवीय, मानवेत्तर तथा अलौकिक पात्रहरूको सम्योजन गरी कथाका घटना सृङ्खलाहरूलाई परिस्थिति अनुकूल तुल्याएर मनोरञ्जनका आधार स्तम्भहरु तयार गरिएका हुन्छन ।

### ३.२.३.५वर्णनात्मक शैली

लोककथा मुख्य गरेर वर्णनात्मक शैलीमा लेखिएका हुन्छन् । ती कथाहले चरित्रको विश्लेषण गर्ने भन्दा पनि घटना वा कथानकको रोमाञ्चक प्रस्तुतिलाई बढी जोड दिएका हुन्छन् । तसर्थ लोककथाको मूल विशेषता वर्णनात्मकता हो ।

### ३.२.३.६ सरल सहज गद्यभाषाको प्रयोग

लोककथाको भाषा सामान्य लोकजीवनमा प्रयोग हुने कथ्य भाषा प्रयोग गरिएको हुन्छ । यस्तो भाषा सरल, सहज र सम्प्रेष्य हुन्छ । लोकजीवनले जस्तो बोल्छ, सोही भाषाको जीवित रूपलाई लोककथामा उतारिन्छ । यसमा व्याकरणको प्रवलता रहँदैन त्यसको अलावा लोकबोलीको प्राकृतिक स्वरूपमा आधारित हुन्छ ।

### ३.२.४निष्कर्ष

लोकसाहित्य अन्तर्गत लोककथा एउटा लोकप्रिय विधाका रूपमा परिचित छ । लोक जीवनका भोग र बोधका मनोसामाजिक यथार्थका आख्यानात्मक अभिव्यक्ति नै लोककथा हो । लोककथालाई लोकजीवनका सुख दुःख, आशा निराशा, हाँसो रोदन, रहनसहन, रीतिरिवाज, चालचलन र चिन्तन पद्धतिको प्रतिरूपलाई कल्पनाशैलीले सिंगार्दै गद्यआख्यानात्मक स्वरूपमा दिइएको हुन्छ । मूलतः मनोरञ्जन तथा नैतिक सामाजिक शिक्षाको माध्यमत्राट व्यवहारिक परिवर्तनको ध्येयले सरल र सहज भाषा शैलीमा मौखिक परम्पराको रूपमा लोककथा अगाडि बढ्दै आएको पाइन्छ । यस्ता लोककथाहरूमा साहस, चतुर्‍याईं, मानवीय राग, अनुराग, परोपकार, न्याय करूणाजस्ता विषयलाई उच्च प्राथमिकता दिइएको हुन्छ । लोकजीवनको एक पुस्ताले अनुभव गरेको ज्ञान, अनुभव, स्मृति

अर्को पुस्तालाई हस्तान्तरण गर्ने काम लोककथा बाट सर्दै आएको हुन्छ। यसर्थ लोककथालाई मानव संस्कृति र सभ्यताको सम्वाहकको रूपमा लिन सकिन्छ । यही तथ्यका आधारमा लोककथा विगत र वर्तमानलाई एकैसाथ देखाउने लोकजीवनको ऐना हो भन्नु सान्दर्भिक हुन्छ ।

# परिच्छेद चार

# फेदाप क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन

## ४.१ जादुको मुङग्रो

एकादेशमा एउटा परिवारमा दुईजना जहान रछन एउटी सौतेनी आमा र अर्को सौतेने छोरो । सौतेनी आमाले सौतेनी छोरालाई सारै हेला गर्दिरछे । त्यो आइमाई आफू पिठोको रोटी खान्थी भने छोरालाई भूसको रोटी दिन्थी । यसैगरी काममा भने असाध्यै दल्थी । खानमा जहिल्यै ठग्दिरछे । एकदिन त्यो आमाको अत्याचार खप्न नसकेर बसिरहेको थियो, आमा एक्कासी आएर किन बसिरहेको काम नगरिकन भनेर बेस्सरी गाली गरिछे । त्यसपछि सौतेनी आमाको पीडा सहन नसकेर घर छोडेर कतै हिंड्ने निर्णय गरेछ । उसले आज म घर छोडेर हिँड्दैछु भनेर छिमेकी साथीलाई सुनाएछ । साथीले त्यो कुरा सौतेनी आमालाई सुनाइदिएछ । त्यो खबर सुनेपछि सौतेनी आमा धेरै खुशी भएर छोरो हिंड्ने दिन एउटा भुसको, एउटा मकैको र एउटा कनिकाको रोटी पकाएर छोरो हिंड्न आँट्यो भनेपछि दिइछे । तिनै ओटा रोटी बोकेर  छोरो बाटो लागेछ । उसले बाटोमा बिभिन्न घुम्ती र पहाडहरु पार गर्दै  धेरै टाढा पुग्दा जङ्गलमा साँझ परेछ यताउता बस्ने ठाउ खोज्दा एउटा गुफा भेटेर त्यहीं बस्ने निधो गरेछ । ऊ बस्न खोजेको गुफा देखि अलिकति परको गुफामा तीनजना चोरहरु बास बसेका रछन । ती चोरहरुले गाउँलेहरुलाई असाध्यै सताएका रछन । ती चोरहरुमध्ये एउटासँग खिर पाक्ने भाडो थियो जस्ले भोकलागेको बेला खिर पाक भन्दा खिर पाक्थ्यो अर्कोसग सुनबाखो रहेछ जस्ले सुन बड्कुल्याउँथ्यो र तेस्रोस"ग एउटा मुङ्ग्रो थियो जस्ले टाढाका शत्रुलाई देखाउने बित्तिकै परास्त गर्न सक्थ्यो । त्यो  छोरालाई दिनभरको हिडाईले गर्दा भोक पनि निकै लागेछ उसले सौतेनी आमाले खाजा हालिदिएका

तीन खाले  रोटीको पोको निकालेर हेर्दै भनेछ "एक खाउँ कि, दुई खाउँ कि, तिनै खाउँ?' चोरले यो सुनेपछि यो त हामीलाई खाने भगवान्को शक्ति लिएर आएको हामी भन्दा वीर पो रहेछ भनेर डराएछन । त्यो छोराले फेरि भनेछ," एक खाउ कि, दुई खाउँ कि, तिनै खाउ"5 ?' उसले कतिवटा रोटी खाने, एउटा खाने कि दुईटा खाने कि तिनैवटा खाने भनेर भनेको हुन्छ तर चोरहरु तीनजना भएकोले हामीलाई नै खान लाग्यो भन्ठानेर "हामीलाई नखा बरु हामीसँग भएका अमूल्य तीन सामानहरु दिन्छौं भनेर सामानहरु दिंदै चोरहरु भागेछन ।" उसले ती रोटी खाँदै सोचेछ, अब यी सामानहरु लगेर आमालाई दिने र धनी बन्ने सोच्दै त्यहीँ निदाएछ । भोलिपल्ट विहानै उठेर सामानहरु बोकेर अर्कै बाटो घरतिर लागेछ । हिंड्दा हिंड्दा ऊ एउटा राजाका दरवारमा पुगेर बास मागेछ। पालेले तिमी को हौ भन्दा म एउटा बटुवा हुँ,मलाई बास मात्र चाहिन्छ ,खानको लागि  मसँग एउटा भाँडो जसमा खिर पाक भनेपछि आफै खिर पाक्छ, एउटा बाखो छ जस्ले आबस्यक परेजति सुन बड्कुल्याउँछ, अनि एउटा जादुको मुङ्ग्रो छ जस्ले सत्रुलाई  देखाउने वित्तिकै परास्त  गर्छ भनेपछि पालेल  त्यो खबर राजाकोमा पुर्याएछ । त्यसपछि राजाले त्यो मान्छे म कहाँ पठाई देऊ भनेछन् । त्यतिबेला त्यो राजालाई शत्रुले दुःख पनि असाध्यै दिएका रहेछन । राजाकामा पुगेपछि राजाले तिमीले कसरी सत्रु परास्त गर्छौ भन्दा त्यो बटुवाले भनेछ,- "महाराज म सँग एउटा जादुको मुङ्ग्रो छ त्यो देखाउने बित्तिकै हजूरका शत्रु सबै भाग्नेछन ।" यदि तिमीले  मेरा शत्रु नास गर्यौ भने म तिमीलाई दरबारमा राखेर आनन्दसँग पाल्नेछु भनेर बास दिएछन । भोलिपल्ट राजाले त्यस बटुवालाई  आफ्ना सेनासँग युद्धमा पठाएछन । युद्धमा गएर त्यसले टाढाबाटै जादुको मुङ्ग्रो देखाएछ, मुङ्ग्रो देखाउने वित्तिकै शत्रुहरु सबै भागेछन । यो थाहा पाएर त्यो बटुवा फर्केपछि राजा खुशी भइ आफ्नी छोरीको विवाह त्यसै बटुवासँग गरिदिएर दरवारमै राखेछन र त्यो सौतेने छोराले आनन्दसाथ जीवन विताएछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरुन्तै मुखमा आइजाला ।

## ४.२ दुई बोक्सी

एकादेशमा एउटा जाल हान्ने जल्लरी थियो । ऊ एकदिन नदी किनारमा जाल हान्दै गर्दा एउटा ठूलो ढुङ्गाको आडमा त एउटी नानी रोएको सुनेछ । उसले के रैछ भनेर चियाउँदा त दुईजना बोक्सीले एउटा नानीलाई खुब खेलाएको देखेछ । उसले त्यहाँ बसेर

चियाइ रहेछ अनि जब बोक्सीले नानीलाई छोडेर कतै घुम्न हिंडेछन । त्यसपछि त्यस नानीलाई जालले छोपेर हतारहतार बोकी गाउँतिर लगेछ । गाउँमा लगेर यो नानी कस्को भन्दै सोद्धै जाँदा एउटी आइमाईले कहाँ भेट्नुभो यो त मेरो नानी हो भन्दै रुदै हतारहतार समात्न पुगिछे । त्यो जल्लरीले माछा मार्दै आइरहेको थिएँ, एक्कासी ठूलो ढुङ्गाको आडमा नानी रोएको आवाज सुनें, के रैछ भनेर बिस्तारै चियाएर हेर्दा त दुईजना बोक्सी पो सानो नानी खेलाउँदा रहेछन । धेरैबेर खेलाएपछि ती बोक्सीले नानीलाई छोडेर हिंडे अनि मेरो पालो जालले छोपेर नानीलाई बोकेर ल्याएको भनेछ । त्यो जल्लरीले नानी जिम्मा लगाईदिएछ । त्यसपछि सबै गाउँलेहरू मिलेर बोक्सी पत्ता लगाउन भन्दै प्रचार प्रसार गर्दै यताउता बोक्सी खोज्न हिंडेछन । बोक्सी खोज्ने टोलीमा जल्लरी पनि सँगै रैछ । उसको संकेत अनुसार बोक्सी पनि पत्ता लगाएछन । बोक्सी पत्ता लगाई सकेपछि ती दुई बोक्सीलाई गाउँको बीचमा लगेर डोरीले बाँधी मारसँग कुट्दै गाउँबाटै निकाला गरेछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.३ पोखरीका रानीहरू

एकादेशमाएउटी बूढी मान्छे रैछन रे । उनको एउटा छोरो थिएछ रे । त्यसले छ महिना एकजना मान्छेले काटेको घाँस एकै भारी पारेर बोक्थ्यो रे । एकदिन ऊ घाँस बोकेर जाँदै थियो रे । उकालो बाटोको चौतारोमा गएर उसले त्यो भारी बिसाएछ रे । त्यहाँ चौतारोका वर र पीपल चाहि एकएक हातमा बोकेर एउटा मान्छे नाचिरहेको रैछ रे । वर पीपल हातमा लेर नाच्ने मान्छेले भारी बोक्नेलाई “तपाई कति बलियो हउ यत्रो घाँस बोकेर हिंड्न सक्न” भनेछ । “म त के बलियो तपाईं एत्रा रूख नै हातमा बोकेर हिंड्नु हुँदो रहेछ तपाईं पो बलियो त ”भनेछ । त्यसपछि घाँसबोका र वरबोका दुबै मिलेर उकालो लागेछन । उनीहरू एउटी बुढी आमैको घरमा पुगेछन । बुढी आमैले पाखो बारीमा कागुनु छरेकी रैछन रे । ती दुई मान्छेलाई देखेपछि बुढीमान्छे खुबै रोइछन रे । अनि तिनीहरूले किन रोयौ आमै भनेर सोध्दा “म दुःखी बूढीले केही आफैं खान र केही बेचेर गर्जो टार्न छरेको कागुनु हात्तीले सबै खाइदियो भन्दै बिलौना गरिछन रे । ” बुढीको पनि एउटा छोरो रैछ । घाँसबोका र वरबोका दुबै मिलेर हात्तीलाई च्याप्प समातेर भुतुक्क हुनेगरी पछारेर मारेछन अनि बुढीको छोरालाई समेत लिएर तीन जना भइ परदेशतिर लागेछन् रे । परदेशमा धेरैदिन

बस्तै जाँदा  त्यहाँ एउटा ठूलो पोखरी भएको र त्यो पोखरी भित्र तीनवटी रानीहरू सुनको बाक्सा बोकेर लुकेका छन भन्ने सुँइको पाएछन रे । ती रानीहरूले कुनै मनुष्य गयो भने उसको अनुहार पनि नहेर्ने र कसैसँग बिहे पनि नगर्ने प्रतिज्ञा गरेका रहेछन रे । घाँसबोका, वरबोका र बुढीको छोरा तीनै जना मिलेर सल्लाह गरि बुढीको छोरालाई लामो लठारोले बाँदेर पोखरी भित्र पठाएछन रे । मित्र पठाएकालाई भनेका रछन रानी भेटेपछि लठारो हल्लाउनु अनि पानी भित्र जानेले रानी भएको पत्ता लगाएर लठारो हल्लाएछ बाहिरकाले लठारो तानेर बुढीको छोरालाई  बाहिर निकालेछन र भित्रको खबर थाहा पाएछन । त्यसपछि तिनै जना मिलेर लठारोलाई बाहिरको ठूलो रूखको फेदमा बाँधेर त्यही लठाराको सहायताबाट पोखरी भित्र पसेछन अनि तिनै भाइले  एकएकवटी रानीलाई च्याप्प समातेछन रानीहरूले के गरेको ?के गरेको ?भन्दाभन्दै एकएक जनाले एउटी एउटीलाई काँधमा हालेर बाहिर निकालेर आफ्ना आफ्ना घरतिर लगेर बिहेगरी घरजम गरेर बसेछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.४  नामको भ्रम

एकादेशमा दुईटा असाध्यै मिल्ने साथीहरू रहेछन । तिनीहरूमा एउटाको नाम 'बद्धि' र अर्कोको नाम  'केथा' रहेछ । एक पटक दुईजना मिलेर प्रदेश घुम्न जाने योजना बनाएर हिँडेछन । प्रदेशमा घुम्दाघुम्दै एकदिन बुद्धिले निकै पैसा भेट्टाएछ त्यति नै बेला उसको साथी केथालाई दिसा लागेछ अनि साथीलाई तँ यहीँ बस्तै गर म दिसा गरेर आउछु भनेर जङ्गलतिर गएछ । केथा दिसा गरेर फर्केपछि फेरि बुद्धिलाई पनि दिसा लागेछ । केथा तँ यहीँ बसेर पर्खी है भनेर ऊ पनि दिसा गर्न गएछ । बुद्धि दिसा गर्न गएको बेलामा एउटा मान्छे आएर भाइ भाइ तिम्रो नाम के हो भनेर सोधेछ ।केथाले 'केथा' भनेछ । फेरि त्यो मान्छेले तिम्रो नामचाहिँ के हो भनन भनेर फेरि सोधेछ 'केथा' भनेर केटाले उत्तर दिएछ अनि त तिम्रो बुद्धि कहाँगयो भाइ भनेर त्यो मानछेले भन्दा त केथाले दिसागर्न भनेपछि त्यो मान्छे भुतुक्क हुनेगरी हाँस्तै हाँस्तै हिंडेछ । एकछिन पछि बुद्धि पनि दिसा गरेर आएछ अनि दुबैजनाले भेट्टाएको पैसा बाँडेर शहर घुम्न गएछन र शहरबाट त्यही पैसाले मनपरेका सामानहरू किनेर खुशीहुँदै घरतिर फर्केछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.५ खरानीको डोरी

एकादेशमा एकजना राजा थिए । उनका एउटा मन्त्री थिए । उनको नाम चतुर सिंह थियो । ऊ अरू मन्त्रीभन्दा धेरै नै बुद्धिमान थिए । मन्त्री चतुर सिंह सह्रै बुद्धिमान भएर पनि उनको छोरा भने एकदमै मूर्ख र बुद्धु थियो । छोरा यस्तो मूर्ख भएकोले मन्त्री चतुरलाई ज्यादै चिन्ता थियो । चतुरको घरमा धेरै भेडाहरू थिए । एकदिन छोरालाई बोलाएर काम बुझाउदै, सम्झाउदै मन्त्रीले ती भेडाहरूलाई जिम्मा लगाउदै भने- "यी भेडाहरूलाई बजार लगेर काटेर नखानु र कसैलाई बिक्री पनि नगर्नु तर तिमीले भेडाका ढाडमा दुई दुई बोरा चामल बोकाएर ल्याउनु ।" चतुर मन्त्रीको छोरो बाबुको आज्ञा बमोजिम भेडा लिएर बजार गयो बजारमा डुलिनै रह्यो । पैसा त ऊसँग थिएन चामल कसरी किनोस् । बुबाले भेडालाई दुई दुई बोर चामल बोकाएर ल्याउन भन्नेकुरालाई कसरी पूरा गर्ने भन्ने चिन्ताले उसलाई पिरोल्यो त्यसैले ऊ निराश भएर थचक्क बसेको थियो । संयोगबस एउटी युवती त्यही बाटो कतै तिर हिँडिरहेकी थिइन । त्यस स्थानमा उनले त्यो नौलो केटो निराश भएर बसेको देखेर छेउमै गएर किन निराश भएर बसेको भनेर सोधिन । त्यो केटोले भन्यो- मेरो बुबाले मलाई सयओटा भेडाहरू दिनुभएको छ, उहाँले भेडाका ढाडमा दुई दुई बोरा चामल पनि बोकाएर ल्याउनु तर कुनै भेडा नमार्नु ,नबेच्नु भन्नुभयो ,पैसा दिनु भएन युवती बाठी थिइन उनले तुरून्तै समस्याको हल निकालिन । उनले यो कुनै कठिन काम होइान भन्दै उपाय सिकाइन - "भेडाहरूको ऊन काटेर बेच र त्यसैबाट चामल किनेर लैजाऊ ।" केटाले त्यसै गर्‍यो । ऊन बेचेर भेडाको ढाडमा दुईदुई बोरा चामल बोकाएरूल्याएको देखेर चतुर मन्त्री छक्क पर्‍यो अनि खुशी पनि भयो । ऊ आफ्नो छोराको परीक्षा फेरि लिन चाहन्थ्यो । भोलिपल्ट फेरि प्रत्येक भेडालाई दुईदुई बोरा चामल बोकाएर ल्याउन अह्रायो । उसको छोरा यस पटक अझै निराश भयो ऊ हिजोकै ठाउँमा पुग्यो र बस्यो जहाँबाट एक युवतीले उसको पहिलो समस्या हल गरिदिएकी थिइन । ऊ त्यही स्थानमा बसेर फेरि ती बुद्धिमती युवती आएर केही उपाय सिकाइ दिन्छिन कि भनेर बाटो हेर्न थाल्यो । पुनः ती युवती पनि आइपुगिन । युवती आउने वित्तिकै केटाले समस्या पनि तेर्स्याइ हाल्यो । युवतीले भनिन - "कसैले निराश हुनु पर्दैन धैर्य गर र अलिकति बुद्धि प्रयोग गर्‍यो भने समाधान गर्न सक्ने छौ । भेडाका सिङहरू धेरै किमती हुन्छन- काटेर बेच र पैसा कमाऊ त्यही पैसाले चामल किनेर

भेडालाई बोकाएर घर लैजाऊ ।" मन्त्री चतुरले विश्वास गरेको थिएन कि उसको छोराले समस्याको हल गर्न सक्छ भनेर तर यस पटक पनि छोरा भेडाहरूलाई चामल बोकाएर घर फर्केको देखेर ऊ छक्क पर्‍यो । छोराको बुद्धिले यो काम गरेको अवश्य पनि होइन, यसलाई सिकाउने कोही चलाख व्यक्ति हुनु पर्छ भन्ने सोचेर उसलेछोरालाई सोध्यो-"नढाँटी भन त छोरा तिमीलाई यस्ता जुक्ति कस्ले सिकायो ?" छोराले पनि नढाँटिकन सबैकुरा बुबालाई सुनायो । छोराको कुरा सुनेर मन्त्री धेरै खुशी भए । उनले मनमनै सोचे ती युवतीसँग छोराको विवाह गरिदिएँ भने मेरोछोरा पनि बुद्धिमान हुनरहेछ । आफ्नो मनको कुरा लुकाउदै चतुर मन्त्रीले छोरालाई भन्यो- "छोरा, ती युवती साँच्चै बुद्धिमान छिन भने उनीसँग खरानीको डोरी बाट्न लगाएर ल्याऊ ।"

चतुर मन्त्रीको छोरो ती युवतीलाई आफ्ना बुबाले खरानीको डोरी बाट्न लगाएर ल्याउनु भनेको कुरा गर्न फेरि बजार गयो सधैं झैं उनलाई भेट्यो र कुरा सुनायो । त्यो सुनेर युवतीले मुसुक्क हाँसिन । उनले सुकेको परालको डोरी निकै मोटो पारेर बाटिन् । त्यो बाटेको डोरीलाई काठको पातलो फल्याकमा राखेर बालिन । सुकेको परालको डोरी एकै छिनमा खरानी भयो । डोरीको नक्शा चाहिं जस्ताको त्यस्तै भयो । उनले त्यो काठको फल्याक नहल्लाईकन होसियारसाथ चतुरको छोरालाई दिइन र होसियार साथ लान भनिन् । छोराले त्यो खरानीको डोरी लगेर बुबालाई दियो । मन्त्रीले युवतीको चतुर्‍याईं देखेर धेरै नै खुशी भए । चतुर मन्त्रीले आफ्ना छोराको लागि विवाहको प्रस्ताव लिएर युवतीको बाबुआमालाई भेट्न गए । युवतीका बाबुआमा मन्त्रीको छोरा आफ्नी छोरीको लागि प्रस्तावमा आएकोले खुशीसाथ विवाह गरिदिए । मन्त्रीले ती चलाख युवतीलाई आफ्नी बुहारी बनाएर छाडे । ती युवतीको साथ पाएर मन्त्रीको छोरा पनि जान्ने सुन्ने भयो । दुई चार महिना पछि नै त्यो युवक पनि चलाख र सिपालु बन्यो । विस्तारै उसको नाम दरबारमा चल्न थाल्यो । राजाले उसलाई बोलाएर मान पद्वी पनि दिएर दरबारमै राखे । यसरी मूर्ख केटो चलाख केटीकोसाथ पाएर बुद्धिमान बन्यो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.६ मूर्ख ज्वाईं

एकादेशमा एउटा मूर्ख रहेछ । मूर्ख भएकै कारणले उसको दाजुले अलि ढिलो गरेर एउटी केटी खोजेर बिहे गरि दिएछ । लोग्ने साह्रै भनेको नमान्ने भएकोले बिहे गरेको केही महिनामा नै स्वास्नी माइत गएर बसिछ । स्वास्नी माइत गएर बसेपछि मूर्खले स्वास्नी लिनका लागि ससुराली जान्छु भनेर घरमा भनेछ । ससुराली गएर के भन्छस् भनेर सोद्धा असल भो जाती भो भन्छ≠ भन्दै दही ठेकी बोकेर बाटो लागेछ । अलि पर पुगेपछि केही आइमाईहरू सुँगुरलाई चारो पिडालुका साँप्राको भारी लगाएर चैतारोमा बसेका रहेछन र भनेछ हैन हओ मलाई त्यो साँप्रो देओ न मलाई त्यो सारै मन पर्‍यो भनेर दही ठेकी सँग एउटा साँप्रो साटेर खुशी हुँदै जङ्गलको बाटोमा हा हा हा भन्दै गएछ । जङ्गलमा सिकारीले चरालाई पासो थापेका रहेछन हा हा हा को आवाजले सबैं चराहरू हच्किएछन । पासोमा पर्न लागेका चराहरू मूर्खका कारणले हच्किएपछि सिकारीले त्यसलाई बेस्सरी पिटेछन । अनि के भन्नु त भन्दा ,- एकएक पासामा तीन तीान परुन,एक एक पासामा तीन तीान परुन भन्दै हिंड्नु भनेछन । अनि ऊ पनि एक एक पासामा तीन तीान परुन, एक एक पासामा तीन तीन परुन भन्दै हिंड्छ । अलि पर बाटोमा तीनजना चोरहरू चोरेको सम्पति बाटोको छेउमा बसेर बाँड्दै रहेछन । मूर्खले एकएक पासामा तीनतीन परून भनेको सुनेपछि हैन यो त एकएक पासामा तीनतीन परून पो भन्दो रहेछ  भनेर सक्दो कुटेछन ।अनि के भन्नु त भनेर सोद्धा यो खेप पुर्‍याइ सक्दा अर्कोखेप ठीक होस भन्दै जा भनेछन अनि ऊ पनि त्यसै भन्दै गएछ । बाटामा लास लिएर मलामीहरू आउँदै गरेको भेटेछ यो त कस्तो अभासी पो बोल्दो रहेछ भनेर फेरि मारस“ग कुटेछन । त्यसो भए के भन्नु त भनेर सोधेछ “यस्तो कहिल्यै नहोस”भन्दै जा भनेछन । ऊ पनि यस्तो कहिल्यै नहोस भन्दै जाँदै गर्दा एउटा राजकुमारको धुमधाम सँग बिहे आउँदो रहेछ यस्तो सुभकार्यमा यस्तो  बोल्छस भनेर जन्तीले मारसँग फेरि कुटेछन । अनि के भन्नु त भनेर सोधेछ - केही भन्नु पर्दैन चुप लागेर जा भनेछन । त्यसपछि चुपचाप लागेर ससुरालीप पुगेछ । ससुराली पुगेपछि ससुराले सोधेछन् के छ ज्वाईं खबर भन्दा राम्रै छ वेशै छ भनेछ । ससुराले फेरि यसपाल त पानी पनि परेन,धान पनि फलेन भन्दा जाती भो वेश भो भनेछ । बोक्सीले खाएर तिम्री सासू पनि मरी, हलको गोरू पनि भीरबाट लडेर मर्‍यो भन्दा जाती भो वेश भो भनेछ अनि यस्तो मूर्खले छोरी पाल्दैन भनेर ससुराले छोरी पठाइ दिएनछन । ऊ एक्लै घर गएछ घर पुगेपछि दाजुले खोइ बुहारी भन्दा पठाएनन् भनेछ । उहाँ गएर के भनिस त भन्दा पानी परेन अन्न फलेन भन्दा जाती भो असल भो भने, सासू पनि मरिन र हलको गोरू पनि भीरबाट लडेर

मर्‍यो भन्दा असल भएछ राम्रो भएछ भने भन्दा थुक्क बजिया हुनुहार भएछ दुःख लाग्यो भनेको भए पो स्वास्नी पठाउँछन त भनेपछि मूर्ख छ महिना पछि अर्को पटक स्वास्नी लिन भनेर फेरि ससुराली गएछ । ससुराले के छ ज्वाईं खबर यहाँ त यस पटक पानी पनि पर्‍यो धान पनि फल्यो, तिम्री सासू पनि अर्की ल्याएँ भन्दा हुनुहार भो साह्रै दुःख लाग्यो भनेछ । यस पटक पनि यस मूर्ख ज्वाईंले छोरी पाल्दैन भनेर उसलाई एक्लै घर पठाइदिएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.७ भाबीले लेखेको मेटिँदैन

एकादेशमा एउटा गाउँ थियो । त्यहाँ एउटा धेरै धनी मानिस थियो उसलाई सबैथोक पुगिसरी आएको थियो । उता पारि पट्टीको गाउँमा धेरै गरिबहरू बस्छन् भन्ने पनि उसले सुनेको थियो । एकदिन गरिबहरू कसरी जीवन चलाउ“दा रहेछन भनेर उसलाई बुझ्न मन लागेछ र खबर थाहा पाउन भनेर घरबाट हिँडेछ । घुम्दै घुम्दै जाँदा एउटा केही नभएको तन्नमकोमा बास बस्न पुगेछ । त्यो धनी मानिसले त्यस घरमा बास मागेछ । त्यो घरको बूढी आमै बाहिर निस्किएर “बाबै हामी त सारै गरिब छौं, घरमा ६ दिनकी सुत्केरी छ, ओड्ने ओछ्याउने, खान पिउने पनि केही छैन ” भनेर भनिछे । त्यो सुनेर धनी मान्छेले “मुलाई केही चाहिंदैन, मु यहीँ सिकुवामा बस्छु ।” भनेछ । त्यसपछि हामीलाई पाप नलागोस दिने केही छैन भन्दै भित्र पसेर अलिअलि केही सिस्नुपानी खाइ बुढी आमै र सुत्केरी दैलो ठोकेर सुतेछन । बाहिर धनी मान्छे साँघुरो ठाउँमा खुट्टा दैलोमा तेर्स्याएर सुतेछ । आधारात भएपछि भाबी आएर यो दैलोको गोडा झिक, मलाई धेरै घुम्नु छ हतार छ भनेछ । त्यसपछि त्यो धनी मान्छेले तिमी को हौ ? किन आएको भनेर सोद्धा “ म छैठौंकी देवी भाबी हुँ यहाँ भित्र ६ दिनको बालकको छैटौं भाग्य लेख्न आएको भनेपछि के लेख्छौ फर्किदा मुलाई भन्नुपर्छ नत्र गोडा निकाल्दिन भनेपछि भाबीले हुन्छ भनेर सर्त गरेछ । धनी मानिसले गोडा झिक्ने बित्तिकै दैलो आफैं उग्रिएछ भित्र गएर बालकको भाग्य लेखि दिएपछि भाबी बाहिर निस्किदा धनीले के लेख्यौ ? भन भनेछ, “पारि एउटा धनी मान्छे छ उसको सम्पति खानू ” भनेर लेखिदिएँ भन्दै बाटो लागेछ । अब धनी मान्छेलाई रातभर चिन्ताले निन्द्रा लागेनछ । विहान उठेर त्यस घरका गरिब दम्पतिलाई अनेक लोभ देखाएर त्यो बालक मागेर लानको लागि फकाउन थालेछ - “म एउटा लैनो गाई दिन्छु,

एकमुरी धान पनि दिन्छु यो बालक मुलाई देओ पछि १५/१६ वर्ष भएपछि ल्याइदिन्छु अहिले कोक्रैबाट यो बालक मलाई दिए तिमीहरूको घरको समस्या देख्दा मलाई सारै माया लागेर आयो तिमेर्को समस्या पनि हल हुन्छ बालक पनि हुर्किन्छ" भनेपछि विचरा गरिब दम्पतिलाई पनि लोभ पसेछ । अहिले लैनो गाई पनि पाइने, धान पनि पाइने पछि छोरो पनि ठूलो भएपछि आउने विश्वासमा परेर त्यस धनी मान्छेलाई बालक दिइ पठाएछन । उता धनी मान्छेले भने पछि हुर्किएर मेरो धन खाने यही हो । यसलाई अहिले नै कोक्रै सँग नदीमा नबगाई हुँदैन भनेर नदीको बीचमा पुगेर बालकलाई कोक्रैसँग नदीमा फालिदिएर खुशी हुँदै आफ्नो बाटो लागेछ । त्यही नदीमा गाउँका गरिब जल्लरीहरू मछाको लागि जाल थाप्दै आउँदा रछन । त्यसैबेला नदीमा बग्दैबग्दै गएर एउटा जल्लरीको जालमा त्यो कोक्रो परेछ जल्लरेले झिकेर हेर्दा एउटा सुन्दर बालक देखेछ । नदीमा जालहान्दै गेरेका सबै जल्लरीहरू भेला भएर हेर्दा बालकलाई गाउँकै गरिबको हो भनेर चिनिहालेछन । विचराले खानदिन नसकेर नदीमा फालेछन भन्दै बालकलाई बोकेर यसरी बच्चा नफाल्नु पाप लाग्छ भनेर बाबुआमाकोमा लगेर जिम्मा लगाइदिएछन । आफ्नो बच्चा देख्ने बित्तिकै एउटा साधु आएको थियो उसले म लगेर राम्ररी पाल्छु,हुर्काउँछु,बढाउँछु र पछि ठूलो भएपछि ल्याइदिन्छु,तिमेर्को सारै दुख्ख रछ भनेर लगेको थियो कस्तो अपराधी रहेछ भन्दै बच्चालाई सुमसुम्याउँदै म्वाइँ खाँदै रूदै आफ्नो बच्चा समाल्न थालेछन ।

त्यसको १३/१४ वर्ष पछि त्यो बालक पनि बढेर एउटा सुन्दर युवा भएछ उसलाई ती गरिब बाबुआमाले सारै दुःख कष्ट गरेर हुर्काएछन । त्यसैबेला उता पारिको त्यो धनी मान्छे के रैछ त्यस घरको चाल भनेर घुम्दै बुझ्न भनी साधुको भेष धारण गरी बास बस्ने बेला पारेर फेरि आएछ । उसले गरिबहरुको सारै उपकार गर्ने बताएछ । त्यही घरमा आएर यस्ता पापी पनि मान्छे हुन्छन भनेर पुराना कुरा समेत सुनेको भान पार्दै आफू त्यस्ताको विरोध गर्ने सच्चामान्छे बताउदै विहानै उठेर एउटा चिट्ठी पारी गाउ"को धनी मान्छेकोमा पुर्याइ दिनु भनेर पचास रूपैयाँको नोट पनि दिएछ । त्यो केटाका बाबुआमाले त मानेका थिएनन तर पैसा देखेपछि मै पुर्याइ दिन्छु भनेर त्यो घरको केटाले चिट्ठी दौराको तुनामा बाँधेर हिंडेछ । खोला तरेर उकालो चढ्दै जाँदा केटालाई थकाइ लागेर एकछिन चौतारोमा सुतेको त निदाएछ । त्यस धनी मान्छेका छोरीहरू बाखा बस्तु हेर्न त्यतै आएका रहेछन । एउटा निदाएको युवा केटो चौतारोमा देखेपछि को रैछ भनेर छेवैमा गएर हेर्दा अत्यन्तै राम्रो केटो देखेछन ।उसको दौराको तुनामा एउटा चिट्ठी जस्तो पनि देखेछन

।त्यो चिट्ठी बिस्तारै खुस्काएर हेर्दा त उनीहरूका बाबुले दाजुलाई लेखेको रैछ "हाम्रो सम्पति खाने केटो यही हो यसलाई हाम्रो घरमा आइपुग्ने बित्तिकै मारेर मजेरीमा गाड्नु" भनेको रैछ । ती केटीले त्यो चिट्ठी पढेपछि हाम्रा बाबु त सारै पापी रैछन यस्तो राम्रो केटालाई कसरी मार्नु बरू यो चिट्ठी साटिदिउँ भनेर मार्नको सट्टा रोजी छोरीसँग बिवाह गरिदिनु भन्ने बनाएर केटालाई ब्यूँझाएर स"गै घर लिएर गएछन । पारिबाट एक जना साधु बाबाले दिएको भन्दै धनीको एउटामात्र छोरालाई चिट्ठी केटाले दिएछ । चिट्ठीमा जुनबैनी मन पराउँछ त्यही बैनीसँग बिहे गरिदिनु भन्ने खबर बुबाले लेखेको कुरा आमालाई पनि सुनाउँछ । उता चौतारामा चिट्ठी साटेको ती दिदी बहिनी बाहेक कसैलाई थाहा भएनछ । त्यो केटासँग एउटी छोरीको धुमधाम साथ बिहे भएछ । बिहेको तेस्रो दिन शिला पुज्नको लागि ज्वाइँ भएर बसेको बेला साधुको भेष लिएर धनी मान्छे आइपुगेछ । घरमा त्यो केटोलाई मारेहोला भन्दै आउँदा त केटो त ज्वाइँ भएर पो बसेको देख्न नसकी ऊ बाहिर गेटैबाट फर्किएर सरासर कामीको घरमा गएर भनेछ "यहाँ एउटा केटो आउँछ त्यसलाई पकापक घनले हानेर मारी खोल्सामा लगेर फालिदिनु तिमीलाई म १०० रूपैयाँ दिउँला " घरमा जा"दा छोरो दही लिन भनेर अघि नै गोठ गैसकेको रैछ । छोरो नभएको मौका पारी ज्वाइँलाई बोलाएर ससुराले भनेछ,- "ए ज्वाइँ यो जुत्ता कामीकोमा लगेर काँटी ठोकेर लेऊ लेऊ मैले टाढा हिँड्नु छ भन्दै कामीकोमा जाने बाटो यही हो भनेर देखाएछ । ज्वाइँ पनि ससुराको आदेश बमोजिम जुत्ता बोकेर हिंडेछ ।अलि पर पुग्दा दही लिएर छोरो गोठबाट आउँदै रहेछ । उसले ज्वाइँलाई देख्ने बित्तिकै के हो ज्वाइँ त्यो भनेर सोधेछ -"बुबा भर्खर परदेशबाट आउनु भयो फेरि कतै जानु छरे जुत्ता फाट्न आँटेको रैछ कामीकोमा लगेर काँटी ठोकेर ल्याउन मलाई पठाएको"भनेर ज्वाइँले भनेछ छोराले हाम्रा बाबुपनि कस्ता पापी रैछन बिहे गरेको ३ दिन भा छैन ज्वाइलाई जुत्ता बोकाउने भन्दै खोइ लेऊ ज्वाइँ जुत्ता म पुर्याएर ल्याउँछु ,तिमी यो दही बोकेर लैजाऊ भन्दै जुत्ता बोकेर कामीकोमा गएछ । कामीले अघि बुढाले भने झैं छोरो पुग्ने बित्तिकै घनले पकापक हानेर मारेछ । उता ज्वाइँ दही लिएर घरमा पुग्ने साथ ससुराले खोइ जुत्ता भनेर सोद्धा दाजुले बनाएर ल्याउने रे भन्ने साथ आफू ताक्छु मुढो बन्चरो ताक्छ घुँडो भन्दै बुढो कामीकोमा दौडेर पुग्दा कामीले छोरो अघिनै मारिसकेछ अनि बुढाले पनि त्यही घन टिपेर आफूलाई पनि टाउकामा हानी त्यहीँ मरेछ त्यसपछि त्यो घरको सबै सम्पति त्यही केटाले ससुराली मै बसेर आनन्दसँग खाएछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.८ आयु दिएकी स्वास्नीको चाला

एकादेशमा एकजना मानिस रहेछन । उनका तीन भाइ छोरा रहेछन । ती तीन भाइ मध्ये दुई भाइ चाहिं अंशबण्डा गरेर बस्ने भएछन तर कान्छो भाइ चाहिं डुल्न घुम्न परदेश जाने भएछ । कान्छो डुल्नजाने भएपछि उसकी श्रीमती पनि लोग्ने सँगै नगइ नछाड्ने भइछ ।आफ्नी स्वास्नीले लिँडेढिपी गरेपछि कान्छाले पनि श्रीमती लिएरै परदेश हिँडेछ ।

जङ्गलको बाटो हिंड्दाहिंड्दै जाँदा बाटोमा एउटा लामो बिषालु निस्केर श्रीमतीलाई डसेछ । त्यसपछिश्रीमती पनि मरिछ । आफ्नी प्राणभन्दा प्यारी सुखदुःखमा साथदिने श्रीमती मरेपछि शिवजीले सतीलाई बोकेझैं बोकेर रूँदै कराउँदै अलाप विलाप गर्दै त्यो कान्छो भाइ हिँड्न थालेछ । उसले यसरी रोइकराइ गरेको थाहापाएछन त्यसपछि ब्रह्मा, विष्णु आएर सम्झाउन थालेछन । उसले आफ्नी श्रीमतीलाई जसरीभएपनि बचाइ दिनु पर्‍यो भनेर विन्तिभाउ गरेछ ।ब्रह्मा विष्णुले भनेछन - तिम्री स्वास्नी आफ्नो आयु सकिएर मरेकी हुन त्यसैले तिमी आफ्नो आयु दिन्छौभने मात्रै बचाउन सक्छौं भन, भनेपछि उसले आधि आयु दिएछ र ब्रहमा विष्णुले आयु थपेछन अनि उसकी स्वास्नी बाँचिछ ।

आफ्नो आयु दिएर बाँचेपछि लिएर जाँदै गर्दा बाटामा एउटा साधुको कुटीमा पुगेछन । केहीबेर बसेपछि धेरै पियास लागेछ । पानी खान लोग्ने कुवामा गएका बेला त्यस साधुले उसकी स्वास्नीलाई भनेछ, तिम्रा पुरूषलाई मारेर तिमी यहीं बस भनेर फकाएछ, उसले साधुको कुरालाई मञ्जुर  गरेर कसरी मार्नु भनेर सोधिछ । साधुले भनेछ, " तिम्रा पुरूष आएपछि मलाई पनि प्यास लाग्यो भन्नु अनि उसले पानी खाएर आऊ भन्दा म झिक्न सक्तिन तपाईंले झिकिदिनु भन्नु अनि पानी झिक्न कुवामा निहुरिएका बेला खुट्टामा समातेर कुवामै खसाली दिनु " भनेर सिकाएछ । त्यसपछि स्वास्नीले पनि त्यसै गरिछ र लोग्नेलाई मारेर आइछ । त्यसैबेला पानी लिन आएका दुईजना मान्छेले देखेछन र उसलाई तानेर बचाएछन ।

त्यहाँबाट आफूले आफ्नु आदि आयु दिएर बचाएकी आफ्नी अनविश्वासी स्वास्नी देखि दिक्क लागेर उसलाई त्यहीँ छाडेर अर्कै देशमा गएर एउटा राजाको प्यारो ढोके भएर बसेछ । केही समय पछि  त्यहाँका राजाले दरबारमा बिशाल नृत्य कार्यक्रमको आयोजना

गरेछन । उता ढोकेकी स्वास्नीलाई पनि साधुले कुटीमै नाच्न गाउन पन्ना बनाएछ । धेरैतिरबाट नाचमा भागलिन आएछन । साधुकोसाथ उसकी स्वास्नी पनि कार्यक्रममा भागलिन आइछे । उसले असाध्यै राम्रो नाच पनि देखाइछ ।उसको नाचलाई सबैले पैसा पनि दिएछन । उता उस्को लोग्ने चाहिले उसलाई अघिनै चिनिहालेछ । सारै अचकाली गरी नाची यसले भनेर उसले आफ्नो हातको औंठी फुकालेर दिएछ । उसले त्यो औंठी हातपर्ने वित्तिकै यो त मेरो पोइको हो यो त पोइ पो रहेछ यस्ले चिनेछ अब यस्ले मलाई झन दुःख दिन्छ भन्ने सोचेर भोलिपल्ट पनि झनझन नाच्न गाउन थालिछ । त्यो देखेर राजाले होइन तिमीलाई त मैले हिजै विदा गरेको किन यस्तो अचाक्ली गरिस भनेर सोध्दा उसले भनिछ, “ महाराज मलाई हिजो औंठी दिने मान्छेलाई मराउन माग्छु ” भनिछ । त्यसपछि राजाले गोली हान्ने पोलिसलाई बोलाएछन र पालेलाई मार्ने आदेश दिएछन । पालेले म केही कुरा भन्छु अनि मात्र गोली हान्नु भनेछ । राजाले पनि उसको कुरालाई मञ्जुर गरेछन । त्यसपछि पालेले भनेछ मैले अबर परेको बेलामा कसैलाई केही दिएको थिएँ, त्यो अहिले माग्दा पाउँछु कि पाउँदिन भनेर सोध्दा राजाले पाउँछस भनेछन । पाइन्छ भने मैले आधा आयु दिएर बचाएकीत्यो हिजो अस्ति सारै नाच्ने मेरी स्वास्नीको आयु फिर्ता पाउँ भनेछ त्यसपछि आफ्नै लोग्नेलाई मार्ने स्वास्नीको मृत्यु भएछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.९ साथीहरू पनि बोलन

एकादेशको एउटा गाउँमा एक जोडी दम्पति बस्तारहेछन । उनीहरूको एउटामात्र छोरो रहेछ । एउटामात्र छोरो भएकोले बुबाआमाले छोराको बिहेकालागि केटी हेरी बिहे गर्ने कुरा छोरालाई सुनाएछन । उनीहरुको छोराले बुबाआमाले हेरिदिएको केटी मन पराइदिएनछ ।आफूले हेर्दिएको केटी मन नपराएपछि आफैंले हेरेर रोजेर ल्याउन सल्लाह दिएछन । छोराले पनि आफैंले हेरेकी मनपर्दी केटी बिहे गरेछ ।उनीहरू बीच असाध्यै गहिरो प्रेम बसेछ । बिहे गरेको केही महिना पछि उसका बाबुआमा पनि खसेछन । अब भने उनीहरु दुईजना मात्र बाँकी रहेछन । उनीहरूको प्रेममय जीवनको चिनो स्वरुप वर्ष दिन पछि एउटा छोरो जन्मिएछ तर त्यसले लामो आयु लिन नसकि एक वर्ष पुग्दा नपुग्दै मरेछ । छोराको स्वकले ती दुई दम्पति सारै नै रोएछन । पहिले जन्मिएको छोरो मर्दा स्वकलाई शान्त्वना दिन

गाउँघरका मानिसहरूको धुइरो लागेछ । तिनीहरूको बिलौनाबाट गाउलेहरू नै रोएछन । छोरो खसेपछि पनि ती दम्पतिको प्रेम , आत्मीयता र सदभाव कतिपनि घटेनछ ।

विहान दिउँसो काममा एकले अर्कालाई नसघाइ चित्त बुझाउदैनथे ।लोग्ने चाहिँ आफ्ना कुनै ऋण धनका कुरा स्वास्नीलाई नलुकाई सबै सुनाउथ्यो र स्वास्नी पनि आफ्नो लोग्नेलाई खाना नखुवाइ आफू कहिल्यै खाँदिनथिन । गाउाका छिमेकीहरूलाई पनि उनीहरूको जीवन पद्धति राम्रो उदाहरण नै भएको थियो । यसरी नै उनीहरूको दाम्पत्य जीवन वित्तै थियो । प्रेम र सुखमय भएर चलेको त्यो दाम्पत्य जीवनमा एकाएक कालो बादल लाग्न थाल्यो । लोग्ने चाहि अचानक विरामी पर्‍यो । कति औषधी उपचार धामी झाक्री झारफुक गरेपनि बिराम वीसको उन्नाईस भएन छ । बिराम झनझन बढ्दै गयो । लोग्नेलाई आफू बाँच्दिन भन्ने लाग्यो । ऊ त्यसरी बीचैमा आफ्नो प्यारीलाई छाडेर जानुपर्दा बोल्न नसकि केवल रुने मात्र गर्न थालेछ ।

एकदिन गाउका सबै मानिसहरू भेलाभएको बखतमा बिरामी लोग्नेले भनेछ, " प्यारी अब मेरो जाने बेला भो, तिमीले छरछिमेकी साथी भाइ र इष्टमित्रको सहयोग लिनु है " भनेर लोग्नेले अन्तिम सास तानेको देखेर स्वास्नी छटपटाउँदै अलाप विलाप गर्दै रून थालिछन । गाउँका सारा लोग्ने मानिस र आइमाई उसलाई शान्त्वना दिन आएछन । प्यारी लोग्नेको वियोगमा छाती पिटि पिटि मूर्छा पर्दै रून कराउन थालिछन । ऊ विलाप गर्दै भन्न थालिन अस्ति भर्खर सानो छोराले पनि छाडेर गयो । आज उहाँले पनि छाडेर जानुभयो अब कस्ले साथ दिन्छ ? गाउँको हर्केले साथदिँदै भनेछ ,प्यारी चिन्ता नगर म छदैछु नि ! प्यारी आत्मा वेदना पोखिरहन्छे । मेलापात,घा“स दाउरा गर्न वन जा“दा साथैमा हुनुहुन्थ्यो अब को हुन्छ ? हर्के फेरि भन्छ, प्यारी म छँदैछु नि ! प्यारी फेरि बिलौना गर्छे तपाईंले खाने ठूलो थालमा भात कस्ले खान्छ ? हर्के सान्त्वना दिंदै भन्छ , प्यारी म छँदैछु नि ,प्यारीको वेदना रोकिदैन । हिजो त्यो ओछ्यानमा थियौ, अब को सुत्न आउँछ ? हर्के मै आउँछु नि !भन्छ । प्यारी झन वेदना गर्दै भन्छे , माथि रामे साहुका पाँच हजार तिर्न छ भन्नुहुन्थ्यो, त्यो कस्ले तिर्दैला ? हर्केलाई अब सकस परेछ र भनेछ,"साथीहरू पनि बोलन, मैले मात्र कति गर्नु!।"सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.१० सबै चोरै चोर

एकादेशमा तीन जना कुख्यात चोरहरू रहेछन । ती चोरहरू ले सारादेशका जनतालाई चोरेर असाध्यै दु:ख दिएका रहेछन । चोरको बिगबिगी राजाकहाँ पनि खबर पुगेछ ।राजाले त्यो खबर सुनेपछि ती  चोरहरूलाई जसरी भएपनि पक्रेर फाँसी दिनु भन्ने आदेश भएछ । पोलिसहरूले एकदम सक्रिय भएर राजाको आदेश पालन गरी दिनको एउटा चोर पक्रदै ल्याउदै मार्न थालेछन । पहिलो दिन एउटा, दोस्रो दिन दोस्रो चोर मारिसकेछन । तेस्रो दिनमा तेस्रो चोरको मार्ने पालो आएछ । पोलिसले तेरो केही अन्तिम भन्ने इच्छा के छ ? भनेर सोधेछ । चोरले भन्नु त छ तर राजासँगमात्र भन्छु ,भनेछ । त्यसपछि त्यस चोरलाई राजाकहाँ पुर्‍याएछन । दरबारमा चोरलाई देखेपछि राजाले तेरो भन्नु केही छ ?  भनेर सोधेछन । " महाराज म सुनको खेती गर्थें, यो जगतमा जति सुन छ त्यो सबै मैले नै मैले फलाएको हो; म मरेपछि सुन मरेर जान्छ त्यसकारण म मर्नुभन्दा अगाडि सुन रोप्न सिकाएर मरूँ भन्ने अन्तिम इच्छा छ भनेछ ।" त्यसपछि राजाले सुनको बिऊ र जमीन तयार गर्न लगाएछन । सुनको बिऊ र जमीन तयार भएपछि राजा ,रानी ,मन्त्री र चोर चारैजना सुनरोप्ने ठाउँतिर गएछन । त्यसरी सुनरोप्न तयार गरेको ठाउँमा पुगेपछि राजाले चोरलाई भनेछन - चोर तँ यो सुन रोप  चोरले भनेछ  "महाराज चोरको हातले रोपेको त फल्दैन मौसुफ आफैले रोपिवक्से हुन्थ्यो" त्यसपछि राजाले भनेछन कि " मैले त सानो छँदा बाबुको गोजिको धेरै पैसा झिकेको छु"  त्यसैले तिमी रोप रोप रानी भनेर रानीलाई अराएछन । रानी पनि राजाका कुरा सुनेपछि मैले पनि माइतबाट धेरै धन सम्पति  चोरेर यहाँ ल्याएकी छु"।मैले पनि रोपेको फल्दैन होला भनेर भनिछन । अब राजाले मन्त्रीलाई बोलाएर तिमी रोप मन्त्री भन्दा मन्त्रीले भनेछ कि  "राजाको ढिकुटी रित्तो बनाउने चोर नै मै हुँ"भनेछ ।त्यसपछि चोरले भनेछ "महाराज हामी सबै चोरैचोर रहेछौं मैले पनि बा"च्न पाए कसो होला" त्यसपछि "यस चोरलाई नमार्नु  फुर्सद दिनु" भनेर राजाले आदेश दिएछन।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.११ अल्छी छोरा र बूढो बाबु

धेरै पहिलेको कुरा हो । एउटा गाउँमा बूढो बाबु र उसका दुई छोरा बस्ता रहेछन् । उनीहरू काम गर्न सारै अल्छी मान्ने र खान भने मीठो खोज्ने खालका रहेछन । बाबुले

सकुन्जेल त छोरालाई राम्ररी खान दिएर सुखसँगै पालेछन् तर बूढो भएपछि राम्रो खुवाउन सक्न छोडेछन् । अचानक एकदिन बूढा सारै बिरामी परेर छोरालाई अब म बाँच्न सक्दिन तिमीहरू अल्छी छौ, अल्छीपना त्यागेर राम्ररी गरिखानू भनेछन् । बाबु एकदम सिकिस्त भएका बेला छोराहरूकुरा गर्न थालेछन, -एउटाले भनेछ- 'अब हाम्रा बा मर्न लागे र मरेपछि कहाँ जलाउन लाने ? अर्को छोराले भनेछ,-'तमोर लानु पर्छ अर्कोले भनेछ,' होइन टाढा लाँदा खर्च लाग्छ नजिकको घाट खोरूङ्गा र ताङ्माया दोभान लानु पर्छ . एकले तमोर अर्कोले दोभान भनेर तँछाड मछाड गरी बाज्न थालेछन । छोराहरू बाजेको सिकिस्तबाबुको कानमा परेछ अनि भनेछन,-खै तिमीहरूले कहीं लानु पर्दैन, त्यो मेरो लट्ठी ल्याओ म आफैं जान्छु भनेर बूढोबाबु लौरो टेकेर घाटतिर लागेछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.१२ मृत राजकुमारबाट छोरो पाउने राजकुमारी

एकादेशमा एउटा राजा रहेछन । उनको एउटा छोरी रहिछन् । छोरीको बिहे गर्ने उमेर भैसकेको थिएछ । यसैबेला उसको घरमा एउटा जोगी आएछ । त्यो बेला उमेर पुगेकी छोरीमान्छे घरबाहिर ननिस्कने चलन रहेछ तरपनि छोरी बाहिर निस्किएर जोगीलाई हात हेराइछ । जोगीले राजकुमारीको हात हेर्दा 'तपाईंको विवाह राजासँग हुन्छ तर विहे भएकै दिन बेहुलाको मृत्यु हुन्छ' भनेछ । यसपछि राजकुमारी चाहिं रूदैरूदै गएर आमा आमा जोगीले यस्तो भन्छ भनेर आमालाई भनेपछि आमाले मेरी एउटी छोरीलाई किन यस्तो भनेको भनेर जोगीलाई भन्दा जोगीले तपाईंकी छोरीको भाग्यमा जे लेखेको छ त्यही भनेको हुँ भनेछ । यो कुरा वरिपरिका देशमा फैलिइ सकेछ तरपनि अर्को एकदेशको राजाले जोगीले जे भनेपनि म त्यही केटीसँग बिहे गर्छु कि गर्छु भनेछ र उसले त्यही राजकुमारीसँग बिहे गरेछ । बिहे सक्ने वित्तिकै त्यही मण्डपमै राजकुमारीको बेहुलो ढलेर मरेछ । मर्नुभन्दा अघि म मर्न त मर्दिन यदि मरिहालें भनेपनि मलाई मान्छेको आगमन नहुने ठाउँमा सुनको खाटमा राखेर जङ्गलमा लगेर राखिदिनु भनेको थिएछ । राजकुमारीको बेहुलो मरेपछि उसले भने बमोजिम नै गरेछन् । एक महिना बित्यो दुई महिना बित्यो राजकुमारीले खालि उसैको याद गरेर बस्न थालिछ । राजकुमारीको नोखरानीले राजकुमारीको दु:ख देखेर तपाईंलाई के हुँदैछ म तपाई को सहायता गर्छु भन्दा मेरो बेहुलो जहाँ लगेको थियो मलाई त्यही बेहुलाको

मृत शरीर भएको ठाउँमा लगिदेऊ भनिछे । त्यसपछि नोखरानी र राजकठमारी लुकेर कसैले थाहा नपाइ राजकुमारको मृत शरीर भएको ठाउँमा गएछन । जाँदाखेरी अस्ति बुढो जस्तो राखेको थियो उस्तै अवस्थामा मृत शरीर भएको देखेछन ।उनीहरू त्यहाँ गएपछि एकछिनमा स्वर्गबाट परीहरू पनि त्यही ठाउामा  नाच्दैनाच्दै आइ पुगेछन । परीहरूले राजकुमारीको बुढोको सिरानीमुनि भएको लट्ठी तानेर उसको खुट्टामुनि राखिदिंदा जिबित मानिस जस्तै उठेर बसेछ । परीहरूले स्वर्गबाट उसलाई विभिन्न खालका परिकारहरू ल्याइदिएका रहेछन । उसले खाँदै गरेछ अनि परीहरू नाच्दै गर्दा रहेछन । उनीहरूले यो सबै कृयाकलाप लुकेर हेर्दा रहेछन । त्यसपछि फेरि लट्ठी उसको खुट्टाबाट झिक्दा ऊ मरेछ । मरेपछि जस्ताको त्यस्तै छाडेर परीहरू त्यहाँबाट गएछन । जङ्गलमा कोही नभएको बेलामा राजकुमारीले उसको बुढाको सिरानीमा भएको लट्ठी झिकेर खुट्टामुनि राखिदिएपछि मृत राजकुमार उठेछ । त्यसपछि राजकुमारी रूदै तपाईं कसरी मलाई छाडेर यहाँ आउनु भो भनिछ ।त्यसपछि नोखरानी घर फर्किइछे र राजकुमारी भने उतै बसिछन । उनीहरू बडामजाले गफगाफ गरिबस्ता रहेछन जब परीहरू आउने बेलाहुन्छ तब राजकुमारी खाटमुनि लुकेर बस्तिरहिछ अनि उनीहरू हिंडेपछि फेरि उनीहरूको भलाकुसारी सुरूहुँदो रहेछ । राजकुमारीलाई खान भने राजकुमारले त्यही खाटको बीचमा एउटा छिंड बनाएका रहेछन त्यहिंबाट खानाखाँदा तल छिराइदिदा रहेछन त्यही खाएर उनी सन्तुष्ट हुँदिरहिछन । बस्ताबस्तै राजकुमारको पेटमा गर्भ रहेछ । त्यसपछि ईन्द्रासनका परीहरूले यहाँ मनुष्यको आगमन छ किन कि यहाँ मनुष्यको गन्ध आउँदैछ भनेर भनेछन । अब तिमी यहाँ बस्नुहुँदैन ,हामीसँगै जानुपर्छ भनेर राजकुमारीको बुढालाई  भनेछन ।त्यसपछि राजकुमारी रोइछन । उनको नानी जन्मिने बेलापनि भएको रहेछ । अनि राजकुमारीको बुढोले मेरीआमा सारै दयालु हुनुहुन्छ । तिमी एउटा बाल्टीमा दूध बोकेर बेच्दै बेच्दै जानु अनि मेरो नानी जन्मने बेलाभएको छ एउटा ठाउँ दिनुहोस भन्नु त्यसपछि ठाउँदिनुहुन्छ त्यहीं सुत्केरी हुनु भनेर बाहिर निस्कने बाटो र ठेगाना दिएछन । त्यसपछि स्वर्गबाट चारजना परीहरू आएर राजकुमारीको बुढोलाई खाटैसँग बोकेर लगेछन । राजकुमारीले राजकुमारले दिएको ठेगाना र भने अनुसार  नै आफ्नो बुढोको घरमा गइछ त्यतिबेलै उसलाई नानी जन्मने बिराम लागेछ अनि आमा मलाई नानी जन्मने बेथा लाग्यो नानी जन्मिने बेलाभाको छ भन्दा आमाले दयालागि एउटा घर दिइछन । घरमा बस्ताखेरी उसको बुढोले स्वर्गबाट खानेकुरा पठाइदिंदा रहेछन । ईन्द्रासनको पान पनि खानासाथ पठाइदिंदो रहेछ । राजकुमारीको पानखाने बानी

रैनरछ । त्यसैबेला उनको एउटा छोरो जन्मिएछ । ६ दिनका दिन राजकमारीको सिरानमा सासुले पान भेटिछन । उनले यस्ले कहाँबाट इन्द्रासनको पान ल्याएको यो त पान पो खाँदिरहिछ भनेर राजकुमारीलाई त्यहाँबाट निकलिदिइछन ।त्यसपछि राजकुमारी रूदैरूदै एउटा जङ्गलमा गइछ । त्यस जङ्गलमा एउटा ऋषि तपस्या गरेर बसेका रहेछन । उनी ६ महिना सुत्ने र ६ महिना उठ्ने गर्दा रहेछन । ती ऋषिको ६ महिना पुगेर उठ्नलाई १/२ दिन बा"कि रहेछ ।ऋषिको जीउमा पूरै घा"स पलाएको रैछ अनि राजकुमारीले यो मान्छे त जिउँदै रहेछ भनेर त्यो जिउमा उम्रेको घाँस उखेल्न थालिछन । उखेल्दा उखेल्दा उनले ऋषिका परेला नै उखेल्दिछन । त्यसपछि ऋषि बिउँभ्फेछन । राजकुमारी छिटो छिटो खाटमुनि लुक्न गइछन । अनि कस्ले यस्तो दुस्साहस गर्‍यो म श्राप दिएर भष्म गराइदिन्छु भनेर भनेछन । राजकुमारीले उठेर हात जोड्दै ऋषि मलाई यस्तो नगर्दिनुहोस म यस्तो दुःख ब्यथालेर आएकी छु भनिछन ।त्यसपछि राजकुमारीले ऋषिसँग मलाई मेरो पतिकहाँ जानेबाटो देखाइदिनुहोस भनेपछि ऋषिले म तेरो छोरालाई हेरिदिन्छु तँ यही बाटो जा भनेर बाटो देखाइदिएछन । ऋषिले फेरि भनेछन् जाँदाजादै तैंले यस्तो नृत्य देखाउनु कि जस्बाट ईन्द्र प्रभावित भएर तैंले जे माग्यो त्यही दिन्छन ।अनि तेरो बुढाले तबला बजाइ राखेको हुन्छ त्यही मागेस भनेछन । नाच्दानाच्दै त्यो राजकुमारीले स्वर्गमा यस्तो नृत्य देखाइछ कि स्वर्गमा सबैको मन लोभ्याइछ ।त्यसपछि ईन्द्र खुशी भएर मैले त यस्तो नृत्य कहिल्यै देखेको थिइन , तिमीले जे माग्छौ त्यही दिन्छु भनेछन । त्यसपछि राजकुमारीले सर्त राखिछन । सर्तअनुसार भएन अथवा मैले मानिन भने म ८० कोस तल नर्कमा भ्फरूम भनेछन । राजकुमारीले तबला बजाउने मान्छे मलाई दिनुहोस भनेर मागिछन । ईन्द्रले माग्न त केही मागिनस तर मेरो ठूलो सप्पति मागिस केही छैन मैले सर्त गरिसकें दिन्छु भनेर भनेछन । त्यसपछि राजकुमारी र उसको बुढोसँगै घर आएछन । आउने बेलामासम्म ऋषिले उनीहरूको छोरालाई अमृतपान गराएर राखेको हुन्छन । उनीहरूले ऋषिलाई धन्यबाद दिन्छन र घरमै आउछन । घर आएपछि उसकी साथीले सबै कथा बताउँछिन अनि सासूले उनीहरूलाई अगाल्छिन । त्यसपछि राजकुमारी र उनको बुढो बढो खुशीसाथ आनन्दले जीवन विताएर बसेछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.१३ रोए किन तिनै जना

एकादेशमा एउटी बुढी र उनको  सानो छोरो बस्ता रहेछन । छोरो दिन प्रतिदिन ठूलो हुँदै गएछ । उनीहरूको धन सम्पति भने रहेनछ । धन सम्पति नभएको कारणले छोरो उमेर पुगेपछि धन कमाउनलाई परदेश गएछ । धेरै दिनपछि बुढीआमालाई परदेशबाट पठाएको चिट्ठी प्राप्त भएछ । बुढी आमालाई पढ्न आउदैन रहेछ । त्यसपछि बुढी आमा बाटोमा गएर  कोही मान्छे आउँछ र चिट्ठी पढेर सुनाइदिन्छ भनेर कुरेर बसिछन । आखिरमा एकजना शैनिक आइपुगेछन । बुढीले त्यो चिट्ठी पढिदिनका लागि उसको हातमा राखिदिइछन । उसले त्यो चिट्ठी पाएपछि हेरेर रून थालेछ । बिचरा बुढीआमा पनि छोरालाई केही नराम्रो भएछ कि क्या हो भनेर डराइ डराइ सोधिछन तर शैनिक केही बोलेन खाली ऊ रोइमात्र रहेछ । बुढीआमा छोरालाई धेरै डरलाग्दो दुख विपत आइपरेछ भनेर रून लागिछन । तिनीहरूरूँदै गरको बेला एउटा कुमाले आइपुगेछ । उसले तिनीहरू दुई जना रोएको देखेर ऊ पनि उनीहरूसँगै रून थालेछ । त्यसैबेला फेरि अर्को एकजना मानिस आइपुगेर के भएर रूनुभएको भनेर सोधेछ । सबैभन्दा पहिले कुमालेले भनेछ-“वर्षभरी म माटाका भाँडा बेच्न घर बाहिर निस्किएको थिएँ मेरो भाग्य बिग्रेको होला सारा भाडाहरू फुटे अनि म रून चाहन्थेँ तर मलाई समय मिलेकै थिएन किन कि म नोक्सानी पूरा गर्नमा तल्लिन भएँ । अहिले यी दुई जना रोएको देखेपछि त्यो नोक्सानीको याद आयो र मैले सोचे रुने बेला यही रहेछ भनेर म रोएको हुँ ।” त्यसपछि बुढीले भनिन् मेरो छोराको चिठी आएको थियो , मलाई पढ्न आउँदैन मैल यो शैनिकलाई पढ्न भनें र ऊ चिठी हेर्नेसाथ रून लाग्यो । चिठीमा पक्कै पनि नराम्रो खबर लेखेको हुनुपर्छ भनेर रून थालें । आखिरमा शैनिकको पालो आयो अनि भनेछ - “साँचो कुरा के हो भनें मैले बच्चापन देखि नै केही पढेको थिइन बुढीआमाको पत्र पढ्न सकिन र मलाई साह्रै लाज लाग्यो । अनि म रून थालें”

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.१४ कान्छो छोरालाई राजगद्दी

एकादेशमा एउटा राजा रहेछन । उनका चारभाइ छोरा रहेछन । एकदिन राजालाई उनका ४ भाइ छोरा मध्ये कुनभाइलाई चाहिं गद्धि सुम्पिदिउ भन्ने बिचार आएछ । अनि उनले चारै भाइ छोराहरूलाई बोलाएर सोधेछन - आज मलाई यस्तो किसिमको सोचाइ

आयो तिमीहरूले पुरागर्न सक्छौ सक्तैनौ ।बुद्धिको चाल अनुसार मेरो यो राज्य सम्पिने इच्छा छ तर मेरो भनाइ तिमेर्ले पुरा गर्दिनु पर्‍यो ।  छोराहरूले प्रश्न चाहिं के हो त भनेर जान्न खोज्दा राजाले भनेछन - म भन्छु ,छोरा हो राम्ररी सुन मलाई यस्तो खालको मासु चाहियो कि कुनै जन्तु मारेर होइन, काटेर होइन, कुनै प्राणी हत्या गरेर पनि होइन मासु चाहिं ल्याउनु पर्‍यो । छोराहरूले बाबुको  इच्छा पुरागर्ने सर्तमा हुन्छ नि बुबा हामी यत्रो प्रजाहरू थाम्ने ,यत्रो राज्य सञ्चालनको सोचाइ पुरागर्ने किसिमका बुबाको सोधाइ आयो हामी पुरा गर्छौं भनेर बुबाले भने अनुसारको मासु खोज्नका लागि चारै भाइ आ-आफ्नो बाटो लागेछन । उनीहरूले सारा खोज्दा त्यस्तो खालको मासु फेला परेन ।बाटामा बिभिन्न किसिमका जन्तुहरू फेलापरे ,तिनीहरूको हत्या पनि गरे। तिनीहरूको प्राणगएको पनि देखे । अब बुबाको प्रश्न त्यतिबेला सोच्छन कि कुनै जन्तु मारेर होइन ,काटेर होइन ,हत्या गरेर होइन मासु चाहिं चाहियो भनेको छ । जन्तु गोली हानेर मारेपछि सास त गैगो । छोराहरू यस्तो खाल्को मासु त होइन भनेर अचम्म परे । छोराहरू दिनरात घुम्दा पनि यस्तो खालको मासु कहिं कतै भटेनन् । चारभाइ मध्ये जेठो माइँलो र साइँलो यस्तो मासु खोज्न सकिदैन ,अब पार लाग्दैन  भनेर दिक्कभइ राजदरबारमा फर्केछन । अनि यस्तो नसक्ने काम किन लाउन भएको बुबा भनेर कुरा राख्न थालेछन ।

उता  कान्छो भाइ चाहिं बुबालाई यस्तो खालको मासु फेला परेन अब कुन गाउँ जाउँ भन्दै अर्कै धेरै परको गाउँमा गएछ । हिंड्दाहिंड्दा उसलाई पियास लागेछ र गाउँको एउटा झुपडीमा गएर दिदी सारै पियास लाग्यो पानी दिनुहोस न भनेछ पानी ता दिन्छु तर मेरो समय छैन ,मेरो एउटा भैंसी थियो त्यो भैंसी अप्ठ्यारो भीरको पाखामा गएर ब्याएछ त्यो भैंसी र पाडो मर्ने हो कि पहिले हेरेर आउँछु अनि पानी दिउँला भनेर भैंसी ब्याएतिर कुदिछे।  त्यतिबेला राजाका छोरालाई झट्ट सोचाइ आयो । त्यो भैंसी कसरी ब्यायो कसरी पाडो लड्छ हेर्न पो जानु पर्‍यो भनेर जाँदा साच्चै भैंसी भीर नजिकको पाखामै गएर ब्याएको रैछ।  भैंसीको पाडो एकापट्टी लडेको र उम्रो अर्को पट्टी झरिरहेको रहेछ । राजाको छोराले भैंसी मालिकनीलाई प्रश्न गरेछ ,दिदी यो मासु त मारेको होइन, काटेको पनि होइन यो त एकाएक आफैं झरेको होइन भन्दै सोधेछ । मलाई बुबाले यस्तो यस्तो खालको मासु चाहिएको छ खोजेर ल्याउनु जस्ले खोजेर ल्याउँछ त्यसैलाई राजगद्धि सुम्पिदिन्छु भनेको छ भन्दा यो मासु काटेको होइन ,मारेको होइन हत्या गरेको होइन तपाईंले यो मासु लगेर गएपछि राजगद्धि प्राप्त हुन्छ भनेर ती दिदीले भनिदिइछन । त्यसपछि

राजाको कान्छा छोराले त्यो मासु लिएर गइ राजालाई सुम्पिदिएछ । उता जेठा,माइँला र साइँला दाइहरू भने यस्तो मासु ल्याउन सकिँदैन बुबा माफी दिनु भन्दा भन्दै कान्छाभाइले यस्तो मासु ल्याएको देख्दा उनीहरू छक्क परे । बुबाले पनि उसले ल्याएको मासु यसो हेर्दा उनले भने अनुसारको नै थियो । मलाई यस्तै मासु चाहिएको थियो । मेरो इच्छा कान्छा छोराले पुरा गरिदियो भन्दै जेठाछोरालाई राजगद्धि सुम्पिने चलनलाई बुद्धिको चालअनुसार कान्छा छोरालाई म यो राजगद्धि सुम्पिदिन्छु भनेर गद्धि सूम्पिएछन अनि कान्छोभाइ राजा भएर राम्ररी राजकाज सञ्चालन गर्न थालेछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.१५ मितको मासु मितैलाई

उहिले उहिले एउटा जङ्गलमा स्याल र भालु बस्ता रहेछन । उनीहरू दुबैले मित लगाएका रहेछन । ती दुई मित मिलेर यताउता जङ्गलमा घुम्दा रहेछन । हामी दुईजना मिलेर त्यसै बस्नुहुन्न मिलेर काम पनि गर्नुपर्छ भनेर सल्लाह गरि एउटा पाखो फाँडेर त्यहाँ काँक्रो लगाउने बिचार गरेछन ।

काँक्रो रोपेछन र रोपेको महिना दिनपछि काँक्रो फल्न थालेछन । त्यसपछि उनीहरूले काँक्रा खाने योजना मिलाउन थालेधछन । एउटा साथी सार्की कहाँ गएछ र त्यस्तै खालको एउटा दरो लुगा बनाएछ अनि भालु काक्रो खान आएछ भने स्यालले चाहिं कमजोर खालको मरेको बाघको लुगा बनाएछ । काक्रो खान थालेपछि भालुको पेट दुख्न थालेछ । स्यालले काक्रो टन्न खाएपछि पेट निको हुन्छ भनेर भालुलाई सम्झाउन थालेछ । भालुले टन्न काँक्रो खाएपछि उसको पेट टन्किन थालेछ । स्यालले चाहिं खाएजस्तो गरि लुकाउदै फाल्दै गरेछ । स्याल काक्रो खाँदै त्यही रहेछ भने भालु चाहि बेहोस भएछ । स्यालले साथीलाई त्यहीं छोडी साँझ परेपरेपछि गुफामा गएछ । अनि अर्कोदिन बिहान भालु त ब्युँझिराखेको रहेछ । स्यालले सारै धोका दियो भनेर भालुले स्याललाई खेदाएछ । खेदाएर लाँदालाँदा स्यालचाहि खुर्सानी बारीमा लुकेछ । दुईमित त्यहाँ भेट भएछन अनि भालुले मलाई धोका दिइस भनेर धम्क्याएछ । त्यसपछि स्यालले म त राजाको खुर्सानी बारीमा कुखुरा कुरेर बस्तैछु भनेछ । यहाँ घरीघरी कुखुरा पनि खान पाइन्छ भनेर गफगरेर स्याललाई झुक्याइदिएछ । होलातानी भनेर भालू पनि खुर्सानीबारी रूमल्दै बसेछ । भालुले

खुर्सानीबारीमा कुर्दा कुर्दा कुखुरा नआएपछि स्यालले १२ बजे घाम लागेको बेलामा खुर्सानी जिउमा आँखामा बेसमारी दल्नु पर्छ अनि कुखुरा आउँछन भनेछ। भालुले हो त भनेर आँखा जिउभरी बेस्सरी खुर्सानी दलेछ त्यसपछि खुर्सानीले पोलेर खपी नसक्नु भएछ । स्यालले धोकै दिएको रैछ भनेर भालु स्याललाई खेदाउन थालेछ खेदाउँदै खेदाउँदै खेदाउँदै लगेछ स्यालचाहिं पर एउटा ठूलो चिलाउनेको रूखनेर एउटा लौरो बोकेर लडिरहेको भेटेछ किन यहाँ बसेको भनेर भालुले धम्क्याएछ । त्यसपछि स्यालले म त राजाका मौरी ढुकेर बसेको मह पनि खान पाइन्छ भनेर भालुलाई जवाफ दिएछ । भालुले खोइ मौरी भन्दा उ त्यहाँमाथि रुखमा छन ।बार (१२) बजेपछि त्यस पोकालाई यो लट्ठीले घोच्नु पर्छ अनि महको धारो लाग्छ टन्न खानु पर्छ भन्दै अरिंगालको गोलो देखाएछ । त्यसोभए म यही रूखमा चढेर बस्छु भनेर भालु रूख चढेछ । १२ बजेपछि जव अरिंगाल तातिन थाले भालुले लट्ठीले गोलो घोचिदिएछ । घोचेपछि अरिंगाल सारा आएर भालुलाई टोकेछन ।भालुको गाला , जिउ शरीर फुलेर डरलाग्दो भएछ । भालु रूखबाट ओर्लिएर साथीले धोकै दियो भनेर स्याललाई खेदाउन थालेछ खेदाउँदा खेदाउँदा भालुले स्याललाई भेटेछ । ऊ त एउटा भीरको टाकुरामा लहरामा पीङ खेल्दो रहेछ अरू बाँकी लहराका फेदहरू अघि काटिसकेको रहेछ । त्यहाँ पुगेर स्याललाई धम्क्याउँदै भनेछ । मौरीले टोकेर सबै गालासाला सुनिए तिमीले मलाई लास्टै धोका दियौ अब चाहि नखाइ छोड्दिन भनेर भालुले भन्दा मलाई त राजाले पिङ खेल्न लाएका छन यस्तो मज्जा आउँछ भनेर सुईंसुईं पिङखेल्दो रहेछ । त्यसोभए म पनि पिङ खेल्छु भनी लहरामा मात्र के समातेको थियो अघि काटेको लहरो खुस्केर भालु एकै चोटी भीरबाट तल खसेर मरेछ । त्यसपछि स्यालले बलियो मितको मासु देखेपछि खप्न नसकेर मित न सित भन्दै आफ्नै मितको मासु खाएछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.१६ दैनिक छोरो खोज्ने राजा

एकादेशमा एकजना राजा रहेछन ।उनी दिनैपिच्छे नयाँ रानीसँग बिहे गरेर त्यसको भोलिपल्टै छोरो जन्माpन चाहन्थे । रानीहरूले बिहे भएर भित्रिएकै भोलिपल्ट कसैले पनि छोरा दिन सक्दैनथे । राजालाई दैनिक रानी खोज्दा दरबारका पालेहरू पनि दिक्दार भएछन । एकदिन रानी खोज्न गएकाहरूले यस्ती महिला भेट्टाएछन जस्ले बिहे गरेकै भोलिपल्टै

राजालाई छोरो दिने भईछन । रानी खोज्न गएकाहरूले ती महिलालाई दरबारमा भित्र्याएर बिहे गरिदिएछन । भोलिपल्ट बिहान राजाले रानीसँग छोरा मागेछन । रानीले माइतबाट आउँदा एकमाना मकैको बिऊ पनि ल्याएकी रहिछन । यसरी राजाले छोरो माग्दा रानीले भनिछन, “म एउटा कुरा भन्छु त्यो कुरा मलाई दिनु” भनेर राजासँग आग्रह गरिछन । राजाले हुन्छ म दिन्छु भनेछन । अनि रानीले त्यो मकैको बिऊ दिंदै मलाई भोलि बिहानै यो मकैबाट फलेको  घोगो दिनुहोस त्यसपछि म तपाईंलाई छोरो दिंउला” भनिछन । त्यसपछि राजाले भनेछन “तिमीले दिएको मकैबाट भोलि नै फलेको मकैको घोगा कसरी दिनसक्छु ? त्यसपछि रानीले जसरी तपाईंले आज रोपेको मकैबाट भोलि घोगो दिन सक्नुहुन्न त्यसैगरी तपाईंले हिजोमात्र भित्र्याएर आजै कसरी छोरो दिनसक्छु ? रोप्ने बित्तिकै छोरो फल्छ र ? भनिछन । त्यसोभनेपछि राजा छक्क परेछन । यसमा राजाको हार र रानीको जीत भएछ । त्यसपछि ती दुबै राजारानी समझदारीको साथ घरजम गरी दरबारमा बसेछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.१७ लट्टे र ध्वाँसे

धेरै पहिले एउटा गाउमा दमाई र कामी दुई जातिको मात्र बसोबास रहेछ । कामीको प्रमुख बुढाको नाउँ ध्वाँसे थियो भने दमाईको प्रमुख चाहिं लट्टे रहेछ ।  कामी र दमाई एक अर्कामा घोचाघोच पेचापेच गर्दै को शक्तिशाली हुने भन्ने कुरामा होडबाजी चलिरहँदो रहेछ।

एकदिन लट्टेले ध्वाँसेलाई भनेछ ध्वाँसे दाइ लालीको जङ्गलमा धेरै रूख ढलेका छन, गोल काट्न नजाने, एक महिनालाई आरन चलाउन गोल पुग्ने दाउरा छन । लट्टेको कुराले ध्वाँसेले खुशीहुँदै भनेछ, भोलि जेठा छोरालाई पठाउँछु ।

भोलिपल्ट जेठो पनि बन्चरो , खुकुरी र ठूलो डोको बोकेर लाली जङ्गलतर्फ उकालो लागेछ । अलि मास्तिर जाँदा लट्टे दमाई ओरालो झर्दै रछ, बाटामा भेट भएछ ,“ जेठो गोल काट्न हिंडेको ? कुराकुरैमा लट्टेले भनेछ, “हेर जेठा खाडलका दाउरामा आगो सल्काउँदा धुँवा उठ्छ, धुँवामा चिबेचरी नाच्छ, त्यही पारामा नाच देखाए गोल पनि छिटो तयार हुन्छ र धेरै पनि हुन्छ ” यसो भन्दै  दुबै आ आफ्नो बाटो लागेछन । जेठोकामीले खाडल खनी चिसो दाउरा भरेर आगो छोडेपछि त्यहाँबाट धुँवाको मुस्लो निस्किएछ

।आकाशतर्फ उडेको धुँवाको मुस्लो देखेर त्यही धुँवामा चिबेचरी तलमाथि गरि नाच्न थालेछ ।जेठोकामी पनि गोल खाडी नजिकैको अग्लो रूखमा चढेर, त्यै चरीको पारामा म पनि नाच्छु भन्दै घरमा पिएर गएको जाँडको झोकमा हात चलाउँदा रूखबाट डङ\ङ खसेर आगोको खाडलमा परेर मरेछ ।

भोलिपल्ट विहानै लट्टे दमाई हेर्न जाँदा मासुको थुप्रो देखेछ । जेठो छोरो गोलकाट्न गएको किन आएन भनेर ध्वाँसे खोज्न लालीको जङ्गल गएछ ।लट्टे पनि सँगै गएछ । बाबु फर्किन ढिलो गरेपछि घरका चारै भाइ छोरा बाबु खोज्न गएछन । गोल पोलोको खाडलमा संयोगवस एउटा ढेडु पनि परेर डढेर खाक भएछ । जेठो त यहाँ पुच्छरै उम्रेर पो मरेछ नि ! अब उसका चारै भाइ छोरा डाँको छाडेर  मर्न त मरेउ बाबु पुच्छर उम्रेरै मरेछौ भन्दै रून थालेछन । अनि उसको खरानीलाई शब ठानेर  सत्गत गरेर क्रियापुत्रीहरू घर फिरेछन । लट्टे भने चिँ पखालेको कोइलासँगै खोलैखोला झरेछ । केही पर पुग्दा ध्वाँसेका परदेश गएका २ भाइ छोरा घर फर्केर आउँदै रहेछन । लट्टेले भेटेर भनेछ," हेर भाइ हो तिमेर्का बाबु परलोक गए भर्खरै क्रियापुत्री, मलामी घर पुगे, नपत्याए हेर खोलामा चिँ पखालेका कोइला बग्दैछन ।" तब ध्वा"सेका छोराहरूपनि रूँदै कराउँदै केश मुण्डन गरी क्रियापुत्री बनेर उकालो लागेछन । ध्वाँसेका छोराहरूको कुम्लो कुटुरोहरू लट्टेले बोकेर आफ्नो घरमा लगेछ । छोराहरू घरमा पुग्दा त बाबु खाटमा ढल्किएर बसेको देख्दा लट्टेलाई सक्तो सरापेछन ।

समय बित्तै गयो लट्टेले आफ्नो वंशको खेदो पाइलो गरेकोमा ध्वा"सेलाई पर्नु पीर परेछ । उसले पनि लट्टेको उछित्तो काड्ने जुक्ति सोच्न थालेछ । दुई तीन दिन सोचेपछि ध्वाँसेले पनि लट्टे दमाईका परिवार नष्ट गर्ने जुक्ति निकालेछ । एकदिन विहान खोलापारिबाट आएको बहाना पारेर लट्टेको घरमा गएर मलिन स्वरमा ध्वाँसेले भनेछ,- " भाइ म त खोलापारि जलजले गाउँमा हिजै गएको थिएँ । माइला मुख्याले विश्वाशले एउटा काम अह्राए र म आएको - भोलि विहान उनका छोराको बिहे बरियात जाने अरे मलाई बेलुकै ११ जना दर्जी बाजागाजा सित साँझमा सञ्जे जगाउँन पुग्नु अरे मलाई विश्वाशले अह्राएको छ ज्याला भनेसम्म दिन्छु भन्थे। गएनौ भने मुख्या रिसाउने पक्का छ । उनी रिसाए भने हाम्रो गाउको अनिकाल टर्दैन । बडो राँगो र जन्तेबाखो खसी छ भन्थे ।" ध्वाँसेको सबै खबर सुनेपछि मुख मिठ्याउँदै लट्टेले भनेछ,- "दाइ अब जानै पर्ला नजाऊँ भने सिलाएका

बिस्ट तर खोलातर्न पो गाह्रो हुन्छ कि ?”लट्टेको प्रश्नको उत्तर दिंदै ध्वाँसेले भनेछ - “रातपरे पछि खोलापनि आराम गर्न निदाउँछ, साँझपर्ने बेलामा अरूलाई ओरै राखेर तिमीले एउटा अगुल्टो लगेर खोलामा चोभ्नु झ्वाँईं गरेमा निदाएको छैन भन्ने बुझ्नु नगरेमा निदाएछ भन्ने विश्वास गरेर खोला तर्नु ” भन्ने उपाय बताएर ध्वा“से आफ्नो घरतर्फ लागेछ ।

घाम डाँडामा पुगेपछि लट्टे आफ्नो भाइ ,छोरा, छोरी सहितको टोली बाजासँग पारि मुखियाका छोराको सञ्जे जगाउने भनेर ओरालो लागेछ । खोला नजिक पुगेर लट्टे अगाडि गएरआगोको अगुल्टो खोलामा चोभेछ, त्यहाँ झ्वाईंको आवाज आउँदा नदी निदाएको छैन भन्ने निर्णय लिएर टोलीमा फर्केछ । केही समयपछि जब साँझपर्नलाग्यो तब अघि चोभेकै अगुल्टो हातमा र काँधमा दमाहा बोक्तै अरू टोलीका सदस्य र छोराछोरीहरूलाई भनेछ कि - “म तरेंभने पारि पुगेर दमाहा बजाउँछु सबैले आउनु ”भनेर अगाडि हिंड्यो । अब त खोला निदायो भनेर खोलामा पुगेर अघिकै अगठल्टो फेरि पानीमा चोभ्दा आवाज नआएपछि खोला निदाएको बिश्वाश गरी ऊ खोलामा पस्यो तब खोलाले बगाएर लट्टेलाई लाँदा खोलाको ढुङगामा ठोकिएर दमाहाको आवाज आएछ अनि लु बाबु पारि तरेछन खोलो निदाएछ भन्दै टोलीका सबै खोलामा पसेछन तब खोलाले बगाएर सबैलाई स्वाहा पारेछ ।

भोलि पल्ट विहानै ध्वाँसे आफ्नो योजना सफल असफल के भयो भनेर बुझ्न खोलातिर झरेछ । खोला किनारमा हेर्दा त खोलामाझमा दुईहातले ढुङ्गो समाएर अल्झिरहेको लट्टेलाई ध्वाँसेले देखेछ । लट्टेलाई जिवितै देखेर ध्वाँसेले ठूलो स्वरले कराएर सोद्धै अरेहउ भाइ पानी भित्र पस्दा कति पानी खायौ ?भन्दा एति पानी खाएँ भनेर दुबैहातले अड्कल गर्दा ढुङ्गाबाट हात खुस्किएर लट्टे पनि स्वर्गे गएछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.१८ चलाख भँगेरो

एकादेशमा एकजना राजा थिए । उनी प्रत्येक दिन सिकार खेल्न जान मन पराउँथे । सिकार खेल्न जाँदा मृग, घोरल, थार जस्ता जन्तुहरू मारेर खान्थे । त्यस्तै क्रममा एकदिन चाहिं सिकार केही नपाई खिन्न भएर राजा घर फर्किएछन् । बाटोको छेउमा एक हुल भँगेरा

बस्थे । सिकार केही पनि नपाएको झोकमा यिनै भँगेरा भएपनि मारेर खानु पर्‍यो भन्ने सोचेर राजाले ती भँगेरालाई बन्दुक ताकेर गोली छाडेछन । अरू सबै भँगेरा भुँईमा खसेर मरेछन् तर एउटा बुढो भँगेरो चाहिं मरेनछ । त्यो बुढो भँगेरोले मलाई चाहिं नमार्नु बरू जिउँदै खानु भनेर राजालाई भनेछ । राजाले पनि अरू सबै भँगेरालाई भुटभाट पारेर खाएछन । अनि बुढो भँगेरालाई पनि उसको आग्रह अनुसार जिउँदै निलेछन । त्यसपछि राजा सुत्न ओछ्यानमा गएछन । ओछ्यानमा गएर घुप्लुक्क सुतेछन र झकाइ पनि हालेछन । राजा झकाइमा परेपछि पेटभित्र "राजा बाहिर म भित्र , राजा बाहिर म भित्र" भनेर भँगेरोले भनेछ । अनि राजाले "ए पोडे म दिसा गर्छु तैंले यो भँगेरालाई च्वाट्टै काट्नु भनेछन। त्यसपछि राजा पोडेलाई लिएर दिसा गर्न गएछन । बुढो भँगेरो त राजा दिसा गर्न बस्ताबस्तै फुत्तै निस्किएर भुर्र उडेर रूखको टुप्पोमा गएर बसेछ । चरो फुत्त निस्किंदा पोडेले च्वाट्ट काट्ने हुँदा राजाको कण्डेउली नै काटिएछ ।यसको कारणबाट लागेको घाउ निकोहुन राजालाई ६ महिना लागेछ । उता बुढो भँगेरो चाहिं "राजालाईढाँट्न सम्म ढाँटे, राजाको कण्डेउली तरबारले काटें" भन्दै गीत बनाइ गाउँन थालेछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.१९ खन्चुवाको चमत्कार

एकादेशको एउटा गाउँमा एकजना अत्यन्तै धनी मानिस रहेछन । ती मानिसले एकपछि अर्को गर्दै तीन ओटी पत्नी ल्याएछन तर कसैबाट पनि जयजन्म भएनछ । जयजन्म हुन्छ भन्दाभन्दै ती मानिसको उमेर पनि ढल्किसकेछ । त्यसपछि आफ्ना स्वास्नीहरूलाई तिमीहरू घरमै बस्तै गर्नु म कहीजाँदाखेरि जयजन्मको बरदान पाउँछु कि, पाएँ भने फर्केर आउँछु भनेर बिरक्त भएर घर छोडेर परदेश लागेछन् । सरासर गएर खोलाको ढुङ्गामाथि उक्लिएर - " ए शिला जी,ए शिला जी !" भनेर खोलाको ढुङ्गालाई बोलाएछ । "के भन्यौ मनुख्खे " भनेर शिलाजी बोलेछन । त्यसपछि ती मानिसले भनेछन , " म असंख्य धनी छु तर मेरा सन्तान भएनन् सम्पति खाने छोरो पाउँछु कि भनेर वरदान माग्न आएको शिला जी ." अनि शिलाजी ले भनेछन - " लु जाऊ मनुख्खे तेर्सै पर जाऊ, एउटा आँपको रूख आउँछ । त्यो रूखमा झुप्पै आँप फलेका छन ।त्यसलाई एउटा झट्टीले हानेर आँप झारेर ल्याऊ ।" त्यसपछि त्यो मानिस गएर शिला जीले भनेझैं आँपको रूखमा एक झट्टी हानेछ

र चार दाना आँप झारेछ अनि एउटा दान आफैंले कोयैसँग खाएर  बाँकि ३ दाना आँपचाहिं दौराको फेरमा हालेर फेरि आँप झार्नलाई झट्टी टिपेर हानेछ । दोस्रो पटक झट्टी हान्दा चाहिं त्यो झट्टी आँप मै अल्झिएछ र अघि झारेका आँप पनि फुत्त फुत्त निस्किएर आँपको रूख मै टाँसिन पुगेछन । त्यसपछि ती मानिस फेरि शिला जी भाटुँगएछन र शिलाजी ! भनेर बोलाएछन । ल्यायौ मनुख्खे आँप भनेर शिलाजी ले सोधेछन । त्यो मानिसले भनेछ - “एक झट्टी हाने चार दाना झारें त्यसपछि एउटा मैले खाएँ, अरू ३ दाना दैराको फेरमा बोकेर अर्को झट्टी हान्दा झट्टी पनि बोटैमा अल्झियो  दौराका फेरका ३ दाना पनि फुत्त फुत्त निस्केर बोटैमा गइ टाँसिए ।”त्यसपछि शिलाजीले फेरि झारेर ल्याउन भनेछन । त्यो मानिसले पुनः गएर आँप झारेर ल्याएछ र शिलाजीलाई आँप ल्याएँ भनेछ । शिलाजीले “लैजाऊ मनुख्खे तिम्रा ३ ओटै पत्नीलाई कोया बोक्रैसँगै खान देऊ” भनेछन । त्यसपछि धनी मानिसले ३ दाना आँप घर लगेर एक एक दाना गरी तीनैजना आफ्ना स्वास्नीहरूलाई खुवाएछ ।

वर्षदिन पछि ३ ओटी नै स्वास्नीहरू सुत्केरी भएछन । पहिले जेठी स्वास्नी सुत्केरी भइछे, जेठी सुत्केरी हुँदा उसको बुढाले हर्क बढाईंकासाथ खाना बनाएर भनेछ “ अलिवर ओछ्यानबाट सरेर बस भात पाको” जेठी स्वास्नी अलिवर डाकेछ तर भर्खर जन्मेको बच्चाले भात पाको र बा भनेछ अनि जन्मेकै दिन म पनि भात खान्छु भनेर एकमानाको भात खाइदिएछ। त्यसपछि सुत्केरीलाई पकाएर दिएछ । जन्मेकै दिन एकमानाको , भोलिपल्ट दुईमानाको, पर्सिपल्ट तीन मानाको गर्दै १०० दिन पुग्दा सयै मानाको भात एकछाकमा खाने भएछ । माइली र कान्छीबाट जन्मिएका छोरा पनि जेठीकै जस्तो खन्चुवा निस्किएछन । १५/१६ वर्षका हुँदा ती ३ भाइले बाबुको सम्पति सबै खाएर सकेछन । ती केटाहरू आफ्नो पेट नभरी त मान्दै नमान्ने भएछन । अन्त्यमा बाबुले पाल्नै नसक्ने भएछन । सम्पति सबै खाइसकेपछि तिनीहरूले बाबुलाई भनेछन “लु बा हाम्रो पेट जहाँ जाँदा भरिन्छ हामी उहीँ जान्छौं” त्यति धेरै खानेलाई रैतीले पाल्न सकेनछन । त्यसपछि उनीहरू राजाका दरबारमा  गएछन र पालेलाई भनेछन, -“हामी ३ जना छौं राजाले पाल्न सक्छन कि सक्तैनन् सोधेर आऊ ” भनि पठाएछन । पालेले राजाकहाँ गएर “सरखार ३ जना परदेशी आइरान ,यी राजाले पाल्न सक्छन कि सक्तैनन भन्छन के भनिदिउँ । भन्दा राजाले भनेछन, “यो देशलाई पालेको छु नाथे ३ जना परदेशीलाई नपाल्दा मेरो इज्जत कहाँ जान्छ ? सक्छन अरे भनिदिनु र कति खान्छन सोधेर खानेकुरा ठीक गरिदिनु ” त्यसपछि

परदेशी दाजुभाइ हो एक छाकमा कति खान्छौ ? भनेर पालेले सोधेछ । "हामी १६ मुरी चामल ८ ओटा राँगा एक छाकमा खान्छौं" भनेर पालेलाई भनेछन । त्यसपछि पाले फेरि राजा कहाँगएर १६ मुरी चामलको भात र ८ ओटा राँगाको मासु खान्छौं भन्छन, सरखार भनेर सोध्न पुगेछ । राजाले पनि "ठीकै छ तयार गरिदिनु तर खाइसकेनन् भने गोली हानेर मारिदिनु " भनि हुकम दिएछन ।

त्यसपछि  कोही भात पकाउन थालेछन ,कोही राँगा ल्याएर काट्न थालेछन । यस्तैमा तीनीहरूले ४ वटा राँगा त पोलेरै खाइसकेछन र ४ वटा पकाएर खान बसेछन । सबै खाइसकेर भात मासु पकाएका भाँडाकुँडा सबै खाइदिएछन । अनि भरेको छाक पाल्न सक्छन कि सक्दैनन अरे सोधेर आउन भनेर पालेलाई राजाकहाँ पठाएछन । पालेले सोध्दा राजाले "सक्दैनन अरे भन्देऊ" भनेर भनेछन । पालेले पनि त्यसै भनेछन ।

त्यसपछि ती ३ भाइ दाजुभाइ बेलुकाको खाना खान अर्को राज्यमा पुगेछन । पुग्ने बित्तिकै अघिल्लो दिन सोधेझैं राजाकह पालेलाई सोध्न पठाएछन । राजाले पनि कति खान्छन खान देओ भनेछन । त्यसपछि अघाउन्जेल खाएर डकार्दा त्यो शहरमा भुँइचालो नै गए झैं भएछ । त्यसपछि पालेलाई अर्को छाक पाल्न सक्छन कि सक्दैनन अरे भनेर सोध्न पठाउँदा सक्दैनन अरे भन्ने उत्तर आएछ । त्यसपछि ती ३ जना खन्चुवा सबैभन्दा शक्तिशाली राजा कौडेका मुलूकमा  पुगेछन । कौडे राजाले दिनमा एउटी रानी बिहे गर्नु पर्थ्यो अरे । दिउँसो बिहे गर्‍यो राती मरिहाल्थे रे । मलामी गएका पनि फर्किदैनथे रे । जस्ले गर्दा राज्यमा मानिस टुंगीन लागेका थिए रे त्यसैले खाना खुवाउन अहिले भरे सक्छन कि सक्दैनन भन्दा सक्छन भनेर खाना खुवाए त्यस रात त्यहीँ बसेछन । त्यस दिन पनि सधैं झैं राती नै रानी परलोक गइछन रे । त्यो लास ३ जना परदेशीलाई दिएर सागर पठाएछन । सागर धेरै टाढा रहेछ जाँदाजाँदा एक दिनमा सागर नपुगिने भएकोले बाटोको एउटा पाटीमा बास बसेछन । अब तीनै भाइले लास रूघौं कि सुतौं भनेर सल्लाह गर्दा पालैसँग सुत्ने र रूँग्ने निर्णय गरि पहिले जेठो रूँग्न बस्ने भएछ र अरू भाइ सुतेछन । सुनौलो रात भएपछि करबिरे मसान सेतो घोडा लिएर थर्कमानसँग मरेको शब टिप्न आएछ । छेउमै जेठो पलेटी मारेर रूँग्न बसेको थियो । त्यो मसानले पहिले सेतो चम्मरले झ्याप्प हान्दा मूर्दा हँहँ म त कतिसारो निदाएँछु भनेर बिउँझिएछ । त्यसपछि पहेंलो चम्मरले हान्दा रानी त झरझराउँदी भएर पाटी नै उज्यालो पारेर उठिछन र फेरि कालो चम्मरले हान्दा मूर्दा अघि जस्तो लास भएछ । त्यो देखेर æ यतिखेर मेरो घरमा आएर तमासा देखाउने को हो लु लु त यहाँबाट

चलिहेर त ?" भनेर जेठाले सातो जाने गरि हप्काउँदा जमिननै सबै हल्लिएछ । त्यसपछि त्यो कराइबाट करवीरे मसानको सातोपुत्लो गएछ र ज्यान बाचाइ देऊ भनेर माफि मागेछ । अनि जेठाले तँलाई बचाउनु पर्छ भने "ती तेरा तीनैवटा चम्मर मलाई दे" भनेपछि मसानले तीनैवटा चम्मर दिएर  त्यहाँबाट भागेछ ।

अब माइलो भाइको पालो आएपछि जेठो सुत्यो र माइलो रूँग्न बसेछ । केहीछिन पछि उभोको थुतुनुले आकाश कोर्दै उदोको थुतुनुले पृथ्वी भत्काउँदै गर्ने त्यत्रो ठूलो मसान आएछ त्यसलाई माइलोले मसानले थाहा नै नपाइ च्याप्प समातेर उभोको थुतुनु दुई हातले र उदोको च्युँडो खुट्टाले कुल्चिएर मुख च्यातेर त्यहाँबाट हुँईक्याइ दिएछ त्यो थुतुने मसानले पल्लो गाउँ नै ढाकेर मरेछ । त्यसपछि कान्छो भाइको पालो आएछ । मध्यरातमा ठूलो पानी परेको जस्तो आवाज आएछ त्यो आवाज सुन्दै सुन्दै कान्छो जहाँ पानी कराउँछ त्यहाँ पुगेछ । त्यहाँ पुग्दा त सोह्रसये गोपिनीहरू नाङगेभ्फार भएर खोलामा पौडी खेल्दा रहेछन । उसले लुक्तै गएर ती गोपिनीहरूका लुगा सबै लुकाइ दिएछ । सोह्रसये गोपिनीहरू नुहाएर आ-आफ्ना लुगा भएका ठाउँमा आउँदा लुगा नभेटेर लाजले भुतुक्कै भएछन । वायुले लुगा लग्यो भनौं भने हुरी चलेकै छैन चोरले चोरीलग्यो भनैां भने कोही देखिँदैन भन्दै बगरमा नाङ्गा गोपिनी घुम्न लागे । अचानक एउटा मान्छेले लुगा लुकाएको एउटी गोपिनीले देखेकी रहिछे त्यस्तै अर्किले पनि देखिछे र लुगा मागेछन तर त्यो मान्छेले लुगा दिन मानेनछ । गोपिनीहरूले ती लुगा दिनुहोस हामी तपाईंलाई एउटा सुनको मुरली दिन्छौं भनेछन । अनि उसले लुगा दिएछ । यो मुरली गोजीमा राख्नु ,नबजाउनु यदि बजाउनु भो भने तपाईं हावामा उडेर कहाँजानु हुन्छ कहाँ भनेर त्यो मुरली दिएछन । त्यो मुरली लिएर पाटीमा आइपुग्दा उज्यालो भएछ । बाँकी कपडासपडा त्यहीं छाडेर दाजुभाइले रानीलाई बोकेर दरबारमै फर्किएछन । यता राजाले यो मूर्दा किन ल्यायौ भनेर  सोध्दा " सरखार हामीसँग त अजम्बरीको बुटी छ " भनेछन ।  राजाले खोइ हेरौं त भनेछन । त्यसपछि राजाकै छेउमा मूर्दा लगेर सेतो चम्मरले हिर्काउँदा त रानी बिउँlझछन । त्यस्तै पहेंलो चम्मरले हिर्काउँदा दरबार नै धप्प धप्प बल्ने भएर रानी उठिछिन र काला चम्मरले हिर्काउँदा पुनः रानी मरिछन । त्यसपछि राजाले तीनवटै चम्मर लगेछन । त्यसैगरी माइँला भाइको पालो पछि कान्छाभाइको पालो आएछ । उसलाई के खोज्छस काना आँखो भने भ्फैं भएछ र भनेछ सरकार मसँग यस्ता  सुनको मुरली छ भनेर देखाएछ । राजाले खोइ ले त बजाउँ भनेर बजाएछन । त्यो मुरली बजाउने बित्तिकै राजा बेपत्ता भएर हावामा कता उडे

कता । त्यसपछि जेठोभाइले ती रानीलाई बिहे गरेर राज गरेछन । माइलाभाइलाई प्रधानमन्त्री बनाएछन र कान्छाभाइलाई सेनापति बनाएर राजकाज चलाइ आनन्दले बसेछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.२० तीनै छोरा मन्त्री

एकादेशमा दुईटा बुढाबुढी रैछन । तिनीहरूका तीन भाइ छोरा रैछन । समय बित्तै जा"दा बुढी चाहिं मरिछ । बुढी मरेपछि बुढाले फेरि कान्छी स्वास्नी ल्याएछन । कान्छी स्वास्नीले ती छोरालाई हेला गर्न थालिछे । बुढाले पनि छोराहरूलाई याद गर्न छोडेछन । कान्छी पट्टीबाट पनि एउटा छोरो जन्मिएछ ।कान्छी स्वास्नी र बाबु मिलेर जेठी पट्टीका तीनै जना छोराहरूलाई घरबाट खेदाएछन । त्यसपछि तीनै भाइ छोराहरू जङ्गलको बाटो हुँदै एउटा जोगीको कुटीमा पुगेछन । ती छोराहरूले जोगीलाई घरको दुःख सबै कहेछन । जोगीले तिनीहरूलाई एउटा कुटीमा बसाएछन । तिनीहरू जोगीका चेला बनेर बसेछन् । जोगीले तिनीहरूलाई धेरै ज्ञान सिकाएछन । त्यसपछि उनीहरू विद्वान बनेछन । एकदिन सपनामा ती तिनै भाइलाई शिवजीले दर्शन दिएर “तिमीहरू अब डराउनु पर्दैन, तिमीहरू तिनै भाइ मन्त्री बन्नेछौ ” भनेर आशिर्वाद दिएछन । भोलिपल्ट विहान तिनै भाइले सपनामा देखेको कुरा गरेछन ।

अर्कातिर कुटीका जोगीले एकादेशमा एउटा राजाका तीनवटी छोरी भएको र ती तिनैवटी छोरीको बिबाह एउटै आमाका छोरालाई दिने खबर भएको छ भनेर चेलालाई सुनाएछन । ती तीन छोरीका बाबु राजा पनि घुम्दै घुम्दै त्यही कुटीमा संयोगवस आइपुगेछन । त्यो कुटीमा बसेका ती तीनभाइ चेलाहरू एकै आमाका छोराभएको खबर पनि जोगीबाट ती राजाले थाहापाएछन । त्यसपछि उनले आफ्ना तीन छोरीको बिवाह कुटीमा बसेका ती तीनभाइ छोरासँग गरिदिने प्रस्ताव गरि बिवाह पनि गरिदिएछन र तीनैभाइलाई दरबारमा लगेर मन्त्री बनाइदिएछन । त्यसपछि ती तीनभाइ छोराले आनन्दसँग जीवन बिताएछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.२१ छोराको मासु

एकादेशमा राजारानी बस्ता रहेछन । ती राजारानीको एउटा छोरो रहेछ । राजाले दुईरानी बिवाह गरेका रहेछन । दईरानी मध्ये जेठीको मात्र एउटा छोरो रहेछ । कान्छीको छोरा रहेनछ । जेठी चाहिं ब्याइते र कान्छी चाहिं ल्याइते  रहेछन ।कान्छी चाहिं जेठीको छोरालाई मार्ने प्रयास गर्दिरहिछे । राजाचाहिं राजगद्दीमा बसेपछि कमाउनलाई घुम्न जाँदा रहेछन । एकदिन राजाले सानो छोरालाई,  छोरा तिमी आज घरमै खेलेर बस कतै नजाऊ भनेर कतै डुल्न गएछन । जेठीरानी पनि बाहिर कहिं गएकी रहिछन । त्यतिबेला कान्छीआमा चाहिं घरमै रैछे । कान्छीचाहिंले छोरालाई बोलाएर -“आऊ बाबु म पनि त तिम्रो आमा हुँ , म पनि तिमीलाई पालन पोषण गर्छु” भन्दै काखमा लिइछे । काखमा लिने बित्तिकै उसले निचोरेर त्यो छोरालाई मारिछे । छोरालाई मारिसकेपछि टुक्राटुक्रा पारेर काटिछे र पकाइछे । त्यतिबेलै जेठीरानी र राजा पनि आइपुगेछन । जेठी रानीले भोक पो सारै लाग्यो भन्दै खोइ मेरो छोरो देख्तिन त भन्दा कान्छी चाहिंले माथि सुताइ राखेकी छु पहिले भात खाउँ भन्दा जेठीले छोराको मुख नहेरीकन भात खान्न भनिछन । जेठी - छोरो हेर्न जाँदा कान्छीले खेल्न गएछ भनिछ । त्यसपछि जेठीरानी र राजा खाना खान तयार भएछन । कान्छी चाहिंले मासुभात ल्याएर दिइछे । मासु देखेपछि दुबै जनालाई सङ्का लागेछ । उनीहरूले खाना खाएनछन । पहिले छोरो नल्याइकन खाना खान्न भनेर जेठीरानीले यताउता छोरो खोज्दा गाउँको एकजना मानिसले कान्छीले छोरो बोकेर घरभित्र  लाँदै गरेको देखेको रहेछ । त्यसपछि सबैले गाली गर्दा छोरो मारेर पकाएको बताइछे । जेठीरानी अलाप बिलाप गरी रून थालिछन । अरू सबैजनाले कान्छीलाई समातेर उस्को नाक ,मुख र कान काटी त्यहाँबाट खेदाएछन । अनि जेठीरानी र राजामात्र दरबारमा बसेछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.२२ तोडियो राजकुमारीको बाचा

एकादेशमा एकजना प्रतापी राजा थिए । उनकी एउटी मात्र राजकुमारी थिइन । राजकुमारी बाल्यावस्ता देखि नै चेतनशील र धामी थिइन । उनले एकदिन राजालाई भनिछन, “बुबा मलाई एउटा कुटी र मेरो सुसारको निम्ति आवश्यक नोकर चाकरको पनि व्यबस्था मिलाई दिनु पर्‍यो ।” छोरीले यस्तो बिन्ति गरेपछि राजाले छोरीलाई कुटीका साथै नुवाइ, धुवाइ, खानपान गर्ने सुसारेहरूको व्यबस्था मिलाइ दिएछन । यौवनको यस्तो अवस्थामा छोरीको त्यस्तो अनैाठो चाहाना किन भनेर कसैले सोध्दा पनि उनी कसैलाई केही भन्न चाहन्न थिन । उनी कुटीमा बस्न थालिन । छोरी बिबाह योग्य भइन भनेपछि राजाले संसारका राजकुमारहरूलाई मेरी छोरी बिबाह गर्न योग्य ,लायक र सुन्दरी छन् भनेर झ्याली पिटाएछन । बुबाले गरेको यो सबै व्यबहार छोरीले पनि थाहा पाइन । कैयौं पटक संसारका राजकुमारहरू राजकमारीलाई हेर्न पनि आएछन । त्यसपछि राजकुमारीले बुबा लगायत संसारका कुनै पनि लोग्ने मान्छेहरूको अनुहार हेर्न चाहन्न भनिछन । राजाले रानीलाई त्यो कारण पत्ता लगाउनका लागि कुटीमै आमालाई पठाएछन । आमाले धेरै बिन्ति गर्दापनि यो कुरा राजकुमारीले खोल्न चाहिनन् । आमा निराश भएर दरबारमा फर्किइछन । यी सबै कुरा अर्का देशका एक प्रतापी राजकुमारलाई थाहा भएछ । अनि उनले बडो चलाख र बुद्धिमतापूर्ण तरिकाबाट राजकुमारीको नुहाइ धुवाइ गर्ने ठाउँमा आएर बसेछन । राजकुमारीका दशौं धाइहरूमध्ये एक विश्वासी धाई धारामा आएकी रहिछन । अनि उनीसँग ती राजकुमारले परिचय गरी उनी किन विवाह गर्न चाहन्नन् त्यो कुरा बुझेर आउनु म तिमीलाई धेरै रूपैया पैसा दिउँला भनेछन ।राजकुमारको कुरा सुनिसकेपछि ती सुसारेले मैंले यो काम गर्न सकेंभने मात्र पुरस्कार दिनु होला म प्रयत्न भने खुबै गरौंला भनेर खुशीहुँदै कुटीतिर लागिछन । राती मालिस गर्ने बेलामा सुसारेले राजकुमारीको मन जित्तै गएपछि एकदिन राजकुमारीको छेउमै बसेर सुँक्क सुँक्क रून थालिछन ।“ ए मोरी किन रोएकी ”भनेर राजकुमारीले फकाउँदा फुल्याउँदा पनि सुसारेले रून छोडिनछन र राजकुमारीलाई अनुरोध गर्दै “प्रिय राजकुमारी मेरो प्रश्नको उत्तर तपाईं मलाई चित्त बुझ्दो गरिदिन सक्नुहुन्छ भनेमात्र म तपाईंलाई मेरो कुरा भन्छु” भनेर बल्लतल्ल मुख खोलिछन । राजकुमारीले जस्तै प्रश्न गरेपनि म चित्त बुझ्दो उत्तर दिन्छु भनेर सुसारेसँग प्रतिज्ञा गरिछन । त्यसपछि सुसारेलाई मौका मिलेछ अनि आफनो प्रश्न राजकुमारीसँग राखिछन । हजूरले किन बिबाह नगर्नु भएको त्यो मलाई भन्नुपर्‍यो मात्र उनले के भनेकी थिइन - राजकद्वमारीले ती सुसारेलाई भुत्ल्याउँदै म बिबाह गरौं कि नगरौं तलाई के चासो भनिन

तर बाचा गरिसकेकी हुनाले प्रश्नको जवाफ भने कसैलाई नभन्ने सर्तमा बिबाह नगर्नको कारण भन्न लागिछन , " म पहिले मेरो पूर्व जन्मको कुरा सबै जान्दछु, पूर्व जन्ममा म एक ढुकुर्नी थिएँ । मेरा ससाना बच्चा र ढुकुर थिए । एक पटक सिकारीले लगाएको आगो जंगलभरी सल्किंदै गयो सल्किंदा सल्किदै हाम्रो गुँडमै आइपुग्न आँट्यो त्यसपछि ढुकुरले हामी यहाँ नबसौं अर्कै ठाउँमा जाऔं भनेछ । " मैले रूँदै भने हेर्नुहोस हाम्रा यी नाबालक बचेरालाई छाडेर कसरी जानु न त हामी यिनलाई लान सक्छौं ,हामी मर्नु परेपनि यहीं मरौंला भनेर मैले भन्दा तँ जाँदिनस भने नजा ,तँ जस्ता म अरूपनि भेट्छु भनी निर्दयी र निष्ठुरी ढुकुर भुर्र उडेर अर्को जंगलमा गयो । म भने त्यहीं बचेरासँगै जलेर मरें । त्यहाँदेखि मैले बुँझें कि लोग्ने मान्छेलाई सङ्कटको बेलामा स्वास्नी र छोराछोरी केही चाहिंदैन स्वार्थी हुन्छन् । त्यसैले दुःखका बेलासाथ नदिने भएको हुँदा मैले बिबाह नगरेकी' भनेर राजकमारीले सबिस्तार कहेपछि सुसारेले भोलिपल्ट धारामा गएर राजकुमारलाई यी सबै कुरा भनेर पुरस्कार लिइ फर्किइछन् । राजकुमार पनि त्यसपछि आफ्नो देश गएर ५०० जनालाई अघिपछि लगाएर घुम्टो ओडी डोलीमा चढेर शहर डुल्न आएछन । डुल्न निस्किनु भन्दा अगाडि नै आगे पछौटे सबैलाई अराए की हाम्रा राजकुमार शहर डुल्न आइबक्सदैछ । कोही नारी मानिस हुनहुन्छ भने उहाँलाई नहेरी दिनु र नबोल्नु पनि । राजकुमारीको कुटी नजिक पुग्दै गएपछि झन ठूलो स्वरमा कराउँदै गए ।

उता राजकुमारीलाई राजकुमारले किन स्वास्नी मान्छेको अनुहार हेर्न र बोल्न नचाहेका हुन जान्न मन लागेछ । उनले सुसारेको मदत्‌ले अरूलोग्ने मान्छेलाई अह्राइ सोध्न लगाइछन । अरूको लाखौं बिन्तिपछि मात्र राजकुमारले भनेछन ,- "यो कुरा भन्न मलाई ज्यादै गाह्रो छ किन कि यो कुराले मेरो मुटु चटक्कै चुडिन्छ तर पनि तपाइ" हरूको आग्रहलाई अस्वीकार गर्न सकिन- म मेरो पुर्व जन्मको कुरा सबै जान्दछु , म मेरो पूर्व जन्ममा एक ढुकुर थिएँ , म मेरा साना बचेरा र ढुकुर्नीका साथ बस्थें ,एकदिन अकस्मात सिकारीले जंगल आगो लगाएछ , आगोले जंगल जल्दै जल्दै हाम्रो गुँडनेर आइपग्यो ,त्यतिखेर ढुकुर्नीले भनी हेर हामी यहाँबाट भाग्नु पर्छ । हामीले हाम्रो जिवन बचाउनु पर्छ । यस्ता बचेरा अर्को जंगलमा गएर फेरि पारौंला भन्दा मैले यस्ता नाबालक बच्चालाई छोडेर कसरी जानु , न त हामी यिनलाई बोकेर लान सक्छौं भनेर रूँदैरूँदै हामी मर्नु परे यहीं मरौं भन्दा ढुकुर्नीले तिमी जादैनौ भने नजाऊ, तिमी जस्ता म अरूपनि भेट्छु भन्दै भुर्र उडेर अर्को जंगलमा गई । म भनें त्यहीं बचेरासँग जलेर मरें, त्यहाँदेखि मैले बुझें कि

स्वास्नी मान्छेहरूलाई संकटको बेलामा लोग्ने छोराछोरी कोही चाहिंदैन, स्वार्थी हुन्छन  अनि मैले यसो गरेको हुँ भन्दा नभन्दै झ्यालबाट चियाइरहेकी राजाकुमारीले “हेरहेर आफू चाहिं पहिले छोडेर भाग्ने अहिले पानीमाथिको ओभान बन्न सकेको भनी हालिन ।” अनि दुबै राजकुमार राजकुमारीको बाचा तोडियो । राजकुमारीले पनि पूर्व जन्मको पतिसँगै बिहे गर्ने निर्णय गरिन । राजकुमारको यो बुद्धिमतापूर्ण चलाखी कामले दुबैको धुमधामसँग बिबाह सुसम्पन्न भएछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.२३ अभागी भक्तिलाल

एकादेशमा एकजना भक्तिलाल नाम गरेको मान्छेको परिवार बस्थ्यो । परिवारमा भक्तिलाल र उसकी स्वास्नी बस्तथे । ऊ आफूलाई निकै भाग्यमानी सम्झन्थ्यो । एकदिन भक्तिलालको परिवारमा दुई ठाउँबाट भोजको निम्तो आएछ । एउटा निम्तो नदी किनार पारीबाट र अर्को निम्तो नदीवारीबाट आएछ । एउटा निम्तोमा खसीको मासुसँग भोज थियो भने अर्को निम्तोमा माछासँगको थियो । “म भोजमा जानलागि रहेछु”भक्तिलालले निकै गर्वसाथ आफ्नी स्वास्नीलाई भन्यो । स्वास्नीले सोधिन्, “जानुभन्दा अगाडि केही खानुहुन्न ?”   खान्न तिमी आफैं खाऊ त्यो चीसो भात तिमीलाई नै उपहारभयो भन्दै भक्तिलाल घरबाट निस्कियो । भोजखाने ठाउ“ एउटा नदीवारी र एउटा नदीपारी भएकोले कता पहिले जाने भनेर सोच्दा नदीपारी खसीको मासुसँग भोजभएको हुँदा त्यतै पहिले जाने भक्तिलालले निचोड निकाल्यो । भोक उसलाई निकै लागेको हुनाले त्यो मासुभात र अन्य परिकार सम्झेर उसको मुखबाट पानी पनि बग्दै थियो । जब ऊ नदी किनारमा के पुगेको मात्र थियो । नदीमा ठूलो छाल आएर तुरून्तै तर्न सकेन, बल्ल तल्ल २ घण्टा कुर्दा नदीको छाल घट्यो र ऊ स्वा“ स्वा“ गर्दै नदी पार गरेर निम्तो दिने घरमा पुग्यो । ऊ त्यहा“ पुग्दा पाउनाहरू फर्किंदै थिए । भोज पनि टाकटुक सकिएको रहेछ । घरको मान्छेले छिट्टै आएर भक्तिलालसँग निम्तोको माफी माग्दै भने- “ओहो भक्तिलाल जी हामीलाई माफी गर्नुहोस्, हामीले जति मानिसलाई बोलाएका थियौं  ती भन्दा बढी नै आएकाले सारा खाने  कुराहरू सकियो ” भन्दै पछुतो गरे . “केहीछैन फेरि अर्को कुनै दिन खाउँला अहिले घर जान्छु” भन्दै भक्तिलाल हिंड्यो । अब भक्तिलाल नदीमा मात्र के पुगेको थियो । नदीमा पुनः छाल

तीब्र गतिमा आइरहेको रहेछ १ घण्टा जति पर्खेपछि द:ख-सुख जीउको लुगा भिजिभिजी नदीको पानीबाट पार गर्दै नदी तर्‍यो । मनमा आजमेरो साइत राम्रो छैन भन्दै माछासँगको भोज सम्झेर हतारहतार दोस्रो भोज घरमा पुग्यो, त्यहाँपुग्दा पनि पाहुनाहरू विदा लिंदै गरेको देख्यो । भक्तिलाल त्यो स्थिति देख्ता निकै निराश भैसकेको थियो । भक्तिलाललाई देख्ना साथ भोजघरका मालिक आएर पछुताउँदै “माफ गर्नु है भक्तिलाल अलि ढिलो गरिदिनू भो,भोजमा धेरै मान्छे आए सबै खानेकुरा सकियो” भनेरभने । भक्तिलाल भोकले आवाज निकाल्न नसक्ने भैसकेको थियो । उसले केहीछैन मेरै दिन खराब रहेछ भनेर घर फर्क्यो । ऊ लखतरान भएर चारपाउ टेक्तै घरमा पुग्यो अनि स्वास्नीलाई भन्यो,- “चिसो भात भएपनि कतै बाँकी छैन” थकाइ र भोकले गर्दा ऊ बेहोस जस्तै भैसकेको थियो । उसकी स्वास्नीले छेड हान्दै भनिछे ;“मलाई लाग्छ तपाइ”ले निकै मिठा मिठा परिकार खाएर आउनु भयोहोला” “हो सुन्नमा धेरै मीठा थिए तर मैले त खाली हावामात्र खाए,जे सुकैभन प्रिय तिमीले जस्तो मीठो खाना यो संसारमा कसैले बनाउँदैन” भनेर भक्तिलालले भन्दा उसकी स्वास्नीले मुस्कुराउँदै मुस्कुराउँदै बिहानको चिसो भात र सुख्खा तरकारी ल्याएर दिइछे भक्तिलाल पछुताउदै चिसो भात चपाउन थालेछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## ४.२४ लोकप्रिय मुखिया

एकादेशको एउटा गाउँमा धर्मराज नाम गरेका व्यक्ति बस्थे । उनी त्यो गाउँका लागि धेरै नै प्रतापी थिए ।उनलाई सबै गाउँलेहरू मिलेर मुखिया बनाएका थिए । उनी त्यो गाउँका मुखिया मात्र होइन असाध्यै धनी पनि थिए । उनी गाउँलेहरूको लागि ज्यादै सहयोगी पनि थिए । गरिब , असहृय, असक्त तथा तिर्न नसक्नेलाई खाने अन्न र पैसा त्यसै पनि दिन्थे भने फिर्ता गर्न सक्नेहरूलाई त्यही सर्तमा दिन्थे । जेहोस् गाउँमा मर्दा,पर्दा,धर्मकर्म र चाडपर्व मनाउँदा उनको सहयोग एकदमै आवश्यक थियो । उनी आफूलाई भन्दा अरूको सहयोग गर्न बढी रूचाउँथे । आफूले खानुभन्दा अरूलाई खुवाउन ठूलो ठान्थे । गाउँलेहरू पनि उनी बिना कुनै आफ्ना कार्यहरू सफल भएको जस्तो ठान्दैनथे । त्यो गाउँमा धर्मराज मुखिया बिनाको कार्यहुनु भनेको नून बिनाको अचार खानू जस्तै ठानिन्थ्यो । यस्ता आँखामा हाल्दा नबिभ्झाउने गाउँका मुखियालाई एकदिन मुटुको विरामले

छोएछ । घरगाउँलेहरूले उनको उपचारको लागि कसैले धामी झाँक्री ल्याए त कसैले डाक्टर वैद्य ल्याए । उपचारमा धेरै सम्पति खर्च गरियो तर मुखियाको बिराम बीसको उन्नाईस भएन । आखिरमा गाउँलेहरूका आँखामा हाल्दा नबिझाउने धर्मराज मुखियालाई यमराजले चुँडेर लगिदिए । उनको देहवसानले सारा गाउँनै सोकाकुल बन्यो ।

उता मुखियाको मृत्यु पछाडि यमराजले मुखियालाई स्वर्गलोक पठाउने कि नर्कलोक पठाउने भनेर यमदुतलाई लिन पठाएछन् । मरेका मान्छेहरूलाई स्वर्ग लाने कि नर्कलाने भनेर छुट्याउने आधार चाहिं मान्छेले मर्त्यलोकमा राम्रो काम गरेको भए स्वर्गको ढोका खोलिदिंदा रहेछन नराम्रो काम गरेको भए नरकको ढोका खोलिंदिंदा रहेछन् । मुखिया धर्मराजलाई पनि धर्म ढोकामा दुतहरुले पुर्‍याए पछि यमराजले सोधेछन्, 'ए धर्मराज यो ढोका स्वर्गजाने र त्यो ढोका नर्क जानेहो तिमी रोज कता जान्छौ' भन्दा धर्मराजले, 'जान त म स्वर्ग जान्छु तर एकपटक मलाई नर्कको अवस्था हेर्ने रहर छ महाराज' भनेछन् । त्यसपछि उनलाई नर्कको ढोका खोलिदिएछन् । ढोकाभित्र पसिसकेपछि नर्कलोकका पुलिसहरूले उनका हात तेर्सा पारेर दरा भाटाले बाँदेछन जबकि हात नखुम्चिने बनाएछन र नर्कलोकको हलतिर ठेलिदिएछन जहाँ हजारौं पापीहरूलाई त्यस्तै गरी बाँधेका रहेछन् । तिनीहरूका अगाडि थालमा खानेकुरा पनि राखिदिएको रहेछ तर ती सबै त्यो खानेकुरा खान नसकेर भोकले चिच्याइ रहेका कराइ रहेका रोइरहेका मुखियाले देखेछन । मुखियाले निकै बेर विचार गरेछन र उनका अगाडि राखिदिएको खानेकुरा आफूतिर नल्याई सोझै अगाडिको साथीलाई उचालेर खुवाइ दिएछन । यो देखेर नजिकको साथीले पनि मुखियालाई खुवाई दिएछ । यसपछि एकले अर्को गर्दै सबैले खानेकुरा खाएछन । मुखियाको प्रवेशपछि नर्कलोकका सबै पापीहरूले खानेकुरा दिने बित्तिकै खाएर सन्तुष्टी लिन सिकेछन । मुखियालाई नर्कलोक प्रवेशगराए पछि नर्कलोकमा नै शान्ति छाएछ । सबै पापीहरू आज किन चुपचाप रहे भनेर यमराजले खै गर्दा सबै पापीहरु बडो आनन्दले बसेका रहेछन । सबै पापीहरूले मूखियाको तारिफ गरेछन । पालेले सधैं झैं खानेकुरा लगेर दिने साथ एकले अर्कोलाई खुवाएर एकैछिनमा खाइसकेको देख्दा पाले समेत छक्क परेछन् ।त्यसपछि धर्मराज मुखियालाई यमराजले नर्कको हलबाट झिकेर स्वर्गतिरै पठाइदिएछन । यसरी सहकारी भावना भएका मुखिया धर्मराजले मर्त्यलोक देखि नर्कलोक सम्म नै सबैलाई खुशी बनाएर दुबैतिर लोकप्रिय बनेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला भन्नेबेलामा तुरून्तै मुखमा आइजाला ।

## तालिका नं. ९
## लोककथा सङ्कलनका स्रोत व्यक्तिहरू

| क्र.सं. | कथा | कथावाचक | वर्ष | ठेगाना | मिति |
|---|---|---|---|---|---|
| १. | जादुको मुङ्ग्रो | मनमाया अधिकारी | ८४ | म्याङलुङ - १२ | २०७१/९/१ |
| २. | दुई बोक्सी | भनुभक्त ढुङ्गेल | ४९ | ओयाक्जुङ - १ | २०७१/९/८ |
| ३. | पोखरीका रानीहरू | खडानन्द ढकाल | ६५ | ओयाक्जुङ - ५ | २०७१/९/८ |
| ४. | नामको भ्रम | प्रेम प्रसाद गौतम | ५२ | श्रीजुङ - ५ | २०७१÷११/२४ |
| ५. | खरानीको डोरी | अग्नी प्र.दाहाल | ७२ | श्रीजुङ - ६ | २०७१/११/२१ |
| ६. | मूर्ख ज्वाईं | हरिमाया ढकाल | ५६ | पौंठाक - ५ | २०७१/१०/१४ |
| ७. | भावीले लेखेको मेटिंदैन | माधव प्रसाद दाहाल | ६१ | पौंठाक - ६ | २०७१/१०/१ |
| ८. | आयु दिएकी श्रीमतीको चाला | हरिमाया खनाल | ४९ | इसिवु - ४ | २०७१/९/८ |
| ९. | साथीहरू पनि बोलन | राजेन्द्र कु. आङबोहाङ | ४८ | म्याङ्लुङ - ९ | २०७१/९/५ |
| १० | सबै चोरै चोर | सिता भट्टराई | ४० | सिम्ले -३ | २०७१/९/७ |
| ११. | अल्छी छोरा र बूढो बाबु | तीर्थ कटुवाल | ४९ | म्याङलुङ - १ | २०७१/१०/१७ |
| १२. | मृत राजकुमारबाट छोरा पाउने राजकुमारी | सुसिला आचार्य | ७४ | जलजले - १ | २०७१/९/१५ |
| १३. | किन रोए तिनै जना | धन ब. नेपाली | ५५ | ओयाक्जुङ - ५ | २०७१/११/१४ |
| १४. | कान्छो छोरालाई राजगद्धी | उमानाथ तिम्सिना | ७० | सोल्मा - ३ | २०७१/१०/२४ |
| १५. | मितको मासु मितैलाई | सर्बजित संग्रौला | ६४ | सुङनाम - ३ | २०७१/१०/२४ |
| १६. | दैनिक छोरा खोज्ने राजा | टिकाराज प्याकुरेल | ३८ | मोराहाङ - २ | २०७१/१०/३ |
| १७. | लट्टेर ध्वाँसे | लोकमान पंधाक | ४९ | पौंठाक - ६ | २०७१/९/२ |
| १८. | चलाख भँगेरो | डिल्ली कार्की | ३१ | म्याङ्लुङ् - ६ | २०७१/१२/३ |
| १९. | खन्चुवाको चमत्कार | लिला घिमिरे | ३३ | सम्दु - ५ | २०७१/९/७ |
| २०. | तिनै छोरा मन्त्री | अप्सरा दाहाल | ३६ | म्याङलुङ - १ | २०७१/१२/२८ |
| २१. | छोराको मासु | गोविन्द लिम्बू | ७१ | म्याङ्लुङ- ५ | २०७१/९/१९ |
| २२. | तोडियो राजकुमारीको वाचा | कृष्ण प्र. गौतम | ८९ | मोराहाङ - २ | २०७१/१२/१ |
| २३. | अभागी भक्तिलाल | प्रेम प्र.कोइराला | ६४ | पौंठाक - ३ | २०७१/११/४ |
| २४. | लोकप्रिय मुखिया | नवीन भट्टराई | ३० | म्याङ्लुङ- ९ | २०७१/१२/१३ |

# परिच्छेद पाँच

# फेदाप क्षेत्रमा सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण

## ५.१ परिचय

फेदाप क्षेत्रमा विभिन्न किसिमका लोककथाहरू प्रचलनमा रहेका छन । यीलोककथाद्वारा लोकका स्थानीय लोकवासीहरूको संस्कार,संस्कृति, रीतिस्थिति, चालचलन, परम्परा आदिको मौखिक तवरबाट प्रतिबिम्बन गरिन हुँदा यिनलाई सरल भाषामा सरसतापूर्ण तरिकाबाट सुन्ने सुनाउने परम्परा रही आएको छ । यो क्षेत्रमा प्रचलित रहेका धेरै जसो लोककथाहरूले समाजमा रहेका दःखसुख, चलाखी,धुर्त्याइँ,ईर्ष्या, डाहा बहुबिवाह,पारिवारिक झैझगडा,गरिबी, अन्धविश्वास जस्ता विषयहरूलाई कथानक बनाएर भनिने हुँदा यस्ता कथाहरू प्राय सामाजिक लोककथाको रूपमा प्रचलित रहेका छन् ।घरपरिवार तथा समाजका सदस्यहरूलाई मनोरञ्जन प्रदानगर्दै उनीहरूमा साहस, आँटको विकार गरी डर,त्रास तथा काँतरपनाबाट मुक्ति दिलाउने अभिप्रायले भूत प्रेत देवी देवता अप्सरा राक्षस जस्ता अलौकिक पात्रहरूको काल्पनिक संयोजनबाटघटना सृङ्खलाको मेलबाट रहस्य र रोमाञ्चकताले भरिएका अतिप्राकृतिक कथाहरू पनि यस क्षेत्रका केही ठाउँहरूमा लोकप्रिय नै छन् । ठाउँठाउँमा किंबदन्तीमूलक र पशुपङ्क्षी सम्बन्धीका कथाहरू पनि  सुन्ने सुनाउने गरिन्छ । फेदाप क्षेत्रमा प्रचलित रहेका यीा फरक फरक प्रकारका लोककथाहरूलाई कथानक, पात्र वा चरित्र ,परिवेश तथा उद्देश्यका आधारबाट विस्तृत रूपमा तल वर्गीकरण र विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## ५.२. कथानक

कथानक लोककथाको प्रमुख तत्व हो । कथानक विना लोककथाको अस्तित्व रहन सक्तैन । लोककथामा घटनाहरूको विन्यास उत्सुकता र सन्दर्भ जनाउने ढङ्गबाट गरिएको हुन्छ । कथानकको विषयवस्तु पौराणिक, किंबदन्तीमूलक, काल्पनि,अतिप्राकृतिक,

सामाजिक,मानवेत्तर आदि जुनसुकै स्रोतबाट लिएका भएपनि लोककथामा प्रयुक्त भएका घटनाहरू रोचक, रोमाञ्चक, कुतूहलपूर्ण र उत्साह जनाउने प्रकृतिका रहेका छन ।सङ्कलित गरिएका धेरैजसो लोककथाहरू सामाजिक विषयवस्तुमा आधारित छन भने केही कथाहरू अद्‌भूत र अकल्पनीय प्रकृतिका पनि छन् । यी लोककथाहरूमा कालक्रमिक विन्यासले बढी महत्व पाएको छ । प्राय सबै लोककथाहरू आदि, मध्य,अन्तकोसृङ्खलामा बाँधिएर रहेका फेदाप क्षेत्रका सङ्कलित लोककथाहरूको कथानकका आधारमा निम्नानुसार वर्गीकरण र विश्लेषण गरिएको छ ।

## ५.२.१ जादुको मुङ्ग्रो

यो कथा फेदाप क्षेत्रमा प्रचलित किम्बदन्तीमूलक लोककथा हो । यसकथामा सौतेनी आमाको पीर खप्न नसकेर सौतेनी छोराले घर छोडेर हिंड्न चाहनु, गाउँलेहरूबाट सौतेनी आमाले थाहा पाइ बाटाका लागि भनेर ढुटोको, कनिकाको र पिठोको गरी तीनवटा रोटी खाजा हालिदिनु, त्यसपछि तिनै रोटी बोकी सौतेनी छोरो प्रदेश लाग्नु , बास बस्ता उसले रोटी छनौट गरी कुन चैं पहिला खाने भन्ने क्रममा एक खाउँ कि, दुई खाउँ कि तिनै खाउँ भनेर आवाजका साथा बोल्दा नजिकैको गुफामा बसेका तीन जना चोरहरू डराएर यो मानिस भगवानको शक्ति लिएर हामी मध्ये पो कुन चाहिंलाई पहिला खाउँ भनेर छनौट गर्दैछ भन्ने सोची उनीहरूसँग भएका तीन चिज - खीर पाक्ने भाँडो ,सुन बड्कुल्याउने बाखो र जादुको मुङ्ग्रो दिएर भाग्नु, त्यो सौतेनी छोरो भोलिपल्ट उठेर ती समान लिएर राजाको दरवारमा बास बस्न पुग्नु, राजालाई जादुको मुङग्रोको महत्व दर्शाउनु, त्यतिबेलै राजालाई पनि सत्रुले असाध्यै दुःख दिएको हुनु, त्यस मुङ्ग्रोको सहायताले राजाको सबै सत्रु परास्त गर्नु कथाको चरमोत्कर्ष अवस्था हो । त्यसपछि राजाले आफ्नी राजकुमारीसँग त्यो सौतेनी छाराको बिहा गरिदिएर त्यो छोराको जीवन सुखमय बन्नु कथाको अन्त हो । कथाले महिलाहरूमा सौतेनी आमाले सौतेनी छोरालाई प्राय हेला गर्छन् तर हेला गरिएकै कारण छोराहरूले जीवनको उन्नति प्रगति गर्छन् भन्ने सन्देश दिन्छ ।

## ५.२.२ दुई बोक्सी

यो कथा फेदाप क्षेत्रमा प्रचलित अतिप्राकृतिक लोककथा हो । यस कथामा जाल हानेर माछामार्ने जल्लरीले खोला किनारको ढुङ्गाको छेउमा सानु नानीलाई दुई बोक्सीले रूवाउँदै खेलाउँदै गरेको देखी खेलाएर छोडेको अवस्थामा भेट्नुबाट कथा आरम्भ हुन्छ ।

जल्लरीले नानी बोकेर गाउँमा ल्याई सबै विवरण बताउँदै  आमालाई दिनु, बोक्सी भएको प्रचार प्रसार गर्नु, बोक्सी पत्ता लगाउनु कथाको मध्यावस्था हो । त्यसपछि बोक्सीलाई चिनेर गाउँबाट निकाला गरिदिनु कथाको अन्त हो । यस कथाले आफू बसेको गाउँघर छरछिमेक टोलमा फटाहा, बदमासी मानिसहरू पनि हुन्छन् त्यस्ता बदमासीहरूलाई गाउँलेहरू नै मिलेर दण्ड सजाय दिनु पर्छ त्यसपछि तिनीहरुमा सुधार आउँछ भन्ने सन्देश एकातिर दिन खोजेको छ भने अर्कोतिर अन्धविश्वास र रूढिवादी परम्परामा जगडिएर रहेको नेपाली समाजमा महिलामाथि विभिन्न किसिमका गलत अवधारणा सम्बन्धी आरोप र लान्छनाहरु लगाएर महिला हिंसा तथा दुर्व्यवहार गर्नेहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

## ५.२.३ पोखरीका रानीहरू

यो कथा फेदाप क्षेत्रको प्रचलित मनोरञ्जनात्मक अतिप्राकृतिक लोककथा हो । यस कथाको प्रारम्भ एउटी बूढीको छोराले एक जना मानिसले एक महिना लगाएर काटेको घाँस एउटै मान्छेले  बोकेर हिंडनु र अर्को मानिसले एक एक हातमा ठूलाठूला वर र पीपल बोकेर हिंड्नु बाट भएको छ । त्यसपछि अर्को एकजना बुढीको घरमा ती दुई घाँस बोका र वर बोका पुग्दा त्यो बूढीको पाखामा रोपेको कागुनु हात्तीले खाएर सखाप पारिदिए पछि बूढीको बिलाप सुनेर घाँस बोकाले त्यो हात्तीलाई च्याप्प च्युँडोमा समातेर मुख च्यातेरै मारिदिनु अनि बुढीको छोरो समेत मिलेर तीनै भाई घुम्न जानु, घुम्दा घुम्दै एउटा पोखरीभित्र तीनवटी रानी सुनका बाकस लिएर कुनै मनुख्खेसँग बिहेपनि नगर्ने  र कुनै लोग्नेमान्छेको मुख पनि नहेर्ने भन्दै लुकेको कुरा थाहा पाउनु, वर बोका र घाँस बोका बुढकिो छोराले त्यो थाहा पाएर ती मध्ये एकजना लट्ठामा   बाँधिएर पोखरीभित्र पसी रानीहरूलाई देखी बाहिर आएर साथीहरूलाई भनेपछि दोश्रो पटक तीनै जना बलवानहरू पोखरी भित्र पस्न त्यो लट्ठालाई वाहिरको रूखमा बाँदेर तीनैजना लट्ठामा बाँदिएर भित्र पसेर पोखरी भित्रका रानीहरूलाई  तानेर बाहिर निकाल्नु कथाको चरमोत्कर्ष अवस्था हो । त्यसपछि पोखरीबाट निकालिएका ती रानीहरूसँग जबरजस्ती एकएक जनालाई बिहे गरेर आनन्दसँग घरजम गरि बस्नु कथाको अन्त अवस्था हो । यस कथाले गाउँठाउँमा अझैपनि बलिया लोग्ने मान्छेहरूले महिलाहरूलाई नचाहाँदा नचाहाँदै भए पनि विहे गर्ने प्रचलन फेदाप क्षेत्रका विभिन्न ठाउँमा  रहेको सन्देश पनि यस लोककथाले दिन खोजेको छ  ।

## ५.२.४ नामको भ्रम

यो कथा फेदाप क्षेत्रको काल्पनिक र हास्यास्पद कथा हो । यो कथा धेरै मानिसहरूको भेला, जमघट,जाग्रम आदिमा मनोरञ्जन प्रदान गर्न प्रस्तुत गरिन्छ । बुद्धि र केथा नाम गरेका दुईसाथीहरू परदेश डुल्न जानुबाट यो कथा आरम्भ भएको छ ।त्यसपछि केथालाई दिसा लाग्नु, ऊ दिसा बसेर फर्कि सक्ता नसक्दा बुद्धिलाई पनि दिसा लाग्नु ,बुद्धि दिसा गर्न गएको बेला केथा पर्खिएर बस्ता एक जना बटुवा आएर उसको नाम सोध्नु, उसले केथा भन्दा तिम्रो बुद्धि कहाँ गो भाइ भन्दा दिसा गर्न भन्ने बित्तिकै बटुवा हाँसेको हासै भएर हिंड्नु कथाको चरमोत्कर्ष अवस्था हो । त्यसपछि दुई साथी पनि भेला भएर आफ्नो बाटो लाग्नु कथाको अन्त्य अवस्था हो । वास्तवमा यस कथाले कहिलेकाहीँ मानिसले आजभोलिका आधुनिक युवायुवतीहरूको यथार्थ नाम नबुझी भ्रममा अल्मलिएर प्रसंगले अर्कै अर्थ लगाउँदै सच्चा मानिसलाई मूर्ख बनाएर हिंड्छन् ।आफू मूर्ख भएको वास्तविकता उनीहरूलाई थाहा नै हुँदैन । कागले कान लग्यो भन्दा कान नछामी कागैका पछि दगुर्ने मानिसहरूको प्रवृत्तिप्रति व्यङ्ग्यात्मक सन्देश यस कथाले दिन खोजेको छ ।

## ५.२.५ खरानीको डोरी

यो कथा फेदाप क्षेत्रको किम्बदन्तीमूलक पारिवारिक लोककथा हो । यसमा चतुर मन्त्रीको मूर्ख छोराले जुक्ति र बुद्धिले युक्त भएकी युवतीको साथ पाएर बुद्धिमान बनेको प्रसंगलाई बिभिन्न घटना सृङ्खलाबाट पुष्टि गरिएको छ ।

यस कथामा चतुर मन्त्रीले मूर्ख छोरालाई सयवटा भेडा दिएर नबेची र नसाटी हरेक भेडाको काँधमा एकएक बोरा नून बोकाएर ल्याउन बजार पठाए पछि कथा प्रारम्भ हुन्छ ।त्यसपछि मूर्खले बिनापैसा भेडालाई कसरी नून बोकाएर ल्याउने भनेर सोच्दै निराश भएर घोत्लिएर बसेको बेला एउटी बाटो हिँड्ने युवतीले बाटोमा किन यसरी निराश भएर बसेको भनेर सोध्नु मूर्खले बाबुको आदेश बताउनु अनि युवतीले तिनै भेडाको ऊन बेच्नु र तिनै लाई बोकाएर लानु भनेपछि उसले त्यसै गर्नु, त्यो कार्य बाट बाबु खुशी भएर अर्को पनि त्यस्तै कार्य गर्न लागाउनु, त्यो पनि युवतीको सहयोगले पूरा गरेपछि बाबुले अचम्म भएर छोरालाई यस्तो जुक्ति सिकाउने मान्छे को भनेर सोध्नु, मूर्ख छोराले सबै यथार्थ भन्नु अनि चतुर मन्त्रीले त्यो युवतीको बुद्धि परीक्षण गर्नका लागि छोरालाई त्यो केटीसँग खरानीको डोरी बाट्न लगाएर ल्याउन अह्राउनु, त्यो कार्यपनि सफलतासाथ युवतीले गरेर पठाउनु कथाको चरमोत्कर्ष अवस्था हो । त्यसपछि त्यो चलाख युवतीलाई मागेर आफ्नो

छोरासँग बिहे गरेपछि छोरो बिस्तारै वुद्धिमान बनेर लोकप्रिय बनी सबैतिर बुद्धिनामको नामले चिनिनु  कथाको उपसंहार भाग हो । यस कथाले मूर्ख व्यक्ति पनि सच्चा र बुद्धिमान व्यक्तिको सङ्गत पाए विद्वानै बन्नसक्छ भन्ने सन्देश दिएको छ ।

## ५.२.६ मूर्ख ज्वाईं

यो कथा फेदापमा प्रचलित सामाजिक कथा हो । यसमा मूर्खभाइ भएकै कारण ससुरालीबाट स्वास्नी नपठाएको अवस्था छ। यस कथामा सबै घटनाहरू सृङ्खलामा उनिएका छन । कथाको सुरूवात मूर्खभाइको बिबाह गरिदिएबाट भएको छ । बिहेपछि मूर्ख लोग्ने भएकोले स्वास्नीले लोग्ने छोडेर माइत गएबाट कथा अगाडि बढेको छ । त्यसपछि दाजुले मूर्खभाइलाई  स्वास्नी लिनका लागि ससुरालीमा गएर ससुराले सोध्दा भन्ने कुरा सिकाएर ससुराली पठाउनुबाट कथा विकसित हुँदै जान्छ । बाटामा घटेका सबै घटनाहरूबाट मूर्खले सजाय मात्र पाउँदै ससुराली ससुराली पुगेएपछि मूर्खले ससुरासँग कुरा गर्दा बिग्रेका कामहुँदा राम्रो भो असल भो भन्नु, त्यस्तै राम्रोकाम हुँदा हुनहार भएछ साह्रै चित्त दुख्यो भन्नु जस्ता कुराले कथा अझै चरोमोत्कर्ष विन्दुमा पुऱ्याएको छ । अन्त्यमा मूर्खले छोरी पाल्दैन भनेर उसलाई रित्तैघर पठाएपछि कथावस्तु टुङ्गिन्छ ।“बोकेका कुकुरले मृग मार्दैन,मूर्खलाई जतिसुकै सिकाएपनि  काम काट्दैन” भन्ने सन्देश यस कथाले पुष्टिगर्न खोजेको छ ।

## ५.२.७ भावीले लेखेको मेटिँदैन

यो कथा फेदाप क्षेत्रको प्रचलित पौराणिक लोककथा हो । यस कथामा भावीले लेखेको कुरा केहीगरे पनि मेटिँदैन भन्ने कुरलाई सन्दर्भ मिलाएर प्रस्तत् गरिएको छ । यसको सुरूवात पारिको धनीमान्छे वारिका गरिब गाउँकी ६ दिने सुत्केरी भएको घरमा बास बस्न जानुबाट सुरूवात भएको छ ।त्यसपछि आफ्नो सम्पति खाने कुरा त्यो बालकको भाग्यमा भावीले लेखेको धनीमान्छेले थाहापाए पछि त्यो बच्चालाई मार्नका लागि बुढी आमा र सुत्केरीलाई विभिन्न प्रलोभनले फकाईफुलाई गरेर जुक्तिसँग बालकलाई कोक्रैसँग लगेर नदीमा फालिदिनु सँगै कथावस्तुको विकास भएको छ । १४ वर्षपछि फेरि त्यही घरमा के कस्तो हालखबर रहेछ भनेर धनीमान्छेले साधुको भेष धारण गरी आउँदा उसले त्यो बालक जन्मिएको सात दिनका दिन नदीमा लगेर कोक्रैसँग फ्याँकेको बालक त जवान भैसकेको

देख्दा धनीमान्छेले त्यस केटालाई उसको घरैमा लगेर मार्ने जालबनाएर आफ्नो छोरालाई यो चिट्ठी लिइआउने केटो पछि हाम्रो सम्पति खाने हो यसलाई कसैगरी घरभित्रै मारेर मजेरीमा गाड्नु भन्दै त्यो चिट्ठी पुर्‍याउनका लागि  एकसय रूपैयाँ दिएर केटालाई उसैको घरमा पठाउनु, केटो असाध्यै राम्रो देखेर घर नजिकै चौतारामा थकाइ मारेर बस्ता निदाएको बेला छेउमा बाख्रा हेर्दै गरेका  धनीका छोरीले चौतारामा को रहेछ भनेर आइहेर्दा सारै राम्रो युवक दौराको तुनामा एउटा  चिट्ठी बाँधेर निदाइ राखेको देखी त्यो चिट्ठी  खुसुक्क झिकेर पढी यस्तो राम्रो केटालाई मार्नु भन्दा बिहेगर्नु राम्रो हुन्छ भनेर सोच्दै बाबुले मारिदिनु भनेको सट्टामा जुन छोरीमन पराउँछ त्यसैसँग बिहे गरिदिनु भन्ने लेखेर साटी दिनु, मार्नु भनी घरमा चिठी बोकी पठाएको केटासँग आफ्नी छोरीको बिहे भएर केटो ज्वाईंको आसनमा बसेको बेला धनीमान्छे घर आइपुग्नु, केटो आफ्नो ज्वाईं भएको देख्दा मेरो सम्पति भावीले लेखेझैं खाने नै भयो भनेर तत्कालै त्यसकेटालाई मार्नको लागि कामीलाई अराएर जुत्तामा काँटी ठोक्ने निउले कामीकोमा पठाउँनु, धनीमान्छेले केटालाई मार्नका लागि बनाएको जालमा  उसकै एउटा भएको छोरो परेर मर्नु, साथै छोरो मरेपछि धनी पनि आत्महत्या गरेर मरेको प्रसङ्ग कथाको चरोमोत्कर्ष अवस्थामा पुर्‍याएको छ । अन्तमा त्यो धनीमान्छेले त्यो केटालाई मार्नका लागि कति प्रयत्न गरेपनि सबै प्रयत्नहरू असफल भइ उसको सम्पति खाने अवस्थामा त्यही केटोपुग्नु कथाको अन्तिम अवस्था हो । यसरी आफ्नो कर्ममा भावीले लेखेको कुरा जुन सुकैले जतिसुकै बल गरेपनि मेट्न सक्तैन आखिरमा पुगेरै छाड्छ भन्ने सन्दर्भलाई कथाको घटना सृङखलाहरूले सार्थक बनाएको छ । त्यस्तै अरूलाई पार्नको लागि अपराधिक मनस्थितिबाट आफूले खनेका खाडलमा आफैं परिन्छ भन्ने सन्देशलाई पनि धनीले त्यो केटालाई मार्नकालागि गरेका सबै प्रयत्नहरू असफल भइ अन्त्यमा आफैं  मर्नु बाट पुष्टी गरिएको छ ।

## ५.२.८ आयु दिएकी स्वास्नीको चाला

यो कथा फेदाप क्षेत्रमा प्रचलित अतिप्राकृतिक कथा हो । यस कथामा स्वास्नी मानिसलाई मर्ने बेलामा आफ्नो आयु नै दिएर बचाएपनि उनीहरूले धोका दिन चाहेभने दिएरै छाड्छन् भन्ने तथ्यलाई  घटना सृङ्खलाको आधारमा प्रष्ट्याइएको छ । प्रस्तुत कथामा दाजुभाइको अंशबण्डा गरिसके पछि कान्छो भाइ परदेशतिर जानलाग्दा उसकी श्रीमतीसँगै जानुबाट कथा सुरूवात भएको छ । उनीहरु हिंड्दै जादा बाटामा सर्पले डसेर मर्नु अनि लोग्नेले अलाप बिलाप गरीरूदै कराउँदै मृत स्वास्नीलाई बोकेर हिंड्नुबाट

कथावस्तु विकास हुँदैजान्छ । उसको असाध्यै दुःखदाइ बिलाप विष्णु भगवानले श्रवण गरी स्वयम् भगवानले उसको अगाडि दर्शन दिएर किन रोईकराई गरेको के भयो भनदा मेरी प्राणभन्दा प्यारी स्वास्नी बाटामा हिंड्दाहिंड्दै सर्पले टोकेर मरी भन्दै उसले भगवानसँग बचाइदिने आग्रह गरेको भगवानले उसको आयु पुगेर मरेकी हो उसलाई बचाउनु पर्छ भने तिम्रो आदिआयु दिनुपर्छ, दिन सक्छौ भनेर सोध्दा दिन मन्जुर भएपछि त्यसै बमोजिम लोग्नेको आदि आयु दिएर बचाइदिएपछि बडो खुशीभएर लोग्ने र स्वास्नी डुल्दै घुम्दै एउटा जङ्गलमा साधुको कुटीमा पुगेर बस्दा राम्री आइमाई देखेपछि साधुको मन आइमाइ तिर लोभिन गइ ऋषिले त्यो आइमाईलाई फकाइ लोग्नेलाई मार्ने जुक्ति सिकाउनु, पानी भिकिदिन लोग्ने निहुरिएका बेला इनारमा ठेलेर हाली उसले साधुसँगै बसेर मोजमस्ती गर्नु, नाच्न गाउन राम्रो सिकी नाच प्रदर्शनको आयोजनामा राजदरवारमा गएर राम्रो नाच देखाउनु, उता स्वास्नीले इनारमा ठेलेर मारें भनेको लोग्ने भने पानी लिन आएका दुई जना मान्छेको सहयोगबाट इनारबाट बाहिर निस्किएर धोकेबाज स्वास्नीलाई थाहै नदिइ अर्कै राज्यको राजाकहाँ गएर विश्वासीलो ढोके भएर दरवारमा बस्नु, दरवारमा आयोजित नाचमा स्वास्नीलाई चिनेर लोग्नेले पुरस्कार जस्तो गरी हातको औंठी फुकालेर दिँदा स्वास्नीले औंठी दिने मान्छे मेरै लोग्ने हो भनेर चिनेपछि आफूले अपराध गरेको थाहा पाएर लोग्नेले अब मलाई दुःख दिन्छ भनेर त्यो लोग्नेलाई मार्न पुनः अर्कोदिन पनि राजलाई मुग्ध पार्ने नाच देखाउनु, राजासँग लोग्नेलाई मार्ने अनुरोध गर्नु कथाको चरमोत्कर्ष अवस्था हो । त्यसपछि आइमाइको नाचबाट मुग्ध भएर उसको अनुरोधलाई हुन्छ भनेर दरवारका पुलिस बोलाएर पालेलाई गोली हान्न लगाउँदा पालेले एउटा माग माग्नु राजाले पनि मर्ने बेलाको माग पुरा गरिदिन्छ भनेर बोली चुकाएपछि पालेले आफ्नो आदि आयु दिएर बचाएकी स्वास्नीको आयु फिर्ता मागेपछि स्वास्नी पनि मर्नु कथाको अन्त्य अवस्था हो । लोग्ने मानिसले जतिसुकै मायाममता दिएपनि कतिपय स्वास्नी मानिसहरू निर्दयी, कठोर,धोकेबाज र पापी हुन्छन् भन्ने सन्देश यस कथाले दिएको छ ।

## ५.२.९ साथीहरू पनि बोलन

यो कथा फेदाप क्षेत्रमा प्रचलित सामाजिक जनविश्वास भएको कथा हो । यस कथामा आपत् विपत् पर्दा पनि मान्छेले कति स्वार्थी भाव व्यक्त गर्दा रहेछन् भन्ने कुरालाई बडो रोचकढंगबाट देखाइएको छ ।छोराको बिहे हुनुको घटनाक्रमबाट कथावस्तु सुरूभएको छ । उनीहरूको सुखद दाम्पत्य जीवनमा आपसी प्रेमले खुशियाली छाइरहेको बेला एक्कासी

गुडिया जस्तो भोकतिर्खे मेटाउने सानो छोरामर्नुले कथा निकै मार्मिक बनेको छ । बिपतको बेला गाउँलेहरूले दिएको शान्त्वनालाई पनि कसैले नकार्ने अवस्था छैन । छोराको अवशान भएको केही वर्षपछि  लोग्नेपनि बिरामी भएर मर्नुले कथामा नारी वेदनालाई चरोमोत्कर्ष अवस्थामा पुऱ्याएको छ । सबै सजिला र स्वार्थका कामहरू गर्न मै तयार छु भन्ने हर्केले साहुको ऋणतिर्ने बेलामा भने साथीहरूको थाप्लोमा हाल्नुचाहिं कथाको अन्तिम अवस्था हो। वास्तवमा यस कथामा गाउँघर, छरछिमेकमा निच र स्वार्थी भावना भएका मान्छेहरू सहयोगी बन्ने बहानामा कस्ता व्यवहार देखाउन सक्छन् भन्नेकुरालाई बडो रोचक ढंगबाट घटना सृङखलाले देखाएको छ । आदि ,मध्य ,र अन्त सृङ्खलामा गाँसिएको यो कथा रोचक सामाजिक कथा हो ।

## ५.२.१० सबै चोरै चोर

यो कथा फेदापक्षेत्रको प्रचलित सामाजिक कथा हो । चोरहरूको बिगबिगी बढिरहको अवस्थामा यहाँको समाज चोर बिहिन रहन सक्तैन । कुनै न कुनै ढङ्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चोरहरूले चोर्दै हिंड्नु बाट कथा प्रारम्भ भएको छ । त्यस्तै चोरहरुलाई पुलिसले पक्रिनु,दुईजना चोरहरूलाई मार्नु  बाँकी रहेको तेस्रो चोरलाई राजाकहाँ पुर्‍याउनु,राजाले सुन रोप्न लगाउनु कथाको मध्यभाग हो । राजा, रानी र मन्त्री सबैले सुन रोप्दा पनि नउम्रिने अवस्थामा पुग्नु कथाको चरमोत्कर्ष अवस्था हो ।त्यसपछि सबैचोर भएको पुष्टि भएपछि तेस्रो चोरलाई दिएको  सजाय फिर्ता हुनु कथाको अन्त्य अवस्था हो । मूलतः यस संसारमा पेशेवर चोरमात्रै चोर होइनन् यहाँका ठूलाबडा भनाउँदा पनि चोरको आचरण भन्दा अलग रहन सकेका छैनन् भन्नेकुरा कथाले सन्दर्भ मिलाएर प्रस्तुत गरेको छ । आधुनिक समाजमा स्वच्छ र अकलुसित छवि भएका मान्छे पाउन गाह्रो छ भन्ने आशय समेत यस कथाले प्रस्तुत गरेको छ । पूर्ण कथानक भएको प्रस्तुत कथो लोकप्रिय तथा मनोरञ्जन प्रदायक हो भन्न सकिन्छ ।

## ५.२.११अल्छी छोरा र बूढो बाबु

यो कथा फेदाप क्षेत्रको प्रचलित सामाजिक कथा हो ।स्वार्थी र अल्छी छोराछोरीहरू बाबुआमाको माया ममता भन्दा धन सम्पतिमा लालायित हुन्छन् भन्ने तथ्यलाई कथाले प्रष्ट्याउन चाहेको छ । बूढोबाबु बिरामले सिकिस्त भएपछि छोराहरूलाई सरसल्लाह र सुझाब दिनकालागि बोलाउनुबाट कथा प्रारम्भ भएको छ । अल्छी छोराहरू बाबु सिकिस्त

बिरामी भएको अवस्थामा उपचार गर्नुको साटो खर्च जोगाउन नजिक र टाढाको घाट कुनमा लाने भन्दै बाबुमर्नु भन्दा पहिले नै तँछाड मँछाड गर्नु कथाको मध्यभाग हो भने छोराको चर्तिकला देखेर बिरामले सिकिस्त भएको बाबु लौरो मागेर आफैं घाटतिर लाग्नु कथाको अन्त्य भाग हो । यो कथाले बाबुआमाको माया छोराछोरीमाथि तर छोराछोरीको माया ढुङ्गामुढा माथि भन्ने उक्तिलाई चरितार्थ गरेको छ ।

## ५.२.१२ मृत राजकुमारबाट छोरोपाउने राजकुमारी

यो कथा फेदाप क्षेत्रको अतिप्राकृतिक कथा हो ।यस कथामा बिहे गर्ने उमेर पुगेको समयमा  राजकुमारीलाई जोगीले हात हेरेर बिहे गर्ने वित्तिकै लोग्ने मर्ने भाग्य छ भन्दाभन्दै अर्को देशको राजाले त्यो कुरालाई नमानिकन बिहे गर्दा बिहेको मण्डपमै ढलेर मरेपछि घटेका घटनाहरुलाई सृङ्खला मिलाएर प्रस्तुती गरिएको छ ।

राजकुमारीलाई जोगीले बिहे गर्ने बित्तिकै लोग्ने मर्छ भन्दाभन्दै बिहेगरेको त्यसपछि मण्डप मै लोग्ने मरेको घट्नास"गै कथा आरम्भ भएको छ । त्यसपछि जोगीको भनाइलाई मतलब नै नराखी अर्को राज्यका राजाले राजकुमारीसँग बिहे गरेकोले मण्डप मै ढलेर बिहेकै बेला मरेपछि लासलाई जंगलमा लगेर राखीदिनु जहाँ मान्छेको आवतजावत कमी रहेको होस्  भनेअनुरूप त्यो लासलाई ठूलो जङ्गलमा लगेर राखिदिनु, जहाँ राजकुमारीले महिनौ दिनपछि गएर हेर्दा मृत राजकुमारको लास जस्ताको त्यस्तै हुनु, राजकुमारी त्यहीँ कतै बसेर लुकेर हेर्दा त्यहाँ स्वर्गका परीहरुले नाच्दै नाच्दै  खाना ल्याइदिएर आउनु, मृत राजकुमारको सिरानीमा भएको लौरो निकालेर छोएपछि राजकुमार व्यूँझिनु अनि स्वर्गका परिहरू हिंडेपछि राजकुमारीले आएर सिरानीको लौरोले राजकुमारलाई छोइदिएपछि राजकुमार व्यूँझिएर हेर्दा राजकुमारीलाई देख्नु, ती दुबैको कुराकानी हुनु, राजकुमारीले आफूलाई एक्लै छोडेर त्यस्तो गरेकोमा रूनु कराउनु अनि फेरिदेखि घर नगइकन उनीसँगै बस्ने निधो गर्नु, त्यसपछि स्वर्गका परीहरू खाना लिएर आउने बेलामा राजकुमारी खाटमुनि लुक्नु, खानको लागि राजकुमारले खाटमा सानु प्वाल पारेर त्यहीँबाट छिराइदिनु, राजकुमारी त्यसैगरी बाँच्नु, बिस्तारै रहँदैबस्तै जाँदा राजकुमारी गर्भवती भएपछि परीहरूले मानिसको गन्धआयो भनी अर्कोदिन देखि मृतराजकुमारको शरीरलाई बोकेर स्वर्गतिरै लानु, यता राजकुमारी सुत्केरी हुने बेला पुगेपछि दूध बेच्ने निहुँ बनाएर सासुकोमा गइ सुत्केरी हुनु, छोरा जन्मिनु , सासुले बुहारी हो भनेर नचिन्नु, खानाभने स्वर्गबाटै राजकुमारले पठाइ दिनु,

एक दिन स्वर्गबाट राजकुमारले पठाइदिएको पान खाएको सासुले देखेपछि पान खानेआइमाईलाई घरमा बस्न नदिनु, त्यसपछि पुनः राजकुमारी छोरो बोकेर जंगलमा जानु, जंगलमा एक जना तपस्वी ऋषि भेटेर आफूलाई राजकुमारसँग भेट्टाइ दिन अनुरोध गरेपछि ती तपस्वी ऋषिले राजकुमारकहाँ जाने बाटो देखाइ दिनु, साथै राजकुमारलाई भट्न जाने प्रकृया समेत बताइ दिनु, उनी राजकुमारलाई भेट्न गएको बेलामा सानु छोरो पनि ऋषिले नै हेरी दिनु, राजकुमारीले स्वर्गमा गएर ऋषिले भनेबमोजि अत्यन्तै राम्रो नाच देखाउनु, नाचको आनन्दमा स्वर्गका राजा पनि मुग्ध भएर तिमी के माग्छ्यौ म दिन्छु भन्दा राजकुमारीले आफ्नो तबला बजाएर बसेको राजकुमार मागी पुनः घर फर्किएर बडोआनन्दसँग जीवन विताएर बस्नुबाट कथा समापन भएको छ । कथाले पति पत्नीको बीच भएको स्वच्छ र हार्दिक प्रेमलाई जतिसुकै कठिनाई बाधा अड्चन भएपनि बिछोडको तगारो बन्न सक्तैन मिलन भएरै छाड्छ भन्ने सन्देश प्रवाह गरेको छ ।

## ५.२.१३ किन रोए तिनैजना

यो कथा फेदाप क्षेत्रको प्रचलित सामाजिक कथा हो । अशिक्षा र अज्ञानताले मानवीय जीवनमा ठूलो असर पारेको हुन्छ । समयमा ज्ञान लिन नसक्दा मानिसले पछाडि आउने व्यवहारिक जीवन यापनमा पश्चाताप गर्नु पर्ने हुन्छ । यस कथामा बूढीआमाले अज्ञानताको कारणले छोराले परदेशबाट पठाएको चिठी पढ्न नसक्दा चिठीमा रहेको यथार्थ खबर नै थाहा नपाइ रूनु परेको छ । सैनिकले युवा अवस्थामा एउटा चिठी पढ्न नसकेर पश्चातापमा परी रूनु, त्यस्तै कुमाले घटनासन्दर्भको यथार्थ कुरै थाहानपाई अघिल्लो सालको व्यापारिक घाटा सम्झेररूनु पनि अशिक्षाकै उपज हो । आदि मध्य र अन्त्यको सृङ्खलामा उनिएको यो कथा अत्यन्तै ज्ञानवर्द्धक रहेको छ ।

## ५.२.१४ कान्छो छोरोलाई राजगद्दी

प्रस्तुत कथा फेदाप क्षेत्रको प्रचलित किम्बदन्तीमूलक लोककथा हो । वुद्धि र जुक्ति लगाएर काम गरे मानिसले राम्रो अवसर प्राप्त गर्न सक्छ । एउटै आमाबाट जन्मिएका छोराछोरी कोही तिक्ष्ण हुन्छन् भने कोही मन्द वुद्धिका हुन्छन् भन्ने तथ्यलाई यस कथाले घटना श्रृङ्खलाहरूका आधारमा सार्थक बनाउन खोजेको छ । बाबुले छोराहरू बोलाएर उनीहरूको वुद्धि परीक्षण गरी सत्ता जिम्मा लगाउने उद्देश्यले कसैले नमारेको, नकाटेको र कसैले हत्या पनि नगरेको मासु ल्याउन लगाउनबाट कथा आरम्भ भएको छ । त्यसपछि,

चारैभाइ छोराहरू बाबुले भनेबमोजिमको मासु खोज्न हिंड्नु, कहीं त्यस्तो मासु भेटिएन भनेर कान्छो भाइ बाहेक ३ भाइ घर फर्किएर बाबुसंग त्यस्तो मासु कतै नपाइने भन्दै गर्दा कान्छो छोराले धेरै टाढा भैंसी ब्याएको ठाउँमा पुगेर उसको अम्रोलाई अनुसन्धान गरी यो मासु कसैले नकाटेको, नमारेको र कसैले हत्या नगरेको हो भनी निर्क्यौल गरी लगेर बाबुलाई जिम्मा दिनु कथाको मध्य भागहो । राजाले खोजेअनुरूपको मासु पाएपछि चलाख र वुद्धिमानी छोरो यही रहेछ भनेर राज्य सत्ता जिम्मा दिँदा अरू भाइ छोराहरू छक्क परी हेरेको हेर्‍यै हुनु कथाको अन्त्य भाग हो ।

यहाँ कान्छो छोराले बाबुले भनेअनुरूपको कार्य गर्न गहिरो अनुसन्धान, चलाखी र वुद्धिमतापूर्ण तरिकाबाट पूरा गरी सफलता हासिल गरेको छ भने अन्य दाजुभाइहरूले बाबुको आज्ञालाई विश्लेषण गरी काम गर्न नसक्नुलेराज्य पाउने अवसरबाट वञ्चित हुनु परेको छ । कथाले “जहाँ इच्छा त्यहाँ उपाय” भन्ने उक्तिलाई पुष्टि गर्न खोजेको छ ।

## ५.२.१५ मितको मासु मितैलाई

प्रस्तुत कथा पनि फेदाप क्षेत्रको पशुपन्छी सम्वन्धीको लोकप्रिय कथा हो । यस कथामा मानवेत्तर प्राणीहरू सम्बन्धीको काल्पनिक प्रसङ्ग समावेश गरिएको छ । कथामा मानवेत्तर प्राणीहरूमा पनि कुनै धेरै चलाख र कुनै सोझा सिधा र सामान्य खालका हुन्छन् । वन्यजन्तुहरूको इतिहास र परम्परालाई अध्ययन गर्दा स्याललाई उसको चलाख्याइँ अध्ययन गरी  जम्बु मन्त्रीको संज्ञा दिएको पाइन्छ । त्यस्तै गरी यस कथामा पनि स्याल र भालुले मित त लगाए तर मितबाट पाइने मैतृत्वलाई ग्रहण नगरी स्यालले भालुलाई पटक पटक दुःख दिएको छ ।

स्याल र भालुले मित लगाई पाखामा काँक्रो रोप्नुबाट कथाको आरम्भ हुन्छ । त्यसपछि काँक्रा फलाउनु, भालुले काँक्रो खादा पेट दुख्नु ,स्यालले धेरै काँक्रा खाए पेट निको हुन्छ भनेर भालुलाई उक्साउनु, भालु बेहोस भएर लड्नु, भालुलाई आँखा र जीउमा खुर्सानी दले कुखुरा खान पाइन्छ भन्नु, अरिंगालको गोलोलाई मौरी भनेर घोच्न लगाउनु, फेद काटेको लहरामा पीङ खेल्न लगाएर भालुलाई भीरबाट लडाएर मार्नु कथाको मध्य तथा मनोरञ्जनपूर्ण भाग हो भने मित बनाएर जालजुक्ति गरी मितैलाई मारेर मासु खानु कथाको अन्त्य भाग हो । यस कथाले साथी चिनेर मात्र मित्रता गाँस्नु राम्रो हुन्छ नचिनिकन बनाएको साथीले धोका दिन्छ भन्ने सन्देश दिन खोजेको छ ।

## ५.२.१६ दैनिक छोरो खोज्ने राजा

प्रस्तुत कथा फेदाप क्षेत्रमा प्रचलित सामाजिक लोककथा हो । यसमा राजाको अहम्ताका कारण बिहे गरेर भित्रिएकै भोलिपल्ट रानीले छोरो दिनुपर्ने बाध्यतालाई निराकरण गर्ने उद्देश्यकासाथ कथा सृजना गरिएको छ। यसमा राजाले रानी भित्रिएकै भोलिपल्ट छोरो दिने रानी खोज्न पठाएबाट नै कथा प्रारम्भ भएको छ । मन्त्रीहरु छोरो दिने रानीखोज्न जानु र एउटी आइमाई भोलिपल्टै छोरो दिने पाउनु र राजाकहाँ भोलिपल्टै छोरो दिने सर्तमा भित्रिएर आउनुले कथा विस्तार हुँदै गएको छ । भोलिपल्ट राजाले छोरोमाग्दा रानीले राजालाई मकैको बिऊ दिँदै त्यसबाट फलेको मकैको घोगा भोलि दिनु अनि छोरो दिंउला भनेपछि कथा चरोमत्कर्षमा पुग्दछ । त्यसपछि राजाले आज रोपेको मकैबाट भोलि नै घोगो फलाएर दिन नसकेपछि रानीले पनि भित्रिएर आज छोरो दिन सक्दिन भनेपछि राजाले आफ्नो अहमता बोध गर्नु र रानीसँग घरजम गरेर बस्नु कथाको अन्तिम भाग हो । यसरी यस कथाले कुनैपनि कार्यको प्रतिफल पाउन निर्धारित समय पर्खनु पर्दछ आजको भोलि प्राप्त हुँदैन भन्ने सन्देश दिएको छ ।

## ५.२.१७ लट्टे र ध्वाँसे

प्रस्तुत कथा फेदाप क्षेत्रमा प्रचलित लोकप्रिय सामाजिक कथा हो । समाजमा छिमेकी भएर बस्ता एक अर्कामा कस्ता किसिमको रिसराग र छलकपट हुँदा रहेछन भन्ने यथार्थलाई यस कथाले प्रष्ट पार्न खोजेको छ । लट्टे दमाईको छोरो गोल पोल्न गएको बेला चरी झैं नाच्दा लडेर मर्नु त्यसपछि बाबु पनि मरेको छल गर्नु र छोराहरूलाई क्रियामा बसाउनु आदि कुराबाट कथाबस्तु विकास भएको छ । त्यसपछि ध्वाँसे कामीले लट्टे दमाईलाई पालाको पैंचो तिर्न पारिपट्टीबाट माइला मुखियाले बिहेमा बाजा बजाउन बोलाएका छन् भन्नु ,खोलो निदाएपछि खोला तर्न लगाउनु,खोला तर्दा बगाएर लाँदा ढुङ्गामा ठोकिएर दमाहा बज्नु, बाबुले खोला तरेछन् भनेर अरू पनि खोलामा पसेर मर्नु कथाको चरमोत्कर्ष अवस्था हो । भोलिपल्ट ध्वाँसेकामीले लट्टेको हालत के रहेछ भनेर जानु र यति पानि खाएँ भनेर देखाउदा हात खुस्किएर लट्टे मर्नु कथाको अन्त अवस्था हो । यसरी विभिन्न घटना सृङ्खलामा उनिएको यो कथाले घर छरछिमेकमा बसेपछि इष्टमित्रको

खेदो खन्ने काम गर्नु हुँदैन ।आफूले गरेजस्तै छलकपट अरूले पनि गरेभने आफ्नो कस्तो हालत हुँदो रहेछ भन्ने शिक्षा यस कथाले दिन खोजेको छ ।

### ५.२.१८ चलाख भँगेरो

यो कथा फेदाप क्षेत्रको चराचुरूङ्गी सम्वन्धीको कथा हो । यस कथामा बुद्धि नपुर्याइ काम गर्नाले राजाले दुःख पाएको घटना सृङ्खला उनिएको छ । राजा सिकार खेल्न जाँदा केही नपाउनु र अन्त्यमा बुट्टामा बसेका भँगेरालाई नै गोलीहानी मार्नु र एउटा बुढो भँगेरोलाई जिउँदै खानुको अवस्थाबाट कथा विकास हुँदैजान्छ । जिउँदै राजाको पेटमा पुगेपछि राजा वाहिर म भित्र भन्दै कराएर दिक्क लगाएपछि राजाले त्यसलाई दिसा बस्न जाँदा काट्न लगाउने निर्णय गरी पोडेलाई लिएर दिसा बस्न जानु, दिसा बसेको बेला भँगेरो भुर्र उडेर निस्किँदा पोडेले राजाको कन्डेउली नै काटिदिनु कथाको चरमोत्कर्ष अवस्था हो । त्यसपछिभँगेरोले रूखमा बसेर “राजालाई ढाँट्न सम्म ढाँटे, राजाको कण्डेउली तरवारले काटेँ” भन्दै गीत बनाएर गाउनु र राजाको उपचार गर्न ६ महिना लाग्नु कथाको अन्त्य अवस्था हो । यसरी सानु भएकैमा कसैलाई हेप्नु हुँदैन ।आक्रोशमा निर्णय गरे अन्तत्वगत्वा त्यसले आफैंलाई हानी पुर्याउँछ भन्ने सन्देश यस कथाले दिएको छ ।

### ५.२.१९ खन्चुवाको चमत्कार

यो कथा फेदाप क्षेत्रमा प्रचलित अतिप्राकृतिक, काल्पनिक तथा अतिरञ्जित कथा हो । यसमा एउटा निसन्तान लोग्ने मानिसले आफ्नो सम्पति खाने छोरा माग्दा शिवजीको वरदान पछि जन्मिन पुगेका खन्चुवा छोराको कथा छ । कथाको सुरूवात निसन्तान लोग्ने मानिस छोराको वरमाग्न हिँडेबाट हुन्छ । त्यसपछि छोराहरु जन्मिनु,  छोराहरूले जन्मेकै दिन एक मानाको भात खानु ,जतिदिन बढ्दै जान्छन् उति नै मानाको दरले खानापनि बढ्दै जानु ,बाबुको सम्पति सबै खाइसक्नु, राजाले पनि एक छाक भन्दा बढी खुवान नसक्नु कथाको मध्य भाग हो ।छोराहरु कौडेराजा कहा“ पुग्नु र उसकी मरेकी स्वास्नी लिएर सागरमा जानु, पाटीमा बस्ता नाना प्रकारका भूत प्रेत मसान आएर चर्तिकला देखाउनु, खन्चुवाहरूले ती मसानहरूको कसैलाई मार्नु कसैलाई सातोपुत्लो उडाएर उनीहरूसँग भएका तीनखाले चम्मरहरू र  गोपिनीहरुबाट बाँसुरी ल्याउनु अनि राजाले बा“सुरी मागेर बजाउँदा राजा हावामा बेपत्ता भएर हराउनु कथाको चरमोत्कर्ष अवस्था हो । राजा बेपत्ताभएपछि जेठो भाइले त्यही रानीलाई विहा गर्नु र माहिलो र कान्छोलाई क्रमशः मन्त्री

र सेनापति बनाएर राज्य चलाउनु कथाको अन्त अवस्था हो । यसरी विभिन्न किसिमका रोमान्चक कुतुहलता सिर्जनाले कथा निकै रोचक बनेको छ ।

## ५.२.२० तीनै छोरा मन्त्री

यो कथा फेदाप क्षेत्रको प्रचलित सामाजिक कथा हो । यस कथाले लोग्नेमानिस उमेरले बुढो भएपनि स्वास्नी मरेपछि अर्की स्वास्नी ल्याउन चाहन्छन् । कान्छी स्वास्नी पाएपछि जेठीतिरका छोराछोरीलाई कान्छीतिर लागेर कुट्ने पिट्ने खेदाउने कार्यमा उद्दत हुन्छन भन्ने प्रसंगलाई कथाको सन्दर्भ प्रष्ट्याउन खोजेको छ । बूढाले जेठी स्वास्नी मरेपछि कान्छी स्वास्नी ल्याएर जेठी पटिका तीनभाइ छोरालाई घरदेखि खेदाउनुबाट कथा प्रारम्भ हुन्छ । घरबाट खेदाएपछि तीनै भाइछोरा जङ्गलकोबाटो हुँदै एउटा साधुको कुटीमा पुग्नु, साधुले कुटीमा बसाएर धेरै ज्ञान दिइ विद्वान बनाउनु, विद्वान बनेपछि तीनै भाइलाई सपनामा शिवजीले दर्शन दिनु ,सपनाको खबर साधुलाई बताउनु , राजाका तीनैबैनी छोरीहुनु र ती छोरीहरूको विहे एउटैबाबुका तीन भाइ छोरासँग गरिदिनु कथाको चरमोत्कर्ष अवस्था हो भने राजाको छोरीसँग विहे गरी दरवारमा गएपछि राजाले तीनै भाइलाई मन्त्रीबनाएर राखी आनन्दसँग जीवन विताउनु कथाको अन्त्य अवस्था हो । यस कथाले सौतेनीआमाले त सौताका छोराछोरीलाई माया गर्दिनगर्दिन बाबुले पनि कान्छी स्वास्नीसँग लागेर आफ्ना छोराछोरीलाई कुब्यबहार गर्न थाल्दछ भन्दै बहुबिबाहबाट पहिले जन्मेका छोराछोरीले भोग्नुपर्ने दुःख कष्टको यथार्थ चित्रण गरेको छ । सच्चा र विद्वानलाई भगवानले पनि साथ दिन्छन् भन्ने सन्देश यस कथाले दिन्छ ।

## ५.२.२१ छोराको मासु

यो कथा फेदाप क्षेत्रमा प्रचलित सामाजिक कथा हो । यस कथाले राजाका दुई रानी मध्ये जेठी रानीको छोरालाई कान्छी रानीले मारेर काटकुट गरी पकाएर आमा र बाबुलाई खुवाउन खोजेको विभत्स घटनालाई उधृत गर्दै सौतेनी आमाले सौतेने छोराछारीलाई कस्तोकस्तो कुब्यबहार गर्छन् भन्ने प्रसंगलाई प्रष्ट्याउन खोजेको छ ।

राजा र जेठीरानीले सानो छोरालाई कान्छीआमासँग छोडेर कतै गएका बेला खेलिरहेको बच्चालाई फकाएर भित्र लगेर काखमा निचोरेर मार्नुबाट कथाको आरम्भ हुन्छ । त्यसपछि जेठीरानी र राजा आउँदा कान्छीरानीले छोरालाई काटकुट गरि पकाएर बाबुआमालाई खानदिनु ,आमाले छोरो खोज्दा माथि खेल्दैछ भनेर ढाँट्नु, आमाले खानु भन्दा

पहिले छोराको मुख हेर्न चाहनु, छिमेकीले कान्छीआमाले समातेर भित्र लाँदै गरेको देख्नु, आखिरमा कान्छीरानीले छोरो मारेको कुरामा कायम हुनु कथाको चरमोत्कर्ष अवस्था हो । त्यसपछि सबै मिलेर कान्छी रानीको नाक, कान र मुख काटेर दरवारबाट खेदाउनु कथाको अन्त अवस्था हो । यस कथाले सौतेनीआमाले सौताका छोराछोरीलाई अत्यन्तै खराब ब्यबहार गर्छन्, मौकापाउनासाथ ज्यानलिन पनि पछाडि पर्दैनन्, साथै अपराध लुकेर लुक्दैन र यसबाट कोही मुक्त हुँदैन भन्ने सन्देश समेत दिन्छ ।

## ५.२.२२ तोडियो राजकुमारीको वाचा

यो कथा फेदाप क्षेत्रको प्रचलित किम्बदन्तीमूलक लोक कथा हो । यसमा लोग्ने मानछेको अनुहार नहेर्ने राजकुमारीको कुरालाई प्रष्ट्याउने काम भएको छ । राजकुमारी बिहा योग्य भएपछि एक्लै अलग्गै एउटा कुटीमा बस्नुबाट कथा आरम्भ भएको छ । राजकुमारीसँग बिहे गर्न भनेर धेरै राजकुमार आउँदा पनि आफ्नो वाचा अनुसार बिहे नगर्ने अवस्थामा राजकुमारी रहेबाट कथा विकसित हुँदैजान्छ । उनले लोग्ने मान्छको अनुहार नहेर्नुको कारण खुलेपछि उता राजकुमारले पनि स्वास्नी मानिसको अनुहार नहेर्ने भन्दै शहरमा झ्याली पिटाउँदै डुल्दै जाँदा राजाकुमारलाई हेर्न खोज्दा राजकुमारीको वाचाबन्धन तोडिनु नै कथाको उत्कर्ष विन्दु हो । त्यसपछि दुबै राजकुमार राजकुमारीको बाचाबन्धन तोडिएपछि बिवाह बन्धनमा बाँधिनु यो कथाको उपसंहार हो । मूलत यस कथामा कसैले पनि निरर्थक निर्णय गर्‍यो भने त्यो सम्भव हु"दैन । त्यस्तै यस कथाले आफूले अरूलाई हेर्ने दृष्टिकोण मात्र राम्रो होइन अरूले आफूलाई हेर्ने दृष्टिकोणको पनि विश्लेषण गर्नुपर्दछ भन्ने सन्देश दिन्छ ।

## ५.२.२३ अभागी भक्तिलाल

यो कथा फेदाप क्षेत्रको पारिवारिक तथा सामाजिक लोककथा हो । यस कथाले भक्तिलाल जस्ता महत्वकाङ्क्षी व्यक्तिहरू अहमताका कारण कसरी अवसरबाट वन्चित हुन पुग्छन् भन्ने तथ्यलाई विभिन्न घटना सृङ्खलामा पुष्टि गर्न खोजेको छ ।

आफ्नी स्वास्नीले सम्मानजनक ढंगबाट दिएको खानालाई अपमान गरी महत्वकाङ्क्षी बनेर भक्तिलाल पारिपट्टीको खसीको मासुसँगको भोजको परिकल्पनामा घरबाट हिंड्नुबाट कथा प्रारम्भ हुन्छ । त्यसपछि हतारहतार पारिपट्टीको भोजमा हिँडेको भक्तिलाललाई नदीको छालले रोक्नु ,बल्लतल्ल पुग्दा भोज उठिसक्नु ,भोकै वारिको भोजमा

फर्कनु , तल झर्दा पुनः नदीले रोक्नु ,एकदुई घण्टा ढिलो गरी आइपुग्दा त्यहाँ पनि भोजको सबैखानेकुरा सकिएर भोक र थकानले हैरान हुँदै भक्तिलाल घरमा आउनु कथाको चरमोत्कर्ष अवस्था हो ।त्यसपछि आफ्नी स्वास्नीसँग विहानकै भात मागेर पछुताउँदै चबाउन थाल्नु कथाको अन्त्य अवस्था हो । कथाले घमण्ड र महत्वकाङ्क्षी भावले गर्दा अवसरबाट बन्चित हुनुपर्छ भन्ने सन्देश दिएको छ ।

### ५.२.२४ लोकप्रिय मुखिया

यो कथा फेदाप क्षत्रको प्रचलित सामाजिक लोककथा हो । यस कथामा गाउँका सहयोगी र सहकारी भावनाले भरिएका मानिसलाई गाउँलेलेमात्र प्रिय ठान्ने होइनन् मरणोप्रान्त स्वर्ग या नर्क जहाँ गएपनि सहयोगी र सम्मानित बन्न सक्छन् भन्ने तथ्यलाई घटना सन्दर्भबाट देखाउन खोजेको छ। गाउँमा सबैको भलोगर्ने मुखिया बिरामी परेपछि धामी झाँक्री औषधी उपचार गर्नुबाट कथा आरम्भ भएको छ । त्यसपछि मुखियाको निधन हुनु , सबै गाउँलेहरूले ठूलो शोक गर्नु, मुखियालाई यमदूतहरूद्वारा यमराज कहाँ पुर्‍याएर स्वर्ग र नर्क पस्ने ढोका रोज्न लगाउँदा स्वर्गको रोज्नु तर नर्कमा एक पटक हेर्न चाहनु अनि उसलाई नर्कका पुलिसहरूले भाटामा हात तेर्स्याएर बाँधी नर्कको हलमा लगेर छाडिदिए पछि नर्कमा पापीहरू हात बाँधेको अवस्थामा अगाडि राखिदिएको खानेकुरा खान नसकेर रोईकराई रहेको मुखियाले अध्ययन गरी आफू अगाडि राखिदिएको खानेकुरालाई सोझै समातेर अर्को साथीलाई खुवाइ दिएपछि अरूले पनि त्यही सिको गरी सबै पापीहरू सन्तुष्टी हुनु कथाको चरमोत्कर्ष अवस्था हो । त्यसपछि मुखियालाई नर्कको हलबाट झिकेर स्वर्गतिरै पठाइ दिनु कथाको अन्त्य भाग हो ।

## ५.३ पात्र वा चरित्र

पात्र वा चरित्र लोककथाको लागि अपरिहार्य तत्व हो । वास्तवमा कथामा कथानकलाई सबल, रोचक र सहज तरिकाले हिंडाउन पात्रको महत्वपूर्ण भूमिका रहन्छ । कथानक एउटा घर हो भने पात्र त्यसका सदस्य हुन । घरलाई राम्ररी चलाउन जसरी राम्रो सदस्यको आवश्यकता पर्दछ त्यसैगरी कथानकलाई गतिशीलता दिन राम्रो र सच्चा पात्रको आवश्यकता पर्दछ । मान्छे बिनाको घरको महत्व नभए जस्तै पात्र बिनाको कथानक पनि सम्भव छैन । लोककथामा मानिस, मानवेतर प्राणी देवीदेवता, राक्षस, भुतप्रेत, बोक्सी वनस्पति तथा पदार्थलाई पात्र बनाएर कथालाई कुतुहलता, रोचकता र उद्देश्यमूलक

बनाइएको हुन्छ । मानवेतर प्राणी ताथा पदार्थ जनक पात्रहरूमा पनि मानिसकै जस्तो स्वभाव, गुण र विशेषताहरू रहेको लोककथामा देखाइएको हुन्छ । यी पात्रहरू पनि दिव्यशक्ति, अर्धदैवी शक्ति,अद्‌भूत शक्ति र सामान्य शक्ति भएका हुन्छन । कुनै प्राणी वा पदार्थमा रहेको दैवी शक्तिलाई दिव्यशक्ति भनिन्छ । ब्रह्मा, विष्णु, शिव, पार्वती, देवी देवताहरू तथा धार्मिक विश्वास भएका पदार्थहरूमा दिव्यशक्ति भएको विश्वास गरिन्छ । भूतप्रेत,अप्सरा,बोक्सी,तान्त्रिक विद्या भएका ऋषि महर्षि अर्धदैवी, अदभूत पराक्रम र आश्चर्यजनक कामगर्न सक्ने मानवीय पात्रलाई अद्‌भूतशक्ति र सामान्य मानवीय चरित्र भएका पात्रहरूलाई सामान्य शक्ति भएका पात्रको रूपमा हेरिन्छ । यहा" फेदाप क्षेत्रका प्रचलित लोककथाहरूमा भएका विभिन्न खालका पात्रहरूको  विश्लेषण गरिन्छ ।

## ५.३.१.दैवी पात्र

दैवी शक्ति प्राप्त गरेका मानवेतर पात्रहरूलाई नै दैवी पात्र भनिन्छ । जस्ले असम्भव कार्यहरूलाई पनि सहजै गरेको चित्रण गरिन्छ । दैवी शक्ति भएका पात्रहरूले काम गरिरहनु पर्दैन मनमा सोचे पुरा हुन्छ । ब्रह्मा,विष्णु, शिव,ईन्द्र भगवान आदि पात्रहरूको रूपमा प्रयोग गरिएको भए कथामा असहजकाम पनि सहज रूपमा सफल भएको देखिन्छ । फेदाप क्षेत्रको पचलित **तिनै छोरामन्त्री** शीर्षकको लोककथामा ऋषिको कुटीमा बसेर पर्याप्त ज्ञान हासिल गरिसकेपछि सपनामा शिवजीले दर्शन दिएर तिनै भाइ छोरालाई मन्त्री बन्ने आशिष दिए बमोजिम राजाका छोरीहरूसँग विवाह भएर मन्त्री बन्नुको प्रसङ्गलाई बुझ्दा यस कथामा शिवजी दिव्यशक्ति भएका देवी पात्र मान्न सकिन्छ । **आयदिएकी स्वास्नीको चाला** शीर्षकको लोककथामा कान्छो भाइले प्रदेश घुम्न गएका बेलामा बाटोमा सर्पले डसेर मरेकी स्वास्नीलाई अलाप विलाप गरी बोकेर हिँड्‌दै गरेको बखतमा उसको अगाडि ब्रह्मा र विष्णु प्रकट भएर किन रोएको भन्दा आफ्नी प्राणभन्दा प्यारी स्वास्नीलाई बाटामा सर्पले डसेर मार्‍यो बचाइ दिनुपर्‍यो भनी अनुनय विनय गर्दा तेरी स्वास्नी आयु पुगेर मरेकी हो बचाउनु पर्छ भने तेरो आफ्नो आदि आयु दिनु पर्छ भनेर भनेपछि कान्छो भाइले आफ्नो आदि आयु दिन मन्जुर गरी ब्रह्मा विष्णुले उसको आदि आयु स्वस्नीलाई लगाइ दिएको सन्दर्भलाई हेर्दा यस कथामा ब्रह्मा विष्णुलाई दिव्य शक्ति भएका पात्रको रूपमा चिन्न सकिन्छ । **मृत राजकुमारबाट छोरो पाउने राजकुमारी** शीर्षकको लोककथामा जङ्गलमा तपस्या गरेर बसेका तपस्वी ऋषिले देखाएको  स्वर्गजाने बाटोबाटै राजकुमारी स्वर्ग पुगेर असाध्यै उत्कृष्ट नाच देखाएर ईन्द्रलाई खुशी बनाई तबला बजाइ राखेको आफ्नो राजकुमारलाई माग्दा

ईन्द्रबाट पाउनुको सन्दर्ममा ईन्द्र दिव्य शक्ति भएको पात्र मान्न सकिन्छ । यसरी दैवीपात्रहरूले लोककथामा असम्भव कामलाई पनि सहज र सरल तरिकाबाट गराएर कथानकलाई उद्देश्यमूलक बनाउन पूर्ण सहयोग गरेका हुन्छन् ।

## ५.३.२. अर्धदैवी पात्र

लोककथाहरू रोचक तथा मनोरञ्जनात्मक बनाउनका लागि अप्सरा ,राक्षस, बोक्सी,भूतप्रेत, तान्त्रिक विद्या भएका ऋषि महर्षि, मसान आदिलाई कथाको आवश्यकता र परिवेश अनुसार उपस्थित गराइएको हुन्छ त्यस्ता पात्रहरूलाई मानवेतर पात्रअन्तर्गत अर्धदैवी पात्रको रूपमा चिन्ने गरिन्छ । फेदाप क्षेत्रका लोककथाहरूमा पनि यस्ता अर्धदैवी पात्रहरूको प्रसस्त प्रयोग गरेको पाइन्छ । **मृत राजकुमारबाट छोरो पाउने राजकुमारी** शीर्षकको कथामा घना जङ्गलको बीचमा शरीरमा झार पलाउन्जेल ६ महिनासम्म तपस्या गरेर बसेका ऋषिले राजकुमारीलाई स्वर्ग जाने बाटो देखाउनु, स्वर्गमा राजकुमार तबला बजाइ राखेका हुन्छन भनेर जान्नु, राजकुमारीको हात हेर्ने जोगीले विवाह गरेपछि लोग्ने मर्छ भनेर जान्नु, अप्सराहरूले स्वर्गबाट मृत राजकुमारलाई मीठामीठा खानेकुरा ल्याएर राजकुमारलाई दिनु जस्ता कृयाकलापमा जोगी, ऋषि र अप्सराहरुलाई अर्धदैवी पात्रको रुपमा चिन्न सकिन्छ । लोककथा कल्पना प्रधान रहेको हुन्छ । परम्परा देखि चलिआएका अन्धविश्वास, कुरीति र कुसंस्कारहरू पनि लोककथाले पुस्ताहस्तान्तरण गर्दै बोकेर ल्याएका हन्छन । फेदाप क्षेत्रमा सङ्कलित लोककथा **दुई बोक्सी** शीर्षकमा गाउँकी कुनै एक महिलाको सानो बालकलाई आमाबाबुले थाहानै नपाइ तन्त्र मन्त्रद्वारा बोक्सीले बोकेर खोलाको ढुङ्गाको आढमा ल्याएर राख्नु अर्द्धदैवी पात्रको चमत्कारी शक्ति मान्न सकिन्छ । बोक्सीलाई नेपाली लोकसमाजमा तन्त्रमन्त्र तथा टुनामुनाका आधारमा कसैलाई दु:खदिने र सताउने शक्तिवान खराब स्त्रीको रूपमा हेर्ने गरिन्छ । बोक्सी पार्वतीको अंश हुन त्यसैले यिनमा केही दैवी शक्ति हुन्छ भन्ने लोकविश्वास रहिआएको छ ।

नेपाली लोकमानसमा मसानलाई पनि अर्द्धदैवी शक्तिका रूपमा विश्वास गरिन्छ। यसमा पनि करवीरे मसान भन्नाले कालो ठूलो डरलाग्दो अरूमसान भन्दा शक्तिवान मसान जो कोही मानिसको मृत्यु भएको दिन राती मसानघाट वा मूर्दा राखिएको ठाउँमा आउँछ भन्ने जनविश्वास छ । फेदाप क्षेत्रको प्रचलित **खन्चुवाको चमत्कार** शीर्षकको लोककथामा राजाकी मरेकी रानीको शब बोकेर मूर्दाघाटमा लाने क्रममा घाट टाढा भएर चौताराको

पाटीमा बस्दा राती रानीको शब रूँग्ने क्रममा तीन खन्चुवा मध्ये जेठो दाजुले करवीरे मसान र माइलो भाइले सुँढे मसान भेटेको प्रसङ्ग उल्लेख छ । यहाँ करवीरे मसान र सुँढेमसानलाई भूतप्रेत मध्येका सर्बश्रेष्ठ शक्तिवान मसानका रूपमा चिनाइएको छ । कथामा यी मसान पात्रहरू अर्द्धदैवी शक्तिका रूपमा लिइएको छ ।

### ५.३.३. पशुपन्छी पात्र

लोककथामा कथानकलाई कथाका घटना,कार्य र विचारहरूलाई संवाहन गर्नकालागि कथाको प्रकृतिलाई हेरेर आवश्यकता अनुसार मानवेतर प्राणीहरूः पशु, पन्छी तथा सरिसृपहरूलाई पनि पात्रका रूपमा प्रयोग गरिएको हुन्छ । यस्ता मानवेतर पात्र पनि कुनै चलाख,धुत र बाठा हुन्छन् भने कुनै सामान्य हुन्छन् । पशुहरूमा स्याल र खरायो,पन्छीहरूमा सुगा, मैना, भँगेरा र सरिसृपहरूमा नाग सर्प माछा आदिलाई चलाख मानवेतर पात्रहरूका रूपमा प्रयोग गरिएको हुन्छ । फेदाप क्षेत्रका प्रचलित लोककथाहरूमा पनि यस्ता पशुपन्छी पात्रहरूको प्रयोग गरिएको हुन्छ । **मितको मासु मितैलाई** शीर्षकको कथामा स्याललाई चलाख पात्र र भालुलाई सामान्य पात्रको रूपमा चिन्न सकिन्छ । यस कथामा स्यालले भालु जस्तो दरो बलियो जनावरलाई  कहिले खुर्सानीको धुलो आँखामा र जीउमा दल्दा राजाका कुखुरा खुर्सानी बारीमा आउँछन अनि मासु खान पाइन्छ भनेर भालुलाई खुर्सानीले पोलाएको छ भने कहिले अरिंगालको गोलोमा लट्ठीले घोच्न लगाई मौरीको मह खान पाइन्छ भनेर झुक्याइ अरिंगालबाट टोकाएकाएर दुःख दिएको छ । अन्त्यमा जराकाटेको लहरामा पीङ खेल्न लगाएर भालुलाई मारी मासु खाएर सन्तुष्टी लिएको छ ।**खरानीको डोरी** कथामा भेडाहरूलाई चतुर मन्त्रीको मूर्ख छोराले भारी बोकाउने कार्यको रूपमा पात्र बनाएर उभ्याएको र **मूर्ख ज्वाईं** कथामा मूर्खको ससुराले गोरू भीरबाट लडेर मरेपछि खेती जोत्न नसकेर अन्न कमभइ दुःख भएको प्रसङ्गले पशुहरूलाई मानवीय कठीन कार्यमा सदुपयोग गरिने स्पष्ट हुन्छ । **जादुको मुङ्ग्रो** कथामा सुन बड्कुल्याउने बाख्रोलाई दिव्य शक्तिवान पशुको रूपमा पात्र बनाएर कथालाई रोचक बनाइएको छ भने .**आयु दिएकी स्वास्नीको चाला** कथामा कान्छो भाइकी स्वास्नीलाई जङ्गलको बाटो हिंडिरहेको अवस्थामा सर्पले डसेर मारेको घटनाले सर्पलाई लोककथाहरूमा हिंस्रक पात्रका रूपमा प्रयोग गरिएको पाइन्छ ।

फेदाप क्षेत्रका लोककथाहरूमा चराचुरूङ्गीहरूलाई पनि पात्र बनाएर कथानकलाई रोचक तथा मनोरञ्जपूर्ण बनाइने गरिन्छ । .**चलाख भँगेरो** शीर्षकको लोककथामा सिकार खेल्न जङ्गल गएका राजाले सिकार मार्न केही नपाएपछि भँगेरालाई मार्न खोज्दा मलाई नमार बरू जिंउदै निलेर खानु भनेर राजालाई भने पछि राजाले जिंउदै निल्नु त्यसपछि राजाको पेटमा पसेपछि राजा बाहिर म भित्र भन्दै गीत गाएको प्रसङ्गले यहाँ भँगेरालाई चलाख पात्रको रूपमा उभ्याइएको छ ।

## ५.३.४.निर्जीव पात्र

लोककथामा वनस्पति तथा निर्जीब वस्तुहरूलाई पनि मानवीय पात्र झैं बोल्ने ,हाँस्ने ,हिंड्ने संवेदना प्रकट गर्ने साथै अकल्पनीय कामहरू गरेरको देखाइ लोककथालाई जीवन्त दिने काम गरेका हुन्छन । फेदाप क्षेत्रका प्रचलित लोककथाहरूमा पनि निर्जीव पात्रहरूको प्रयाप्त प्रयोग भएको पाइन्छ । **जादुको मुङ्ग्रो** कथामा खीर पाक्ने भाँडोले भोक लागेको बेलामा खीर पाक भन्दा खीर पाक्नु र जादुको मुङ्ग्रो देखाउँदा सत्रु परास्त हुनु । **मृतराजकुमारबाट छोरो पाउने राजकुमारी** शीर्षकको लोककथामा जङ्गलमा राखिएको मृत राजकुमारको सिरानेमा राखिएको लौराले राजकुमारलाई छोइदिंदा मृत शरीर जीँउदो हुनु साथै **खन्चुवाको चमत्कार** नामक कथामा धनी मान्छेले आँपको रूखबाट चार दाना आँपहरू झारेर एउटा खाइ फेरि अर्को आँप झार्न खोज्दा पहिलेका आँपहरू पनि आफैं रूखमा फुत्त फुत्त गएर टाँसिनु, रानीको लास बोकेर गएका तीनभाइ खन्चुवाहरू मध्ये जेठोदाजुले राती पाटीमा लास रूँगदा करवीरे मसानले बोकेर ल्याएका सेतो पहेंलो र कालो चम्मरहरू जस्मा सेतो चमरले लासलाई हान्दा मृत शरीर जीँउदो हुनु, पहेंलो चम्मरले हान्दा मृत शरीर झर्झराउँदो भएर उठेर हिँड्नु र कालो चम्मरले हान्दा त्यो शरीर पुनः लास मै परिणत हुनुले चम्मरको चमत्कारीतालाई दर्शाएको छ । त्यस्तै खन्चुवाहरू मध्येको कान्छो भाइले नदीमा नुहाइरहेका गोपिनीहरूका लुगा लुकाइदिएपछि लुगा माग्नकालागि गोपिनीहरूले दिएको मुरली जस्लाई बजाउने वित्तिकै बजाउने मान्छे हावामा उडेर वेपत्ता हुनु जस्ता निर्जीव पात्रहरूका आश्चर्यजनक कामहरूले लोककथालाई चरमोत्कर्ष विन्दुमा पुऱ्याएकोछ ।

## ५.३.५.अद्भुत पात्र

लोककथामा भएका मानवीय पात्रहरू जसले सामान्य मानवीय जनजीवनमा हुन नसक्ने, नपाइने र नदेखिने अद्‌भूत काम र आश्चर्यजनक काम गर्न सक्छ त्यस्तो पात्रलाई लोक कथामा  अद्‌भुत पात्रहरू भनेर चिनिन्छ । फेदाप क्षेत्रका प्रचलित  **पोखरीकारानीहरू** लोक कथामा बुढीको छोराले एउटा मान्छेले  महिना लगाएर काटेको घाँस एकै भारीमा बोकेर हिंड्‌ने गरेको घाँसबोका  र बाटोमा भेटिएको अर्को  मानिस जस्ले एक-एक हातमा वर र पीपलकाबोटहरू बोक्न सक्नु साथै बूढी आमैले पाखा वारीमा छरेको कागुनु खाने हात्तीलाई त्यो घाँस बोकाले च्याप्प समातेर पछारेको कथानकलाई अवलोकन गर्दा ती दुई घाँसबोका र वर बोकालाई अद्‌भुत पात्रका रूपमा चिन्न सकिन्छ । **खञ्चुवाकोचमत्कार** लोककथाकाामा ती तीन दाजुभाइ जो जन्मेकै दिन एक  मानाको भात खान सक्छन्,त्यसपछि दुई दिनका हुँदा दुईदुई माना तीन दिनमा तिनै माना गर्दै १५/१६ वर्षका हुँदा धनीबाबुको सबै सम्पति खाइसकेर बाबुले पाल्नै नसक्नु त्यस्तै अर्को देशका राजाको दरवारमा पुगेर १६ मुरी चामल, ८ वटा राँगा तथा तिनीहरू पकाउन प्रयोग भएका भाँडाकुँडाहरू समेत एकै छाकमा खाएर डकार्दा । अर्को  शहरमा भुइँचालो जानु, जेठो भाइले करबिरे मसानलाई झपार्दा सारा जमिननै हल्लिनु र माइलो भाइले  लास रुँगेर बसेको पाटीमा आएको डरलाग्दो सुँगुर थुतुने मसानलाई पछारेर मार्दा  पल्लो गाउँनै ढाक्नु जस्ता मानवीय परिकल्पना भन्दा बाहिरका क्रियाकलाप असम्भव र आश्चर्यजनक काम गर्ने ती तीन दाजुभाइहरूलाई अद्‌भूत पात्रको रूपमा लिन सकिन्छ ।

## ५.३.६ मानवीय पात्र

सामान्यरूपमा भन्दा अधिकांश लोककथाहरूमा मानवीय पात्रहरू प्रयोग गरिएका हुन्छन् । ती पात्रहरूले मानव जीवन यापनको क्रममा कथानकको घटना,कार्य र विचारलाई परिवेश अनुसारका चालचलन, आचार ,संस्कार अनुरूपको व्यवहार देखाएर कथालाई व्यवस्थित बनाएका हुन्छन । मानवीय पात्रहरू पनि मुख्य गरेर चार प्रकारका हुन्छन्-  दिव्य मानव ,अतिमानव, मानव र अर्द्धमानव  ।  ऋषि, ज्योतिषी, सिद्ध जोगी जस्ले आफूले चाहे अनुसारका कायहरू सिद्ध हुँदै जान्छन त्यस्ता पात्रलाई दिव्यमानव पात्र भनिन्छ । **मृत राजकुमारबाट छोरो पाउने राजकुमारी** लोककथामा राजकमारीले जोगीलाई आफ्नो विहे कहिले हुन्छ भनेर हातहेर्ने जोगीलाई सोध्दा विहे छिट्टै हुन्छ तर बिहेहुने वित्तिकै लोग्ने मर्छ भन्नु पछि राजकुमारीको बिहे भइ नै नसक्दै उनको लोग्ने मण्डपमै ढलेर मर्नुले यहाँ जोगीलाई सिद्धमानव पात्रको रूपमा लिन सकिन्छ । त्यस्तै  **तोडियो राजकुमारीको बाचा**

लोककथामा लोग्ने मान्छेको अनुहार पनि नहेर्ने र बिहे पनि नगर्ने भनेर अडानका साथ बसेकी राजकुमारीको विहे नगर्नुको कारण अर्को देशका चलाख राजकुमार आएर लोग्नेमान्छको अनुहार नहेर्ने राजकुमारीकी सुसारेसँग धारामा पानी लिन आएका समयमा गोप्य सम्पर्क  गरी उसलाई धनको प्रलोभनमा पारेर राजकुमारीले विहे नगर्नुको कारण पूर्व जन्ममा उनी ढुकुर्नी हुँदा पति ढुकुरको स्वार्थको कारण जलेर मरेको थाहापाइ राजकुमारले पनि राजकुमारीकै जस्तो लोग्नेको भूमिका खेलेर राजकुमारीको बाचा तोड्ने परिस्थिति सिर्जना गर्दै अन्तयमा राजकुमारीसँग बिहेगरी सुख आनन्दसँग बस्ने भूमिका राजकुमारले तय गरेको हेर्दा यहाँ राजकुमारलाई दिव्य मानव चरित्र मान्न सकिन्छ ।

आफ्नो राज्य सञ्चालन गर्नेक्रममा राज्य विस्तार गर्ने तथा राज्यका जनताहरूलाई सुखसयलसँग जीवन यापन गर्ने सहज परिस्थितिको वातावरण तयार गर्नका लागि दूरदर्शी बनेर शासन व्यवस्था चलाउन खोज्ने राजारानी,राजकुमार ,मन्त्री आदि त्यस्तै समय परिस्थिति र युगको मागलाई ध्यानमा राखेर चलचित्र तयार गर्ने नायक नायिका जस्ता पात्रहरूलाई लोककथामा अति मानव पात्रको रूपमा चिन्न सकिन्छ । फेदाप क्षेत्रको प्रचलित **जदुको मुङ्ग्रो** लोककथामा राजाले आफ्नो राज्यमा सत्रुले अत्यन्तै दुःख दिएको बेलामा जादुको मुङग्रो लिएर आएको केटालाई सम्मान पूर्वक आफ्नी छोरीसँग बिहेगरी दरवारमा राखेको परिवेशलाई हेर्दा राज्यमा आवश्यक पर्ने मानिसहरूको पूर्व तयारी गर्नु उनको अति मानवीय चरित्र हो । **खरानीको डोरी** कथामा चतुर मन्त्रीका मूर्ख छोराको चलाख युवतीसाग विवाह गरिदिएर मूर्ख छोराको भविष्य उज्ज्वल बनाउने कार्यलाई अवलोकन गर्दा चतुर मन्त्रीलाई पनि दूरदर्शी मन्त्रीको रूपमा लिन सक्छि ।त्यस्तै  **कान्छा छोरालाई राजगद्धी** शीर्षकको लोककथामा राजाले आफ्ना छोराहरू मध्ये पनि चलाख ,कुशल ,क्षमतावाल तथा हरेक वस्तुको विश्लेषण गर्न सक्ने छोरालाई छानेर राजगद्धी सुम्पिदियो भने भविष्यमा सहज तरिकाबाट राज्य सञ्चालन हुनसक्छ भन्ने दूर दर्शिता अप्नाएर छोराहरूको बुद्धि परीक्षण गर्नका लागि आफ्ना चारैभाइ छोराहरू बोलाएर मलाई कसैले नकाटेको ,कसैले नमारेको र कसैले हत्या पनि नगरेको मासु चाहिएको छ ल्याइ दिनु भनेर अह्राएकोमा कान्छोभाइ बाहेकका तीनभाइले त्यस्तो मासु पाइँदैन भनेर केही दिनमै फर्किए भने कान्छाभाइले बाबुले भने बमोजिमकै मासु निकै दुःख परिश्रम गरिकन टाढाटाढासम्मा पुगेर  विश्लेषण गरी ल्याएर बाबुलाई जिम्मा दिएपछि राजाले कान्छा छोराको बुद्धिमतालाई परीक्षण गर्दै जेठालाई सुम्पिनु पर्ने राजगद्धी कान्छालाई सुम्पिएर अतिमानव पात्रको परिचय दिएका छन ।

लोककथामा कथानकलाई घटना सृङ्खला अनुसारका अर्द्धमानवीय पात्रहरूको संयाजन गरेर पनि कथालाई रोचक तथा मनोरञ्जनात्मक बनाइएको हुन्छ । कथामा अन्धा ,बहिरा ,लाटा,मूर्खहरूको पात्र व्यवस्थापनले कथा श्रवणयोग्य बन्न सक्छ । फेदाप क्षेत्रका प्रचलित लाककथा मध्ये **खरानीको डोरी** लोककथामा चतुर मन्त्रीको छोरो मूर्ख भएरै पटकपटक सजिलो काम पनि चलाख युवतीसँग सोध्न पुगेर कथानकलाई सान्दर्भिका तथा उद्देश्य मूलक बनाइएको छ ।त्यस्तै **मूर्ख ज्वाईं** शीर्षकको लोककथामा मूर्ख पात्रले स्वास्नी लिनका लागि ससुराली जाँदा बाटामा पिंडालुका साँप्राका भारी बोकेर चौतारामा विसाएका आइमाईहरूले भने बमोजिम हा हा हा गर्दै जङ्गलको बाटो हिँड्दै जाँदा सिकारी चरामार्नको लागि पासो थापि राखेको ठाउँमा उस्को आवाजले चरा भागेकोमा सिकारीले पिट्नु त्यसपछि सिकारीले सिकाएको भन्दै जाँदा चोरलाई असर पर्नु, चोरले सिकाएको भन्दै हिंड्दा मलामीलाई चित्त दुख्नु मलामीको भनाइ दोहोऱ्याउँदै जाँदा जन्तीको असुभ हुने बचन हुनु र ससुराली पुगेर ससुराले नोक्सानीका खबर कहँदा धेरै राम्रो भएछ वेश भएछ भनेर सबै घट्ना सृङ्खलाको प्रतिकुलातामात्र गर्नुले मूर्खले जति सिकाए पनि काम लाग्दैन बोकेक कुकुरले मृग मार्दैन भने उखानलाई चरितार्थ गरेको छ । मूर्ख पात्रको उचित व्यवस्थापनले कथा रोचक तथा मनोरञ्जनात्मक भएको छ ।

## ५.४. परिवेश

परिवेश लोककथाको महत्वपूर्ण तत्व हो । यसले कथानकको घटना भएको ठाउँ, समय र वातावरणलाई समेटेको हुन्छ । परिवेशलाई मुख्य गरेर लौकिक र अलौकिक गरी दुई भागमा बाँड्न सकिन्छ । एउटै लोककथामा घट्ना सृङ्खलाको आवश्यकताा अनुसार विभिन्न किसिमका परिवेशहरू समाविस्ट भएका हुन्छन । फेदाप क्षेत्रमा प्रचलित लोककथाहरुले पनि फरकफरक अवस्थामा फरकफरक परिवेश समेटेका छन भन्नेकुरा सङ्कलित कथाहरुको परिवेशबाट थाहा हुन्छ ।यहा" सङ्कलित कथाहरूलाई विभिन्न परिवेशका आधारमा विश्लेषण गरिन्छ ।

## ५.४.१ लौकिक परिवेश

लोक भनेको पृथ्वी हो भने लौकिक भन्नाले पृथ्वीमा भएका वा सांसारिक भन्ने अर्थ हुन्छ । त्यसैले लोककथाहरूमा पृथ्वीलोक र यस भित्रका सामाजिक तथा प्राकृतिक परिवेशको चित्रण भएको पाइन्छ यसैलाई लौकिक परिवेश भनिन्छ ।फेदाप क्षेत्रका अधिकांश

लोककथाहरूले लौकिक परिवेशलाई समेटेका छन् । परिवेशका विभिन्न आधारबाट फेदाप क्षेत्रका लोककथाहरूलाई यहाँ चर्चा गरिन्छ ।

### ५.४.१.१. ग्रामीण परिवेश

फेदाप क्षेत्रका अधिकांश ठाउँहरू गाउँ नै गाउँले ढाकिएको हुँदा यहाँ प्रचलित लोककथाहरूपनि ग्रामीण परिवेशमा समेटिएका छन । .**जादुको मुङ्ग्रो** कथामा सौतेनी आमाले पिठो, ढुटो र कनिकाको रोटी पकाउनुले ग्रामीण क्षेत्रका गरिव परिवारका मानिसहरूको खानपिनसँग गाँसिएको चित्रण छ । सौतेनी छोरो घरबाट निस्किएपछि वनजङ्गल डाँडा गुफाको वाटो हिँड्नुले पहाडी क्षेत्रको परिवेश लाई देखाउन खोजिएको छ । **दुई बोक्सी** कथाले ग्रामीण क्षेत्रको खोला वा नदीछेउमा वस्ने निम्न वर्गीय परिवारका सदस्यहरू खोलामा माछामार्ने काममा दिनचर्या विताउँछन । गाउँघरमा आइपरेका सामुहिक समस्यामा सबै एक जुट भएर लाग्छन भन्ने यथार्थता उनीहरू सबै मिलेर बोक्सी खेदाएको प्रसङ्गबाट स्पष्ट हुन्छ । **पोखरीका रानीहरू** कथामा घाँसवोकेको वस्तु पालेको, पाखावारीमा कागुनु छरेको परिवेशले ग्रामीण जनजीवनमा निम्न गरीव परिवारका मानिसहरू पानी कम पर्ने, रूखो ठाउँमा कागुनु खेती गर्ने चलनलाई पनि कथाले झ-झल्को दिएको छ । ग्रामीण क्षेत्रको जङ्गल छेउछाउमा गरीव जनताले लाएको वालीनालीलाई हात्ती, मृग, वाँदर जस्ता वन्यजन्तुले सखाप पार्ने गरेका परिवेश पनि कथाले स्मरण गराएको छ । ग्रामीण जनताहररू अधिकांश सबैले वस्तुभाउ पाल्ने गरेको कारणले घाँस बढीबोक्ने मानिसलाई चर्चा गरिएको छ ।

फेदाप क्षेत्रको ग्रामीण इलाकामा पातलो बस्ती रहेको छ जहाँका विभिन्न ठाउँहरूमा ससाना जङ्गल र खोला खोल्सा अवस्थित रहेका छन । पहिले पहिले मानिसहरू बाटो हिँड्दा दिशा बस्न तिनै खोलाखोल्साको प्रयोग गर्ने गरेको परिवेश **नामको भ्रम** कथाका पात्र बुद्धि र केथाको भूमिकाबाट स्पष्ट देखिन्छ । ग्रामीण क्षेत्रमा गाई भैंसी पाल्ने दही दूध खाने पाउनाजाँदा घिऊ खान दिने र खेती किसानमा व्यस्त हुने साथै मंगोलियन परिवारका मानिसहरूले सुँगुर पाल्ने चलन रहेको पनि कथामा देखाइएको छ ।

ग्रामीण समाजमा धनी र गरिबको खाडल धेरै पहिले देखि नै चलिआएको जस्मा धनीहरूले गरिबहरूलाई आफ्नो स्वार्थका लागि उपयोग गर्ने गरेको पाइन्छ । धनीहरू काम

नभएको बेलामा वारिपारि डुलेर आनन्द लिने, हालखबर बुझ्ने गरेको परिवेश **भावीले लेखेको मेटिँदैन** शीर्षकको कथामा धनी मानिसको चरित्रबाट झल्किन्छ। निम्न गरिब वर्गका मानिसहरू भने घाँस दाउरा गर्ने, गोलकाट्न जाने, गाईबाखा चराउने, भैंसी गाईको थलाभकारा गर्ने कार्यमा व्यस्त रहेका हुन्छन । ग्रामीण परिवेशको जनजीवन स्ववलम्बी ,सहयोगी सेवामुखी हुन्छन । पर्मपात गर्ने मेला जाने, आफ्नुकाम आफैं गर्ने फुर्सदको बेलामा छरछिमेकमा जाने दुःखसुखका कुराकानी गर्ने गर्दछन। मर्दापर्दा सरसहयो गर्ने साथै गाउँमा कोही मऱ्यो शोकाकुल परिवारलाई समवेदना तथा शान्वना दिंदै मूर्दाघाटसम्म मलामी जाने प्रथा फेदाप क्षेत्रका जनतामा अझै रही आएको छ भन्ने परिवेश **लोकप्रिय मुखिया** कथामा गाउँको लोकप्रिय मुखियाको मृत्युले देखाएको छ।

## ५.४.१.२. दरवारिया परिवेश

दरवार भन्ने शब्दले उच्च कुलिन वर्गका मानिसहरू बस्ने आवास जुन सामान्य सर्वसाधारण मानिसहरूका भन्दा बढी स्तरीय , सुविधा सम्पन्न तथा बस्नका लागि आरामदायक घर भन्ने बुझिन्छ । फेदाप क्षेत्रका धेरै लोककथाहरू दरवारिया परिवेशमा वगेका पाइन्छन् । **जादुको मुङ्ग्रो** कथामा सौतेनी छोराले चोरहरूबाट प्राप्त भएको सत्रु परास्त गर्ने मुङ्ग्रो दरवारमा पुऱ्याएपछि राजाले त्यसको सदुपयोग गरी राज्यलाई दरो बनाएर बटुवाको रूपमा आएको केटालाई छोरी दिएर ज्वाईं बनाएर सुखसँग राखोको प्रसङ्गले दरवार उच्च वर्गको शासन व्यवस्था गर्ने ठाउँको परिचय दिन्छ । दरवारमा बौद्धिक तथा ज्ञानी मानिसहरूलाई खोजेर राखिन्थ्यो । जस्ले शासन व्यवस्था सञ्चालन गर्न जुक्ति बुद्धि प्राप्त हुन्थ्यो भन्ने फेदाप क्षेत्रको प्रचलित लोककथा **तीन भाइ मन्त्री** अध्ययनबाट थाहा हुन्छ । दरवारमा सबै मानिसहरू राम्रा हुँदा रहेनछन । ठूलाबडा भनाउदाहरूले पनि काम बिगारेर वा खराब काम गरेरका भए आन्तरिक मनस्थिति डराइरहेको हुँदो रहेछ भन्ने **सबैचोरै चोर** कथाको परिवेशबाट थाहा हुन्छ।

दरवारमा सुखसयल ,मनोरञ्जनका लागि राम्राराम्रा नाचगान आयोजना गरी समयसमयमा राजा रानी मन्त्री सबैले त्यसको आनन्द लिंने गर्थे भन्ने तथ्य **आयु दिएकी स्वस्नीको चाला** कथामा राजाको दरबारमा गएर उत्कृष्ठ नाच देखाएपछि राजा मुग्ध भएर ऋषिले कुटीमा नाच सिकाएर पोक्त बनाएर ल्याएकी दरवारका पालेकी स्वास्नीले जे माग्छिन त्यही दिन तयार रहेको परिवेशबाट स्पष्ट हुन्छ। राजाले दरवारमा बसेर बुद्धिको

चालअनुसार राज्य सञ्चालनको अभिभारा आफ्ना छोरालाई सुम्पिनका लागि कठिन परीक्षणहरू गर्न लगाउँथे भन्ने कुरा .**कान्छा छोरालाई राजगद्दी** कथाको परिवेशबाट स्पष्ट गरिएको छ ।

## ५.४.१.३.साँस्कृतिक परिवेश

मानिस सामाजिक प्राणी हो । ऊ समाजमा बस्न रुचाउँछ । समाजलाई सही मार्गमा हिँडाउनकोलागि समाजका हरेक जातजातिहरूका आ-आफ्ना रीतिरिवाज, चालचलन ,परम्परा ,धर्म संस्कार ,नीतिनियम तथा संस्कृतिहरूको पालना गर्नु पर्ने हुन्छ । फेदाप क्षेत्रमा प्रचलित लोककथाहरूमा पनि यस्ता संस्कृतिहरूको छाप भेटिन्छ । संस्कृतिले मानिसलाई मानवीय ढङ्गबाट बाँच्न सिकाउँछ । फेदाप क्षेत्रका प्रचलित लोककथाहरूमा पनि विभिन्न किसिमका साँस्कृतिक पक्षहरू रहेका छन । .**अल्छी छोरा र बूढोबाबु** शीर्षकको लोक कथामा मानिस मरेपछि गरिने अन्त्येष्टि सम्बन्धी दुई छोराहरू बीच कुन घाटमा लगेर अन्त्येष्टि गर्ने वारेमा वादविवाद भएको परिवेश भेटिन्छ भने **छोराको मासु** कथामा एकादेशका राजाले जेठी रानी हुँदाहुँदै कान्छीरानी ल्याउने संस्कार देखिन्छ । प्रस्तुत कथाले सौतेनी आमाको कुदृष्टि सौताका छोराछोरीहरूमाथि कुन हदसम्म हुन्छ भन्ने प्रसङ्गलाई कान्छी रानीले जेठी रानीको छोरो माथि गरेको अपराधबाट प्रष्ट्याउन खोजेको छ । **अभागी भक्तिलाल** शीर्षकको लोककथाले नाता सम्बन्ध, छर छिमेक, कुलकुटुम्ब तथा आफन्तहरूले विभिन्न किसिमका चाडपर्व,भोजभतेर तथा संस्कार संस्कृतिका कार्यक्रमहरूमा निम्तो गरिएको छ भने वारिपारि टाढा नजिक जहाँ भएपनि भ्याएसम्म घरको मूलीले निम्तोलाई स्वीकारी भोजखान जानुपर्ने चलनको परिवेशलाई अनुसरण गरेको छ । गाउँ,शहर तथा दरवार जहाँ भएपनि बाबुआमाको मृत्यु पछाडि काजक्रिया गर्ने, विवाहमा बाजाबजाउनका लागि दमाई जातिहरूले गाउँका ठूलाबडा,मुखिया,धनीमानीहरूकामा जानुपर्ने बाध्यताको संस्कार फेदाप क्षेत्रमा यद्यपि अझै रहिआएको परिवेशलाई यहाँको प्रचलित लोककथा **लट्टे र ध्वाँसे** बाट पुष्टि गर्न खोजिएको छ ।

## ५.४.२ अलौकिक परिवेश

अलौकिक भन्नाले यस लोकमा नभएको अर्थात् लोकमा भएका सजीव र निर्जीव तत्वहरूबाट गर्न र हुन नसक्ने कार्य, वातावरण र समयसान्दर्भिक घटनाहरू हुन् । फेदाप क्षेत्रमा प्रचलित लोक कथाहरूमा यस्ता परिवेशलाई कपोकल्पित र मनगढन्ते ढङ्गबाट

प्रस्तुत गरेको पाइन्छ । फेदाप क्षेत्रका लोककथाहरूका अलौकिक परिवेशलाहरूलाई यहाँ चर्चा गरिन्छ ।

**जादुको मुङ्ग्रो** कथामा चोरहरूसँग खीर पाक भन्दा खीर पाक्ने भाँडो, सुन बड्कुल्याउने सुन बाख्रो र टाढाका सत्रुलाई देखाउने वित्तिकै परास्त गर्न सक्ने मुङ्ग्रो हुनुले अलौकिक परिवेशको झ-झल्को दिन्छ । **पोखरीकारानीहरू**कथामा ६ महिना लगाएर काटेको घाँस बुढीको छोराले एकै भारीमा बोक्न सक्नु, चौतारोका वर र पीपल एक एक हातमा बोकेर नाच्न सक्ने मानिस हुनु अलौकिक घटनाहरू हुन् । त्यस्तै घाँसवोका र वरबोका मिलेर हात्तीलाई च्याप्प समातेर भुतुक्कै हुने गरी पछारेर मार्नुलाई पनि यस लोकमा हुन नसक्ने कार्यका रूपमा लिन सकिन्छ । **भावीले लेखेको मेटिँदैन** लोक कथामा छैटौँकी देवी भावी ६ दिनको बालकको भाग्य लेख्न आउनु, धनी मानिसको घरका घटना क्रमहरू भावीले लेखेअनुसारनै चल्नु अलौकिक परिवेशका दृष्टान्त हुन् । **सबै चोरै चोर** लोक कथामा चोरले आफूले सुनको खेती गर्ने तथा सुन रोप्ने कुरा बताउनु, राजाले सुनको बीउ तयार गर्नु जस्ता घटनाहरूले अलौकिक परिवेशको ठाउँ ओगटेको पाइन्छ । **मृत राजकुमारबाट छोरो पाउने राजकुमारी** लोक कथामा जोगीले राजकुमारीको हात हेरेर बिहे भएकै दिन बेहुलाको मृत्यु हुन्छ भन्ने कुरा राजकुमारीको जीवनमा ठ्याक्कै मिल्नु, राजकुमारी जङ्गल जाँदा राजकुमारको मृत शरीर सुरूमा जस्तो राखेको थियो त्यस्तै फेला पर्नु, स्वर्गका परीहरू नाच्दै नाच्दै त्यही ठाउँमा आउनु, सिरानी मुनिको लट्ठी बूढोको खुट्टामा राखिँदिदा राजकुमारीको बूढो जीवितै भएर उठ्नु, खुट्टाबाट लट्ठी झिक्दा फेरी बूढो मर्नु, राजकुमारी आफ्नो घरमा बस्दा उसको बूढोले स्वर्गबाट खानेकुराहरू पठाइदिनु, ऋषिको जीउमा पूरै घाँस पलाउनु, ऋषिले राजकुमारीलाई स्वर्ग जाने बाटो देखाइदिनु, राजकुमारीको नृत्यबाट इन्द्र प्रभावित भएर उसलाई राजकुमार दिनु जस्ता घटनाहरू अलौकिक परिवेशका उदाहरणहरू हुन् । **खञ्चुवाको चमत्कार** लोक कथामा शीलाजीले भनेअनुसार धनी मानिसले ल्याएका आँप बोक्रैसँग खाँदा उसका तीनवटै स्वास्नी सुत्केरी हुनु, जेठी स्वास्नी बाट जन्मेको छोराले जन्मेकै दिन एक मानाको भात खानु, राजाको दरवारमा तीन भाइहरूले १६ मुरी चामल, ८ वटा राँगा र पकाउन प्रयोग भएका भाँडाकुँडा एकै छाकमा खाइदिनु, तीन भाइहरूले अघाउञ्जेल खाएर डकार्दा अर्को शहरमा भुइँचालोनै आउनु, कौडे राजाका पत्नीहरू प्रत्येक दिन मर्ने तथा मलामी गएकाहरू पनि दरवार नफर्किनु, करबिरे मसान सेतो घोडा लिएर शब टिप्न आउनु तथा उसँग विचित्रका सेता, पहेँला र काला

चम्मर हुनु जसमा सेतो चम्मरले हान्दा मूर्दा बिउँझिने, पहेँलो चम्मरले हान्दा मूर्दा उठ्ने अनि कालो चम्मरले हान्दा फेरी लाश हुने जस्ता लोकजीवनमा अकल्पनीय घटनाहरूलौकिक परिवेशका नमूनाहरू हुन् । त्यस्तै प्रस्तुत लोक कथामा जेठा छोराले मसानलाई हप्काउँदा सारा जमिन हल्लिनु, माइलो भाइले लाश रूँग्दा उँभोका थुतुनोले आकाश कोर्ने तथा उँधोको थुतुनोले जमिन भत्काउने गरी अजङ्गको मसान आउनु, माइलो भाइले त्यो मसानलाई मारेर पल्लो गाउँनै ढाक्ने गरी फलिदिनु, गोपीनीहरू दिएको मुरली बजाउँदैमा बजाउने मान्छे हावामा उडेर बेपत्ता हुनु पनि लौकिक परिवेशका सर्वमान्य कल्पनाहरू हुन् । **चलाख भँगेरो** लोक कथामा राजाले जिउँदै निलेको भँगेरो राजाका पेटभित्र पनि जिउँदै भई राजा दिसा बस्दा भुर्र उड्नु र सपनामा शिवजीले तीनै भाइ मन्त्री हुन्छौ भनेर दिएको वरदान उनीहरूले सांसारिक जीवनमा पाउनुले**तीनै छोरा मन्त्री** मा भएका अलौकिक परिवेशहरूलाई दृष्टिगत गर्दछ ।

**तोडियो राजकुमारीको वाचा** लोक कथामा राजकुमारीले पूर्व जन्ममा आफू ढुकुर्नी भएको तथा जङ्गलमा डढेलो लागेका जस्ता घटनाहरू जान्नु साथै अर्को देशको राजकुमारलाई पूर्व जन्मको पति हो भन्ने चिनेर उसैसँग विवाह गरेर बस्नु अलौकिक परिकल्पनाहरू मात्र हुन् । **लोकप्रिय मुखिया** लोक कथामा यमराजले निधन भइसकेका मुखियाधर्मराजलाई लिन भनेर यमदुतलाई पठाउनु, यमराजले स्वर्ग कि नर्क जाने भनेर आ-आफ्ना ढोका रोज्न धर्मराजलाई अह्राउनु, नर्कलोकमा धर्मराजले त्यहाँ भएका पुलिस र पापीहरूको विचित्रता देख्नुका साथै धर्मराज र त्यहाँका सम्पूर्ण दैवी तथा अदैविक पात्रका क्रियाकलापहरू अलौकिक परिवेशका दृष्टान्तहरू हुन् ।

## ५.५ उद्देश्य

उद्देश्य लोककथाको महत्वपूर्ण तत्व हो । लोककथा भन्नु र सुन्नुको प्रमुख उद्येश्य मनोरञ्जन प्राप्त गर्नु हो भने लोककथाको सुनाइबाट मानवीय जीवनमा आइपर्ने व्यवहारिक ज्ञान लिइ सहज जीवन यापन गर्ने, नैतिक र धार्मिक शिक्षाको अवधारणाबाट कुमार्गमा हिंडेका मानिसहरूलाई सत्‌बाटोमा हिंहाउन प्रेरित गराउँदछ । लुकेको उद्देश्यलाई भावपूर्ण प्रस्तुति दिन कथावाचक समय सान्दर्भिक भएर चल्नु आवश्यक छ ।परिकल्पनासँग व्यस्त भइरहँदा, मात्र खोक्रो मनोरञ्जनको परिदृष्य तर्फमात्र ध्यान दिँदा लोक कथाको उपदेशात्मक प्रवाह खाली–खाली शब्दमा मात्र सिमित भएको हुन्छ ।फेदाप क्षेत्रका प्रचलित

लोककथाहरूलाई मुख्य गरेर दुई किसिमका उद्देश्यहरूको आधारमा यहाँ विश्लेषण गरिएकोछ ।

### ५.५.१.मनोरञ्जनात्मक

लोकवासीहरू दिनभरको कामको व्यस्तताबाट लखतरान भएको अवस्थामा साँझमा घरपरिवारले खानपिन गरेपश्चात मानसिकतालाई स्वच्छता र आनन्दित बनाइ मनोरञ्जन प्रदान गर्नका लागि लोककथा भन्ने सुन्ने गरिन्छ । त्यस्तै लोकजीवनका सामाजिक सांस्कृतिक संस्कार एवम् उत्सव, महोत्सवहरूमा लोककथाका कलात्मक अभिव्यक्ति दिएर मनोरञ्जनात्मकता प्रदान गर्ने गरिन्छ । फेदाप क्षेत्रका लोककथाहरूले पनि लोकवासीलाई भरमग्दो आनन्द प्रदान गर्ने कथाहरूमा**जादुको मुङ्ग्रो** शीर्षकको लोककथामा मातृत्वको सामान्य परिचय सम्म दिन नसक्ने सौतेनीआमाको तीरस्कार, अपहेलना र अभद्र व्यवहारबाट वाक्क दिक्क भएर घरबाट बाहिरिएको सौतेनी छोराले तीनओटा रोटीको सहायताबाट खीर पाक्नेभाँडो, सुनबड्कुल्याउने बाख्रो र सत्रु परास्त गर्ने जादुको मुङ्ग्रो पाएर राजाका सबै सत्रुनास गरी राजाकै छोरीसँग बिवाह गरेको प्रसङ्ग मनोरञ्जन प्रदायक छ । गाउँघरका बालबालिकाहरूमाथि अपराधिक क्रियाकलाप गर्ने मानिसहरूलाई समाजमा कसैले रूचाउँदैनन् भन्ने प्रसङ्ग **दुई बोक्सी**शीर्षकको कथामा गाउँका अर्काका छोराछोरी लगेर खोलामा खेलाउने बोक्सीहरूलाई गाउँलेहरूले गाउँबाट खेदाउनुले सबै सन्तुष्टी देखिन्छन् । **पोखरीका रानीहरू**लोककथामा महिनौं दिन सम्म लगाएर काटेको घाँस एउटै मान्छेले बोक्ने, एक एक हातमा वर र पीपल बोक्न सक्ने ,हात्तीको चिउँडोमा समाएर दुई भागमा च्याति मार्नेतीन बलाहाहरूको चमत्कारीकाम देखाइएको छ तिनीहरूले पोखरी भित्र तीन रानीहरू सुनका बाकस बोकेर लुक्दै बाहिर पनि ननिस्कने लोग्ने मानिसको मुख पनि नहेर्ने बाचा गरेको थाहापाई पोखरी बहिरको रूखमा एउटा लट्ठो बाँधी तीनै जना बलाहाहरू लट्ठामा समातेर पोखरी भित्र पसेर पानी भित्र लुकेका रानीहरूलाई जबरजस्ती तानेर निकाली बिहे गरेर लगेको सन्दर्भले लोकवासीलाई हाँस्यास्पद बनाएको छ ।

**नामको भ्रम**लोककथामा घटना सान्दर्भिकतासँग मेल खाएका दुई साथीको नामले सिर्जाएको हाँस्यास्पद भ्रमबाट बटुवाले वास्तविकता थाहै नपाई हाँस्तै हिंड्नुले मनोरञ्जन दिएको छ । फेदाप क्षेत्रमा प्रचलित रहेको लोककथा**खरानीको डोरी**मा चतुरमन्त्रीले आफ्नो

मूर्ख छोरालाईनकाटीकन र नबेचीकन भेडाका ढाडमा दुई दुई बोरा चामल बोकाएर ल्याउनकालागि बिना पैसा भेडा लिएर बजारतिर पठाएको अवस्थामा एउटी युवतीको सहयोगले भेडाको ऊन बेचेर चामल किनेर ल्याउनु, सोही युवतीको सहयोगबाट मूर्ख छोराले खरानीको डोरी बाटेर बाबुकोमा पुऱ्याउनु र त्यस्ती चलाख युवतीले चतुर मन्त्रीको मूर्ख छोरासँगै विवाह गरी बस्नुले लोकवासीलाई आनन्दित तुल्याएको छ । **मूर्ख ज्वाईं** कथामासमय र घटना सान्दर्भिक मेल नखाएका मूर्ख ज्वाईंका शब्दहरूले कथामा कोरेको विचित्रता जस्तै–हा हा हा हा गर्दा सिकारीले पासो थापेका चराहरू उड्नु, सिकारीले दिएको एकै पासामा तीन तीन परून् भन्नु भन्ने आदेश मान्दा आउँदो घटना जहाँ चोरहरू चोरेर ल्याएको पैसा बाँड्ने समयसँग मेल खान गई उनीहरूको कुटाइ खानु, चोरहरूको यो खेप पुऱ्याइसकेपछि अर्को खेप ठीक भन्दै जानु भन्ने आदेशले बाटोमा भेटिएको लाश बोकेर हिँडिरहेका मलामीको परिस्थितिसँग मेल खानु, मलामीको यस्तो कहिल्यै नहोस् भन्दै हिँड्नु भन्ने आदेश मान्दा राजकुमारको वैवाहिक परिदृष्यसँग मेल नखानु, ससुराली पुगेपछि ससुराले गरेका हरेक प्रश्न प्रति एउटै जवाफ दिनु,ज्वाईंको खबर सोध्दा पनि राम्रै छ, वेशै छ भन्ने, पानी नपरेको, सासु मरेको तथा गोरू भीडबाट लडेर मरेको प्रसङ्गमा पनि राम्रै छ, वेशै छ भन्नु ,त्यस्तै, अर्को पटक ६ महिनापछि ससुराली जाँदा दाईले दिएको दुःख लाग्यो भन्नु भन्ने आदेश मान्दा ससुराले सोधेका अनेक प्रसङ्गसँग बेमेल खान गई ससुराले दोस्रो पटक पनि छोरी घर नपठाउनुका घटना सृङ्खलाले पाठकलाई मग्नता प्रदान गरेको छ । **भावीले लेखेको मेटिँदैन** पारी गाउँका गरिब मानिसको जनजीवन बुझ्न गएको धनी मानिसले भावीले ६ दिनको बालकको छैटौँमा आफ्नो सम्पत्ति सबै खानु भन्ने लेखेको थाहा पाएर त्यो वालक मार्नकालागि बालकको घरपरिवारमा अनेक प्रलोभन देखाएर त्यो बालकलाई धनी मानिसले कोक्रैसँग लगेर नदीमा फालिदिनु, नदीमा बग्दै गरेको बालकलाई जल्लरीले भेटी उसकै बाबुआमाकामा बुझाइदिनु,साधुको भेषमा त्यो धनी मानिस फेरी त्यस घरमा तेह्र चौध वर्ष पछि आउनु, एउटा चिट्ठी पारी गाउँमा पुर्‍याइदिनु भनेर एकसय रूपैँयाको नोट समेत दिनु, त्यो चिठी बोकी ल्याउने केटोलाई नै मार्न भनेर आफ्ना छोरालाई अह्राएर लेखेको चिठी लिएर पारी धनी मानिसकोमा जाँदा धनी मानिसका छोरीहरूले चिठी पढी युवकसँग लोभिएर चिठीमा रोजी छोरी सँग विहे गरीदिनु भनेर लेखी चिठी साटिदिइ धनीकै छोरीसँग मराउन पठाएका केटासँग विवाह हुनु,बिहेको तेस्रो दिनपछि मात्र त्यो धनी मानिस आफ्नो घर आइपुग्दा मार्न भनेर पठाएको केटो ज्वाईं भएर बसेको

देखिनसही सरासर कामीकोमा गएर त्यो केटो यहाँ आइपुगेपछि घनले हानेर मारिदिनु भन्ने आदेश दिइ केटालाई कामीकोमा पठाउदा धनीकै छोरा जालमा परेर मर्नु जस्ता सन्दर्भले लोकवासीलाई प्रयाप्त मनोरञ्जन दिएको छ ।

**आयु दिएकी स्वास्नीको चाला लो**ककथामा कान्छो भाइकी श्रीमती सर्पले डसेर मरेपछि उसको अलाप विलाप गरी रोएको सुनेर ब्रह्मा विष्णु आई उसको रुनुको कारण सोध्दा श्रीमतीलाई बचाइदिन आग्रह गर्दा आफ्नो आयु दिएमात्र बचाउन सकिने बताउनु, आयु दिएपछि श्रीमती बाँच्नु,साधुको कुरामा फकिएर श्रीमतीले आफ्नो श्रीमान्लाई कुवामा खसाएर मारिदिनु तर अरू मानिसको सहायतामा श्रीमान् बाँच्नु ,राजाको दरबारमा नृत्य गर्न जाँदा ती दुवै जनाको भेट हुनु, श्रीमतीले राजासँग लोग्नेलाई मारिदिन आग्रह गर्नु, आफूलाई मार्न लागेको समयमा अन्तिम इच्छाका रूपमा आयु दिएर बँचाएकी स्वास्नीको आयु फिर्ता लिन पाउँ भन्दा स्वास्नीको त्यहीँ मृत्यु हुनुको सन्दर्भले कथालाई रोचकता प्रदान गरेको छ । **साथीहरू पनि बोलन** कथामापहिलो जन्मिएको छोरो मर्दा अत्यन्तै सोक र सुर्तामा डुबेर ती दुई दम्पत्तिले सारा गाउँलाईनै रूवाउनु,लोग्ने मरेपछि विक्षीप्त बनेर छाती पिटी पिटी रोइरहेको बेलामा प्यारीलाई गाउँको हर्केले मेलापात, घाँसदाउरा गर्न वन जाने कुरा, ठूला थालमा भात खाने र छेउको खाटमा सुत्ने जस्ता कुरामा साथ दिनु तर रामे साहुको पाँच हजार ऋण तिर्ने कुरामा भने साथीहरूलाई पनि बोल्नका लागि आग्रह गर्नु ले कथालाई रोचकताको शिखरमा पुऱ्याएको छ । **सबै चोरै चोर** शीर्षकको कथामातेस्रो दिनमा पक्राउ परेको चोरले बठ्याइँपूर्वक सुनको खेती आफूले मात्र गर्ने र मर्नु भन्दा अगाडि सुन रोप्न सिकाएर मात्र मर्ने कुरा गर्नु,सुन रोप्न राजा, रानी, मन्त्री र चोर चारै जना जानु, राजाले चोरलाई सुन रोप्ने आदेश दिँदा चोरले रोपेको सुन नफल्ने कुरा चोरद्धारा व्यक्त गरिनु, राजा, राजी र मन्त्री तीनै जना सुन रोप्न नमान्दा उनीहरू सबैको पोल खोलिएर चोरले पनि मर्ने सजायँबाट फुर्सद पाउनु स्रोताकालागि मनोरञ्जनकै विषयहरू हुन ।**अल्छी छोरा र बूढो बाबु** शीर्षकमाबिरामीले सिकिस्त भई मर्न आँटेको बाबुलाई जलाउन कुन चाहिँ घाट लाने भन्ने छलफलले ल्याएको तिक्तताको फलस्वरूप बूढो बाबु लट्ठी ल्याउन ल्याई आफैँ उठेर हिँड्नु पनि मनोरञ्जनदायक छ ।**मृत राजकुमारबाटछोरा पाउने राजकुमारी** उमेर पुगेकी छोरी मान्छे घर बाहिर ननिस्कने प्रचलन रहेतापनि राजाकी छोरी घरबाहिर निस्केर जोगीलाई हात हेराई माग्नु,जोगीले भनेअनुसारै बिहेमण्डपमा राजकेमारीको बेहुला ढलेर मर्नु, राजकुमारी र नोखरानी बेहुलाको मृत शरीर राखिएको ठाउँमा जानु, स्वर्गका परीहरूले

बूढोको सिरानीमा राखिएको लट्ठी खुट्टामा राख्दा मृत शरीर विउँभिनु, राजाकमारीले पनि त्यसै गर्दा बूढो विउँभी उनीहरूको भलाकुसारी हुनु र राजकुमारी लोग्नेसँगै बस्न थाल्नु बस्ताबस्दै उनमा गर्भ रहेको स्वर्गका परीले थाहा पाएर राजकुमारलाई स्वर्गतिरै लानु,राजकुमारले दिएको ठेगाना अनुसार राजकुमारीलाई राजकुमारकी आमाले बस्ने घर दिनु, बसुन्जेल स्वर्गबाट राजकुमारले खाना दिनु,पान खाएको थाहापाएर सासूले राजकुमारीलाई घरबाट निकाले पछि राजकुमारी सानो बालक छोरा बोकेर वन जानु,वनमा तपस्वी ऋषिलाई भेटेर ऋषिको जीऊमा उम्रेको सबै घाँस उखेल्दा उसको परेला समेत उखेलिन गई राजकुमारी खाटमुनि लुक्न जानु, ऋषिले भनेअनुसार नृत्य गर्दा इन्द्र प्रभावित भएर राजकुमारीको बूढो फिर्ता दिनु र आफ्नो घर गई सुखसाथ बाँकी जीवन बिताउनु मनोरञ्जनका विषयहरू हुन् ।**रोए किन तिनै जना** माघटना र समय सान्दर्भिक पात्रहरूको मेल बुढी आमैको चिट्ठीसँग जोडिनु, बुढीको छोराले परदेशबाट पठाएको चिट्ठी पढ्ने सन्दर्भमा असाक्षर सैनिक लाजले रूनु, सैनिक रूनाको कारण थाहा नपाई छोराको बिग्रँदो स्थितिको कल्पनामा बुढी आमै रूनु, भाँडाफुटेको अवस्थालाई स्मरण गरेर रून नपाएको कुमाले त्यहीँ आएर रूनुले लोकवासीलाई प्रयाप्त आनन्द दिएको छ ।

**कान्छो छोरालाई राजगद्दी**लोककथामा राजाले आफ्ना छोराको बुद्धि परीक्षण गर्न नमारीकन, नकाटीकन र कुनै प्राणीको हत्या नगरीकनको प्राणीको मासु ल्याउनचारै भाइ छोरालाई आदेश गरेपछि छोराहरू बाबुको आज्ञालाई पालना गर्दै दरवार बाहिर निस्कनु, कान्छो बाहेक अरू छोराहरू बाबुले खोज्न लाए अनुसारको मासु नपाएर दरवार फर्किनु कान्छो भाइले धेरै टाढाको गाउँमा खोज्दैजाँदा भैंसी व्याएको ठाउमा पुगेर भर्खर भैंसीले भारेको अम्रोको अनुसन्धान गरी आफ्ना बाबूले भनेअनेसारको मासु भएको आंकलन गरी दरवारमा लिएर जानु, राजाले उसैलाई राजगद्दी सुम्पिदिनु जस्ता घटना सृङखलाले कथालाई रोचकता दिएको छ । **मितको मासु मितैलाई** कथामा जुक्ति र वुद्धिले गर्दा भालु जस्तो बलियो वन्यजन्तुलाई स्यालको चलाख्याईबाट कहिले भालुलाई खुर्सानीको धुलोमा मडारिन लगाउनु कहिले अरिंगालको गोलोमा महपाइन्छ भनेर घोच्न लगाउनु र अन्त्यमा जरो काटेको भीरमाथिको लहरामा पीङ खेल्न लगाई भालुलाई भीरबाट खसालेरमारी मासु खाइ सन्तुष्टी लिएको प्रसङ्गहरू निकै मनोरञ्जनदायक छन् । **दैनिक छोरा खोज्ने राजा** माएकादेशका राजाले अचम्मको कुरा प्रतिदिन नयाँ राजकुमारीसँग बिहे गर्नुपर्ने बिहा गरेको भोलिपल्टै रानीबाट छोरो खोजेकाले मन्त्री र पालेपनि वाक्क भैरहेको अवस्थाम एउटी

राजकुमारीले भोलि नै छोरो राजालाई दिने सर्तमा बिहेगर्नु विहेको भोलिपल्ट राजा छोरोखोज्न आउँदा रानीले पनि वाचा बधाएर राजालाई एउटा मकैको घोगो दिंदै त्यसबाट भोलि नै मकै फलाएर घोगो दिन रानीले आग्रह गर्नु, राजाले मकैको घोगोबाट भोलिपल्टै मकै फलाएर दिन असमर्थ हुँनुले कथालाई रोचकताको चरम उत्कर्ष पुऱ्याएको छ ।

**लट्टे र ध्वाँसे** को कथामा को शक्तिशाली भन्ने विषयमा घोचाघोच र पेचापेच हुनु, बाटोमा भेट भएको लट्टेको कुरा मान्दा चिबे चरी जस्तै नाच देखाउन रूख चढ्दा ध्वाँसेको जेठो छोरा रूखबाट खसेर मर्नु,संयोगबश खाडलमा परेर मरेको ढेडुको पुच्छरलाई आफ्ना बाबुको पुच्छर ठानी जेठो छोराका छोराहरूरून्, परदेशबाट भर्खर फर्केका ध्वाँसेका अरू दुई भाइ छोराहरूलाई उनीहरूको बाबु मरिसकेको भनेर लट्टेले झुटो बोल्नु, घरपुग्दा बाबु जिउँदै भेटिनु,एकदिन ध्वाँसे लट्टेको घरमा गएर पारी गाउँको माइला मुखियाले ११ जना दर्जी लाई छोराको बिहेमा बोलाएको छ भनेर झुटो कुरा बोल्नु, ध्वाँसेले लट्टेको कुरामा विश्वास गरी पहिल्यै चोभीसकेको अगुल्टो पानीमा फेरी चोभ्दा आवाज नआएकाले खोला निदाएको भन्ठान्नु, खोला तर्ने क्रममा लट्टेलाई खोलाले बगाएर ढुङ्गामा ठोकाउँदा दमाहा बज्न पुगी बाबु खोला तरेर पारी पुगिसकेको उसका छोराछोरी र स्वास्नीले भन्ठानेर सबै जना खोला तर्न खोज्दा खोलाले बगाउनु,भोलि बिहानै ध्वाँसे खोलातिर आईपुग्दा लट्टेलाई खोलाको बिचमा ढुङ्गा समातेर जीवित रहेको देखी कति पानी खायौ भनी सोध्नु, यति खाएँ भनेर हात उचाल्ने क्रममा खोलामा खसी लट्टे दमाई मर्नु जस्ता घटना सृङ्खलाले कथा रमाइलो बनेको छ ।**चलाख भँगेरो** राजाले केही सिकार नपाई भँगेराको हुललाई बन्दुकले हान्दा सबै भँगेराहरू मर्नु तर एउटा बूढो भँगेरो चाहिँ जिउँदै भुईंमा खस्नु, राजाले बूढो भँगेरोलाई जिउँदै खानु र राजाको पेटभित्र त्यसले **म भित्र राजा बाहिर** भन्दै तमासा देखाउदा राजा वाक्क भएर भँगेरालाई मार्नका लागि पोडेलाई अह्राएर दिसा बस्न जानु ,राजा दिसा गर्न बस्ताबस्तै फुत्तै निस्किएर बुढो भँगेरो भुर्र उड्नु र पोडेले राजाको कण्डेउली च्वाट्टै काट्नु अन्त्यमा बूढो भँगेरोले **राजालाई ढाँट्नसम्म ढाँटे राजाको कण्डेउली तरवारले काटें** भन्दै गीत गाउनु कथाका रोचक प्रसङ्गहरू हुन् ।**खन्चुवाको चमत्कार** एकादेशका राजाले तीनओटी रानीहू भित्र्याएतापनि कुनै सन्तान नभएपछि त्यो धनी मानिसले खोलाको ढुङ्गालाई शिलाजीको नामले पुकारीकन सन्तानको वरदान माग्नु,शिलाजीले भनेअनुसार आँप लगेर आफ्ना तीनवटै स्वास्नीलाई खुवाउँदा तीनैओटी रानी गर्भवती भएर जेठी रानीबाट जन्मेको छोराले जन्मेकै दिन एक मानाको भात खानु,

गर्दागर्दै १०० दिन पुग्दा सयै मानाको भात एकै छाकमा खाइदिनु साथसाथै माइली र कान्छी रानीबाट जन्मेका छोरा पनि त्यस्तै खञ्चुवा निस्किएर १५/१६ वर्षका हुँदा बाबुको सबै सम्पति खाइसकेर तिनीहरू परदेशतिर लाग्नु, राजाको दरवारमा बासमाग्न पुगेपछि १६ मुरी चामलको भात र ८ ओटा राँगाको मासुका साथसाथै पकाएका भाँडाकुँडा समेत एकै छाकमा खाइदिनु, त्यस्तै कौडे राजाको दरवारमा  अघाउन्जेल खाएर डकार्दा भुईंचालोनै आउन, कौडेराजाकी मृत पत्नीको अन्तेष्टीका लागि शव बोकेर घाटमा जाँदा बास बसेको ठाउँमा करबिरे मसान आएर सेतो चम्मरले हान्दा मूर्दा विउँभिनु, पहेँलो चम्मरले हान्दा रानी पाटीनै उज्यालो हुने गरी भरभराउँदो पारेर उठ्नु, कालो चम्मरले हान्दा मूर्दा फेरी लाश भएपछि तीन दाजुभाइमध्ये जेठाले यहाँबाट चलिहाल भनेर मसानलाई हप्काउँदा सारा जमिननै हल्लिनु, तीनवटै चम्मर जेठा छोरालाई दिएर  मसान त्यहाँबाट भाग्नु, माइलो भाइले एउटा ठूलो थुतुने मसानलाई कुल्चिएर हुईंक्याउँदा मसान पल्लो गाउँनै ढाकेर मर्नु, कान्छो भाइले सोह्रसये गोपिनीकै  लुगा लुकाएर उनीहरूलाई लाजले भुतुक्क बनाएपछि लुगा दिएको बदलामा गोपिनीहरूले कान्छो भाइलाई सुनको मुरली दिनु,रानीको लाश बोकेर तीनै भाइ फेरी राजाकै दरवारमा जानु,चम्मरको सहायताबाट रानी उठ्नु राजाले कान्छोभाइको मुरली मागेर बजाउदा राजै उडेर बेपत्ताभएपछि जेठो भाइले त्यही रानीलाई बिहेगरेर राजाहुनु, माइलो भाइ प्रधानमन्त्री र कान्छो भाइ सेनापति भइकन राजकाज चलाएर आनन्दका साथ बस्नु जस्ता रोमाञ्चकारी घटनाले कथालाई चरम मनोरञ्जन दिएको छ । **तीनै छोरा मन्त्री** कथामा कान्छीआमा र बाबुले घरबाट छोराहरुलाई खेदाएपछि तीन भाइ छोराहरू जङ्गलको बाटोगरी जाँदा एउटा पुगेर बस्नु त्यही कुटीबाट ऋषिको सहयोगमा पर्याप्त ज्ञान हासिह गरेपश्चात एकदिन सपनामा शिवजी आई तीनै भाइ मन्त्री बन्ने कुरा बताइदिनु, एउटै राजाका तीनवटै छोरीहरू एउटै आमाका सन्तानलाई दिने हेतुले राजा पनि संयोगवश त्यहीँ कुटीमा आइपुग्नु, राजाले आफ्ना तीनै छोरीहरूको विवाह ती तीन दाजुभाइसँग गरिदिएर उनीहरूलाई मन्त्री पद दिनु कथाका मनोरञ्जित घटना हुन ।**छोराको मासु**  कथामा राजा र जेठी रानी नभएको मौकामा कान्छी रानीले जेठीको छोरालाई अनेक ललाईफकाई गरेर मारेर राजा र जेठी रानीलाई छोराको मासु खुवाउन खोज्दा गाउँको एउटा मान्छेबाट छोरोमारेको भेद खुल्न गइ रानीलाई नाक कान काटी खेदाएका हुन  ।

**तोडियो राजकुमारीको वाचा**कथामासंसारका कुनै पनि लोग्ने मानिसको अनुहार पनि हेर्न चाहन्नँ भनेर राजाकी छोरी कुटीमा बस्नु, अर्को देशका प्रतापी राजकुमार एकदिन चलाखी र वुद्धिमतापूर्ण तरिकाबाट राजकुमारीको नुहाई धुवाई गर्ने ठाउँमा गएर धाइबाट राजकुमारीको भित्री मनशाय बुझ्दा पूर्व जन्ममा ढुकुर्नी हुँदा डढेलो लागेको वनमा आफ्ना बच्चाहरूलाई पतिको कारण बचाउन नसकी आफू पनि बच्चासँगै खरानी भएर जलेकोकाले आफूलाई छोरा मान्छेको अनुहार पनि हेर्न मन नलाग्ने राजकुमारीले धाईलाई बताउनु, उक्त कुरा राजकुमारले थाहा पाएर राजकुमारले पनि त्यस्तै उल्टो नक्कलगर्न शहर घुम्न डोली लिएर निस्कँदा अघौटे पछौटेले नारी मानिसले उनलाई नहेरिदिनु भन्ने नारा घन्काउँदै हिंड्दा राजकुमारीले राजकुमारको कुरा खप्न नसकेर पहिले आफू बदमासी गरेर अहिले लाज पचाउने भन्दै कराएको प्रसङ्गले कथालाई मनोरञ्जनपूर्ण बनाएको छ **अभागी भक्तिलाल** लोककथामास्वास्नीले दिएको खाना नखाइकन महत्वकांक्षी बनेर मीठो भोजमा हेलिएको भक्तिलाल नदी पारीको भोज घरमा पुग्दा सबै खानेकुरा सकिएर भोकै फर्किनु त्यस घरबाट फर्किएर अर्को नदीवारीको भोजघरमा आउँदा त्यहाँपनि खानाको टोकरी उठ्नु र भक्तिलाल भोकले लखतरान भएर घर फर्किएर स्वास्नीले दिएको बासीभात चपाएर पश्चाताप गर्नु कथाको रमाइलो प्रसङ्ग हो । **लोकप्रिय मुखिया** लोककथामा अर्कालाई परेका बेला अत्यन्तै सहयोग गर्ने धर्मराज को मृत्यु पछाडि उसको इच्छा वमोजिम यमराजलले नर्कलोकको अवस्था अध्ययन गर्न भनेर नर्क लोकमा हात तेर्सोपारेर भाटाले बाँधेको अवस्थामा गएका धर्मराजले त्यहाँ पापीहरूलाई दिएको सजाय देख्नु, आफूलाई खान दिएको खाना त्यहाँको एक पापीलाई खान दिएर नर्कलोकका सबै पापीहरूलाई खान सिकाएर भोकाएका बेला टन्न खानपाइ खुशी भएका पापीहरूले उनलाई स्याबासी दिएर धर्मराज नर्कलोकमा लोकप्रिय बनेको प्रसङ्गले कथालाई मनोरञ्जनको चरम उत्कर्षमा पुऱ्याएको छ ।

## ५.५.२. उपदेशात्मकता

लोककथा लोकको एउटा लोकप्रिय विधाका रूपमा प्रतिष्ठित रहँदै आएको छ । लोकजीवनका भोग र बोधको मनोसामाजिक समन्वयबाट लोकवासीले भोगेका सुख–दुःख,रहन–सहन,रीति–रिवाज,चाल–चलन आदिबाट मानवले सकरात्मक ज्ञान आर्जन गरी लोकवासीको नैतिक तथा व्यवहारिक परिवर्तन गराउनु लोककथाको उद्देश्य हुन्छ । कथानकमा भएका विभिन्न घटना सृङखलाहरूले खराब मानिसमा भएका दुस्प्रवृतिहरूलाई सुधारगरी सकरात्मक बाटोतिर डोऱ्याउन मदत् गर्दछन् ।फेदाप क्षेत्रका लोककथाहरूले पनि

फेदापका ग्रामीण समाजमा भएका खराबीहरूलाई सुधार गर्ने उद्देश्य राखेको छ । **दुई बोक्सी** शीर्षकको लोककथाले गाउँघरमा खराब चरित्र भएका मान्छेहरू पनि हुन्छन । त्यस्ता खराब चरित्र भएका मान्छेहरूलाई सामाजिक रूपमा नै सजाय दिनु पर्दछ । खराब कार्यलाई समाजले छुट दिँदैन । साथै अन्धविश्वास र रूढीबादी संस्कारले गर्दा नारीले विभिन्न किसिमका आरोप, लान्छना र सजाय भोग्न बाध्य छन । त्यस्ता आरोप र खराबीहरूको तीरस्कार र भण्डारफोर गर्नुपर्छ भन्ने ज्ञान दिलाउनु यो कथाको उपदेशात्मक शिक्षा रहेको छ । **खरानीको डोरी** शीर्षकको लोककथाले मूर्ख मान्छेले पनि जुक्तिबुद्धिले युक्त भएको राम्रो मान्छेको सङ्गत पाएभने बुद्धिमान बन्न सक्छन । कथामा चतुर मन्त्रीको मुर्ख छोराले बुद्धिमती युवतीको साथ पाएर बुद्धिमान बनी सर्बत्रनाम चलाएको प्रसंगले राम्रो सङ्गत पायो भने मुर्ख पनि सप्रन सक्छ भन्ने ज्ञान दिलाउँदछ ।

**मूर्ख ज्वाईं** कथाले मूर्खहरूलाई जति शिक्षा ,दीक्षा ,ज्ञान , बुद्धि र सल्लाह सुझाव दिएपनि काम लाग्दैन । उसलाई देखाएको बाटो हिँड्न सक्तैन । यसर्थ 'बोकेका कुकुरले मृग मार्दैन' भन्ने सन्देश दिनु नै यस कथाको उद्देश्य हो । **भावीले लेखेको मेटिँदैन** कथामा कुनै मान्छको भाग्य र भविष्य भन्ने कुरा पूर्व निर्धारित हुन्छ । भावीले छैटौंका दिन जे लेखेको हुन्छ त्यो कसैले मेट्न खोजेर मेटिदैन भन्ने धार्मिक चेतना दिनु यसको उपदेश रहेको छ ।**आयु दिएकी स्वास्नीको चाला** कथामा श्रीमतीहरू धोकेबाज भएभने लोग्नेले जतिसुकै त्याग र तपस्या गरेपनि त्यो ब्यर्थ हुन्छ । स्वास्नीमान्छेलाई अहंकारको कालो बादलले छोपेपछि आफू बा"चेको यथार्थ धरातल बिर्सिन्छन् भन्ने व्यवहारिक ज्ञान दिन यो कथा भन्ने र सुन्ने गरिन्छ ।**साथीहरू पनि बोलन** कथाले समसामयिक सामाजिक स्थितिको यथार्थ चित्रण गर्ने प्रयास गरेको छ । आपत् बिपत परेको बेला सहयोग गर्ने बहानामा आफ्नो स्वार्थ पूरागर्न छरछिमेकमा रहेका स्वार्थी मानिसहरू कस्तो प्रवृतिका हुँदा रहेछन भन्ने चित्रण गर्दै **मुखमा रामराम बगालीमा छुरा** भएका ब्यक्तिहरु प्रतिको तीखो बाण ब्यङ्ग्य प्रहार गर्नु नै यस कथाको मूल ध्येय हो । **सबै चोरै चोर** कथामा चोर त पेशागत रूपमा नै चोर भयो तर मान प्रतिष्ठा र अस्तित्वमा रहेका उच्च पदिय दायित्व बोकेका राजारानी , मन्त्री प्रशासक तथा कर्मचारीहरू पनि त्यो पेशाबाट अलग रहन सकेका छैनन् भन्दै यो वर्तमान समयमा हाम्रै मूलुकका मन्त्री , सभासद नेता तथा ठुला ओहोदाका कर्मचारीहरुप्रति व्यङ्य गर्दै त्यस्ता खराब कार्यबाट अलग्ग रहेर सत्व्यवहारमा लाग्ने प्रेरणा दिलाउनु यो कथाको उद्देश्य रहेको छ । **अल्छी छोरा र बूढो बाबु** कथाले आधुनिक

समाजमा बाबुआमा भन्दा छोराछोरी बढी अल्छी हुन्छन् । उनीहरू बाबुआमाको मायाममता गर्नु , दुःख बिराम भएको बेला औषधी उपचार गर्नु भन्दा उनीहरुसँग भएको सम्पति खानमा लालाहित हुन्छन् । अल्छी छोराछोरी भएभने बाबुआमाको मन शान्ति हुँदैन । जीवनलाई सहज सरल र आनन्दको प्रत्याभूति दिलाउनको लागि हरेक व्यक्तिले जाँगरिलो,परिश्रमी बाबुआमाको आज्ञाकारी बन्नुपर्दछ भन्ने प्रेरणा दिलाउन खोजेको छ ।

**किन रोए तिनै जना** कथाले अज्ञानता र अशिक्षाले मानवीय जीवनलाई अन्धकारको बादलभित्र डुलाइ दिन्छ । समयमा शिक्षा लिएन भने पछि पश्चातापको भुमरीमा पर्नु पर्ने हन्छ । यस कथामा तिनै जना पात्रहरूरूनु भनेको अज्ञानताकै उपज हो भन्ने चेतना दिलाउदै आजको समाजमा सबैले शिक्षा हासिल गर्नुपर्छ । ज्ञानले मनभित्रको अन्धकारलाई हटाएर जीवनलाई सुखसयलको बाटोतिर डोर्‍याउन मदत् गर्छ भन्ने व्यवहारिक ज्ञान दिन्छ भने **कान्छो छोरालाई राजगद्धी** कथाले एकै बाबुका छोराहरू मध्ये कोही तिष्ण बुद्धि र कोही मन्द बुद्धि भएका हुन्छन् । मान्छेले बुद्धिको चाल अनुसार अवसर प्राप्त गर्न सक्छ भन्ने देखाउँदै 'जहाँ इच्छा त्यहाँ उपाय' भनेझैं कसैले केही कुरा खोज्दा गहिरो गरी विश्लेषणात्मक तरिकाबाट खोजे सफलता प्राप्तगर्न सक्छ भन्ने तथ्य देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

**दैनिक छोरो खोज्ने राजा** शीर्षकको लोककथामा कुनै पनि कार्यको फल तत्काल पाइँदैन । आज गरेको कामको प्रतिफल भोलि नै खोज्नु सफलताबाट हात धुनु हो त्यसकालागि समय पर्खनु पर्छ भन्ने सन्देश राजाको बिहे गरेकै भोलिपल्टै छोरो खोज्दा रानीले मकैको बिऊ आज दिएर भोलि नै मकैको घोगो मागेको प्रसङ्गमा राजा को हारले सत् ज्ञान दिएको छ । **लट्टे र ध्वाँसे** कथामा एउटा गाउँमा छर-छिमेकी भएर बस्दामात्र हुँदैन । तिनीहरू बीचमा आपसी सहयोग र सद्भाव हुनुपर्दछ नत्र लट्टेले पाएको दुःख र ध्वाँसेले भोगेको दुर्दशा जस्तै हुन्छ भन्ने उपदेशात्मक ज्ञान प्राप्त हुन्छ । **अभागी भक्तिलाल**कथाले मानिसले आफूसँग प्राप्त भएको जुन कुरा छ त्यसमा सन्तुष्टि लिनुपर्छ, बढी महत्वकांक्षी बनेमा जुनसुकै अवसरबाट वन्चित हुनुपर्छ भन्न खोजिएको छ । **लोकप्रिय मुखिया** कथाले यो लौकिक संसारमा मानवले जति राम्रो काम गर्छ, त्यसको फल मृत्यु पछि स्वर्गमा पनि राम्रै गरी प्राप्त गर्न सक्छ साथै सहयोगी र सहकारी भावना भएको व्यक्तिले

आफूले भन्दा पहिले अरूलाई सेवा गर्न रूचाउँछ । आफूले अरूको सेवा गरे अरूले आफ्नो सेवागर्ने निश्चित छ भन्ने धार्मिक सन्देश यस कथाबाट दिन खोजिएको छ ।

## ५.६ भाषा

लोक कथा लोक भाषामा प्रस्तुति गरिन्छ । स्थानीय भाषा भाषिकामा लोक कथा भनिने हुनाले यसमा स्थानीयताको प्रभाव परेको हुन्छ । यो कथ्य भाषमा स्थानीय स्तरमा प्रचलित उखान टुक्का, गाउँ खाने कथा, ठेट लोकशब्दहरूको प्रयोग हुने हुँदा लोक कथाको भाषा रोचक र विशेष हुन्छ । फेदाप क्षेत्रमा प्रचलित लोक कथाहरूमा कथ्य रूपमा प्रयोग भएका भाषा भाषिकालाई मानक लेख्य भाषामा यसरी हुनुपर्ने देखिन्छ ।

| **भएका हुनुपन** | | **भएका** | **हुनुपर्ने** |
|---|---|---|---|
| रछन् | रहेछन् | पैले | पहिले |
| बिहे | विवाह | गरो | गऱ्यो |
| कामा | कहाँ | आको | आएको |
| मुइल | मैले | बेला | समय |
| सारो | साह्रो | सरखार | सरकार |
| वसिरान | बसिरहेछन | तिमेर्को | तिमीहरूको |
| परो | पऱ्यो | ओढाराँ | ओडारमा |
| बैनी | वहिनी | मु | म |
| लागो | लाग्यो | मनुख्खे | मनुष्य |
| पसो | पस्यो | झरूम् | झरौँ |
| मान्छे | मानिस | एति | यति |
| गैगो | गइगयो | कुटो | कुट्यो |

**प्रचलित ठेट शब्दहरू :**

एत्रा, हउ, अरे, पन्ना, तमासा, चलिहेर, मतलव, चैंकेरे, तपाईंको

## ५.७ शैली

लोक कथाहरू विभिन्न शैलीमा प्रस्तुत गरिन्छन् । प्रायः सबै लोक कथाहरू वर्णनात्मक शैलीमा प्रस्तुत गरिन्छन् । केही कथाहरू अन्तगर्मित रूपमा प्रस्तुत गरेको पाइन्छ । कुनै कथा क्रमसंवर्द्धनात्मक शैलीमा बनेका हुन्छन् । यस्तो कथामा एउटा घटना वा विचार क्रम संवर्द्धन हुँदै कलात्मक रूपमा बढ्दै कथा निर्मित हुन्छ । सबै लोक कथाहरूको प्रस्तुति शैली लोक शैलीको हुने गर्दछ । एकादेशमा ...................... वा परापूर्वक कालमा ............... ............. वा धेरै पहिले ................. बाट कथा प्रारम्भ हुन्छ र अन्त्यमा सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला .............. जस्तो लोक शैलीमा नै विश्राम गरिएको हुन्छ । कथावाचकले परिस्थितिलाई अनुकूलता दिएर निजीशैलीको पनि प्रयोग गरेको पाइन्छ ।

## ५.८ निष्कर्ष

लोककथाका तत्वहरूलाई विश्लेषणको आधार मानेर सङ्कलित लोककथाहरूलाई विश्लेषण गरिएको छ । फेदाप क्षेत्रमा सङ्कलित लोककथाहरू अधिकांश सामाजिक कथामा ओतप्रेत भएका छन् । यसबाट यो स्पष्ट गर्न सकिन्छ कि तेह्रथुम जिल्लाका फेदाप क्षेत्रमा सामाजिक लोककथाको तुलनामा अन्य लोककथाहरू कम प्रचलित छन् । यहाँका लोककथाहरू प्रायः सामाजिक परिवेशमा रचिन्छन् र सामाजिक परिवेशकै चित्रणद्धारा लोकसमाजको यथार्थ वस्तुस्थितिलाई प्रकट गर्दछन् । राजदरवार, गाउँघर, वनजङ्गल आदिका विभिन्न वातावरणहरू लोककथामा चित्रित हुन्छन् ।

अलौकिक परिवेशलाई आधार बलाएर पनि केही कथाहरू फेदाप क्षेत्रमा रचिएका पाइन्छन् । कल्पनामा आधारित यस्ता लोककथाहरूमा अलौकिक परिवेशको चित्रण गरिएको पाइन्छ । अलौकिक परिवेशका कथाहरू लौकिक परिवेशमा रचिएका कथाभन्दा पनि बढी मनोरञ्जन प्रधान हुन्छन् । प्रायः दुवै परिवेशका कथाहरूको मूल उद्देश्य लोकवासीलाई

मनोरञ्जन दिनुनै हो । यसका अतिरिक्त उपदेशात्मक, नैतिक तथा धार्मिक शिक्षा प्रदान गर्ने खालका लोककथाहरू पनि फेदाप क्षेत्रमा विद्यमान छन् । स्थानी भाषामा प्रस्तुत् भएका यहाँका लोककथाहरू प्रायः वर्णनात्मक शैलीमै प्रस्तुत गरिन्छन् ।

# परिच्छेद छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

फेदाप क्षेत्र लोकसाहित्यिक सामाग्रीले भरिपूर्ण भएको क्षेत्र हो । यहाँ लोककथा, लोकगीत, लोकनृत्य, उखान टुक्का आदि विविध सामग्रीहरू छरिएर रहेका छन् । ती सामग्रीमध्ये केही लोककथाहरूलाई सङ्लन गरेर केहीमात्रामा भएपनि वर्गीकरण र विश्लेषण गर्ने उद्देश्य लिएर प्रस्तुत शोधकार्य गरिएको हो ।

नेपालको पूर्वी पहाडी जिल्ला तेह्रथुमको मध्य भाग पूर्वको कोयाखोला पश्चिमको लुम्बु खोला उत्तरतिरको लामो अग्लो तीनजुरे, मंगलबारे, मेन्छेयाम, लसुने जस्ता विभिन्न ठाउँहरूमा फरक फरक नामले चिनिने एउटै डाँडाको दक्षिण र दक्षिणमा तमोर नदीको वीचको ससाना हरिया नागबेली डाँडा पहाड र चुचुराहरूको काखमा अवस्थित फेदाप क्षेत्र प्राकृतिक सौन्दर्यताले भरिपूर्ण ठाउँ हो । नेपालकै सबैभन्दा अग्लो ह्यात्रुङ झरना (३६५ मि.) रहेको यो क्षेत्र पर्यटकहरूकालागि पनि आकर्षणको केन्द्रविन्दु बन्दै गएको छ ।

हरेक गाउँवस्तीको शिरमा लेकाली जङ्गल, वीच र पुछारमा खेती योग्य बेँसी रहेको फेदाप क्षेत्र प्राकृतिक स्रोतले भरिपूर्ण छ । स्वच्छ खानेपानीको मुहान, धारा, कुवा इनार रहेको यो क्षेत्रमा उत्तरबाट दक्षिणतिर अविरल बगिरहने खोला खोल्साहरूले पानीको समस्यालाई टारिदिएका छन् ।

तेह्रथुम जिल्लाको कुल क्षेत्रफल ६७९ वर्ग कि.मी मध्ये ३३२ वर्ग कि.मी क्षेत्रफल ढाकेको यो क्षेत्रलाई १ नगरपालिका र १० गा.वि.स हरूमा विभाजित गरिएको छ । तेह्रथुम जिल्लाको एक मात्र नगरपालिका म्याङलुङ यो क्षेत्रको केन्द्रविन्दुमा रहेको छ । समुद्र सतहबाट १४६७ मी. उचाइको रहेको यो ठाउँको तापक्रम जीव बाँच्नका लागि उत्तम मानिएको छ । यस क्षेत्रमा न त धेरै जाडो न त धेरै गर्मी हुन्छ । तसर्थ सन्तुलित वातावरण,

हावापानी र उपर्युक्त भौगोलिक बनोटले जैविक विविधताको अनुपम नमूनाको रूपमा यो ठाउँ उभिएको छ । मेन्छेयाम चुचुरोको काखमा अवस्थित यस फेदाप क्षेत्रका उच्च पहाडहरूमा चैत्र वैशाख महिनातिर नेपालको राष्ट्रिय फूल लालीगुराँस ढकमक्क फुलेर यसको शोभा अझै बढाइदिएको हुन्छ । मोराहाङ पौँठाक वीच खोरूङ्गा किनारमा रहेको गौखुरी गुफा, जिरिखिम्तीको सिमिनाक्षी मन्दिर, म्याङलुङको सिंहवाहिनी मन्दिर पनि यस क्षेत्रको परिचयात्मक चिह्नहरू हुन् ।

फेदाप क्षेत्रको अर्को परिचय ढाका कपडा उद्योग हो । तेह्रथुमे ढाका टोपी नेपालकै उत्कृष्ट मानिन्छ । त्यस्तै शेखिम्बाको भेडाको उनबाट बनेका राडी पाखी पनि लोकप्रिय रहेका छन्, जुन फेदापमै पर्दछन् । शैक्षिक क्षेत्रको अध्ययन गर्दा ज्ञान र विज्ञानले यस क्षेत्रलाई ढपक्कै ढाकेर राष्ट्रिय र अन्तराष्ट्रिय व्यक्तित्वहरू जन्माएको दृष्टान्त सर्वविदितै छ । नगरपालिका र गा.वि.स.हरूको औसत साक्षरता दर ७५ % रहेको यस क्षेत्रमा लेखपढ गर्न नजान्ने मानिस कमै मात्र भेटिन्छन् । यस क्षेत्र भित्र ७१ प्रा.वि., २१ नि.मा.वि., १५ मा.वि., २८ उ.मा.वि.हरू रहेका छन् । यसका साथै १ क्याम्पस र १३ निजी विद्यालयहरूले भरिपूर्ण यो फेदाप क्षेत्रका शैक्षिक परिदृष्यहरू सामाजिक परिवेश र यसका सकरात्मक चिन्तन मननलाई समाज विकासको मुख्य आधारस्तम्भको रूपमा खडा गर्न उद्धत देखिएका छन् ।

शैक्षिक क्षेत्रलाई विभिन्न आधारहरूबाट टेवा दिँदै तेह्रथुम जिल्लालाई शिक्षा र सुचनाको क्षेत्रमा अगाडि बढाउन तीनजुरे, खोजतलास, नौलो सन्दर्भ, नव विहानी, मुन्धुम आदि पत्रपत्रिकाहरूले साहित्यिक क्षेत्रलाई पूर्ण रूपमा टेवा दिएका छन् । फेदाप क्षेत्रको साहित्यिक विकासको फाँटलाई हेर्दा विभिन्न साहित्यकारहरूले साहित्यका विविध विधाहरू जस्तै कविता, कथा, उपन्यास, निवन्ध, नाटक र समालोचना आफ्नो कलम चलाएका छन् । समाजमा घटिसकेका अर्थात् घटिरहेका सामाजिक कुरीति, कुसंस्कार र चालचलनको काटो खाने गरी आफ्ना कलमहरू द्रुत गतिमा अगाडि बढाएका फेदापे साहित्कारहरू राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमै उच्चतम् विन्दुमा पुग्न सफल देखिएका छन् । अरूले लेखेका साहित्यको अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने साहित्यिक परम्परालाई साहित्यक शब्दावलीमा समालोचना भनिन्छ । फेदाप क्षेत्रको पवित्र भूमिमा पदार्पण भएका अभि सुवेदी र खगेन्द्र प्र. लुइटेल जस्ता प्रखर विद्धानहरू ।यस उत्कृष्ट साहित्यिक विशिष्टताका पर्यायवाची को रूपमा फेदाप क्षेत्र उदाएको छ ।

तेह्रथुम फेदाप क्षेत्रमा छरिएर रहेका लोककथाहरू सङ्कलन गर्दै तत्वगत रूपमा विश्लेषण गर्ने उद्देश्यले तयार गरिएको यस शोध पत्रको परिच्छेद एक शोधपरिचयका रूपमा रहेको छ । यसमा शोध शीर्षक, शोध प्रयोजन, शोध परिचय, समस्या कथन, शोध उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन र शोध विधि एवम् शोध पत्रको रूपरेखा प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा फेदाप क्षेत्रको संक्षिप्त परिचय राखिएको छ जस्मा फेदाप क्षेत्रको नामाकरण, भौगौलिक स्थिति, प्राकृतिक स्रोत, जनसंख्या, भाषागत अध्ययनका साथै तेह्रथुम फेदाप क्षेत्रको साहित्यिक परिचयलाई विभिन्न उपशीर्षकमा राखेर परिचय दिइएको छ । त्यसै गरी यो शोध पत्रको तेस्रो परिच्छेदमा लोककथाको सैद्धान्तिक परिचय राखिएको छ । चौथो परिचछेदमा फेदाप क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन राखिएको छ । पाँचौ परिच्छेदमा फेदाप क्षेत्रमा सङ्कलित लोककथाहरूलाई तत्वका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । सङ्कलित कथाहरूको कथानक, पात्र विधान, परिवेश र उद्देश्यलाई महत्व दिई विश्लेषण गरिएको छ । यस शोधपत्रको अन्तिम तथा छैटौँ परिच्छेदका रूपमासारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा फेदाप क्षेत्रका प्रचलित लोककथाहरूमा त्यहाँको स्थानीय लोक धारणा, सांस्कृतिक परिवेश, आर्थिक अवस्था, धार्मिक जनविश्वास, शैक्षिक अवस्था, भाषिक अवस्था तथा प्राकृतिक दृश्यावलीको यथार्थ चित्रण पाइन्छ । लोककथा सङकलनको क्रममा प्रत्येक गा.वि.सका ग्रामीण समाजमा घुम्दा प्राय क्षेत्री, बाहुन परिवारमा मात्र लोककथा भन्ने सुन्ने परम्परा रहेको पाइएको छ; त्यसमापनि आजभोलि आधुनिक पाश्चात्य चलचित्र,टि.भि.बाट प्रसारण गरिने विभिन्न किसिमका हिन्दी कहानीहरू, मोबाइलबाट प्राप्त हुने अनेकौं किसिमका दृश्यावलीहरूको लतमा युवायुवतीहरूफसिरहेको कारणले आउने सन्ततिहरूबाट लोकसाहित्य अलग्गिने खतरामा पुगेको दखिएको छ । कालान्तरदेखि मौखिक तवरबाट पुस्तान्तरित हुँदै आएको लोकसाहित्यको यो महत्वपूर्ण विधाको अस्तित्वसंरक्षण गर्नका लागिलोकसाहित्यका अनुरागीहरूले लोककथासँग सम्बन्धित विभिन्न किसिमका छलफल, गोष्ठी तथा यसको महत्व सम्बन्धी साहित्यिक कार्यक्रमहरू आयोजना गरी स्थानीय लोकवासीहरूमा लोककथाहरूकोसंरक्षण र सम्बर्द्धन गर्नुपर्ने भावनाको अभिप्रेरणा जगाउनु पर्ने आवश्यकता रहेको छ ।

फेदाप क्षेत्रका लोक कथाहरूमा पाइने विषयगत विविधता र प्रस्तुतिका फरक-फरक ढाँचाहरू स्थानीय जनजीवनमा व्याप्त छन् । प्रस्तुत् शोध पत्रको अध्ययनमा फेदाप क्षेत्रका विभिन्न गा.वि.स.हरू र नगरपालिकालाई सकेसम्म समेट्ने प्रयत्न गरिएको छ । यहाँ सङ्कलित लोक कथाहरूको विश्लेषण गर्दा समाजमा यथार्थरूपमा गरिने चतुऱ्याइँ, उच्च धनीवर्गका मानिसहरूद्वारा निम्न गरिब दुःखीहरूमाथि गरिने कुव्यावहार,गाउँघर छरछिमेकमा एकले अर्कोमाथि गर्ने ईर्ष्या,डाहा तथा चुक्ली, लोकजीवनका विभिन्न अवस्थामा घट्ने घटनाहरूको सन्दर्भलाई सार्थकता दिलाउने परिवेश अनुसारका पात्रहरूको प्रयोगलाई विश्लेषण गर्दा सामाजिक कथाहरूको बाहुल्यता भएको पाइएको छ । ठाउँठाउँमा इतिहास परम्परामा आधारित रहेका जस्ता देखिने वीर, पराक्रमी, राजा, महापुरूष, महात्मा, ऋषि आदिको वर्णन गरिएका किम्बदन्तीमूलक कथाहरू पनि पाइएको छ । केही कथाहरूभने अलौकिक,अद्भुत पात्रहरूको काल्पनिकताले भरिएका डर, त्रास, साहस, प्रेरणा दिने खालका अतिप्राकृतिक लोककथाहरू अस्तित्वमा रहेको पाइएको छ । थोरैजसो कथाहरू मानवेत्तर प्राणीहरूलाई पनि मानिसकै जस्तो बोल्ने,हाँस्ने,झुक्याउने ढाँट्ने स्वभावबाट सिर्जना भएका पात्रहरूको समायोजन गरी विषयवस्तुलाई मानविकीकरण गरिएका पशुपन्छी सम्बन्धीका कथाहरूपनि सुन्ने सुनाउने गरिएको पाइएको छ ।

फेदाप क्षेत्रका अधिकांश लोककथाहरू लौकिक परिवेश भित्रका ग्रामीण, दरवारिया, तथा  लोकजीवनका साँस्कृतिक परिवेशहरूलाई समेटिएका छन् । थोरबहुत कथाहरू भने अलौकिक परिवेशमा आधारित विषयवस्तु बनाएर रचिएका काल्पनिक कथाहरू पनि चल्तीमा रहेको पाइएको छ । यहाँका लोक कथाहरू धेरैजसो घरपरिवार, छरछिमेक, तथा समाजका सदस्यहरूलाई मनोरञ्जनप्रदान गर्दै उपदेशात्मक नीतिशिक्षा लिने दिने उद्देश्यले सुन्ने सुनाउने गर्दै आएको पाइएको छ । अलिखित रूपमा लोकमानसको मानस्पटलमा संरक्षित रहेका फेदाप क्षेत्रका लोककथाहरूले त्यहाँको समाजमा रहेका विविध अवस्थाहरूको झलकलाई प्रतिबिम्बित गरेको  छ ।

## सन्दर्भग्रन्थसूची

कन्दङ्वा, काजीमान, २०२० **नेपाली जनसाहित्य**, रोयल नेपाल एकेडेमी : काठमाडौं ।

कार्की, गङ्गादेवी, २०६९ तेरथुम जिल्लाका उपन्यासकारका उपन्यासहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र : त्रि. वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गिरी, जीवेन्द्र देव,२०५७**लोक साहित्यको अवलोकन,** एकता प्रकाशन : ललितपुर ।

गौतम, देवी प्रसाद,२०६८ **आधुनिक नेपाली कथा भाग –३,** पाँचौ संस्करण साझा प्रकाशन :

कीर्तिपुर ।

गौतम, धर्मराज, २०६३ **नेपाली साहित्यमा तेरथुम जिल्लाको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र : त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

चेम्जोङ, इमानसिंह,२०६७**किराँती दन्त्य कथा** दोश्रो संस्करण, साझा प्रकाशनः ललितपुर।

थापा, धर्मराज र हंसपुरे सुवेदी, २०४१ **नेपाली लोक साहित्यको विवेचना,** पाठ्यक्रम विकास केन्द्र : काठमाडौं ।

दिवस तुलसी,२०३२**नेपाली लोक कथा केही अध्ययन**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान : काठमाडौ ।

पराजुली, मोतीलाल र गिरी, जीवेन्द्र देव,२०६८**नेपाली लोक साहित्यको रूपरेखा**, साझा प्रकाशन : ललितपुर ।

बन्धु, चुडामणि, २०६६**नेपाली लोक साहित्य** , (दोश्रो संस्करण),एकता बुक्सः ललितपुर ।

भुसाल, गुणाकर,२०६१**आधुनिक नेपाली आख्यान**,(दोश्रो संस्करण), क्षितिज प्रकाशन, काठमाडौं।

लम्जेल,रविमान,२०५० **कोशी अञ्चलको साहित्यिक इतिहास** रत्नमाया दलित साहित्य संरक्षण समिति,काठमाडौं ।

लुईंटेल, खगेन्द्र प्रसाद,२०५७**आधुनिक नेपाली समालोचना,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान : काठमाडौं।

लुईंटेल, खगेन्द्र प्रसाद, २०६८ **कविताको संरचनात्मक विश्लेषण**, विद्यार्थी पुस्तक भण्डार : काठमाडौं ।

लुईंटेल, खगेन्द्र प्रसाद, २०६८ **बार वर्षपछि हनिमुन**, पैरवी प्रकाशन : काठमाडौं ।


लुईंटेल, खगेन्द्र प्रसाद, २०६८ **चाउरिएको जिन्दगी**, विद्यार्थी पुस्तक भण्डार : काठमाडौं ।

शर्मा ,मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद,**२०६३ लोकवार्ता विज्ञान र लोक साहित्य** ,विद्यार्थी पुस्तक भण्डार :काठमाडौ ।

श्रेष्ठ, शिवकुमार, २०६८ **लिम्बूवानको ऐतिहासिक अध्ययन**, (तेश्रो संस्करण), साझा प्रकाशन : ललितपुर ।




फेदाप क्षेत्र (रातो घेरा भित्र )




फेदाप क्षेत्र

म्याङलुङ नगरपालिका (हरियो घेराभित्र